*"समृद्ध नेपाल सुखी नेपाली"*

# कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७७

(वन, वन्यजन्तु, वातावरण, भू तथा जलाधार व्यवस्थापन र विज्ञान तथा प्रविधि तर्फको)


प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १, विराटनगर, नेपाल

# कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन

## २०७७

(वन, वन्यजन्तु, वातावरण, भू तथा जलाधार व्यवस्थापन र विज्ञान तथा प्रविधि तर्फको)

(प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको (माननीय मन्त्रीस्तर)

निर्णयबाट मिति २०७७।०५।०८ मा स्वीकृत)

सन्जीव कुमार राई
प्रदेश सचिव

प्रदेश सरकार

## उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १, विराटनगर

नेपाल

# बिषय सूची

**बिषय सूची** ........ i
**पृष्ठभुमी** ........ १
**मार्गदर्शनको ढाँचा** ........ १
**मार्गदर्शनको सामान्य सिद्धान्त** ........ २
**खण्ड १: प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम र प्रदेश हरित अभियान कार्यक्रम तर्फ** ........ ३
१. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी र हस्तान्तरण ........ ३
२. सामुदायिक वन समूहको कार्ययोजना नवीकरणमा सहयोग ........ ३
३. स्थानीय वन समूह/सा.व.उ.स मार्फत विरुवा उत्पादन सहयोग ........ ४
४. सामुदायिक वन उपभोक्ता समूहको लागि रेकर्ड किपिंग तथा लेखा व्यवस्थापन तालीम ........ ५
५. सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास ........ ५
६. सामुदायिक वनमा बैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्ययोजना कार्यान्वयन ........ ६
७. सामुदायिक वन भित्र कबुलियती वन समूह गठन तथा प्रविधि हस्तान्तरण ........ ६
८. उत्कृष्ट सामुदायिक वन पुरस्कार ........ ७
९. कबुलियती वन समूहको गठन, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी ........ ८
१०. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत) ........ ८
११. कबुलियती वन कृषकलाई जीविकोपार्जन सुधार योजना कार्यान्वयन सहयोग / जीविकोपार्जन सुधार योजना कार्यान्वयन ........ ९
१२. जग्गा विकास तालीम ........ ९
१३. प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायकबाट) ........ १०
१४. सामाजिक परिचालन सेवा (समूह परिचालनको अनुदान सहयोग) ........ १०
१५. सामाजिक परिचालन सुपरिवेक्षण (जिल्ला सुपरभाईजरबाट) ........ ११
१६. कबुलियती वन समुहमा बचत व्यवस्थापन (ग्रामीण वित सहायकबाट) ........ १२
१७. सामाजिक परिचालिका र जिल्ला सुपरभाईजरको बैठक ........ १२
१८. कबुलियती वन उत्कृष्ट पुरस्कार ........ १२
१९. सामुदायिक वन अनुगमन निरीक्षण (कबुलियती वनको अनुगमन समेत) ........ १३
२०. जडिबुटी उत्पादक, संकलक तथा व्यापारी बीच अन्तरक्रिया गोष्ठी ........ १४
२१. जडिबुटी खेती व्यवस्थापन, प्रशोधन तथा भण्डारण सम्बन्धी तालीम ........ १४
२२. जडिबुटी संजाल तथा सहकारीको क्षमता अभिवृद्धी सहयोग ........ १५
२३. जडिबुटी खेती सम्बन्धी फोकल टिमको बैठक ........ १५
२४. जडिबुटी भण्डारण, प्रशोधन केन्द्र स्थापना अनुदान सहयोग (सामुदायिक वन / साझेदारी वन / सहकारी / निजी क्षेत्रको साझेदारीमा) ........ १५
२५. जडिबुटी बिरूवा उत्पादन ........ १६
२६. पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार ........ १७
२७. कृषि वन विकास तथा विस्तार/कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम ........ १८
(क) निजी जग्गामा कृषि वन प्रवर्द्धन ........ १८
(ख) सार्वजनिक जग्गा तथा हैसियत बिग्रेको वन क्षेत्रमा कृषि वन प्रवर्द्धन ........ १८
२८. निजी क्षेत्र, निजी वन सञ्जालसँग समन्वय गरी कृषि वन प्रवर्द्धन कार्यक्रम ........ १९
२९. नमुना व्यवसायिक कृषि वन स्थापना सहयोग ........ २०

३०. निजी नर्सरी स्थापना अनुदान ............................................................................................. २०
३१. निजी वन विकास दर्ता प्रोत्साहन ............................................................................................. २०
३२. निजी वन धनिलाई प्रोत्साहन पुरस्कार/उत्कृष्ट निजी वन पुरस्कार ............................................................. २१
३३. निजी वन व्यवस्थापन तालीम ............................................................................................. २१
३४. निजी वन संजाल निर्माण, संस्थागत सुदृढीकरण तथा क्षमता अभिबृद्धि सहयोग ............................................... २२
३५. निजी वन सम्बन्धी प्रचारप्रसार कार्यक्रम ............................................................................................. २२
३६. कर्मचारीहरूको लागि फिल्ड गियर सेट खरिद (जुता, टर्च लाईट, रेनकोट, ब्याग, क्याल्कुलेटर आदि) .... २२
३७. तराई हार्ड उड (Hardwood) लोकल भोल्युम टेवल तयारी ............................................................. २३
३८. पहाडी क्षेत्रका सफ्ट उड (Softwood) लोकल भोल्युम टेवल तयारी ............................................................. २३
३९. अध्ययन अनुसन्धान प्लटको डाटा संकलन, विश्लेषण तथा प्रतिवेदन तयार ............................................... २४
४०. काठ Seasoning / Preservation / Perquette का लागि प्रशोधन उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र DPR तयारी ............................................................................................. २५
४१. काठ Seasoning/Preservation/Perquette का लागि प्रशोधन उद्योग स्थापना सहयोग (सार्वजनिक-नीजी साझेदारी अनुदान) ............................................................................................. २५
४२. तन्तु प्रशारण (Tissue Culture) विधिबाट बिरुवा उत्पादनका लागि ल्याब स्थापनाको लागि सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र DPR तयारी ............................................................................................. २६
४३. तन्तु प्रशारण (Tissue Culture) विधिबाट बिरुवा उत्पादनका लागि ल्याब स्थापना सहयोग (सार्वजनिक-नीजी साझेदारी अनुदान) ............................................................................................. २७
४४. स्वदेशी जडिबुटीमा आधारित GMP certified आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र DPR तयारी ............................................................................................. २७
४५. स्वदेशी जडिबुटीमा आधारित GMP Certified आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना सहयोग (सार्वजनिक-निजी साझेदारी अनुदान) ............................................................................................. २८
४६. प्रस्तावित संरक्षित वन प्रवर्द्धन कार्यक्रम (ताप्लेजुङ्ग, तेह्रथुम र संखुवासभा) ............................................... २८
४७. जलथल वनमा मिचाहा प्रजाति हटाउने ............................................................................................. २९
४८. वन सम्बन्धी स्वीकृत IEE प्रतिवेदन कार्यान्वयन सम्बन्धी अनुगमन र प्रतिवेदन तयारी ............................... २९
४९. सव-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी ............................................................................................. ३०
५०. डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी ............................................................................................. ३०
५१. प्रदेश स्तरीय योजना तर्जुमा गोष्ठी ............................................................................................. ३१
५२. डिभिजन स्तरीय वार्षिक समिक्षा गोष्ठी ............................................................................................. ३१
५३. प्रदेश स्तरीय चौमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठी ............................................................................................. ३२
५४. वन्यजन्तु एवं पर्यटकीय क्षेत्रको पहिचान अध्ययन अनुगमनका लागि आवश्यक सामाग्री (क्यामेरा, वाइनाकुलर, जि.पी.एस आदि) खरिद तथा व्यवस्थापन ............................................................................................. ३२
५५. वन व्यवस्थापन सामग्री खरिद तथा वितरण ............................................................................................. ३३
५६. वन तथा भू-संरक्षण क्षेत्रका समग्र कार्य प्रगतिको अनुगमन तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी सफ्टवेयर अध्यावधिक तथा स्तरोन्नती ............................................................................................. ३३
५७. सव-डिभिजन स्तरीय प्रोफाईल तयारी ............................................................................................. ३४
५८. दिवस, समारोह, सप्ताह (वातावरण दिवस, जैविक विविधता, वन डढेलो सप्ताह आदि) ............................... ३४
५९. वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र मुद्दाको दायरी खर्च ............................... ३५
६०. फौजदारी अपराध संहिता तथा कार्यविधि सम्बन्धी तालीम ............................................................................................. ३५
६१. नर्सरी नाईके तालीम ............................................................................................. ३६

६२. वैज्ञानिक वन व्यवस्थापन अभिमुखीकरण तालीम ..... ३६
६३. GIS तथा GPS तालीम ..... ३७
६४. कर्मचारीलाई Ms Excel & Access (Advance) तालीम ..... ३८
६५. वन सेवाका कर्मचारीलाई आधारभुत तालीम (३० दिन)(फरेष्टर, वन रक्षक, सिनियर गेम स्काउट र गेम स्काउट लाई) ..... ३८
६६. वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालीम ..... ३९
६७. अतिक्रमण हटाउने/नियन्त्रण, व्यवस्थापन तथा वृक्षारोपण ..... ४०
६८. सहभागीतामूलक अतिक्रमण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण ..... ४१
६९. वन डढेलो नियन्त्रण तथा व्यबस्थापन कार्ययोजना कार्यान्वयन ..... ४१
७०. डढेलो नियन्त्रण सामाग्री खरिद तथा वितरण ..... ४१
७१. वन डढेलो सम्बन्धी प्रचार प्रसार ..... ४२
७२. वनमा आधारित काष्ठ कला उद्यम स्थापना सहयोग ..... ४३
७३. लाहा खेती विस्तार तथा प्रविधी हस्तान्तरण ..... ४३
७४. जिल्ला वन क्षेत्र समन्वय समितिको सचिवालय व्यवस्थापन तथा सुदृढीकरण ..... ४४
७५. सब-डिभिजन स्तरीय समन्वय बैठक ..... ४४
७६. सुराकी परिचालन तथा व्यवस्थापन ..... ४५
७७. वन, वन्यजन्तु संरक्षणको लागि गस्ती परिचालन ..... ४५
७८. सोलार फेन्सिङ मर्मत सभार ..... ४५
७९. सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गोष्ठी ..... ४६
८०. सूचना प्रवाह तथा पारदर्शिता सबलीकरण रेडियो एफ.एम./रेडियो/टि.भी. मार्फत प्रचार प्रसार तथा सामग्री उत्पादन/प्रकाशन ..... ४६
८१. बार्षिक प्रगती पुस्तिका प्रकाशन ..... ४६
८२. Real Time Field Monitoring Mobile App develop ..... ४७
८३. चक्ला वन व्यवस्थापन कार्ययोजना तयारी ..... ४७
८४. जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना तयारी (वातावरणीय प्रभाव मूल्याङ्कन समेत) ..... ४८
८५. साझेदारी वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन ..... ४९
८६. साझेदारी र चक्ला वनमा वैज्ञानिक वन व्यवस्थापन ..... ५०
८७. संरक्षित वनको कार्ययोजना कार्यान्वयन (रामधुनी संरक्षित वन) ..... ५०
८८. वैज्ञानिक वन व्यवस्थापन लागु भएका वन समुहको मध्यकालिन मूल्याङ्कन/अध्ययन ..... ५१
८९. ढलापडा काठ दाउरा संकलन तथा व्यवस्थापन ..... ५१
९०. वन र वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणको लागि नियन्त्रण कक्ष स्थापना र व्यवस्थापन ..... ५२
९१. वन्यजन्तु/वनस्पति अपराध नियन्त्रण तथा वन्यजन्तुका अङ्ग प्रत्याङ्ग पहिचान सम्बन्धी तालीम सञ्चालन ..... ५२
९२. लोपोन्मुख, संकटापन्न र जोखिममा परेका वनस्पति प्रजातिहरूको संरक्षण कार्य योजना निर्माण ..... ५३
९३. समुदायसँगको सहकार्यमा घरपालुवा पशु नश्ल सुधार केन्द्र स्थापना (स्थानीय वन समुहको सहकार्यमा) ..... ५४
९४. स्थानीय वन समूहहरुलाई Saw Mill स्थापना सहयोग ..... ५४
९५. Fire Fighting Tools Display Stand निर्माण र व्यवस्थापन ..... ५५
९६. उत्कृष्ट वन समूह पुरस्कार (सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन र निजी वन समेत) ..... ५५
९७. सवारी साधन (वन संरक्षण एवं गस्ती परिचालनको लागि गाडी खरिद-चारपाङ्ग्रे) ..... ५६
९८. काठ दाउरा लोडर खरिद ..... ५७

९९. मोटरसाईकल खरिद ...... ५७
१००. नर्सरी नाइके ज्याला ...... ५७
१०१. स्थायी नर्सरी निर्माण ...... ५७
१०२. नर्सरी मर्मत, सुधार तथा स्तरोन्नति ...... ५८
१०३. विरूवा उत्पादन तथा वितरण ...... ५८
१०४. विरूवा उत्पादन (रूद्राक्ष, तेजपात, लोठ सल्ला तथा अन्य विविध प्रजाति) ...... ५९
१०५. फलफूलको विरूवा खरिद तथा वितरण ...... ५९
१०६. विरुवा ढुवानी ...... ६०
१०७. बिरुवा वितरण वृक्षारोपण सहजीकरण भ्रमण खर्च ...... ६०
१०८. बृक्षारोपण (तारबार सहित) ...... ६१
१०९. खयरको वृहत वृक्षारोपण ...... ६२
११०. विगतका आ.व. मा भएको वृक्षारोपणको पुनःरोपण ...... ६२
१११. सडक किनार तथा सार्वजनिक जग्गामा Ornamental Plants को वृक्षारोपण केज सहित ...... ६३
११२. स्कुल वन हरियाली कार्यक्रम ...... ६३
११३. नगर उद्यान निर्माण ...... ६४
११४. वन सामाजिक परिचालकको पारिश्रमिक ...... ६५
११५. वन सामाजिक परिचालक प्रगति समिक्षा गोष्ठी ...... ६६
११६. वन सामाजिक परिचालकहरुलाई फिल्ड गियर ...... ६६
११७. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन ...... ६६
११८. विरुवा संरक्षण सहयोग ...... ६७
११९. कार्यालयको लागि फर्निचर फिक्चर्स ...... ६७
१२०. मोरङ सुनसरी औद्योगिक कोरिडोर क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने ...... ६८
**खण्ड २ः भू तथा जलाधार संरक्षण कार्यक्रम तर्फ ...... ६९**
१२१. एकिकृत भू-स्खलन नियन्त्रण ...... ७१
१२२. सडकसँग भू-संरक्षण ...... ७३
१२३. एकीकृत सुख्खा क्षेत्र व्यवस्थापन ...... ७३
१२४. सिमसार/पोखरी जलाधार व्यवस्थापन ...... ७५
१२५. शहरी जलाधार व्यवस्थापन ...... ७५
१२६. जलवायु परिवर्तन अनुकुलन नमुना गाउँ कार्यक्रम (Climate Smart Village) ...... ७६
१२७. बायो इन्जिनियरीङ्ग खोला किनारा संरक्षण ...... ७७
१२८. आकस्मिक भू-संरक्षण कार्यक्रम ...... ७८
१२९. संवेदनशिल क्षेत्र भू-संरक्षण कार्यक्रम ...... ७८
१३०. विरुवा उत्पादन/खरिद तथा वितरण ...... ७९
१३१. फलफूलको विरूवा खरिद तथा वितरण ...... ७९
१३२. चुरे तथा नदी प्रणाली संरक्षण ...... ८०
१३३. भावर क्षेत्रमा रहेका पानीमुहान, सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन ...... ८०
१३४. संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख ...... ८१
१३५. समन्वयात्मक गोष्ठी ...... ८१
१३६. अनुगमन, मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च ...... ८२
१३७. प्रचार/प्रसार सामाग्री उत्पादन/वितरण ...... ८२

१३८. दिवस, समारोह, सप्ताह (वातावरण दिवस, जैविक विविधता, बन डढेलो सप्ताह आदि)..........................८२
१३९. पार्श्व चित्र प्रकाशन (Activity Profile)........................................................................................८२
**खण्ड ३: वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम.........................................................................८३**
१४०. खुल्ला प्राणी उद्यान स्थापनाको लागि गुरुयोजना र डिपिआर निर्माण (सिंहदेवी सा.व., मोरङ; रामधुनी, सुनसरी) ....................................................................................................................................८३
१४१. वन्यजन्तु उद्दार तथा पुनर्स्थापना केन्द्र स्थापनाको गुरुयोजना तथा DPR निर्माण, जामुनखाडी झापा.........८३
१४२. वन्यजन्तु संरक्षण र उद्धारका लागि Wildlife Rescue Ambulance खरिद.............................................८४
१४३. हात्तीमा रेडियो कलर (जि.पि.एस. मा आधारित) जडान र गतिविधि अनुगमन ........................................८४
१४४. कोशीटापु वन्यजन्तु आरक्षमा गैडा स्थान्तरण सम्वन्धमा विस्तृत अध्ययन...........................................८५
१४५. जीवजन्तु र तिनीहरुको वासस्थानको संरक्षण एवं व्यवस्थापन सम्बन्धी वृत्तचित्र निर्माण र प्रसारण ..........८५
१४६. वन वन्यजन्तु संरक्षणको लागि गस्ती परिचालन ..................................................................................८६
१४७. मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन...................................................................................................८६
१४८. रेडपाण्डा संरक्षण कार्ययोजना कार्यान्वयन ........................................................................................८७
१४९. वन्यजन्तु तथा बासस्थान संरक्षण कार्यक्रम .......................................................................................८७
१५०. लोपोन्मुख वन्यजन्तुको बासस्थान संरक्षण.........................................................................................८८
१५१. वन, वन्यजन्तु संरक्षण समन्वय वैठक ..............................................................................................८८
१५२. वन, वन्यजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार (होर्डिङ बोर्डिङ, पम्प्लेट, पुस्तिका, ब्रोसर आदि) ..............८९
१५३. वन्यजन्तु संरक्षणका लागि Rapid Responce Team परिचालन..........................................................८९
१५४. वन्यजन्तु संरक्षण शिक्षा तथा प्रचारप्रसार...........................................................................................८९
१५५. अनुगमन, मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च ...................................................................९०
**खण्ड ४: वातावरण संरक्षण कार्यक्रम तर्फ..........................................................................................९१**
१५६. वातावरण सचेतना सहितको विद्यालय वातावरण सुधार कार्यक्रम.............................................................९१
१५७. वातावरण संरक्षण पुरस्कार..............................................................................................................९१
१५८. वातावरणीय अध्ययन प्रतिवेदन तयारी तथा Review तालीम..............................................................९२
१५९. वातावरणीय सचेतना अभिवृद्धिको लागि प्रचार प्रसार सामग्री निर्माण र वितरण .....................................९३
१६०. सफाई सम्बन्धी संघसंस्थालाई सफाई सामाग्री वितरण ........................................................................९३
१६१. प्रादेशिक वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थान परिषद् गठन र सञ्चालन.........................९४
१६२. वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन/बैठक/छलफल आदि ..............................................९४
१६३. वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको अवस्थाको अनुगमन.....................................................९४
१६४. वातावरण परीक्षण सम्बन्धी सामाग्री खरिद.........................................................................................९५
१६५. वातावरणीय व्यवस्थापन सूचना प्रणाली विकासको लागि Web Based Software निर्माण.......................९६
१६६. Meterelogical Station र वायू प्रदुषण मापन केन्द्र स्थापनाको विस्तृत अध्ययन ...................................९६
**खण्ड ५: विज्ञान, प्रविधि तथा नव प्रवर्द्धन कार्यक्रम तर्फ ....................................................................९८**
१६८. किरात समुदायले प्रयोग गरिने वनस्पतिहरुको अभिलेखीकरण.............................................................९८
१६९. विज्ञान प्रविधि सम्बन्धी स्नातकोतर तहमा सोधपत्र तयार गर्न विद्यार्थीलाई अनुसन्धान सहयोग...............९८
१७०. सामुदायिक मा.वि.मा विज्ञान प्रयोगशाला स्थापना सहयोग .................................................................९९
१७१. विभिन्न वन अनुसन्धात्मक प्लटहरु (विएसओ) संरक्षण तथा व्यवस्थापन......................................... १००
१७२. माटो विज्ञान प्रयोगशाला स्थापना/संचालनको लागि उपकरण खरिद................................................. १००
१७३. डिकुरेडाँडा बुद्ध वाटिका निर्माण, पाखीबास, धनकुटा........................................................................ १०१
१७४. टेकाने पोखरी बोटानिकल गार्डेन बराहक्षेत्र ३, सुनसरी ..................................................................... १०१

१७५. माईपोखरी वनस्पति उद्यान निर्माण (वनस्पति अनुसन्धान केन्द्र इलाम मार्फत) इलाम ..... १०२
१७६. हसिना सिमसार संरक्षण एवम् पूर्वाधार निर्माण, मोरङ ..... १०३
१७७. मुन्दुम वनस्पति उद्यान निर्माण ..... १०३
**अनुसूचीहरु ..... १०५**
**अनुसूची १ः उत्कृष्ट सामुदायिक वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची ..... १०५**
**अनुसूची २ः उत्कृष्ट कवुलियती वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची ..... ११०**
**अनुसूची ३ः उत्कृष्ट निजी वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची ..... ११४**
**अनुसूची ४ः उत्कृष्ट साझेदारी वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची ..... ११६**
**अनुसूची ५ः उत्कृष्ट धार्मिक वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची ..... १२०**

## पृष्ठभुमी

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ अन्तर्गत आ.व. २०७७/०७८ मा विभिन्न योजना/कार्यक्रमहरु संचालन गर्ने गरी बजेट विनियोजन भएको छ । विनियोजित बजेटको परिधि भित्र रहेर स्वीकृत वार्षिक कार्यक्रमहरु उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय १ वटा, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र १ वटा, डिभिजन वन कार्यालयहरु १५ वटा, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु २ वटा, जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई र पर्यटन विकास आयोजनावाट संचालन गरिने गरी तय भएका छन् । स्वीकृत कार्यक्रमको प्रभावकारी ढंगले सम्पादन भएमा त्यसवाट प्राप्त हुने प्रतिफल समेत गुणस्तरीय भई आशातित उपलब्धि हाँसिल गर्न सकिन्छ । कार्यक्रम प्रभावकारी ढंगले तोकिएको गुणस्तरमा सम्पादन गर्न कार्यक्रम सम्पादन गर्ने निकायहरु बीच एकै खालको कार्यक्रम संचालन प्रकृयामा साझा वुझाई रही कार्य सम्पादन हुनु पर्दछ । अतः स्वीकृत कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गरी अधिकतम उपलब्धि हासिल गर्ने उद्देश्यले कार्यक्रम संचालन गर्ने निकाय/सेवा प्रदायकहरुलाई कार्यक्रम कार्यान्वयनमा सहजता र एकरुपता आओस भनि यो कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७७ तयार गरी जारी गरिएको छ ।

## मार्गदर्शनको ढाँचा

मार्गदर्शनमा मन्त्रालय अन्तर्गतका विभिन्न कार्यालयहरुवाट सम्पादन हुने कार्यक्रमको आधारमा छुट्टाछुट्टै कार्यक्रम बमोजिमका आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम र क्रियाकलापहरु खण्ड १ देखि खण्ड ५ सम्म राखी प्रस्तुत गरिएको छ । जस अनुसार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, १५ वटा डिभिजन वन कार्यालयहरु, २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई तथा पर्यटन विकास आयोजनाबाट संचालन हुने कार्यक्रमहरुलाई १७७ वटा बुँदामा समेटी यो मार्गदर्शन तयार पारिएको छ ।

**खण्ड १ प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम र प्रदेश हरित अभियान कार्यक्रम**

- प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम
- सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम
- वृक्ष सुधार, वृक्षारोपण तथा निजी वन कार्यक्रम
- जडिवुटी विकास तथा वन उद्यम प्रवर्द्धन कार्यक्रम
- प्रदेश हरित अभियान कार्यक्रम
- तराइ मधेस हरियाली विकास कार्यक्रम

**खण्ड २ भू तथा जलाधार व्यवस्थापन कार्यक्रम**

**खण्ड ३ वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम**

**खण्ड ४ वातावरण संरक्षण कार्यक्रम**

**खण्ड ५ विज्ञान, प्रविधि तथा नव प्रवर्द्धन कार्यक्रम**

## मार्गदर्शनको सामान्य सिद्धान्त

यो मार्गदर्शन सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र प्रदेश नं. १ को प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, आ.व. २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन तथा बजेट कार्यान्वयनसँग सम्बन्धित संघीय सरकार र प्रदेश सरकार प्रदेश नं. १ ले जारी गरेका अन्य निर्देशिकाका हकमा सोहि बमोजिम हुने र अन्यका हकमा यस मार्गदर्शन बमोजिम गर्ने गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरले योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७७ को **दफा २५** को अधीनमा रही यो कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७७ जारी गरेको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मातहतमा रहेका कार्यालयहरु तथा कार्यान्वयन इकाई र आयोजनाको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमहरुको संचालन तथा कार्यान्वयन गर्नु यो मार्गदर्शनको मुख्य लक्ष्य रहेको छ ।

साथै यस मार्गदर्शनमा उल्लेखित कार्यक्रम/क्रियाकलापहरु संचालन तथा कार्यान्वयन गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, नेपाल सरकारको आ.व. २०७७/०७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन; र प्रदेश नं. १ को प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, आ.व. २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि २०७६ तथा स्वीकृत नर्म्स र अन्य प्रचलित ऐन, नियम, कार्यविधि, मार्गदर्शनहरुमा व्यवस्था गरिएका प्रावधानहरु अनिवार्य रुपले पालना गर्नु पर्नेछ । त्यस्तैगरी उद्योग व्यावसाय संचालन गर्नको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि २०७६ बमोजिम उपलब्ध हुने अनुदान/सहयोग रकम उद्योग व्यावसाय संचालनको लागि आवश्यक पर्ने मेशिनरी औजार खरिद गर्नको लगि मात्र अनुदानग्राहीलाई उपलब्ध गरानेछ । उपभोक्ता समूह गठन गरी संचालन गरिने कृयाकलापहरु सम्भव भएसम्म प्रचलित कानून बमोजिम दर्ता भएका समूहबाट सञ्चालन गर्नु पर्नेछ । उपभोक्ता समितिले सम्बन्धित क्षेत्रको स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वयन गरेर कार्यक्रम संचालन गर्नु पर्नेछ ।

# खण्ड १ः प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम र प्रदेश हरित अभियान कार्यक्रम तर्फ

## १. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी र हस्तान्तरण

संघीय वन ऐन २०७६, प्रदेश नं. १ प्रदेश वन ऐन २०७७, सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१ (तेश्रो संशोधन) तथा वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरा गरेर मात्र यस कार्यक्रम बमोजिमका क्रियाकलापहरु सम्पन्न गर्नुपर्नेछ । सामुदायिक वन उपभोक्ता समूह गठन तथा दर्ता प्रक्रियामा सहजीकरण शीर्षकमा उपलब्ध बजेटबाट टोल समुदाय छलफल, गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, इन्धन, संचार र विधान तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ ।

त्यसै गरी कार्ययोजना तयारी कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर (सहायकस्तर पाचौं) तहका वन प्राविधिकबाट हुनुपर्नेछ । यसका लागि सामुदायिक वनको अवस्था अनुसार वन स्रोत सर्वेक्षण गर्ने तथा GPS बाट सीमा सर्वेक्षण तथा Permanent sample plot layout गरी सामुदायिक वनको बिस्तृत नक्सा समेत समावेश गर्नुपर्नेछ । कार्ययोजना निर्माणको लागि वन स्रोत सर्वेक्षण, नक्सा तयारी, टोल र समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, इन्धन, संचार र कार्ययोजना तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- गठित समूहको नाम र ठेगाना,
- सामुदायिक वनबाट लाभान्वित हुने घरधुरी संख्या र जनसंख्या,
- कार्य समितिको स्वरुप (संख्या तथा समावेशी प्रतिनिधित्व),
- वैठकको खाजा खर्च माग गर्दा माईन्युटको छायाँकपि समेत संलग्न गर्नुपर्ने,
- स्वीकृत विधान र कार्ययोजना,
- समूह गठन र कार्ययोजना निर्माण गर्दा खिचिएका फोटो/भिडियोहरू ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरद्वारा यो कार्य गर्नु पर्नेछ । साथै यो कार्यक्रम सामुदायिक वन समूहहरुसँगको समन्वय तथा सहकार्य संचालन गर्नु पर्नेछ । साथै डिभिजन वन कार्यालयका वन प्राविधिकको प्रत्यक्ष निगरानिमा वन क्षेत्रमा काम गर्ने सेवा प्रदायक व्यक्ति वा संस्थावाट समेत गराउन सकिनेछ । यस कार्यको लागि सामुदायिक वन उपभोक्ता महासंघसँग समेत समन्वय गर्न सकिने छ ।

### बजेट व्यवस्थापन

यो कार्य सम्पन्न गर्न रु. १,६०,०००।- (एक लाख साठी हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

८ वटा सामुदायिक वन उपभोक्ता समूहको गठन भई समूह मार्फत राष्ट्रिय वनको संरक्षण तथा व्यवस्थापन हुने ।

## २. सामुदायिक वन समूहको कार्ययोजना नवीकरणमा सहयोग

कार्ययोजनाको अवधि समाप्त भएका र कार्ययोजना पुनरावलोकन/संशोधनको लागि समूहबाट सा.व.को कार्ययोजना नवीकरणको लागि माग भई आएका सामुदायिक वन उपभोक्ता समूहको वन कार्ययोजना नवीकरण गर्न वन ऐन २०७६ तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ (तेश्रो सशोधन) ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पूरा गरेर सम्पन्न गर्नुपर्नेछ । कार्ययोजना नविकरण कार्यको सहजीकरण तथा सिफारिस गर्ने काम कम्तीमा रेन्जर (सहायकस्तर पाचौं) वन प्राबिधिकबाट हुनुपर्नेछ । यसका लागि सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ अनुसार GPS बाट सीमा सर्वेक्षण, Permanent sample plot मा वन स्रोत सर्वेक्षण तथा Permanent sample plot नभएका सामुदायिक वनहरूमा सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ मा

उल्लेखित विधि बमोजिम Permanent sample plot layout गरी सामुदायिक वनको वन स्रोत सर्वेक्षण गर्नु पर्दछ । साथै सो कार्ययोजनामा वनको नक्सा सहित अन्य Thematic नक्साहरु समेत समावेश गर्नुपर्नेछ । कार्ययोजना निर्माणको लागि वन स्रोत सर्वेक्षण, नक्सा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, इन्धन, संचार र कार्ययोजना तयारीको लागि टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- नवीकरण गरिएको सामुदायिक वनको नाम र ठेगाना,
- नवीकरण भएको स्वीकृत कार्ययोजना,
- वैठकको खाजा खर्च माग गर्दा माईन्युटको छायाँकपि समेत संलग्न गर्नुपर्ने,
- कार्ययोजना नविकरण गर्दा खिचिएका फोटो/भिडियोहरू ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुद्वारा यो कार्य गर्नु पर्नेछ र कार्ययोजना नबिकरण गर्दा सामुदायिक वन समूहहरुसँगको समन्वय तथा सहकार्य गर्नु पर्नेछ । साथै डिभिजन वन कार्यालयका वन प्राविधिकको प्रत्यक्ष निगरानिमा वन क्षेत्रमा काम गर्ने सेवा प्रदायक व्यक्ति वा संस्थावाट समेत गराउन सकिनेछ । यस कार्यको लागि सामुदायिक वन उपभोक्ता महासंघसँग समेत समन्वय गर्न सकिने छ ।

### बजेट व्यवस्थापन

यो कार्य सम्पन्न गर्न रु. ४७,७०,०००।- (सड्चालिस लाख सत्तरी हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

३१८ वटा सामुदायिक वन उपभोक्ता समूहहरुको सामुदायिक वन कार्ययोजना नवीकरण भएको हुनेछ ।

## ३. स्थानीय वन समूह/सा.व.उ.स मार्फत विरुवा उत्पादन सहयोग

डिभिजन वन कार्यालयहरुले वृक्षारोपण योजना अनुरुप वृक्षारोपण गर्न स्थानीय हावापानी सुहाउँदो प्रजातिका विरुवाहरु सामुदायमा आधारित वनहरुसँग सम्झौता गरी त्यस्ता सामुदायमा आधारित वन उपभोक्ता समूह मार्फत उत्पादन गर्न सकिनेछ । डिभिजन वन कार्यालयहरुले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ को आवश्यक प्रकृया पुरा गरी यो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ । विरुवा उत्पादन गर्न इच्छुक समूहले सम्बन्धित उपभोक्ता समूहको निर्णय साथ प्रस्तावना सहितको समूहको पत्र डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तिमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । तत् पश्चात डिभिजन वन कार्यालयले प्रस्ताव मूल्याङ्कनको आधारमा उपयुक्त समूह छनौट गरी विरुवा उत्पादन सम्झौता साथको छनौट भएको समूहलाई विरुवा उत्पादनको कार्यदेश दिनुपर्ने छ । सम्झौता बमोजिमका विरुवा उत्पादन भैसकेपछि विरुवाको गुणस्तर चेकजाँच गरी विरुवा कसलाई वितरण गरियो र कहाँ रोपिएका हुन् सो को अभिलेख समेत राख्नुपर्दछ ।

### भुक्तानीको प्रक्रिया

(क) प्रारम्भिक कार्य सुरुवातको लागि सम्झौता रकमको ४० प्रतिशतले हुन आउने रकम र सम्बन्धित स्थानीय वन समूह/सा.व.उ.स. को कार्य सम्पन्न प्रतिवेदन साथ सव-डिभिजन वन कार्यालयवाट प्रतिवेदन प्राप्त भए पछि वाँकी ६० प्रतिशत रकम सम्बन्धित स्थानीय वन समूह/सा.व.उ.स.लाई अनुदानको रुपमा उपलब्ध गरिने छ ।

(ख) सम्झौता बमोजिमको प्रजाति तथा तोकिएको परिमाण र गुणस्तरको विरुवाहरु गोटा गन्तीको आधारमा उत्पादित विरुवाको भुक्तानी दिइने छ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- सामुदायमा आधारित वन उपभोक्ता समूहको नाम र ठेगाना,
- सम्झौता भएको विरुवाको प्रजाति र संख्या,
- उत्पादित विरुवा संख्या र प्रजाति,

- उत्पादित विरूवा सहितको नर्सरीको फोटो,
- सव-डिभिजन वन कार्यालयको प्रतिवेदन र विरुवा वितरण तथा वृक्षारोपणको तथ्याङ्क ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुको प्राविधिक सहयोगमा वन समूह मर्फत यो कार्यक्रम संचालन हुनेछ ।

### बजेट व्यवस्थापन

यो कार्य सम्पन्न गर्न रु. २४,४०,०००।- (चौविस लाख चालिस हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

विभिन्न प्रजातिका ३,०५,००० गोटा विरुवाहरु स्थानीय वन समूहबाट उत्पादन भई सर्वसुलभ रूपमा उपलब्ध हुनेछ। साथै बृक्षारोपण कार्यमा समेत सहयोग पुग्नेछ ।

## ४. सामुदायिक वन उपभोक्ता समूहको लागि रेकर्ड किपिंग तथा लेखा व्यवस्थापन तालीम

यस अन्तर्गत सामुदायिक वन उपभोक्ता समूहमा कार्यरत कर्मचारी वा पदाधिकारीहरुलाई रेकर्ड किपिङ्ग तथा लेखा व्यवस्थापन सम्बन्धी तालीम दिईनेछ । यस शीर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, यातायात खर्च, संचार, स्टेशनरी, पानी, गोष्ठीको प्रतिवेदन लेखन लगायतमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो वमोजिम खर्च गर्न सकिने छ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालीम संचालन गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण, माइन्युट, प्रस्तुतीकरणको विवरण, फोटो, खर्च विलभर्पाइ, कार्यक्रमको सुची तथा गोष्ठीको प्रतिवेदन पेश गर्नु पर्दछ । यो कार्यक्रम सम्पन्न गर्न सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, तथा स्वीकृत नर्म्सको पालना गर्नुपर्नेछ ।

### बजेट व्यवस्थापन

यो कार्य सम्पन्न गर्न रु. २०,४०,०००।- (बिस लाख चालिस हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

जम्मा ५१ वटा तालीम संचालन भई सामुदायिक वन उपभोक्ता समूहको रेकर्ड तथा चिठीपत्रहरुको फाइलिङ सहज/सरल हुने एवं समूहको लेखा समेत व्यवस्थित भई समूहको संस्थागत विकासमा सहयोग पुग्ने ।

## ५. सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास

सामुदायिक वनको अवस्थाको आधारमा स्वीकृत वन कार्ययोजनामा सिफारिस गरिएको वन व्यवस्थापनको क्रियाकलापहरु संचालन गर्नको लागि स्थानीय उपभोक्ता समूहहरुलाई अभिप्रेरित गर्ने उद्देश्यले वन व्यवस्थापन स्थलगत अभ्यास सोहि सामुदायिक वन क्षेत्रमा संचालन गरिने छ । साथै समूहको लगानी साझेदारीमा समेत कार्यक्रम सञ्चालन गर्न सकिने छ । यो कार्यक्रम सम्पन्न गर्न सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, तथा स्वीकृत नर्म्सको पालना गर्नुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- अभ्यास संचालन गरिएको समूहको नाम, ठेगाना,
- अभ्यासका गतिविधि देखिने फोटो,
- अभ्यास संचालन भएको स्थान र मिति देखिने अभ्यासको व्यानर, सहभागीहरूको उपस्थिति, फोटो दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि सहितको प्रतिवेदन,
- वन व्यवस्थापनका मुख्य क्रियाकलापहरु तथा होडिङ्ग बोर्ड ।

**जनशक्ति व्यवस्थापन**

फिल्ड स्तरमा डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट सम्बन्धित तालीम संचालन हुने सामुदायिक वनमा संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. २४,५०,०००।- (चौबिस लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

सामुदायिक वनहरुमा जम्मा ९८ गोटा वन व्यवस्थापन स्थलगत अभ्यास तालीम संचालन भई सामुदायिक वनको दिगो व्यवस्थापनमा सहयोग पुग्ने ।

## ६. सामुदायिक वनमा बैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्ययोजना कार्यान्वयन

सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाको तयारी कार्यको लागि वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ को आधारमा प्रचलित स्वीकृत नर्म्स प्रयोग गरी लागत इस्टिमेट स्वीकृत गरेर मात्र आवश्यक रकम खर्च गरिनेछ । डिभिजन वन कार्यालय अन्तर्गत रहेका वैज्ञानिक वनको व्यवस्थापन गर्दा कार्ययोजनामा लेखिएको समयसिमा भित्र कार्य सम्पन्न गर्नु पर्दछ । योजना गरिएका कार्यक्रम, समय, नक्सा सबै खुल्ने गरी साइनवोर्ड बनाई सबैले देख्ने स्थानमा राख्नु पर्दछ । सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको क्रममा वैज्ञानिक वन व्यवस्थापनमा संचालन हुने सम्पूर्ण वा आंशिक क्रियाकलाप सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ । यस कार्यक्रम संचालनको लागि डि.व.का. हरुवाट ToR स्वीकृत गरी कार्यक्रम संचालन गर्नु पर्नेछ । यस कार्यक्रम संचालनको लागि प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा स्वीकृत नर्म्सको पालना गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुले सामुदायिक वनहरुसँग समन्वय गरी यो वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाको तयारी र कार्ययोजना कार्यान्वयन क्रियाकलाप सम्पन्न गर्नु पर्नेछ । डिभिजन वन कार्यालयहरुले परमर्शदाताबाट सेवा खरीद गरेर समेत कार्ययोजना तयारी गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २१,००,०००।- (एक्काईस लाख मात्र) व्यवस्था गरिएको छ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

२ वटा सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाको तयार हुनुको साथ साथै ४ गोटा सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन भई वन क्षेत्रको दिगो रुपमा व्यवस्थापन भइ काठदाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

## ७. सामुदायिक वन भित्र कबुलियती वन समूह गठन तथा प्रविधि हस्तान्तरण

सामुदायिक वन उपभोक्ता समूहहरूमा आवद्ध भएका गरिविको रेखा मुनीका उपभोक्ताहरूको जिविकोपार्जनमा थप सहयोग पुऱ्याउनको लागि सोही सामुदायिक वन भित्र कबुलियती वन प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ । यसको लागि सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन २०७१ मा व्यवस्था भएको सम्पन्नताको स्तरीकरणमा विपन्न वर्ग (गरिविको रेखा मुनीका) मा समावेश भएका उपभोक्ताहरुको जीविकोपार्जनमा सहयोग गर्न हस्तान्तरित सामुदायिक

वनका केही भागमा आयआर्जनका कार्यक्रमहरु संचालन गर्न जग्गा छुट्टयाउने कार्य गर्न सकिने छ । पहिचान गरिएका विपन्न वर्गको समूह बनाई उक्त क्षेत्रमा गर्न सकिने आयआर्जनका कार्यहरुको योजना तयार पारी, उक्त योजना सामुदायिक वन कार्ययोजनामा समावेश गरी यो कार्यक्रम संचालन गरिनेछ । लक्षित वर्ग पहिचान गरी समूह तयार पार्दा एक समूहमा सामान्यतया १० परिवार पर्ने गरी समूह तयार गर्ने, एउटा सामुदायिक वन भित्र एक भन्दा वढी समूह पनि तयार गर्न सकिने, यसरी विपन्न वर्गको समूहहरु तयार पार्दा पकेट एरियाको अवधारणा विकास गरी एकै प्रकारको आयआर्जनका गतिविधि संचालन गर्न जोड दिनु पर्नेछ । यसमा बिनियोजित बजेटबाट बढीमा रु. १५,०००।- सम्म समूहसँग छलफल, कबुलियती वन समूह गठन, योजना तयारी, सहजीकरण लगायतका कार्यमा खर्च गर्न सकिने र बाँकी रकम आयमूलक कार्यको लागि खर्च गर्नुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- आयमूलक कार्यक्रम संचालित सामुदायिक वनको नाम र ठेगाना, छनौट गरिएका आधारहरु,
- गठित लक्षित विपन्न वर्ग समूहको संख्या,
- लाभान्वित घरधुरी तथा नामावली र जनसंख्या,
- आयमुलक कृयाकलापहरू संचालनका फोटोहरू,
- संचालित कृयाकलापहरुको सचित्र विवरण र आगामी योजनाहरु ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुले सामुदायिक वनहरुसँग समन्वय गरी यो कार्य गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ३,००,०००।- (तीन लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

सामुदायिक वनहरुमा ५ गोटा कबुलियती वन समूह गठन भई उपभोक्ता समूहहरूमा आवद्ध भएका गरिविको रेखा मुनीका उपभोक्ताहरूको जिविकोपर्जन सुधारमा थप सहयोग पुग्ने ।

## ८. उत्कृष्ट सामुदायिक वन पुरस्कार

यस मार्गदर्शनको अनुसूची १ बमोजिमको मूल्याङ्कनको आधार तथा सूचकहरुको सूचीको आधारमा जिल्लामा स्थापित सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स) तथा वनको मूल्याङ्कन गरी उत्कृष्ट हुने पहिलो, दोस्रो र तेस्रो सा.व.उ.स हरुलाई डिभिजन वन कार्यालयहरुबाट विनियोजित बजेटवाट सामुदायिक वन पुरस्कार रकम तथा प्रमाण-पत्र प्रदान गरिनेछ र डिभिजन वन कार्यालयहरुले पुरस्कार छनौट समिति गठन गरी यो कार्यक्रम संचालन तथा कार्यान्वयन गर्नु पर्नेछ।

यो कार्यक्रम संचालन गरी उत्कृष्ट सामुदायिक वन उपभोक्ता समूह छनौट गर्नका लागि लाग्ने खर्च (सूचना सम्प्रेषण, स्थलगत भ्रमण, बैठक खर्च आदि), पुरस्कृत व्यक्ति, संस्थाको यातायात खर्च, पुरस्कार वितरण समारोह खर्च, प्रमाणपत्र तयारी आदिमा समेत यसै शीर्षकबाट खर्च गर्न सकिनेछ । साथै यी कार्यहरू सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा प्रचलित ऐन नियमको पालना गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुको सहयोग लिएर यो कार्य गर्नु पर्नेछ । यसरी उत्कृष्ट सामुदायिक वन पुरस्कार पुरस्कृत गर्दा डिभिजन स्तरमा रहेको सामुदायिक वन उपभोक्ता महासंघसँग समेत समन्वय गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. ३,९०,०००।- (तीन लाख नब्बे हजार मात्र) बिनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धिः**

डिभिजन स्तरमा वन संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याउने उत्कृष्ट सामुदायिक वन उपभोक्ता समूह पुरस्कृत भई समूहको हौसला बढ्ने ।

## ९. कबुलियती वन समूहको गठन, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी

यस शीर्षकमा बिनियोजित बजेट क्षेत्र छनौट, स्थलगत भ्रमण, सञ्चार, सर्वे तथा नक्सांकन, वैठक खाना/खाजा भत्ता, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी, प्रिन्टीङ तथा वाईन्डिगंमा खर्च गर्न सकिनेछ । समूहमा आवद्ध भएका घरधुरीका महिला तथा पुरुषको सहभागीतामा कार्ययोजना तयार गर्नु पर्नेछ । जीविकोपार्जन सुधार योजना समावेश भएको कार्ययोजनाको ३ प्रति तयार गर्ने रकम समेत यसै शीर्षकमा समावेश गरिएको छ । जीविकोपार्जन सुधार योजना तयार गर्दा सव-डिभिजन वन कार्यालयका प्राविधिक, कृषि तथा पशु सेवाका प्राविधिक, समूह सहयोगी र ग्रामीण वित्तीय सहयोगी/सामाजिक परिचालकले आ-आफ्नो क्षेत्रवाट सहयोग गर्नुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- गठित समूहको नाम र ठेगाना,
- कवुलियती वनबाट लाभान्वित हुने घरधुरी संख्या र जनसंख्या,
- कार्य समितिको स्वरुप (संख्या तथा समावेशी प्रतिनिधित्व),
- वैठकको खाजा खर्च माग गर्दा माईन्यूटको छायाँकपि समेत संलग्न गर्नुपर्ने,
- स्वीकृत विधान र कार्ययोजना,
- समूह गठिन र कार्ययोजना निर्माण गर्दा खिचिएका फोटो तथा भिडियोहरू ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुद्वारा यो कार्य गर्नु पर्नेछ । साथै डिभिजन वन कार्यालयका वन प्राविधिकको प्रत्यक्ष निगरानिमा वन क्षेत्रमा काम गर्ने सेवा प्रदायक व्यक्ति वा संस्थावाट समेत गराउन सकिनेछ । यो कार्यक्रम प्रस्तावित कबुलियती वन समूहहरुसँगको समन्वय तथा सहकार्य संचालन गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. १,०५,०००।- (एक लाख पाँच हजार मात्र) बिनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

७ वटा कवुलियती वन उपभोक्ता समूहको गठन भई कवुलियती वन समूह मार्फत राष्ट्रिय वनको संरक्षण तथा व्यवस्थापन हुने ।

## १०. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत)

कार्ययोजनाको म्याद समाप्त भएका कवुलियती वन समूह (क.व.स.) ले पुनरावलोकनको लागि माग गरेका विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना पुनरावलोकन गर्न यस शीर्षकको रकम खर्च गर्न सकिने । कार्ययोजना नवीकरण प्रकृया तालीमको अभ्यासकै रुपमा गरिनेछ । एकदिने स्थलगत रुपमा हुने यस अभ्यासमा छनौट भएका घरधुरीका महिला पुरुष दुई जनाका दरले समावेश गराउनु पर्दछ । अन्य प्रक्रिया नयाँ कार्ययोजना तयार गर्दा अपनाईने कार्यविधि अनुसार नै गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा मातहतका कर्मचारीहरु र कवुलियती वन तर्फको वन प्राबिधिक सहायकहरुले जिल्ला सुपरभाईजर तथा समूह सहयोगीको सहयोग लिएर यो कार्य गर्नु पर्नेछ । साथै डिभिजन वन कार्यालयका वन प्राविधिकको प्रत्यक्ष निगरानिमा वन क्षेत्रमा काम गर्ने सेवा प्रदायक व्यक्ति वा संस्थावाट समेत गराउन सकिनेछ । कार्ययोजना नबिकरण गर्दा कवुलियती वन समूहहरुसँगको समन्वय तथा सहकार्यवाट गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १४,४०,०००।- (चौध लाख चालिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

१४४ वटा कवुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन भएको हुनेछ ।

## ११. कबुलियती वन कृषकलाई जीविकोपार्जन सुधार योजना कार्यान्वयन सहयोग / जीविकोपार्जन सुधार योजना कार्यान्वयन

लघु उद्यम विकास तथा आयआर्जनका लागि यस कार्यक्रममा प्रत्येक कवुलियती वन समूहको कार्ययोजना तयारी गर्दा जीविकोपार्जन सुधार योजना पनि सँगै तयार गर्नुपर्नेछ । जीविकोपार्जन सुधार योजना तयारी पुस्तिका अनुसार आवश्यकता पहिचान गरी समूहको आयआर्जनमा वृद्धि हुने योजनालाई प्राथमिकतामा राखी यस शीर्षकमा विनियोजित रकम सम्झौता बमोजिम खर्च गरिनेछ । उक्त योजना संचालनको लागि जिल्लास्थित अन्य सरोकारवाला/सहयोगी निकायहरुको सहयोग तथा समन्वयमा गरिनेछ । डिभिजन वन कार्यालयहरुले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ को आवश्यक प्रकृया पुरा गरी यो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ । साथै जीविकोपार्जन सुधार योजना कार्यान्वयनको लागि छुट्याइएको रकम सहितको जम्मा लगानीको कम्तीमा १० प्रतिशत रकम समूह तथा समूहका उपभोक्ता आफैले ब्यहोर्नु पर्नेछ ।

**भुक्तानीको प्रक्रिया**

(क) प्रारम्भिक कार्य सुरुवातको लागि सम्झौता रकमको ४० प्रतिशतले हुन आउने रकम रकम सम्झौता हुने कबुलियती वन समुलाई उपलब्ध गराइने छ ।

(ख) सम्बन्धित समूहको कार्य सम्पन्न प्रतिवेदन साथ सव-डिभिजन वन कार्यालयवाट प्रतिवेदन प्राप्त भए पछि बाँकी ६० प्रतिशत रकम सम्बन्धित समूहलाई भुक्तानी गरिने छ ।

(ग) जिविकोपार्जन सुधार योजना कार्यान्वयन गर्न सम्झौता भएको कबुलियती वन समूहले सम्झौता बमोजिमको कार्य नगरेमा कार्य सुरुवातको लागि दिइएको सम्झौता रकमको ४० प्रतिशत रकम डिभिजन वन कार्यालयले असुलउपर गरी सो समूहलाई प्रचलित कानून बमोजिम कारवाही समेत गर्न सक्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कबुलियती वन उपभोक्ता समूहको नाम र ठेगाना,
- सम्झौता भएको कार्यक्रम/योजनाको नाम,
- समूहको कार्य सम्पन्न प्रतिवेदन,
- कार्यक्रम संचालनको फोटो/भिडियोहरु तथा सव-डिभिजन वन कार्यालयको प्रतिवेदन ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ११,००,०००।- (एघार लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

२२ वटा कवुलियती वनमा उद्यमशिलता अभिबृद्धि हुने ।

## १२. जग्गा विकास तालीम

चालु आ.व.मा हस्तान्तरण हुने/भएका कवुलियती वन समूहका प्रत्येक परिवारका दुई जना (महिला र पुरुष) लाई कवुलियती वनको कार्यस्थलमै कवुलियती वन तथा पशु विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०६६ अनुसारको जग्गा विकास तालीम स्वीकृत नर्म्सको पालना गरी यस तालीम सञ्चालन गरिने छ ।

कार्य सम्पन्न भएपश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य,

- तालीम संचालन भएको स्थान र मिति देखिने तालीमको व्यानर, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु, समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- सहभागी संख्या र तालीम अवधि ।

**बजेट व्यवस्थापन**

यो तालीम संचालनको लागि बजेट रु. ३,००,०००।- (तीन लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

६ वटा जग्गा विकास तालीम संचालन भई कवुलियती वनहरुको व्यवस्थापनमा सहयोग पुग्ने ।

## १३. प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायकबाट)

जिल्लामा नयाँ कवुलियती वन समूह गठन, कार्ययोजना र जीविकोपार्जन सुधार योजना तयारी तथा पुराना समूहहरुको कार्ययोजना र जीविकोपार्जन सुधार योजना पुनारावलोकनको साथै स्थापित समूहलाई प्राविधिक सहयोग लगायत डिभिजन वन कार्यालयको कार्यक्रम संचालनमा थप सहयोग पुऱ्याउन वन विज्ञानमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको योग्यता पुगेको प्राविधिकबाट सेवा करारमा लिन यस शीर्षकमा विनियोजित रकम खर्च गरिनेछ । डिभिजनल वन अधिकृत वा तोकेको अधिकृतस्तरको कर्मचारीको अधीनमा रही निजले काम गर्नु पर्नेछ । साथै मासिक प्रगतिको आधारमा मात्र मासिक पारिश्रमिकको निकासा गरिनेछ । कार्य सम्पन्न भएपछि आर्थिक ऐन/नियम वमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयले वन प्राविधिक सहायक (रेञ्जर) सेवा करारमा भर्ना गरी प्राबिधिक सेवा प्रदान गर्नु पर्नेछ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न कुल रकम रु. १५,१८,०००।- (पन्ध्र लाख अठार हजार मात्र) बिनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

५ जना वन प्राबिधिक सहायक (रेञ्जर) सेवा करारमा भर्ना भई कवुलियती वनहरुको व्यवस्थापनमा सहयोग पुग्ने ।

## १४. सामाजिक परिचालन सेवा (समूह परिचालनको अनुदान सहयोग)

सव-डिभिजन वन कार्यालयको समन्वयमा कवुलियती वन समूह गठन तथा उपभोक्ता समूहहरूसँग सहजिकरण गरी सव-डिभिजन वन कार्यालयमा नियमित प्रतिवेदन पेश गर्न तपशिलमा उल्लेखित कार्यहरू गर्नको लागि डिभिजन वन कार्यालयमा विनियोजित रकमको अधीनमा रही मासिक रुपमा पारिश्रमिक उपलब्ध गराउने गरी करार सेवामा सामाजिक परिचालक व्यवस्था गरिनेछ । यस कार्यक्रम लागु भएका सम्बन्धित स्थलका विगतमा कार्य अनुभव रहेको वन सामाजिक परिचालकलाई प्राथमिकता दिनुपर्नेछ । सामाजिक परिचालक सकभर विपन्न, दलित, आदिवासी जनजाति तथा महिलालाई प्राथमिकतामा राखी छनौट गरिनेछ । सामाजिक परिचालकको शैक्षिक योग्यता कम्तिमा १० कक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । डिभिजन वन कार्यालय र सम्बन्धित सव-डिभिजन वन कार्यालयको नियन्त्रण र सुपरिवेक्षणमा रही सामाजिक परिचालकले निम्न कार्यहरु गर्नेछ ।

(क) कवुलियती वन समूह, डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्थानीय पालिकामा रहेका पशु तथा कृषि सेवा शाखा लगायतका निकायको बीचमा समन्वय गर्ने

(ख) समूह गठनका लागि परिचालन, उत्प्रेरणा र सहयोग गर्ने

(ग) वैठक व्यवस्थापन गर्न कवुलियती वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, रेकर्ड राख्ने, वचत गर्ने र साधारण शिशु स्वास्थ्य, पोषण र सरसफाईवारे समूह सदस्यलाई ज्ञान दिने

(घ) सव-डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालयसँग समन्वय गरी समूहको लागि संचालन हुने फिल्डस्तरका कार्यहरु र तालीम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने

(ङ) आफ्नो कार्यक्षेत्रका सवै कवुलियती वन समूहको वैठकमा भाग लिने

(च) कवुलियती वन समूहको अनुगमन कार्यमा सब-डिभिजन वन कार्यालयलाई सहयोग गर्ने

(छ) विशेष गरी महिला र दलितहरुलाई सरकारी कागजात, प्रमाणपत्रहरु प्राप्त गर्न आवश्यक सहयोग गर्ने

(ज) साधारण लेखपढ गर्न नजान्ने सदस्यलाई प्रौढ शिक्षामा सहभागी गराउने र नेतृत्व विकासका लागि समूहको जनशक्ति विकास गराउने

(झ) डिभिजन वन कार्यालयको नियमित मासिक वैठकमा सम्भव भएसम्म सहभागी हुने

(ञ) समूहले पाउने सहयोगको बारेमा डिभिजन वन कार्यालयबाट जानकारी लिई सोही बमोजिम समूहलाई जानकारी गराउने

(ट) अन्यको हकमा मार्गदर्शनमा उल्लेख भए बमोजिम हुनेछ

**जनशक्ति व्यवस्थापन**

सव-डिभिजन वन कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयले सम्भव भएसम्म कवुलियती वन समूहका उपभोक्ताहरु मध्येबाट समूह सहयोगी सेवा करारमा लिई सामाजिक परिचालन सेवा प्रदान गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि बजेट रु. ५६,४०,०००।- (छपन्न लाख चालिस हजार मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

३८ जना सामाजिक परिचालक (समूह सहयोगी) सेवा करारमा भर्ना भई कवुलियती वन समूहको क्षमता विकासमा टेवा पुग्नेछ ।

## १५. सामाजिक परिचालन सुपरिवेक्षण (जिल्ला सुपरभाईजरबाट)

सव-डिभिजन वन कार्यालयको समन्वयमा सामाजिक परिचालकको कार्यको अनुगमन तथा सुपरिवेक्षण गरी डिभिजन वन कार्यालय मा नियमित प्रतिवेदन पेश गर्न विनियोजित रकमको अधीनमा रही मासिक रुपमा पारिश्रमिक उपलब्ध गराउने गरी करार सेवामा जिल्ला सुपरभाईजरको व्यवस्था गर्नुपर्नेछ । जिल्ला सुपरभाईजरको शैक्षिक योग्यता कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको योग्यता हुनुपर्नेछ । जिल्ला सुपरभाइजरको कार्य विवरण निम्न बमोजिम हुनेछ,

(क) कवुलियती वन समूह, डिभिजन वन कार्यालय तथा कृषि तथा पशु सेवा शाखा लगायत जिल्लास्थित अन्य निकायको वीचमा सम्वन्ध कायम गर्ने,

(ख) समूह सहयोगी/सामाजिक परिचालक को कार्यको अनुगमन तथा निरीक्षण गर्ने,

(ग) समूह सहयोगी/सामाजिक परिचालक लाई परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,

(घ) डिभिजन वन कार्यालय र जिल्लास्थित अन्य कार्यालयवाट समूहको लागि संचालन हुने फिल्डस्तरका कार्यहरु र तालीम तथा प्रचारप्रसार कार्यमा सहयोग गर्ने,

(ङ) समूह सहयोगी मार्फत कवुलियती वन समूहको अनुगमन गर्नमा डिभिजन वन कार्यालयलाई सहयोग गर्ने,

(च) समूहमा आबद्ध विशेष गरी महिला र दलितहरुलाई आवश्यक सरकारी कागजात, प्रमाणपत्रहरु प्राप्त गर्न सहयोग गर्ने,

(छ) सामाजिक परिचालनको काममा मार्गदर्शक वनी आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने ।

**जनशक्ति व्यवस्थापन**

सव-डिभिजन वन कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयले सम्भव भएसम्म कवुलियति वन समूहका उपभोक्ताहरुवाट जिल्ला सुपरभाईजर सेवा करारमा लिई सामाजिक परिचालन सुपरिवेक्षण गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्नको लागि रु.१३,८४,०००।- (तेह्र लाख चौरासी हजार मात्र) बिनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

४ जना सुपरभाईजर सेवा करारमा भर्ना भई कवुलियती वन समूहहरुको व्यवस्थापनमा सहयोग पुग्ने ।

## १६. कबुलियती वन समुहमा बचत व्यवस्थापन (ग्रामीण वित सहायकबाट)

कवुलियती वन समूहलाई ग्रामीण वित्त सेवा मार्फत थप सहयोग पुर्याउन सहकारी डिभिजन कार्यालयसँग समन्वय गरी लघु वित्त सहायकको व्यवस्था नियमानुसार गर्नुपर्नेछ । पारिश्रमिक भुक्तानी गर्न आर्थिक ऐन-नियम वमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, डोर हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ । ग्रामीण वित्त सहायकको योग्यता कम्तीमा वाणिज्य विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको भई कार्य विवरण निम्न बमोजिम हुनेछ ।

- कवुलियती वन समूहलाई ग्रामीण वित्त कार्यक्रममा सहयोग तथा सहजीकरण गर्नुपर्नेछ,
- समूहबाट संचालन भैरहेका आर्थिक कृयाकलापको अनुगमन तथा निरीक्षण गर्नुका र साथै आवश्यक सहयोग गर्ने,
- स्थानीय कृषि सहकारी संस्थालाई सुदृढ गराई उक्त संस्थामा कवुलियती वन समूहको पहुँच पुर्याउन सहयोग गर्ने,
- सहकारी नभएको क्लष्टरमा सामुदायिक वन उपभोक्ता समूहसँग समेत सहकार्य गरी नयाँ सहकारी गठन गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने,
- डिभिजन वन कार्यालयको नियमित मासिक वैठकमा अनिवार्य सहभागी हुने,
- विद्यमान वचत तथा ऋण पद्धतिको अनुगमन गरी स्थानीय सहकारीसँग आवद्ध गराउने,
- कवुलियती वन समूह, सामुदायिक वन समूह र संलग्न सहकारीलाई कोचिंग तथा समयानुकूल संस्थागत सहयोग गर्ने ।

### जनशक्ति व्यवस्थापन

प्रदेशस्तरका डिभिजन कार्यालयहरुले समूहको वचत व्यवस्थापन तथा परिचालन सेवा प्रदान गर्न ग्रामिण वित्त सहायक करार मा भर्ना गरी प्राबिधिक सेवा प्रदान गर्नु पर्नेछ ।

### वजेट व्यवस्थापन

यो कार्य सम्पन्न गर्न रु. २,४०,००० (दुई लाख चालीस हजार मात्र) बिनियोजन गरिएको छ ।

### अपेक्षित उपलब्धि

या कार्यक्रम अन्तर्गत १ जना ग्रामिण वित्त सहायक करारमा भर्ना भई वन समूहहरुको बचत व्यवस्थापनमा सहयोग पुग्ने ।

## १७. सामाजिक परिचालिका र जिल्ला सुपरभाईजरको बैठक

कार्यक्रम संचालनमा थप प्रभावकारिता ल्याउन सहजकर्ता, सामाजिक परिचालक तथा जिल्ला सुपरभाईजरको द्वैमासिक बैठकमा सहभागी हुनेको लागि यातयात र खाजा व्यवस्थापनमा खर्च गरिनेछ । बैठकमा आवश्यकता अनुसार डिभिजन वन कार्यालय र सव-डिभिजन वन कार्यालयका कर्मचारीहरु संलग्न हुन सक्नेछन् । सो बैठकको प्रगतिको पुनरावलोकन प्रत्येक वैठकमा गर्नु पर्नेछ ।

### बजेट व्यवस्थापन

यो कार्य सम्पन्न गर्न कुल रकम रु २,०७,०००।- (दुई लाख सात हजार मात्र) बिनियोजन गरिएको छ ।

### अपेक्षित उपलब्धि

१८ गोटा बैठक संचालन भई कवुलियती वन अन्तर्गतका कार्यक्रमहरुको संचालन तथा कार्यान्वयनमा दिशानिर्देश हुने ।

## १८. कबुलियती वन उत्कृष्ट पुरस्कार

यस मार्गदर्शनको अनुसूची २ बमोजिमको मूल्याङ्कन आधार तथा सूचकहरुको आधारमा जिल्लामा स्थापित कवुलियती वन उपभोक्ता समूह तथा कबुलियती वनको मूल्याङ्कन गरी उत्कृष्ट हुने पहिलो, दोस्रो र तेस्रो कवुलियती वन उपभोक्ता

समूहहरुलाई डिभिजन वन कार्यालयहरुबाट विनियोजित बजेटबाट कवुलियती वन पुरस्कार तथा प्रमाण-पत्र प्रदान गरिनेछ र डिभिजन वन कार्यालयहरुले पुरस्कार छनौट समिति गठन गरी यो कार्यक्रम संचालन तथा कार्यान्वयन गर्नु पर्नेछ ।

यो पुरस्कार प्रदान गर्ने गरी उत्कृष्ट कवुलियती वन उपभोक्ता समूह छनौट गर्नका लागि लाग्ने खर्च (सूचना सम्प्रेषण, स्थलगत भ्रमण, बैठक खर्च आदि), पुरस्कृत व्यक्ति, संस्थाको यातायात खर्च, पुरस्कार वितरण समारोह खर्च, प्रमाणपत्र तयारी आदिमा समेत यसै शीर्षकबाट खर्च गर्न सकिनेछ । साथै यी कार्यहरू सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा प्रचलित ऐन नियमको पालना गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरु/कबुलियती वन तर्फको वन प्राबिधिक सहायकहरुले जिल्ला सुपरभाईजर तथा समूह सहयोगीको सहयोग लिएर यो कार्य गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न रु. ३०,०००।- (तीस हजार मात्र) बिनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

डिभिजन स्तरमा वन क्षेत्रको व्यवस्थापनमा महत्वपूर्ण योगदान पुर्‍याउने उत्कृष्ट कबुलियती वन उपभोक्ता समूह पुरस्कृत भई समूहको हौसला बढ्ने ।

## १९. सामुदायिक वन अनुगमन निरीक्षण (कबुलियती वनको अनुगमन समेत)

सामुदायिक वन तथा कवुलियती वनको अवस्था र समूह संचालनका विविध पक्षहरुको नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण गर्नुपर्ने हुन्छ । तसर्थ सामुदायिक वनहरुको हकमा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको प्रक्रियाहरु तथा वन कार्ययोजनामा निर्दिष्ट गरिएका कार्यहरु संचालन भए नभएको परीक्षण गर्न हस्तान्तरित सवै सामुदायिक वनहरुको निरीक्षण तथा अनुगमन गर्नुपर्नेछ । त्यसै गरी कबुलियती वन कार्यक्रमको हकमा डिभिजन वन कार्यालयहरुले अनुगमनका सूचकहरुको निर्माण गरी कबुलियती वनको अनुगमन तथा निरिक्षण गर्नुपर्नेछ । डिभिजन तथा सव-डिभिजन वन कार्यालय, जिल्ला समन्वय समिति, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, विभिन्न पालिकामा रहेका कृषि सेवा शाखा, पशु सेवा शाखा, महिला तथा वालवालिका शाखा कार्यालयका प्रतिनिधि र पत्रकार लगायतकाबाट संयुक्त रुपमा समेत अनुगमन कार्य गर्न सकिने छ । साथै कार्यक्रम कार्यान्वयनको क्रममा अनुगमन टोलीमा खटिने कर्मचारी तथा प्रतिनिधिहरुको भ्रमण खर्च, इन्धन, गाडी भाडा, खाजा समेत यसै शीर्षकको बजेट रकमवाट खर्च गर्न सकिनेछ ।

साथै अनुगमनबाट प्राप्त नतिजाहरुलाई लिपिबद्ध गर्न अनुगमन पुस्तिका प्रकाशन गर्ने र सामुदायिक वन तथा कबुलियती वनहरुलाई आवश्यक निर्देशन प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ । यो कार्यक्रम सम्पन्न गर्न आवश्यकता अनुसार स्थलगत फिल्ड निरीक्षण, समूहसँग छलफलमा चिया खाजा, स्टेशनरी, मसलन्द तथा इन्धन, तथ्याङ्क विश्लेषण एवं छपाई आदि कार्यमा आबश्यक बजेट खर्च गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न भए पछि सव-डिभिजन वन कार्यालय अनुसारका अनुगमन गरिएका सामुदायिक र कबुलियती वन समूहको संख्या तथा गतिविधि विश्लेषण सहितको अनुगमन पुस्तिका प्रकाशन गरिनेछ । साथै यसरी अनुगमन गर्दा सामुदायिक वन/कवुलियती वन कार्यक्रम लागू भएका जिल्लाहरुमा भएका सफल अभ्यासहरु, सकंलित तथ्याङ्कहरू उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयय र वन निर्देशनालयमा पठाउनु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु, वन प्राविधिक सहायक, सामाजिक परिचालकबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २२,५५,०००।- (बाइस लाख पचपन्न हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

४,५०४ गोटा सामुदायिक वन/कबुलियती वनहरुको अनुगमन निरीक्षणबाट आवश्यक पृष्ठपोषण प्राप्त भई कार्यक्रम कार्यान्वयनमा सहजता हुनुका साथै अगामी आर्थिक वर्षको योजना निर्माणमा समेत थप सहयोग पुग्ने ।

## २०. जडिबुटी उत्पादक, संकलक तथा व्यापारी बीच अन्तरक्रिया गोष्ठी

जडिबुटीको दिगो व्यवस्थापनमा टेवा पुऱ्याउनका लागि जडिबुटी उत्पादक, संकलक र व्यापारी बीच राम्रो सम्वन्ध, समझदारी विकास गर्न तथा विद्यमान समस्याको समाधान तथा योजना निर्माणका लागि कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नका लागि सयुक्त अन्तरक्रिया गोष्ठी संचालन गर्नु पर्नेछ । यस प्रदेशमा पाइने विभिन्न किसिमका जडिबुटीहरुको प्रजाति, बजारको अवस्था साथै जडिबुटी उत्पादक, संकलक र व्यापारी बीच समन्वयात्मक भुमिकाको वारेमा समेत यस गोष्ठी जानकारी गराइने छ । यस शीर्षकको बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालीम सामाग्री, सेसन फि, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, संचार, प्रतिवेदन लेखन लगायतमा खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भएपछि गोष्ठी संचालन मिति स्थान, छलफलका विषय, सहभागीको नामावली भएको निर्णय, उपलब्धि तथा पृष्ठपोषण र भए गरेको खर्च विल भर्पाईहरु समेतको प्रतिवेदन संलग्न गर्नु पर्नेछ । कार्यक्रम संचालनमा डिभिजन/सव-डिभिजन वन कार्यालयका कर्मचारी वा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा बोलाई यस अन्तरक्रिया गोष्ठी संचालन गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन, सव-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु र विषयविज्ञहरुबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस गोष्ठी संचालनको लागि बजेट रु. ३,००,०००।- (तीन लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

६ गोटा अन्तरक्रिया गोष्ठी संचालन भई जडिबुटी उत्पादक, संकलक र व्यापारी बीचको समन्वय र सहकार्य मार्फत जडिबुटीको दिगो उत्पादनमा सहयोग पुग्ने ।

## २१. जडिबुटी खेती व्यवस्थापन, प्रशोधन तथा भण्डारण सम्बन्धी तालीम

जडिबुटी खेती गरिरहेका कृषक र समूहहरू तथा जडिबुटी खेती गर्न इच्छुक कृषक र समूहहरूलाई यस प्रकारको तालीममा सहभागी गराइने छ । यस शीर्षकको रकम तालीममा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, यातायात खर्च, संचार, स्टेशनरी, पानी, तालीमको प्रतिवेदन लेखन लगायतमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो वमोजिम खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भइसकेपछि तालीमको उपस्थिति विवरण, माइन्युट, प्रस्तुतीकरणको विवरण, फोटो, खर्च विल भर्पाइ, कार्यक्रमको सुची तथा तालीमको प्रतिवेदन पेश गर्नु पर्दछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन, सव-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु र विषयविज्ञहरुबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस तालीम संचालनको लागि बजेट रु. १,००,०००।- (एक लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

१ पटक सञ्चालन हुने यो तालीमबाट जडिबुटी उत्पादक तथा प्रशोधनकर्ताहरुलाई जडिबुटीको दिगो व्यवस्थापनको बारेमा जानकारी उपलब्ध हुने ।

## २२. जडिबुटी संजाल तथा सहकारीको क्षमता अभिवृद्धी सहयोग

जिल्ला स्थित स्थापित जडिबुटी संजाल तथा जडिबुटीको ब्यापारमा संलग्न भएका सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धीको लागि यस शीर्षकको बजेट खर्च गरिनेछ । साथै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ को आवश्यक प्रकृया पुरा गरी जडिबुटी संजाल तथा सहकारीलाई अनुदानको रुपमा समेत यो रकम डिभिजन वन कार्यालयबाट उपलब्ध गराउन सकिने छ । साथै यस कार्यक्रम सम्पन्न गर्न आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको पालना गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रम संचालनको लागि बजेट रु. १,००,०००।- (एक लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

जडिबुटी संजाल तथा सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धीमा सहयोग पुग्ने ।

## २३. जडिबुटी खेती सम्बन्धी फोकल टिमको बैठक

संघीय वन तथा वातावरण मन्त्रालय (साविकको वन तथा भू-संरक्षण मन्त्रालय) बाट २०६९ सालमा तयार भएको कार्यबिधि अनुसार डिभिजन तथा फिल्डस्तरमा गठन भएको वा गरिने फोकल टिमको बैठक आवश्यकता अनुसार बस्नु पर्नेछ र सो बैठक संचालन तथा व्यवस्थापनमा यो शीर्षकको रकम खर्च गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमका लागि प्रदेश भरका डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि बजेट रु. १,२५,०००।- (एक लाख पच्चिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

फोकल टिम बैठकको माध्यमबाट पकेट क्षेत्रमा उपयुक्त जडिबुटी खेतीको विस्तार तथा प्रवर्द्धनमा सहयोग पुग्ने ।

## २४. जडिबुटी भण्डारण, प्रशोधन केन्द्र स्थापना अनुदान सहयोग (सामुदायिक वन / साझेदारी वन / सहकारी / निजी क्षेत्रको साझेदारीमा)

यस कार्यक्रमका लागि छुट्याईएको रकम वन निर्देशनालयले डिभिजन वन कार्यालय, कार्यक्षेत्रको फोकल टिम र सामुदायिक वन उपभोक्ता समूह/ साझेदारी वन समूह/ कबुलियती वन उपभोक्ता समूह/ सहकारी/ संस्था/कम्पनी/निजी उद्यमीहरुसँग सहकार्य गरी हावापानी र भौगोलिक अवस्था सुहाउँदो जडिबुटी प्रजातिहरु उत्पादन गर्ने, खेती विस्तार गर्ने र संकलन हुने जडिबुटीको भण्डारण, प्रशोधन र बजारीकरण गर्नमा सहयोगी हुने खालका पूर्वाधारहरुको निर्माण, स्तरोन्नती तथा व्यवस्थापनमा यस शीर्षकको रकम खर्च गर्न सकिनेछ । जडिबुटी भण्डारण स्थल तथा प्रशोधन केन्द्र स्थापनाका लागि तपशिल बमोजिम गर्नु पर्नेछ ।

- वन निर्देशनालयले पत्रिकामा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।

- इच्छुक व्यवसायी, उद्यमी, सहकारी, सामुदायिक तथा साझेदारी वन समूह, कवुलियती वन उपभोक्ता समूह वा जडिबुटी तथा गैरकाष्ठ व्यवसायमा संलग्न किसानले प्रकाशित सूचना वमोजिम व्यावसायिक योजना सहित, प्लाण्ट स्थापना गर्ने क्षेत्रको चारकिल्ला सहित प्राविधिक तथा आर्थिक प्रस्ताव वन निर्देशनालयमा तोकिएको म्याद भित्र पेश गर्नुपर्नेछ ।
- प्राप्त व्यवसायिक योजना सहितको प्रस्तावहरुको नियमानुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्तावको छनौट गर्नुपर्नेछ। प्रस्तावहरुको मूल्याङ्कन गर्दा कच्चा पदार्थ उपलब्धताको सुनिश्चितता, जडिबुटीको पकेट क्षेत्रमा उत्पादित पैदावारको प्रशोधन, लाभप्रद व्यावसायिक योजना, वातावरणीय प्रभाव, जनसहभागीता, स्थानीय रोजगारीको सुनिश्चितता, मूल्य अभिवृद्धि क्षमता, प्रस्तावकको लगानीको प्रतिशत र सुनिश्चितता, कार्यक्रमको नवीनता तथा श्रृजनशिलता आदिको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ ।
- आवश्यकता अनुसार विज्ञहरु र प्राविधिक समिति गठन गरी वन निर्देशनालयले पश भएका प्रसतावहरुको मूल्याङ्कन गराउनु पर्नेछ ।
- अनुदान रकम सहित कुल जम्मा लगानीको कम्तीमा १० प्रतिशत रकम प्रस्तावकले लगानी गर्नुपर्नेछ ।
- प्रारम्भिक कार्य संचालन गर्न प्रथम किस्तामा ४० प्रतिशत र कार्यसम्पन्न पश्चात अन्तिम प्रतिवेदन प्राप्त भएपछि बाँकि ६० प्रतिशत रकम अनुदान स्वरुप भुक्तानी गर्नुपर्नेछ ।
- कार्य सम्पन्न भएपछि प्रगतिमा निम्न कुराहरु समावेश गर्नुपर्नेछ,
  - उद्यम संचालन गर्ने समूह, व्यक्ति, संस्था, सहकारीको नाम,
  - स्थापना गरिएको प्लाण्टको फोटो,
  - उत्पादित सामाग्रीको नमुना,
  - लागत रकम, रोजगारी सिर्जना (श्रमदिन),
  - प्लाण्टको अवस्थिति, जग्गाको कि.नं., जि.पि.एस. लोकेशन,
  - डिभिजन वन कार्यालयको कार्य सम्पन्न सिफारिस पत्र ।

साथै यस कार्यक्रम संचालनको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ समेतको पालना गर्नु पर्नेछ । अनुदान प्राप्त व्यक्ति, संस्था, कम्पनी र सहकारी छनौट भई अनुदान प्राप्त गरी सम्झौता बमोजिम कार्य तोकिएको समय भित्र सम्पन्न नभएमा त्यस्तो रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा बजेट रु. ६०,००,०००।- (साठी लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

१ वटा जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना भई सञ्चालन भएको हुने ।

## २५. जडिबुटी बिरूवा उत्पादन

वनक्षेत्रलाई जैविक विविधतायुक्त बनाउन, बैकल्पिक आयस्रोतको रुपमा विकास गर्न जडिबुटी तथा गैरकाष्ठ प्रजातिका बिरुवा उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरित गर्नुपर्नेछ; र जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको आपूर्ति र उत्पादनमा अभिबृद्धि भई आयआर्जन तथा जीविकोपार्जनमा सुधार पुऱ्याउने उद्देश्यबाट यो क्रियाकलाप संचालन गरिनेछ । जडिबुटी तथा गैरकाष्ठ प्रजाति उत्पादन गर्दा उच्च मूल्य, बजारमा माग भएको, फोकल टिमले सिफारिस गरेको र स्थानीय किसानको रुचि अनुसारको प्रजातिहरु उत्पादन गर्नुपर्नेछ । नर्सरीमा बिरुवा उत्पादन गर्दा स्थानीय आवश्यकता अनुसार तथा व्यवसायिक महत्व भएका र फोकल टिमले छानेका जडिबुटी प्रजाति, सुगन्धित घाँस तथा कलमी बिरुवा उत्पादन गर्नुपर्छ । बहुमूल्य र ठाउँ बिशेष जडिबुटी जस्तै जैतुन, तेजपात, अमला, सर्पगन्धा, नीम, गुर्जो, अर्जुन, बिजयसाल, सितलचिनी, बेल, राजबृक्ष, रिठ्ठा, बेत, कुरिलो, लौठ सल्ला, श्रीखण्ड, घिऊकुमारी, रुद्राक्ष आदि जातका बिरुवा उत्पादनमा जोड दिनुपर्नेछ । जडिबुटी प्रजाति उत्पादन गर्दा बिशेष किसिमको तालीमको आवश्यकता पर्ने भएमा सो को समेत व्यवस्था मिलाउनुपर्नेछ । यस शीर्षकको रकम प्रचलित नर्म्स र दररेटको

अधीनमा रही लागत अनुमान तयार गरी स्वीकृत गराई अमानतमा गराउन सकिने छ । उत्पादन गरिएका जडिबुटी विरुवाहरुको रेकर्ड अभिलेख राखी आवश्यकता अनुसार वितरण गर्नु पर्दछ ।

### जनशक्ति व्यवस्थापन

जडिबुटी विरुवा उत्पादनका लागि डिभिजन तथा सब-डिभिजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् । प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमका लागि जम्मा रु. ७,५०,०००।- (सात लाख पचास हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

करीव ५० हजार विभिन्न प्रजातिका जडिबुटी विरुवाको उत्पादन तथा वितरण भएको हुने ।

## २६. पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार

विभिन्न जिल्लाका जडिबुटी पकेट क्षेत्रमा लौठ सल्ला, चिराइतो, टिमुर, सतुवा, लोक्ता, अर्गेली आदि जस्ता बहुमूल्य र क्षेत्र बिशेष जडिबुटीको खेती विस्तार गर्नको लागि डिभिजन वन कार्यालयहरुले निम्न प्रकृयाहरु अपनाउनु पर्नेछ।

- फोकल टिमले तोकिएको पकेट क्षेत्र तथा प्रजातिको पहिचान गर्नुपर्नेछ ।
- छानिएका पकेटक्षेत्रमा खेती विस्तार गर्नका लागि पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालय र पकेट क्षेत्रका स्थानीय तहमा १५ देखि ३० दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।
- इच्छुक उद्यमी, संस्था, सामुदायिक तथा कवुलियती वन समूह, वा किसानले प्रकाशित सूचना वमोजिम डिभिजन वन कार्यालय मा प्रस्ताव पेश गर्नुपर्नेछ ।
- प्रस्ताव छनौटको मापदण्ड तयार गरी फोकल टिमले बढिमा १० वटा सम्म उत्कृष्ट प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालयलाई सिफारिस गर्नुपर्नेछ । मापदण्ड तयार गर्दा व्यावसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्किएका युवा र अनुभव लगायतका विषयलाई ध्यान दिनुपर्नेछ ।
- फोकल टिमको सिफारिसको आधारमा डिभिजन वन कार्यालयले खेती विस्तारका लागि सम्झौता गर्नुपर्नेछ ।
- प्रारम्भिक कार्य संचालन गर्नको लागि प्रथम किस्ता स्वरुप बढीमा ४० प्रतिशत र कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन प्राप्त भए पश्चात बाँकि ६० प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ ।
- कार्यक्रम सम्पन्न भएपछि कार्यस्थलको फोटो (जग्गाधनी वा सामुदायिक वन उपभोक्ता समूहको हकमा उपभोक्ता समेतको) पश्चात कार्यस्थलको अवस्थिति (जि.पि.एस्.) सूचक सहितका अन्य उपलब्धि/प्रभावकारिता सहितको आर्थिक र प्राविधिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।
- प्राविधिक प्रगति प्रतिवेदनमा समावेश हुनपर्ने कुराहरु,
- जग्गाको कित्ता नं., फिल्डबुक, नक्सा, क्षेत्रफल, GPS Waypoints
- वृक्षारोपण गरिएका विरुवा संख्या र प्रजाति ।

अनुगमन, निरीक्षण प्रतिवेदनमा फोकल टिमका कम्तीमा २ जना सदस्यको हस्ताक्षर अनिवार्य रुपमा हुनुपर्नेछ । यसरी वृक्षारोपण गरिएको ठाउँमा यी विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ ।

### जनशक्ति व्यवस्थापन

यस कार्यक्रमका लागि प्रदेश भरका डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरु परिचालित हुनेछन् । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, तथा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहराबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमका लागि जम्मा रु. ३,७५,००,०००।- (तीन करोड पचहत्तर लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

विभिन्न जिल्लाका जडिबुटी पकेट क्षेत्रमा जडिबुटीको खेती विस्तार भएको हुने ।

## २७. कृषि वन विकास तथा विस्तार/कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम

निजी जग्गा/सार्वजनिक जमिनको उत्पादकत्वमा सुधार ल्याई स्थानीय जनताको आयआर्जनमा सहयोग पुऱ्याउनका साथै वनको विकास गरी सो क्षेत्रमा हरियाली कायम गर्न तथा निजी वन प्रति जनमानिसमा सकारात्मक प्रभाव वृद्धि गर्नको लागि सार्वजनिक/निजी जग्गामा वृक्षारोपण गरी कृषि वन विकास, विस्तार तथा प्रवर्द्धनको लागि यो कार्यक्रम कार्यान्वयनमा ल्याइने छ । यसै शीर्षक अन्तर्गत विनियोजित बजेटको बढीमा १० प्रतिशत रकम कृषि वन कार्यक्रमहरू सफलता पूर्वक कार्यान्वयन तथा प्रवर्द्धन गर्नको लागि प्रदेशका सबै जनतालाई यस्ता कार्यक्रमको बारेमा जानकारी दिन एवं चेतना अभिवृद्धि गर्न प्रदेश स्तरमा स्थानीय मानिसहरुले वुझ्ने भाषामा पोष्टर, पर्चा, ब्रोसर, होर्डिङ बोर्ड, बृत्तचित्र आदि तयार तथा वितरण/प्रदर्शन र विभिन्न सञ्चार माध्यबाट जनचेतना मूलक संदेश संप्रेश्रण समेत गर्न सकिने छ ।

### (क) निजी जग्गामा कृषि वन प्रवर्द्धन

निजी क्षेत्रको सहकार्यमा कृषि वनको अवधारणा अनुरुप कृषि वन विकास गर्न चाहने निजी जग्गाधनीलाई कृषि वन प्रवर्द्धन अन्तर्गत यो रकम उपलब्ध गराइनेछ । डिभिजन वन कार्यालयले कृषि वन विकासका लागि कार्यान्वयन योजना (Implementation plan) बनाई र कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३ समेतलाई आधार लिई यस कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ । योजना तयार गर्दा वृक्षारोपण गरिने स्थान, क्षेत्रफल, बिरुवा संख्या, नक्सा, योजना, फोटोहरु आदि राख्नु पर्नेछ । विनियोजित बजेटमा शत प्रतिशत रकम कृषि वन विकास गर्न चाहने निजी जग्गाधनीले थप श्रमदान गर्ने गरी लागत इष्टीमेट डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई सम्बन्धित सव-डिभिजन वन कार्यालयको प्रत्यक्ष निगरानीमा योजना बमोजिमको कार्य गरी गराई निजी जग्गामा कृषि वन विकास गर्नु पर्दछ। विनियोजित रकम प्रारम्भिक कार्यसुरुवातको लागि पहिलो किस्तामा ४० प्रतिशत र कार्य प्रगतिको आधारमा कार्यक्रम सम्पन्न भए पश्चात बाँकी ६० प्रतिशत रकम कृषि वन विकास गर्ने निजी जग्गाधनीलाई उपलव्ध गराईने छ । उक्त क्षेत्रहरुमा स्थानीय ठाउँ सुहाउदो डालेघाँस, फलफूल, अन्य वहुवर्षीय रुखहरु तथा जडिबुटी प्रजातिका विरुवाका साथै वहुवर्षीय घाँस समेत रोपण गर्न सकिनेछ । साथै कृषि वन सम्बन्धी फिल्ड स्तरीय कोचिङ्ग तथा उपलब्ध भए स्थानीयस्तरमा विद्यमान कृषक समूहसँग समन्वय गरी कार्य गर्नुपर्नेछ र यो कृयाकलाप सम्पन्न गर्नका लागि आवश्यक परेमा स्थानीय कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पाताल तथा पशु सेवा विज्ञ केन्द्र तथा अन्य निकायसँग पनि समन्वय गर्न सकिनेछ ।

### (ख) सार्वजनिक जग्गा तथा हैसियत बिग्रेको वन क्षेत्रमा कृषि वन प्रवर्द्धन

- डिभिजन वन कार्यालयले आवश्यकता महशुस गरी प्रस्ताव गरेको सार्वजनिक जग्गा तथा २० प्रतिशत भन्दा कम छत्र घनत्व (क्राउन कभर) भएको हैसियत बिग्रेको वन, भू-क्षयको दृष्टिकोणबाट संवेदनशिल क्षेत्र, सिमान्तकृत हैसियत खस्केको वन क्षेत्र, नदी वा नहर किनारमा, खाली सार्वजनिक स्थानमा समूहहरु परिचालन गरी कृषि वन विकासका लागि कार्यान्वयन योजना (Implementation Plan) बनाई यो कार्यक्रम संचालन गर्न सकिने छ।
- उक्त क्षेत्रहरुमा डालेघाँस, फलफूल, गैरकाष्ठ तथा जडिबुटी प्रजातिका विरुवा तथा वहुवर्षीय रुखहरु जस्तै स्थानीय रुख, जडिबुटी प्रजातिका बिरुवा मात्र रोपण गर्न पाइने छ ।
- योजना तयार गर्दा वृक्षारोपण गरिने स्थान, क्षेत्रफल, बिरुवा संख्या, नक्सा, योजना, फोटोहरु आदि राख्नु पर्नेछ ।
- कार्यक्रम योजनाबद्ध ढंगले संचालन गरी अभिलेख खडा गरी कार्यक्रम सम्पन्न पछि प्रगति प्रतिवेदन वन निर्देशनालयमा बुझाउनु पर्नेछ ।
- कार्यक्रमको अनुगमन प्रदेश वन निर्देशनालय/डिभिजन वन कार्यालयले गर्नुपर्नेछ ।

कृषि वन विकास तथा विस्तार/कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समाबेश गर्नु पर्नेछः

(क) क्रियाकलाप संचालन भएको स्थानको नाम वा निजी जग्गा भएमा जग्गाधनीहरुको नाम/ठेगाना, क्रियाकलाप संचालन भएको क्षेत्रफल र वृक्षारोपण भएको विरुवाहरुको प्रजाति/संख्या,

(ख) कृषि वन विकास कार्यान्वयन योजना (Implementation Plan),

(ग) कार्यक्रम संचालन भएको स्थानको फोटोहरु (संचालन अघि समेतको फोटो),

(घ) सव-डिभिजन वन कार्यालयको प्रतिवेदन ।

**जनशक्ति व्यवस्थापन**

निजी जग्गा एवं सार्वजनिक जग्गा तथा हैसियत बिग्रेको वन क्षेत्रमा कृषिवन प्रवर्द्धन कायर्कम संचालनको लागि अगुवा किसानहरु, कृषि सहकारी समेतको संलग्नतामा अनौपचारिक समूह वा नेटवर्क गठन गरी स्थानीय तहमा रहेका कृषि तथा पशुसेवाका प्राविधिकहरू समेतको सहयोगमा संचालन गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यस कृषि वन विकास तथा विस्तार र कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि आ.व. २०७७/०७८ मा जम्मा रु. ५३,००,०००।- (त्रिपन्न लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

- निजी एवं सार्वजनिक जग्गा तथा हैसियत बिग्रेको वन क्षेत्रमा हरियाली प्रवर्द्धन भई जमिनको हैसियतमा सुधार हुनेछ ।
- विभिन्न प्रजातिका डालेघाँस, जडिबुटी तथा फलफूलको प्रवर्द्धनबाट स्थानीय ब्यक्ति र समुदायको आयआर्जनमा टेवा पुग्नेछ ।

## २८. निजी क्षेत्र, निजी वन सञ्जालसँग समन्वय गरी कृषि वन प्रवर्द्धन कार्यक्रम

निजी क्षेत्रको सहकार्यमा कृषि वनको अवधारणा अनुरुप कृषि वन विकास गर्न चाहने निजी जग्गाधनीलाई कृषि वन प्रवर्द्धन अन्तर्गत यो रकम उपलब्ध गराइनेछ । कृषि वन विकासका लागि कार्यान्वयन योजना (Implementation plan) बनाई र कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३ समेतलाई आधार लिई यस कार्यक्रम कार्यान्यनमा ल्याईनेछ । योजना तयार गर्दा वृक्षारोपण गरिने स्थान, क्षेत्रफल, बिरुवा संख्या, नक्सा, योजना, फोटोहरु आदि राख्नु पर्नेछ । विनियोजित बजेटमा शत प्रतिशत रकम कृषि वन विकास गर्न चाहने निजी जग्गाधनीले थप श्रमदान गर्ने गरी लागत इष्टीमेट डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई कार्यक्रम सम्झौता गरी सम्बन्धित सव-डिभिजन वन कार्यालयको प्रत्यक्ष निगरानीमा योजना बमोजिमको कार्य गरी गराई निजी जग्गामा कृषि वन विकास गर्नु पर्दछ । प्रारम्भिक कार्य सुरुवातको लागि सम्झौता रकमको ४० प्रतिशतले हुन आउने रकम उपलब्ध गराउने र सम्बन्धित निजी जग्गाधनीको कार्य सम्पन्न प्रतिवेदन साथ सव-डिभिजन वन कार्यालयवाट प्रतिवेदन प्राप्त भए पछि वाँकी ६० प्रतिशत रकम सम्बन्धित निजी जग्गाधनीहरुलाई अनुदानको रुपमा उपलब्ध गराइनेछ । उक्त कृषि वनमा डालेघाँस, फलफूल, अन्य वहुवर्षीय रुखहरु तथा जडिबुटी प्रजातिका विरुवाहरु जस्तै इपिल, अमला, रुख कटहर, वेल, सोहिजन, आँप, लिचि, भुईकटहर, किम्बु, कदम लगायत कुरिलो, पिप्ला प्रजातिका बिरुवाका साथै वहुवर्षीय घाँस समेत रोपण गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

यो कायर्कम संचालनको लागि निजी क्षेत्र, निजी वन सञ्जाल, अगुवा किसानहरु, कृषि सहकारी, स्थानीय तहमा रहेका कृषि तथा पशु सेवाका प्राविधिकहरू समेतको सहकार्य र सहयोगमा संचालन गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु ७,००,०००।- (सात लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

- कृषि वन प्रणालीको प्रवर्द्धन हुनेछ ।

➢ विभिन्न प्रजातिका डालेघाँस, जडिबुटी तथा फलफूलको प्रवर्द्धनबाट स्थानीय ब्यक्ति र समुदायको आयआर्जनमा टेवा पुग्नेछ ।

## २९. नमुना व्यवसायिक कृषि वन स्थापना सहयोग

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको प्रकृया अपनाई नमुना व्यवसायिक कृषि वन स्थापनाको कार्यसूची (ToR) को निर्माण गरी सोहि बमोजिम कार्यक्रम संचालन गरिने छ ।

### जनशक्ति व्यवस्थापन

निजी क्षेत्रसँगको सहकार्यमा सार्वजनिक-निजी साझेदारी मोडेलमा यो कार्यक्रम संचालन हुनेछ । यो कृयाकलाप सम्पन्न गर्नका लागि आवश्यक परेमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पाताल तथा पशु सेवा विज्ञ केन्द्र र अन्य निकायसँग पनि समन्वय गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ४०,००,०००।- (चालिस लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

प्रदेशस्तरमा आ.व. २०७७/०७८ मा २ वटा नमुना व्यवसायिक कृषि वनको स्थापना भई कृषि वनको प्रवर्द्धन हुने।

## ३०. निजी नर्सरी स्थापना अनुदान

यस कार्यक्रम अन्तर्गत वन नर्सरी नभएका स्थानहरुमा नयाँ नर्सरी स्थापना गरी ५० हजार भन्दा वढी विरुवा उत्पादन गर्न चाहने निजी नर्सरी धनीलाई तोकिएको प्रजातिका गुणस्तरीय विरुवा उपलव्ध गराउने सन्दर्भमा दुई पक्षीय सम्झौता गरी गराई सर्तनामा बमोजिम नर्सरी निर्माण, सिंचाई तथा अन्य सामाग्री खरिदमा निजी नर्सरी संचालकलाई अनुदान स्वरुप सहयोग उपलव्ध गराउन सकिने छ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयहरुवाट यो कार्यक्रम संचालन गरिने छ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रम संचालनको लागि बजेट रु. १०,८०,०००।- (दश लाख असी हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

२० गोटा निजी नर्सरीहरु स्थापनामा सहयोग पुगी विरुवाहरु उत्पादन भई स्थानीय स्तरमा सहज रुपमा विरुवा उपलब्धता भएको हुने ।

## ३१. निजी वन विकास दर्ता प्रोत्साहन

निजी वन दर्ता गर्नको लागि चाहिने जग्गा धनीपूर्जाको नक्कल, नागरिकता, नापी नक्सा आदि साथ निवेदन प्राप्त भएमा निजी वन दर्ताको लागि आवश्यक पर्ने प्राविधिक सहयोग जस्तै निजी वनको नाप नक्सा, रुख विरुवाको नाप जाँच गरी लगत, सर्जमिन मुचुल्का सहितको कार्ययोजना निर्माण गरी निजी वन दर्ताका लागि डिभिजन वन कार्यालयले आवश्यक सहजीकरण गर्नेछ । साथै निजी वन दर्ता गर्न जाँदा साँध सिमाना नापजाँच गर्न सरकारी अमिन/सर्वेक्षकको आवश्यक पर्ने भएमा सोका लागि जिल्लास्थित नापी कार्यालयलाई नियमानुसार बुझाउनु पर्ने राजस्व स्वरुप यस शीर्षक अन्तर्गत राखिएको बजेटबाट खर्च गरिनेछ । यसका साथै कर्मचारीको स्थलगत भ्रमण, यातायात, मसलन्द, दैनिक भ्रमण भत्ता आदि समेत यसबाट खर्च गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

निजी वन दर्ता गर्ने प्रयोजनको लागि डिभिजन वन कार्यालय, नापी कार्यालय, स्थानीय तह, निजी वन धनी तथा निजी वन संजाल आदिको सहयोगमा यो कार्यक्रम संचालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलापको लागि रु. ६,६०,०००।- (छ लाख साठी हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

आ.व. २०७७/०७८ मा न्यूनतम ६६ गोटा निजी वन दर्ता भई निजी वनधनीहरूको संख्यामा अभिवृद्धि भई वन पैदावारको आपूर्ति तथा ओसारपसारमा सहजता हुनेछ ।

## ३२. निजी वन धनिलाई प्रोत्साहन पुरस्कार/उत्कृष्ट निजी वन पुरस्कार

आफ्नो निजी हकभोगको नम्बरी आवादी जग्गामा बृक्षारोपण गरी उद्यमशिलताको विकास सहित जैविक विविधता संरक्षण तथा वातावरण सन्तुलनमा योगदान पुर्‍याउने मध्ये यस कार्यक्रम अन्तर्गत जिल्लामा दर्ता भएका निजी वनहरुमध्ये व्यवस्थापन, व्यावसायिकता र प्राविधिक उपयुक्तताको आधारमा मूल्याङ्कन गर्न गठन भएको समितिको निर्णय बमोजिम निजी वनको मूल्याङ्कन गरी उत्कृष्ट हुने पहिलो, दोस्रो र तेस्रो निजी वनधनीहरुलाई डिभिजन वन कार्यालयहरुबाट विनियोजित बजेटवाट उत्कृष्ट निजी वन पुरस्कार तथा प्रमाण-पत्र प्रदान गरिनेछ । उत्कृष्ट निजी वन पुरस्कार यस मार्गदर्शनको अनुसूची ३ बमोजिमको मापदण्ड र सूचकहरुको आधारमा छनौट गरिने छ । यस शीर्षकमा विनियोजित रकमबाट समारोह व्यवस्थापन, प्रमाणपत्र छपाई तथा नगद पुरस्कारमा खर्च गर्न सकिनेछ । यो पुरस्कार प्रदान गर्ने गरी उत्कृष्ट निजी वन छनौट गर्नका लागि लाग्ने खर्च (सूचना सम्प्रेषण, स्थलगत भ्रमण, बैठक खर्च आदि), पुरस्कृत व्यक्तिको यातायात खर्च, पुरस्कार वितरण समारोह खर्च, प्रमाणपत्र तयारी आदिमा यसै शीर्षकबाट खर्च गर्न सकिनेछ । साथै यी कार्यहरू सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा प्रचलित ऐन नियमको पालना गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुबाट यो कार्यक्रम संचालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलापको लागि रु. ३,००,०००।- (तीन लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

बृक्षारोपणको माध्यमबाट उद्यमशिलताको विकास सहित जैविक विविधता संरक्षण तथा वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुर्‍याउने नीजी वन धनीहरू पुरस्कृत भई हौसला बढ्ने ।

## ३३. निजी वन व्यवस्थापन तालीम

जिल्लामा दर्ता भएका निजी वन धनीहरु र निजी वन सम्बन्धी सरोकारवालाहरुलाई यस तालीममा सहभागी गराइने छ । साथै यस शीर्षकको रकम तालीममा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, यातायात खर्च, संचार, स्टेशनरी, पानी, तालीमको प्रतिवेदन लेखन लगायतका क्रियाकलाप संचालन गर्नको लागि स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो वमोजिम खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भइसकेपछि पेश गरिने प्रगति प्रतिवेदनमा तालीमको उपस्थिति विवरण, माइन्युट, प्रस्तुतीकरणको विवरण, फोटो, खर्च विल भर्पाइ, कार्यक्रमको विषयसूची तथा तालीमको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयबाट यो कार्यक्रम संचालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस तालीम संचालनको लागि रु. ९०,०००।- (नब्बे हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

निजी वनको प्रवर्द्धन तथा दिगो व्यवस्थापनमा सहयोग पुग्ने ।

## ३४. निजी वन संजाल निर्माण, संस्थागत सुदृढीकरण तथा क्षमता अभिबृद्धि सहयोग

यस कार्यक्रम अन्तर्गत जिल्लामा भएका निजी वनधनीहरुको विवरण (Profile) तयार गरी एक सञ्जाल गठन गरी सो निजी वन संजालको संस्थागत सुदृढीकरण तथा क्षमता अभिबृद्धि गराउने गरी यो कार्यक्रम संचालन गरिने छ । यसरी गठन भएको सञ्जाललाई संस्थागत गर्न विधान दर्ता लगायत क्षमता अभिबृद्धि गर्नको लागि आवश्यक पर्ने क्रियाकलापहरु संचालन गर्नको लागि यस शीर्षकमा विनियोजित रकम अनुदान स्वरुप उपलब्ध गराइने छ । यस सञ्जालबाट जिल्लामा वन क्षेत्रसँग सम्बन्धित नीति, ऐन, नियम, कार्यविधि, मार्गदर्शन मा भएको निजी वन दर्ता प्रक्रिया र वन पैदावार सदुपयोग सम्बन्धी व्यवस्थाको प्रचार प्रसार गर्नुको साथै निजी वन र डिभिजन वन कार्यालयहरु विच समन्वयात्मक भूमिका निर्वाह गर्ने गरी यसको संस्थागत विकास गरिने छ । यस शीर्षक अन्तर्गतको बजेट आवश्यकता अनुसार सञ्जाल निर्माण गर्ने कार्यमा आवश्यक पर्ने मसलन्द, अन्तरक्रिया, भ्रमण, इन्धन आदिको साथै सञ्जालको संस्थागत सुदृढीकरण तथा क्षमता अभिबृद्धि जस्ता कार्यमा खर्च गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयहरुबाट स्थानीय तह, निजी वनधनीहरुको सहयोग र समन्वयमा यो कार्यक्रम संचालन गरिने छ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रम संचालनको लागि रु. ३,५०,०००।- (तीन लाख पचास हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

आ.व. २०७७/०७८ मा यस प्रदेशमा थप ४ वटा जिल्ला निजी वन संजाल गठन भएको हुनेछ ।

## ३५. निजी वन सम्बन्धी प्रचारप्रसार कार्यक्रम

निजी वन विकासलाई प्रदेश सरकारले प्राथमिकतामा राख्नुको साथै केहि वर्ष यता कृषकहरु वन बालीमा आकर्षित हुदै गएको पाईन्छ । निजी वन प्रति आकर्षित गर्न किसानहरुलाई प्रोत्साहित गर्नु आवश्यक छ । त्यसैले यस कार्यक्रम अन्तर्गत निजी क्षेत्रमा वन विकास गर्न विभिन्न क्रियाकलापमा सहुलियत दिईएको छ । त्यसैले यस कार्यक्रम अन्तर्गत यस्ता वनहरुको दर्ता गर्ने विशेष कार्यक्रम रहेको छ । अतः निजी वन सम्बन्धी विभिन्न कार्यक्रमको सफलतापूर्वक कार्यान्वयन एवं जिल्लामा जानकारी दिन तथा चेतना अभिवृद्धि गर्नको लागि स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधार लिई लागत इस्टिमेट स्वीकृत गरी सोहि बमोजिम यस शीर्षकमा विनियोजित रकम खर्च गरिनेछ । साथै यस कार्यक्रम अन्तर्गत जिल्लामा स्थानीय मानिसहरुले बुझ्ने भाषामा पोष्टर, पर्चा, ब्रोसर आदि तयार गरी वितरण/प्रदर्शन गर्न सकिनेछ। यसमा उपयुक्त चेतनामूलक र जानकारीमूलक सामाग्री तयार गरी स्थानीय एफ.एम.बाट समेत प्रचारप्रसार गर्न सकिनेछ । साथै यस क्रियाकलाप अन्तर्गत सेवा खरिद गरी निजी वन सम्बन्धी वृतचित्र समेत निर्माण गर्न सकिनेछ । आवश्यकता अनुसार स्थानीय हाट बजारमा माइकिङ्ग तथा प्रवचन आदि समेतमा खर्च गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

मन्त्रालाय तथा मन्त्रालाय अन्तर्गतका निकायहरुबाट यो कार्यक्रम संचालन गरिने छ ।

### बजेट व्यवस्थापन

यस क्रियाकलाप संचालनको लागि रु. १०,००,०००।- (दश लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

निजी वनको प्रचार प्रसार भई निजी वनको विकास र प्रवर्द्धनमा सहयोग पुग्ने ।

## ३६. कर्मचारीहरूको लागि फिल्ड गियर सेट खरिद (जुता, टर्च लाईट, रेनकोट, ब्याग, क्याल्कुलेटर आदि)

वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा सहयोग पुर्‍याउनको लागि डिभिजन वन कार्यालय अन्तर्गतका फिल्डस्तरमा कार्यरत कर्मरचारीहरुका लागि फिल्ड गियर जस्तै जुत्ता, टर्च लाइट, डिभिजन वन कार्यालयको लोगो सहितको

रेनकोट, ट्र्याकसुट, Sleeping Bag र व्याग सेट खरिद गरी उपलब्ध गराइने छ । यस शीर्षकमा बिनियोजित रकमबाट फिल्ड गियर सेट खरीद गर्नको लागि प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स/ स्वीकृत दररेट तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गर्नु पर्नेछ । फिल्ड गियर खरिद पश्चात नियमानुसार स्टोर दाखिला गरी फिल्डस्तरमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ६८,००,०००।- (अड्सठ्ठी लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन संरक्षण, व्यवस्थापन तथा सेवा प्रवाहमा समेत सहयोग पुग्ने ।

## ३७. तराई हार्ड उड (Hardwood) लोकल भोल्युम टेवल तयारी

यस कार्यक्रम अन्तर्गत तराई तथा चुरे क्षेत्रमा पाइने रुख प्रजातिहरु जस्तै साल, खयर, सिसौ, साज, वोट धगेरो, करम, जामुन, हर्रो, वर्रो तथा अन्य उपयोगि Hardwood प्रजातिहरुको भोल्युम टेवल तयारीको लागि यसमा विनियोजित बजेटबाट इन्धन, यातायात, दैनिक भ्रमण भता, खाजा, विषयगत विज्ञ तथा कामदार खर्च आदिमा समेत खर्च गर्न सकिने छ । यो कार्यक्रम परामर्शदाताको सहयोगमा वा डिभिजन वन कार्यालयका कर्मचारीहरुवाट अमानतमा समेत गर्न गराउन सकिने छ । यसमा विनियोजित रकम बमोजिम कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा स्वीकृत नर्म्सको पालना गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट यस कार्यक्रम संचालन गरिने छ । केन्द्रले संघीय वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय तथा सहकार्य गरेर समेत यो कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रम संचालनको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले TOR स्वीकृत गरेर मात्र यस कार्यक्रम संचालन गर्नु पर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम केन्द्रको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

विभिन्न Hardwood Plant Species लोकल भोल्युम टेवल तयारी भई वन व्यवस्थापनमा टेवा पुग्ने तथा कर्मचारीको कार्यबोझमा कमी आउने छ ।

## ३८. पहाडी क्षेत्रका सफ्ट उड (Softwood) लोकल भोल्युम टेवल तयारी

यस कार्यक्रम अन्तर्गत पहाडी क्षेत्रमा पाइने उपयोगि Softwood प्रजातिहरुको भोल्युम टेवल तयारीको लागि यसमा विनियोजित बजेटबाट इन्धन, यातायात, दैनिक भ्रमण भता, खाजा, विषयगत विज्ञ तथा कामदार खर्च आदिमा समेत खर्च गर्न सकिने छ । यो कार्यक्रम परामर्शदाताको सहयोगमा वा डिभिजन वन कार्यालयका कर्मचारीहरुवाट अमानतमा समेत गर्न गराउन सकिने छ । यसमा विनियोजित रकमबाट यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक

कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा स्वीकृत नर्म्सको पालना गर्नु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट यस कार्यक्रमको संचालन गरिने छ । केन्द्रले संघीय वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय तथा सहकार्य गरेर समेत यस कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले TOR स्वीकृत गरेर मात्र यस कार्यक्रम संचालन गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम केन्द्रको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

विभिन्न Softwood Plant Species लोकल भोल्युम टेवल तयारी भई वन व्यवस्थापनमा टेवा पुग्ने तथा कर्मचारीको कार्यबोझमा कमी आउने छ ।

## ३९. अध्ययन अनुसन्धान प्लटको डाटा संकलन, विश्लेषण तथा प्रतिवेदन तयार

प्रदेशमा रहेका वन क्षेत्र सँग सम्बन्धित अध्ययन अनुसन्धान प्लटको नक्सांकन गर्ने तथा नयाँ प्लटहरुको पहिचान गरी सो क्षेत्रको नक्सांकन गरी अध्ययन अनुसन्धान प्लटमा भएको जैविक विविधता, रुख विरुवाहरुको मापन, कार्वन मापन आदि जस्ता सम्बन्धित डाटा संकलन, विश्लेषण गरी सो प्लटहरुको अध्ययन, अनुसन्धान कार्य गर्नु पर्दछ । साथै सोको प्रतिवेदन समेत तयार गर्नु पर्नेछ । यसमा विनियोजित बजेट उपरोक्त कार्य गर्न आवश्यक पर्ने भ्रमण भत्ता, इन्धन, भाडा, यातायात तथा विषयगत विज्ञ, कामदारहरुको पारिश्रमिक आदिमा समेत खर्च गर्न सकिने छ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- कार्यक्रमको भौतिक तथा आर्थिक प्रगति,
- कार्यक्रमको उपलब्धि प्रभाव र असर,
- अध्ययन प्रतिवेदन र कार्यक्रम सम्बन्धी फोटोहरु ।

### जनशक्ति व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालय सँगको समन्वयमा यो कार्यक्रम संचालन गर्नेछ । अध्ययन अनुसन्धानको लागि संघीय वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग सहकार्य तथा समन्वय समेत गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- (दश लाख मात्र) व्यवस्था गरिएको छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले TOR स्वीकृत गरी गराई अध्ययन अनुसन्धानको कार्य गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा व.अ.प्र.केन्द्रले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र

मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम केन्द्रको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

वन क्षेत्र तथा जैविक विविधताको संरक्षण तथा व्यवस्थापनमा सहयोग पुगी वन क्षेत्रको नीति नियम निर्माण गर्न समेत सहयोग पुग्ने ।

## ४०. काठ Seasoning / Preservation / Perquette का लागि प्रशोधन उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र DPR तयारी

प्रदेश नं. १ का वन क्षेत्रबाट उत्पादन हुने काठलाई दिर्घकालिन समयसम्म टिकाउ राख्नको लागि तथा काठ उत्पादनको Rotation Period समेत घटाई छोटो समयमा प्रतिफल लिनको लागि काठको Seasoning तथा Preservation अपरिहार्य रहेको छ । साथै उत्पादित काठलाई value addition समेत गरी Perquette निर्माण गर्न सकिएमा Perquette को निर्यातमा कमि हुन आई प्रदेशस्तरमा रोजगारी समेत श्रृजना हुने देखिन्छ । तसर्थ यस प्रदेशमा काठ Seasoning / Preservation / Perquette का लागि प्रशोधन उद्योग स्थापना अपरिहार्य भएकोले सो उद्योग स्थापनाको प्रारम्भिक चरणको लागि आवश्यक पर्ने सम्भाव्यता अध्ययन, DPR तयारी र वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि मन्त्रालयबाट ToR निर्माण तथा स्वीकृत गरी नियमानुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ तथा स्वीकृत नर्म्सको अधीनमा रही परामर्शदाता मार्फत सेवा खरिद गरी काठ Seasoning / Preservation / Perquette का लागि प्रशोधन उद्योग स्थापनाको सम्भाव्यता अध्ययन, DPR र वातावरणीय अध्ययन प्रतिवेदन तयारी जस्ता क्रियाकलापहरु संचालन गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । अध्ययन अनुसन्धानको लागि संघीय वन तथा वातावरण मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र नेपाल वन निगम लिमिटेडसँग सहकार्य तथा समन्वय समेत गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. २१,००,०००।- (ऐक्काइस लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले TOR स्वीकृत गरेर मात्र यस कार्यक्रमको क्रियाकलापहरुको अध्ययन कार्य गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

प्रदेश नं. १ मा काठ Seasoning / Preservation / Perquette का लागि प्रशोधन उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन, DPR, र वातावरणीय अध्ययन प्रतिवेदन तयार भई काठ प्रशोधन उद्योग स्थापनामा गर्नमा सहयोग पुग्ने।

## ४१. काठ Seasoning/Preservation/Perquette का लागि प्रशोधन उद्योग स्थापना सहयोग (सार्वजनिक-नीजी साझेदारी अनुदान)

काठ Seasoning / Preservation / Perquette का लागि प्रशोधन उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन, DPR, र वातावरणीय अध्ययन प्रतिवेदन तयार भई अध्ययनको सम्पर्ण प्रकृया सकिएपछि अध्ययम प्रतिवेदनहरुले सिफारिस गरे बमोजिम र अध्ययनले तोकेको क्षेत्रमा विस्तृत डिजाईन बमोजिम सो उद्योगको स्थापना तथा संचालन सार्वजनिक-निजी साझेदारी मोडेलमा गरिने छ । सो कार्यक्रम संचालन गर्दा संघीय वन पैदावारमा आधारित वन उद्यम स्थापना तथा संचालन कार्यविधि, २०७५ (अनुसूची नं. १) परिच्छेद - ४ बमोजिमको प्रस्ताव आब्हान तथा मूल्यांकन, उद्यम

स्थापना तथा सञ्चालन र अनुगमन मूल्याङ्कनको प्रकृया अपनाउनु पर्नेछ । साथै यस कार्यक्रम संचालनको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ तथा अन्य प्रचलित ऐन, नियम तथा कार्यविधि समेतको पालना गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट निजी क्षेत्रसँगको सहकार्यमा सार्वजनिक-निजी साझेदारी मोडेलमा यो कार्यक्रम संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १,००,००,०००।- (एक करोड मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

- काठको उत्पादन र उपयोगमा विविधिकरण हुने ।
- काठको गुणस्तरमा बृद्धि भई मुल्य अभिबृद्धि हुने ।
- स्थानीय श्रोतको उपयोग भई आयआर्जनमा बृद्धि हुने ।
- स्थानीय स्तरमा वनजन्य उत्पादनको सहज उपलब्धता हुने ।

## ४२. तन्तु प्रशारण (Tissue Culture) विधिबाट बिरुवा उत्पादनका लागि ल्याब स्थापनाको लागि सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र DPR तयारी

प्रदेश नं. १ मा तन्तु प्रशारण (Tissue Culture) विधिबाट जिवाणु रहीत र गुणस्तरीय बिरुवा उत्पादनका लागि Tissue Culture मा आधारित ल्याब स्थापना गर्नको लागि आवश्यक पर्ने प्रारम्भिक चरणको सम्भाव्यता अध्ययन, DPR तयारी र वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि मन्त्रालयबाट ToR निर्माण तथा स्वीकृत गरी नियमानुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ तथा स्वीकृत नर्म्सको अधीनमा रही परामर्शदाता मार्फत सेवा खरिद गरी Tissue Culture विधिबाट बिरुवा उत्पादनका लागि ल्याब स्थापनाको सम्भाव्यता अध्ययन, DPR र वातावरणीय अध्ययन प्रतिवेदन तयारी जस्ता क्रियाकलापहरु संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । अध्ययन अनुसन्धानको लागि संघीय वन तथा वातावरण मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, वनस्पती विभागसँग सहकार्य तथा समन्वय समेत गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २१,००,०००।- (ऐक्काइस लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले TOR स्वीकृत गरेर मात्र यस कार्यक्रमको क्रियाकलापहरुको अध्ययन कार्य गर्नेछ। परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

प्रदेश नं. १ मा Tissue Culture विधिबाट बिरुवा उत्पादनको ल्याब स्थापनाको लागि सम्भाव्यता अध्ययन, DPR र वातावरणीय अध्ययन प्रतिवेदनहरु तयार भई Tissue Culture मा आधारित ल्याब स्थापनामा गर्नमा सहयोग पुग्ने।

## ४३. तन्तु प्रशारण (Tissue Culture) विधिबाट बिरुवा उत्पादनका लागि ल्याब स्थापना सहयोग (सार्वजनिक-नीजी साझेदारी अनुदान)

Tissue Culture विधिबाट बिरुवा उत्पादनको ल्याब स्थापनाको लागि सम्भाव्यता अध्ययन, DPR र वातावरणीय अध्ययन प्रतिवेदनहरु तयार भई अध्ययनको सम्पर्ण प्रकृया सकिएपछि अध्ययन प्रतिवेदनहरुले सिफारिस गरे बमोजिम र अध्ययनले तोकेको क्षेत्रमा विस्तृत डिजाईन बमोजिम सो उद्योगको स्थापना तथा संचालन सार्वजनिक-निजी साझेदारी मोडेलमा गरिने छ । सो कार्यक्रम संचालन गर्दा संघीय वन पैदावारमा आधारित वन उद्यम स्थापना तथा संचालन कार्यविधि, २०७५ (अनुसूची नं. १) परिच्छेद - ४ बमोजिमको प्रस्ताव आब्हान तथा मूल्यांकन, उद्यम स्थापना तथा सञ्चालन र अनुगमन मूल्याङ्कनको प्रकृया अपनाउनु पर्नेछ । साथै यस कार्यक्रम संचालनको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ तथा अन्य प्रचलित ऐन, नियम तथा कार्यविधि समेतको पालना गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबट निजी क्षेत्रसँगको सहकार्यमा सार्वजनिक-निजी साझेदारी मोडेलमा यो कार्यक्रम संचालन हुनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. १,५५,५०,०००।- (एक करोड पचपन्न लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

Tissue Culture ल्याब स्थापना भई गुणस्तरीय विरुवाको उत्पादनको माध्यमबाट प्रदेशको हरियाली प्रवर्द्धनमा समेत सहयोग पुग्ने ।

## ४४. स्वदेशी जडिबुटीमा आधारित GMP certified आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र DPR तयारी

प्रदेश नं. १ मा स्वदेशी जडिबुटीमा आधारित GMP Certified आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्नको लागि आवश्यक पर्ने प्रारम्भिक चरणको सम्भाव्यता अध्ययन, DPR तयारी र वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि मन्त्रालयबाट ToR निर्माण तथा स्वीकृत गरी नियमानुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ तथा स्वीकृत नर्म्सको अधीनमा रही परामर्शदाता मार्फत सेवा खरिद गरी स्वदेशी जडिबुटीमा आधारित GMP Certified आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापनाको सम्भाव्यता अध्ययन, DPR र वातावरणीय अध्ययन प्रतिवेदन तयारी जस्ता क्रियाकलापहरु संचालन गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । अध्ययन अनुसन्धानको लागि संघीय वन तथा वातावरण मन्त्रालय, आयूर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, सिंहदरवर वैद्यखाना, सामाजिक मन्त्रालय तथा अन्य सम्बन्धित निकायसँग सहकार्य तथा समन्वय समेत गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. २२,००,०००।- (बाइस लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले TOR स्वीकृत गरेर मात्र यस कार्यक्रमको क्रियाकलापहरुको अध्ययन कार्य गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

प्रदेश नं. १ मा स्वदेशी जडिबुटीमा आधारित GMP Certified आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन, DPR र वातावरणीय अध्ययन प्रतिवेदनहरु तयार भई GMP certified आयुर्वेदिक औषधालय स्थापनामा गर्नमा सहयोग पुग्ने ।

## ४५. स्वदेशी जडिबुटीमा आधारित GMP Certified आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना सहयोग (सार्वजनिक-निजी साझेदारी अनुदान)

स्वदेशी जडिबुटीमा आधारित GMP Certified आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन, DPR र वातावरणीय अध्ययन प्रतिवेदनहरुले औंलाएका सुझाव तथा सिफारिस गरे बमोजिम र अध्ययनले तोकेको क्षेत्रमा विस्तृत डिजाईन बमोजिम सो उद्योगको स्थापना तथा संचालन सार्वजनिक-निजी साझेदारी मोडेलमा गरिने छ । सो कार्यक्रम संचालन गर्दा संघीय वन पैदावारमा आधारित वन उद्यम स्थापना तथा संचालन कार्यविधि, २०७५ (अनुसूची नं. १) परिच्छेद - ४ बमोजिमको प्रस्ताव आब्हान तथा मूल्यांकन, उद्यम स्थापना तथा सञ्चालन र अनुगमन मूल्याङ्कनको प्रकृया अपनाउनु पर्नेछ । साथै यस कार्यक्रम संचालनको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ तथा अन्य प्रचलित ऐन, नियम तथा कार्यविधि समेतको पालना गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट निजी क्षेत्रसँगको सहकार्यमा सार्वजनिक-निजी साझेदारी मोडेलमा यो कार्यक्रम संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १,५५,५०,०००।- (एक करोड पचपन्न लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

प्रदेशस्तरमा स्वदेशी जडिबुटीमा आधारित GMP certified आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना भएको हुने ।

## ४६. प्रस्तावित संरक्षित वन प्रवर्द्धन कार्यक्रम (ताप्लेजुङ्ग, तेह्रथुम र संखुवासभा)

ताप्लेजुङ्ग, तेह्रथुम र संखुवासभा जिल्लामा अवस्थित प्रस्तावित तिनजुरे मिल्के जलजले संरक्षित वनमा वन प्रर्वद्धन कार्यक्रमको विस्तृत योजना वनाई ३ वटा जिल्लाका डिभिजन वन कार्यालयहरुले यो कार्यक्रम संचालन गर्ने गराउने छन् । वन प्रर्वद्धन कार्यक्रम अन्तर्गत मुख्यतया वन, जैविक विविधता तथा वातावरण संरक्षणको क्षेत्रमा स्वीकृत बजेटलाई प्रयोग गरी यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, संरक्षित वन कार्यक्रमका कर्मचारी, परिषद्का सदस्यहरु, स्थानीय तह तथा वन उपभोक्ता समूहहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ३०,००,०००।- (तीस लाख मात्र) व्यवस्था गरिएको छ । TOR स्वीकृत गरी गराई कार्यक्रम कार्यान्वयन उपभोक्ता समूह, वन कर्मचारी वा सेवा प्रदायकबाट समेत गर्न गराउन सकिनेछ । उपभोक्ता समूह तथा सेवाप्रदायकबाट काम गर्दा डिभिजन वन कार्यालयहरुले कार्यक्रम संचालनको लागि सार्वजनिक

खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

प्रस्तावित तिनजुरे मिल्के जलजले संरक्षित वन क्षेत्रको जैविक विविधताको संरक्षण/व्यवस्थापन भई पर्यापर्यटनको समेत प्रवर्द्धन हुने ।

## ४७. जलथल वनमा मिचाहा प्रजाति हटाउने

झापा जिल्लामा अवस्थित जलथल वन क्षेत्र जैविक विविधताको हिसावले एकदमै महत्वपूर्ण क्षेत्रको रुपमा परिचित भएता पनि स्थानीय बोलीचालीमा "प्याङ्ग्री" भनेर चिनिने मिचाहा प्रजातिको एक प्रजाति "माइकेनिया माइक्रान्था" यस क्षेत्रमा अनियन्त्रित रुपमा फैलिइरहेको छ । प्याङ्ग्री झारले खाली रहेका अधिकाँश ठाउँमा फैलिएर रैथाने र उपयोगी वनस्पतिलाई मास्न थाले सँगै रैथाने वनस्पति सङ्कटमा परेका छन् । तसर्थ आ.व. २०७६/०७७ वाट शुरुवात भएको यस कार्यक्रमलाई यस वर्ष समेत निरन्तरता दिदै यस जलथल क्षेत्रको जैविक विविधतालाई सन्तुलित राख्नको लागि माइकेनिया माइक्रान्था तथा अन्य वन मिचाहा प्रजातिहरुलाई हटाउनको लागि यस शीर्षकको बजेट नियमानुसार खर्च गरिनेछ। मिचहा प्रजाति हटाईएको ठाँउमा बढी घनत्वमा चाक्लोपात हुने रुख प्रजातिका विरुवाहरु रोपण गरिनेछ । विभिन्न अध्ययन अनुसन्धानले सिफारिस गरेका उपयुक्त प्रविधिको प्रयोग गरी जलथल वनमा रहेका मिचाहा प्रजाति हटाउन सकिने छ ।

साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा स्वीकृत नर्म्सको पालना गरिनेछ । कार्य सम्पन्न भएपश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- मिचाहा प्रजाति हटाइएको परिमाण र हटाइएको क्षेत्रको क्षेत्रफल,
- कार्यक्रमको उपलब्धि, प्रभाव र असर,
- मिचाहा प्रजाति हटाइएको फोटोहरु (सो क्षेत्रको कार्यक्रम संचालन अघि समेतको फोटो) ।

### जनशक्ति व्यवस्थापन

यस कार्यक्रम डिभिजन वन कार्यालयबाट संचालन हुनेछ यसमा सामुदायिक वन उपभोक्ता समूहहरु समेतको लागत साझेदारीमा काम गर्न प्रयास गरिनेछ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय तथा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमका लागि जम्मा रु. ८,००,०००।- (आठ लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

### अपेक्षित उपलब्धि

जैविक विविधताको संरक्षणमा सहयोग पुग्ने ।

## ४८. वन सम्बन्धी स्वीकृत IEE प्रतिवेदन कार्यान्वयन सम्बन्धी अनुगमन र प्रतिवेदन तयारी

वन सम्बन्धी स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित वातावरणीय न्यूनीकरणका उपायहरुको साथ साथै वातावण व्यवस्थापन योजना (Environmental Management Plan) मा उल्लेखित क्रियाकलापहरु IEE प्रस्तावकले कार्यान्वयन गरेको छ कि छैन सोको अनुगमन गर्न नितान्त आवश्यक रहेको छ । तसर्थ स्वीकृत IEE प्रतिवेदनको आधारमा यस प्रदेशमा वन सम्बन्धी तथा वन क्षेत्रको भोगाधिकार लिई विभिन्न आयोजना र क्रियाकलाप संचालन गरिरहेका प्रस्तावकहरुको विभिन्न आयोजना र क्रियाकलापहरुको अनुगमन गरिने छ । यसमा शीर्षकमा विनियोजित बजेट इन्धन, यातायात, दैनिक भ्रमण भता, अन्तरक्रियामा खाजा खर्च, विषयगत विज्ञ आदिमा समेत खर्च गर्न सकिने छ।

साथै अनुगमन पश्चात प्रतिवेदन तयार गरी सो प्रतिवेदन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा पठाउनु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

वन निर्देशनालयका कर्मचारीहरुवाट यो कार्यक्रम संचालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यो क्रियाकलाप संचालनको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन सम्बन्धी स्वीकृत IEE प्रतिवेदनको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी प्राप्त भई प्रदेशको वातावरण सम्बन्धी नीति, ऐन, नियम, कार्यविधि बनाउन आवश्यक सहयोग पुग्ने ।

## ४९. सव-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी

सव-डिभिजन वन कार्यालय अन्तर्गत रहेका वन समूहहरुसँग छलफल तथा सिकाई आदान प्रदान गर्न, आगामी वर्षको वन सम्बन्धी सव-डिभिजन स्तरीय कार्यक्रम तर्जुमा गर्न, विषयगत समस्या र चुनौतीको समाधानको उपायहरु अवलम्वन गर्न एकदिने गोष्ठी स्वीकृत नर्म्सको अधीनमा रही आयोजना गरिनेछ । यसमा वन कर्मचारी, वन समूहहरुका प्रतिनिधिहरु, वन उपभोक्ता महासंघका प्रतिनिधिहरु, स्थानीय तहका जनप्रतिनिधिहरू, अन्य वन समूहका प्रतिनिधिहरु तथा वन उद्यमीहरु समेत संलग्न रहने छन् । सव-डिभिजन स्तरमा तयार भएको योजनाहरू डिभिजन वन कार्यालयको वार्षिक योजना तर्जुमा गोष्ठीमा पेश गर्नु पर्दछ । यस शीर्षकको रकम सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च विलभर्पाइ सहितको गोष्ठी संचालन प्रतिवेदन पेश गर्नु पर्दछ ।

**जनशक्ति व्यवस्थापन**

प्रदेशस्तरका सव-डिभिजन वन कार्यालयका कर्मचारीहरुवाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस प्रकारका गोष्ठीहरु संचालनको लागि बजेट रु. २४,५०,०००।- (चौबिस लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

आगामी आ.व.को सव-डिभिजन वन कार्यालयहरुको योजनाहरु निर्माणमा सहयोग पग्ने ।

## ५०. डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी

प्रत्येक वर्ष डिभिजन वन कार्यालयबाट जिल्लामा गरिने कृयाकलापहरुको छलफल गराउनु पर्दछ । यस योजना तर्जुमा कार्यमा जिल्लाका सम्पूर्ण सव-डिभिजन वन कार्यालयका प्रमुखहरुलाई सहभागी गराउनु पर्नेछ । कार्यक्रमको सान्दर्भिकता हेरी जिल्लास्थित अन्य निकाय र विषयसँग सम्बन्धित प्रतिनिधि वा सरोकारवाला व्यक्तिलाई समेत समावेश गरी स्वीकृत नर्म्सको अधीनमा रही यस गोष्ठी संचालन गरिनेछ । यस गोष्ठीमा सव-डिभिजन वन कार्यालयका प्रमुखहरुले सव-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठीबाट तय भएका कार्यक्रमहरूको औचित्व सहितको प्रस्तुतिकरण गरी योजना पारित गराउनु पर्दछ र डिभिजन वन कार्यालयले समेत जिल्लास्थित अन्य निकायसँग सहकार्य गर्न सकिने कार्यक्रमहरुको पहल गरी आगामी वर्षको लागि योजना तयार तथा स्वीकृत गरी प्रादेशिक योजना तर्जुमा गोष्ठीमा पेश गर्नुपर्दछ । यस शीर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च विलभर्पाइ सहितको गोष्ठी संचालन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

प्रदेशस्तरका डिभिजन वन कार्यालयका कर्मचारीहरुवाट यो कार्यक्रम संचालन गरिने छ ।

**बजेट व्यवस्थापन**

१५ वटा डिभिजन वन कार्यालयहरुमामा यस प्रकारको गोष्ठी संचालनको लागि बजेट रु. ७,५०,०००।- (सात लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

आगामी आ.व.को डिभिजन वन कार्यालयहरुको योजनाहरु निर्माणमा सहयोग पुग्ने ।

## ५१. प्रदेश स्तरीय योजना तर्जुमा गोष्ठी

वन निर्देशनालय अन्तर्गतका कार्यालय, आयोजना, परियोजनाले आगामि आ.व. को लागि तयार पारेका योजनाहरुमा विस्तृत छलफल गरी प्राथिमकता तोकी प्राप्त बजेट सिलिंग भित्र रही वार्षिक योजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो । गोष्ठीमा निर्देशनालय अन्तर्गतका कार्यालय प्रमूख, परियोजना प्रमुख एवं प्रतिनिधिहरु, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुखहरु एवं अन्य विषयगत मन्त्रालयका प्रतिनिधि, प्रदेश निति तथा योजना आयोगका सदस्य एवं अन्य विज्ञ तथा सहजकर्ताहरुको सहभागीतामा संचालन गरिने छ । यसै गोष्ठीमा Provincial Line Ministry Budget Information System (PLMBIS) सम्वन्धमा समेत जानकारी गराइने छ । साथै आवश्यकता अनुसार संघीय विभाग र मन्त्रालयका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ। यस शीर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, यातायात खर्च, संचार, स्टेशनरी, पानी, गोष्ठीको प्रतिवेदन लेखन लगायतमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो वमोजिम खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण, माइन्यूट, प्रस्तुतीकरणको विवरण, फोटो, खर्च विलभर्पाइ, कार्यक्रमको सुची तथा गोष्ठीको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

वन निर्देशनालयका कर्मचारीहरुवाट यो कार्यक्रम संचालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यो गोष्ठी संचालनको लागि बजेट रु. ३,००,०००।- (तीन लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

आगामी आ.व.को योजना/कार्यक्रमहरु निर्माणमा सहयोग पुग्ने ।

## ५२. डिभिजन स्तरीय वार्षिक समिक्षा गोष्ठी

प्रत्येक आर्थिक वर्षको समाप्तिसँगै डिभिजन वन कार्यालयबाट संचालन गरिएका सम्पूर्ण कृयाकलापको छलफल गराउनु पर्दछ । यस प्रगति समीक्षा कार्यमा जिल्लाका सम्पूर्ण सव-डिभिजन वन कार्यालयका प्रमुखहरुलाई सहभागीता गराईनेछ । कार्यक्रमको सान्दर्भिकता हेरी जिल्लास्थित अन्य निकाय र विषयसँग सम्बन्धित प्रतिनिधि वा सरोकारवाला ब्यक्तिलाई समेत समावेश गरी स्वीकृत नर्म्सको अधीनमा रही यस गोष्ठी संचालन गर्न सकिनेछ । यस शीर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गरिनेछ। कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च विलभर्पाइ सहितको गोष्ठी संचालन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

यस गोष्ठीको मुख्य कार्य निम्नानुसारका हुनेछनः

- आ-आफ्नो सव-डिभिजन वन कार्यालयबाट संचालन भएका कार्यक्रमको छलफल गर्ने,
- जिल्लास्थित अन्य निकायसँग सहकार्य गर्न सकिने कार्यक्रमहरुको पहिचान गर्ने,
- असल अभ्यासको पहिचान गरी विस्तार गर्ने,
- देखा परेका समस्या/चुनौतीको समाधानको उपाय खोज्ने ।

**जनशक्ति व्यवस्थापन**

प्रदेशस्तरका डिभिजन वन कार्यालयका कर्मचारीहरुवाट यो कार्यक्रम संचालन गरिने छ ।

**बजेट व्यवस्थापन**

१५ वटा डिभिजन वन कार्यालयमा यो गोष्ठी संचालनको लागि बजेट रु. ७,५०,०००।- (सात लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

डिभिजन स्तरमा यस आ.व. मा संचालन भएका कार्यक्रम/क्रियाकलापहरुको समिक्षा भई भावी कार्यक्रमको कार्यान्वयनमा दिशानिर्देश गर्ने।

## ५३. प्रदेश स्तरीय चौमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठी

प्रत्येक चौमासिक तथा आर्थिक वर्षको समाप्तिसँगै वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट संचालन गरिएका सम्पूर्ण कृयाकलापहरुको छलफल गराउनु पर्दछ । साथै वन निर्देशनालय अन्तर्गतका कार्यालय, योजना, परियोजनाहरुवाट संचालन भएका कार्यक्रमहरुमा के कस्तो प्रगती भयो ? कार्यक्रम कार्यान्वयन गर्दा पाईएका सवल र दुर्वल पक्षहरु के थिए ? कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्या/चुनौतीहरु आए ? तिनको निराकरणका उपायहरु के हुन सक्छन ? सो पहिल्याइ कार्यक्रमलाई सफलता पुर्वक सम्पन्न गर्न सहयोग पुग्ने अभिप्रायले प्रत्येक चौमासिक र वार्षिकरुपमा प्रगती समिक्षा गोष्ठी संचालन गरिने छ । यस चौमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठीहरुमा वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सम्पूर्ण डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुखहरु, परियोजना प्रमुख एवं प्रतिनिधिहरु, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुखहरु एवं अन्य विषयगत मन्त्रालयका प्रतिनिधि, प्रदेश योजना आयोगका सदस्य एवं अन्य विज्ञ तथा सहजकर्ताहरुको सहभागीतामा संचालन गरिने छ । कार्यक्रमको सान्दर्भिकता हेरी प्रदेशस्थित अन्य निकाय र विषयसँग सम्बन्धित प्रतिनिधि वा सरोकारवाला ब्यक्तिलाई तथा संघीय विभाग र मन्त्रालयका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शीर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाना, खाजा, हल भाडा, संचार, स्टेशनरी, पानी, प्रतिवेदन लेखन आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा गोष्ठीमा उपस्थिति विवरण तथा माइन्यूट, फोटो एवं खर्च विलभर्पाइ सहितको गोष्ठी संचालन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

वन निर्देशनालयका कर्मचारीहरुवाट यो कार्यक्रम संचालन गरिने छ ।

**बजेट व्यवस्थापन**

चौमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठीहरु संचालनको लागि जम्मा बजेट रु. ९,००,०००।- (नौ लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस आ.व. मा संचालन भएका कार्यक्रम/क्रियाकलापहरुको समिक्षा भई भावी कार्यक्रमको कार्यान्वयनमा दिशानिर्देश गर्ने।

## ५४. वन्यजन्तु एवं पर्यटकीय क्षेत्रको पहिचान अध्ययन अनुगमनका लागि आवश्यक सामाग्री (क्यामेरा, वाइनाकुलर, जि.पी.एस आदि) खरिद तथा व्यवस्थापन

विभिन्न कार्यक्रमहरुको क्रियाकलापहरु संचालन तथा कार्यान्वयन गर्नको लागि कार्यक्रम संचालन गर्ने निकाय/कार्यालयको संस्थागत सुदृढीकरण गरी कार्यसम्पादनमा प्रभावकारिता र सेवा प्रदानको गुणस्तरमा वृद्धि गर्नुको साथै वन्यजन्तु एवं पर्यटकीय क्षेत्रको पहिचान अध्ययन अनुगमनका लागि आवश्यक पर्ने उपकरणहरु जस्तै GPS Receiver, Camera, Binoculars आदि जस्ता सामग्रीहरुको खरीद गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक

खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गरिनेछ । उपकरण खरिद पश्चात नियमानुसार स्टोर दाखिला गरी प्रयोग गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

कार्यक्रम संचालन/कार्यान्वयनमा सरल र सहज भई लक्षित प्रगती हासिल गर्न सहयोग पुग्ने ।

## ५५. वन व्यवस्थापन सामग्री खरिद तथा वितरण

वन व्यवस्थापन सम्बन्धी सामग्रीहरु प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गरिनेछ । कार्यक्रम संचालन गर्ने निकाय/कार्यालयको संस्थागत सुदृढीकरण गरी आवश्यक उपकरणहरु तथा कार्यसम्पादनमा प्रभावकारिता र सेवा प्रदानको गुणस्तरमा वृद्धि गरी वन व्यवस्थापन गर्न आवश्यक पर्ने उपकरणहरु खरिद गर्न सकिनेछ । यस अन्तर्गत वन व्यवस्थापनको लागि आवश्यक पर्ने समाग्रीहरु जस्तै Hand saw, Bow saw, Power chain saw, GPS Receiver, Compass,Vertex IV, Clinometer, Relascope, Altimeter, Measuring tape, Diameter tape, Ranging rod, Thinning/Prunning equipments, Axe, digging machine, माटो परीक्षण सम्बन्धी विविध औजार उपकरण तथा झाडी सफाई गर्ने सामग्री तथा फिल्ड कर्मचारी र कामदारको शारीरिक सुरक्षा सम्बन्धी सामग्रीहरु (हेल्मेट, पन्जा, बुट, चश्मा, रेनकोट, ज्याकेट-ट्राउजर) आादि जस्ता सामानहरु सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गरिनेछ । उपकरण खरिद पश्चात नियमानुसार स्टोर दाखिला गरी भरपाई वनाई प्रयोग गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयले फिल्ड स्तरका कर्मचारी, सामुदायिक/साझेदारी/कबुलियती वनहरुको आवश्यकताहरुलाई ध्यानमा राखी आवश्यक पर्ने वन व्यवस्थापन सामग्री खरिद गरी सव-डिभिजन वन कार्यालयहरुलाई भरपाई गराई वितरण गर्न सक्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २,००,०००।- (दुई लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

आधुनिक वन व्यवस्थापन सामाग्रीको खरिद तथा प्रयोगबाट वन व्यवस्थापन कार्य सरल र सहज हुने।

## ५६. वन तथा भू-संरक्षण क्षेत्रका समग्र कार्य प्रगतिको अनुगमन तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी सफ्टवेयर अध्यावधिक तथा स्तरोन्नती

निर्देशनालय/वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र/डिभिजन वन कार्यालयहरु/भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुवाट संचालन भएका कार्यक्रमहरुको Tracking साथै कार्य प्रगति विवरण सहित दैनिक रुपमा कार्यालयहरुले सम्पादन गरेका कार्यहरुको विवरण सहितको अन्य विवरणहरुलाई एकिकृत गरी हेर्न सकिने गरी सो सम्बन्धी सफ्टवेयर आ.व. २०७६/०७७ मा निर्माण भैसकेकोले सो कार्य प्रगतिको अनुगमन तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी सफ्टवेयरको अध्यावधिक तथा स्तरोनती गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम अन्तर्गत Data Server व्यवस्थापनमा समेत खर्च गर्न सकिने छ । यो कार्यक्रम सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अवलम्वन गरी सेवा प्रदायक छनौट गरी संचालन गरिनेछ ।

जनशक्ति व्यवस्थापन

वन निर्देशनालयबाट यो कार्यक्रम संचालन गरिने छ ।

बजेट व्यवस्थापन

यो सफ्टवेयरको अध्यावधिक तथा स्तरोनतीको लागि बजेट रु. ६,००,०००।- (छ लाख मात्र) व्यवस्था गरिएको छ । वन निर्देशनालयले TOR स्वीकृत गरेर मात्र यस कार्यक्रम संचालन गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा निर्देशनालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम निर्देशनालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

अपेक्षित उपलब्धि

वन तथा भू-संरक्षण क्षेत्रका समग्र कार्य प्रगतिको अनुगमन तथा तथ्याक व्यवस्थापन सम्बन्धी सफ्टवेयरको अध्यावधिक तथा स्तरोनती भई कार्यालयहरुबाट सम्पादन हुने कार्यहरु छिटो छरितो एवं प्रभावकारी रुपमा संचालन हुने ।

## ५७. सव-डिभिजन स्तरीय प्रोफाईल तयारी

यस कार्यक्रम अन्तर्गत सव-डिभिजन वन कार्यालय अन्तर्गतको कार्यक्षेत्रको भौगोलिक अवस्था, जलवायू, landuse, forest types, Ecology/Ecosystem सहितको वन क्षेत्रको विवरण सहितको सव-डिभिजन स्तरीय प्रोफाईल तयार गरेने छ । यस प्रोफाईलमा Sub Division poltical and geographical Map, Forest Map, landuse map, महत्वपुर्ण क्षेत्रहरुको Location map आदि जस्ता नक्सा समेत समावेश गर्नु पर्दछ । यो कार्यक्रम परामर्शदाताको सहयोगमा वा डिभिजन वन कार्यालयका कर्मचारीहरुवाट अमानतमा समेत गर्न गराउन सकिनेछ । यसमा विनियोजित रकम प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही यस सव-डिभिजन स्तरीय प्रोफाईल तयारी कार्यक्रम संचालन गरिनेछ ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ५,६०,०००।- (पाँच लाख साठी हजार मात्र) व्यवस्था गरिएको छ । TOR स्वीकृत गरेर मात्र यस कार्यक्रम संचालन गरिने छ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा कार्यालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम कार्यालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ।

अपेक्षित उपलब्धि

यस २०७७/०७८ आ.व. मा जम्मा २८ वटा सव-डिभिजन स्तरीय प्रोफाईल तयार भएको हुने ।

## ५८. दिवस, समारोह, सप्ताह (वातावरण दिवस, जैविक विविधता, वन डढेलो सप्ताह आदि)

यस कार्यक्रम अन्तर्गत आ.व. २०७७/७८ को विभिन्न मितिमा संचालन हुने दिवस समारोह जस्तै राष्ट्रिय वृक्षारोपण दिवस, जैविक विविधता दिवस, सामुदायिक वन दिवस, सिमसार दिवस, चुरे दिवस, वन्यजन्तु सप्ताह, वन डढेलो सप्ताह, सरसफाई सप्ताह जस्ता वन तथा वातावरणसँग सम्बन्धित कार्यक्रम संचालन गरिनेछ । यसको लागि प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, एवं उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आफनो आवश्यकता अनुसारका कार्यक्रम तय गरी स्वीकृत नर्म्सको आधारमा लागत इस्टिमेट स्वीकृत गरी आवश्यक रकम खर्च गर्न सक्नेछन् ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समाबेश गर्नु पर्नेछः

- समारोह अन्तर्गत गरिएका क्रियाकलापहरु
- क्रियाकलापहरु संचालन गरिएका स्थान
- फोटो, होर्डिङ्ग वोर्ड तथा व्यानर

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द, १५ वटा डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, स्थानीय तह, विभिन्न वन समूहहरु, अन्य सम्बन्धित गैह्र सरकारी संघ संस्थाहरुको सहयोगमा यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १८,००,०००।- (अठार लाख लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन, वातावरण, जैविक विविधता, तथा जीवजन्तुको संरक्षण तथा व्यवस्थापनको सम्वन्धमा सचेतना अभिवृद्धि हुने ।

## ५९. वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र मुद्दाको दायरी खर्च

वन जंगल नोक्सान गर्ने, वन अपराध जस्तै चोरी कटानी, वन्यजन्तु शिकार तथा आखेटोपहार ओसारपोसारमा संलग्न व्यक्ति तथा समूहहरुलाई पक्राउ गरी कारवाही गर्न मुद्दा दायर गर्नका लागि आवश्यक पर्ने मसलन्द खर्च, वन अपराधीलाई पक्राउ गरी ल्याउन लैजान लाग्ने सवारी भाडा, बरामदि सामानको ढुवानीका लागि आवश्यक सवारी भाडा, सुराकी खर्च, अनुसन्धान खर्च, साक्षी बकाउँदा लाग्ने खर्च, सूचना प्रशारण खर्च, वकिलसँग परामर्श गर्न जाँदा-आउँदा खाजा जस्ता आर्थिक व्ययभार पर्ने खर्चमा यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुबाट यो क्रियाकलाप संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यसको लागि बजेट रु. १६,६०,०००।- (सोह्र लाख साठी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र मुद्दाको दायरीमा सहयोग पुग्ने ।

## ६०. फौजदारी अपराध संहिता तथा कार्यविधि सम्बन्धी तालीम

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयका स.व.अ., अधिकृतस्तर छैठौं (प्रा.) र रेञ्जरहरुलाई फौजदारी अपराध संहिता र कार्यविधि सम्बन्धी तालीम संचालन गरिने छ । आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ तथा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ को अधीनमा रही यो तालीम संचालनका लागि स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालीम संचालन गर्नु पर्नेछ । यस तालीम संचालनको लागि सम्बन्धित विषयमा विज्ञलाई स्रोत व्यक्तिको रुपमा परिचालन गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगति प्रतिवेदनमा तालीममा उपस्थिति विवरण, माइन्यूट, व्यानर सहितका फोटोहरु, सेसन प्लान, प्रस्तुतीकरणको विवरण, खर्च विलभर्पाइ, तालीमको सकारात्मक तथा नकारात्मक पक्ष सहितको प्रतिवेदन समावेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहराले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालय सँगको समन्वयमा यो तालीम संचालन गर्नेछ ।

**बजेट व्यवस्थापन**

यो तालीम संचालनको लागि बजेट रु. ६,००,०००।- (छ लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

वन प्राविधिकहरुको क्षमतामा अभिवृद्धि भई वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात गर्न सहज हुने ।

## ६१. नर्सरी नाईके तालीम

वोटविरुवाको नर्सरी स्थापना र संचालनमा नयाँ-नयाँ प्रविधि आईरहेको र भएका नर्सरी नाईकेहरुलाई नयाँ प्रविधिहरुको बारेमा अध्यावधिक गराउन र नयाँ नर्सरीका नवनियुक्त नर्सरी नाइकेलाई नर्सरी स्थापना र संचालन गर्न गराउनको लागि बहालवाला र नवनियुक्त दुवै किसिमका नाइकेलाई उपयुक्त हुने विषयवस्तु समेटेर सेसन प्लान तयार गरी नर्सरी नाइके तालीम संचालन गरिनेछ । साथै यस तालीममा नर्सरी नाईकेहरुलाई नर्सरी निर्माण प्रविधि, बीउ संकलन, प्रशोधन, उपचार, गुणस्तरीय विरुवा उत्पादन र नर्सरी व्यवस्थापन सम्बन्धी ज्ञान सीप उपलब्ध गराउनु पर्दछ । यसमा विनियोजित रकम आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ तथा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ को अधीनमा रही स्वीकृत नर्म्स र लागत इस्टिमेट बमोजिम विस्तृत योजना बनाई खर्च गर्नु पर्नेछ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालीम संचालन गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगति प्रतिवेदनमा तालीमका सहभागीको उपस्थिति विवरण, माइन्यूट, प्रस्तुतीकरणको विवरण, फोटो, खर्च विलभर्पाइ, कार्यक्रमको सुची तथा तालीमको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहराबाट यो कार्यक्रम संचालन हुनेछ ।

### बजेट व्यवस्थापन

यो तालीम संचालनको लागि बजेट रु. १०,५०,०००।- (दश लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

नर्सरी नाइकेहरुको क्षमतामा अभिवृद्धि भई नर्सरीको कुशल व्यवस्थापनमा सहयोग पुग्ने ।

## ६२. बैज्ञानिक वन व्यवस्थापन अभिमुखीकरण तालीम

यस बैज्ञानिक वन व्यवस्थापन अभिमुखीकरण तालीम संचालनका लागि बिनियोजित रकम आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ तथा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा स्वीकृत नर्म्सको अधीनमा रही तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, आकस्मिक औषधी उपचार खर्च, तालीम संचालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गरिनेछ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालीम संचालन गर्नु पर्नेछ । डिभिजन वन कार्यालयहरुवाट संचालन हुने यस तालीममा रेन्जर, फरेष्टर तथा वन रक्षक तथा वन क्षेत्र सँग संलग्न सरोकारवाला निकाय/संस्थाहरुको सहभागीता रहनेछ । साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट संचालन हुने यस प्रकारको तालीममा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरुका स.व.अ./अधिकृतस्तर छैठौं (प्रा.)/रेञ्जरहरु तथा बैज्ञानिक वन व्यवस्थापनमा आवद्ध भएका सरोकारवालाहरुको समेत सहभागीता रहनेछ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा डिभिजन वन कार्यालयहरुले विगतमा सम्बद्ध विषयमा तालीम नलिएका कर्मचारीहरुलाई प्रमुख सहभागीको रुपमा छनौट गरी पठाउनु पर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालीम संचालन भएको स्थान र मिति देखिने तालीमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- कार्यक्रमको भौतिक तथा आर्थिक प्रगति ।

## जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयहरुले विषय विज्ञ तथा सेवाप्रदायकवाट समेत यो तालीम संचालन गर्न सक्नेछ भने वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहराले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालय सँगको समन्वयमा सेवाप्रदायक तथा विषय विज्ञवाट समेत यो तालीम संचालन गर्न सकिनेछ ।

## बजेट व्यवस्थापन

यस आ.व. मा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहराबाट यस तालीम संचालन हुने गरी जम्मा बजेट रु. १०,००,०००।- (दश लाख मात्र) व्यवस्था गरिएको छ ।

## अपेक्षित उपलब्धि

कर्मचारीको क्षमता अभिवृद्धि हुनको साथै वन क्षेत्रको व्यवस्थापनमा सहयोग पुग्ने ।

# ६३. GIS तथा GPS तालीम

कर्मचारीहरुका लागि GIS तथा GPS तालीम संचालनका लागि बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालीम संचालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गरिनेछ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालीम संचालन गर्नु पर्नेछ । डिभिजन वन कार्यालयहरुवाट संचालन हुने यस तालीममा स.व.अ., अधिकृतस्तर छैठौं (प्रा.), रेञ्जर, फरेष्टर तथा वन रक्षकहरुको सहभागीता रहनेछ । साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट संचालन हुने यस प्रकारको तालीममा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुका स.व.अ./स.भू.अ./अधिकृतस्तर छैठौं (प्रा.)/रेञ्जर/भू-संरक्षण सहायकहरुको सहभागीता रहनेछ साथै आवश्यकता अनुसार निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्रका वन प्राविधिक कर्मचारीहरुलाई समेत सहभागी गराउन सकिने छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले विगतमा सम्बद्ध विषयमा तालीम नलिएका कर्मचारीहरुलाई प्रमुख सहभागीको रुपमा छनौट गरी पठाउनु पर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालीम संचालन भएको स्थान र मिति देखिने तालीमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु, समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- कार्यक्रमको भौतिक र आर्थिक प्रगति ।

## जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयहरुले विषय विज्ञ तथा सेवाप्रदायकवाट समेत यो तालीम संचालन गर्न सक्नेछ भने वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालय सँगको समन्वयमा सेवाप्रदायक तथा विषय विज्ञवाट समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ ।

## बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ६,००,०००।- (छ लाख मात्र) व्यवस्था गरिएको छ ।

## अपेक्षित उपलब्धि

कर्मचारीको क्षमता अभिवृद्धि हुनको साथै वन क्षेत्रको तथ्याङ्कहरुको भण्डारण, व्यवस्थापन, विश्लेशण गर्नमा सहयोग पुगी वनको व्यवस्थापन तथा संरक्षणमा टेवा पुग्ने ।

## ६४. कर्मचारीलाई Ms Excel & Access (Advance) तालीम

कर्मचारीहरुका लागि Advanced MS Excel & Access तालीम संचालनका लागि बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, खाजा, हल भाडा, प्रशिक्षक भत्ता, तालीम संचालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गरिनेछ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालीम संचालन गर्नु पर्नेछ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट संचालन हुने यस प्रकारको तालीममा वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुका उपसचिव (प्रा.) /उपसचिव (प्र.)/ स.व.अ/ स.भू.सं.अ./ शा.अ./ लेखा अधिकृत/ स.व.अ./स.भू.अ./ कम्प्यूटर अधिकृत/ अधिकृतस्तर छैठौंको सहभागीता रहनेछ र आवश्यकता अनुसार निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्रका वन प्राविधिक कर्मचारीहरुलाई समेत सहभागी गराउन सकिने छ । यस तालीममा सहभागीहरु मनोनयन गरी पठाउदा वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले विगतमा सम्बद्ध विषयमा तालीम नलिएका कर्मचारीहरुलाई प्रमुख सहभागीको रुपमा मनोनयन गरी पठाउनु पर्नेछ । साथै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट संचालन हुने यस तालीममा मन्त्रालयका उपसचिव /स.व.अ/ स.भू.सं.अ./ शा.अ./ लेखा अधिकृत/ स.व.अ./स.भू.अ./ कम्प्यूटर अधिकृत/ अधिकृतस्तर छैठौंको सहभागीता रहनेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालीम संचालन भएको स्थान र मिति देखिने तालीमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- कार्यक्रमको भौतिक र आर्थिक प्रगति ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट यस तालीमको संचालन हुनेछ । साथै आवश्यक परेमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले विषय विज्ञ तथा सेवाप्रदायकवाट समेत यो तालीम संचालन गर्न सक्नेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ९,००,०००।- (नौं लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

यस प्रकारको २ वटा तालीम संचालन भई कर्मचारीको क्षमता अभिवृद्धि हुनको साथै वन क्षेत्रको तथ्याङ्कहरुको भण्डारण, व्यवस्थापन, विश्लेशण गर्नमा सहयोग पुगी वनको व्यवस्थापन तथा संरक्षणमा टेवा पुग्ने ।

## ६५. वन सेवाका कर्मचारीलाई आधारभुत तालीम (३० दिन)(फरेष्टर, वन रक्षक, सिनियर गेम स्काउट र गेम स्काउट लाई)

यस प्रदेशमा वन सेवामा कार्यरत फरेष्टर तथा वन रक्षक कर्मचारीहरुका लागि ३० दिने आधारभुत तालीम संचालनका लागि बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात,खाजा, हल भाडा, प्रशिक्षक भत्ता, तालीम संचालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गरिनेछ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालीम संचालन गर्नु पर्नेछ । संघीय वन तथा वातावरण मन्त्रालयसँगको समन्वयमा निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रका सिनियर गेम स्काउट र गेम स्काउटलाई समेत यस तालीममा सहभागी गराउन सकिनेछ। यो तालीम ३० कार्यदिनको हुनेछ र स्वीकृत पाठ्यक्रम (Curriculum) बमोजिमको सेसन प्लानहरु स्वीकृत गरी तालीम संचालन गरिने छ । यो तालीम आवसिय तालीम भएकोले तालीम अवधिभर तालीम संचालन

स्थलमा नै बस्नुपर्नेछ । तालीम संयोजक तथा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका प्रमुखलाई पूर्व जानकारी नगराइकन कोही सहभागी तालीम अवधिमा अनुस्पस्थित भएमा नीजलाई तालीममा सहभागी नगराई आवश्यक कारवाहीको लागि केन्द्रका प्रमुखले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा लेखि पठाउन सक्ने छ । यस तालीममा सुरक्षा निकायका अधिकृत कर्मचारीहरुलाई समेत प्रशिक्षकको रुपमा सहभागी गराउन सकिनेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालीम संचालन भएको स्थान र मिति देखिने तालीमको व्यानर, सेसन प्लान, विस्तृत योजना, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- कार्यक्रमको भौतिक र आर्थिक प्रगति ।

### जनशक्ति व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट यस तालीमको संचालन हुनेछ । साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले स्वीकृत पाठ्यक्रम बमोजिमका विषय विज्ञहरुलाई प्रशिक्षकको रुपमा बोलाई तालीम संचालन गर्नु पर्नेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. १५,००,०००।- (पन्ध्र लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

वन सेवामा कार्यरत फरेष्टर, वन रक्षक, सिनियर गेम स्काउट र गेम स्काउटहरुले आधारभुत तालीम लिई सोबाट व्यक्तिगत क्षमतामा अभिवृद्धि भई वनको व्यवस्थापन तथा संरक्षणमा टेवा पुग्ने ।

## ६६. वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालीम

वन अपराधीहरुलाई न्यायको दायरा भित्र ल्याउन वन अपराध एवं मुद्दा अनुसन्धानको कार्य अपरिहार्य रहदै आएको छ । तसर्थ डिभिजन र सव-डिभिजन वन कार्यालयका फरेस्टर, रेन्जर, अधिकृतस्तर छैठौ (प्रा.) तथा सहायक वन अधिकृतहरुलाई वन अपराध मुद्दा अनुसन्धानको प्रकृया बारे जानकारी गराउन तथा नियमानुसार वन अपराध अनुसन्धान गरी मुद्दा दायर गर्नको लागि ५ दिने वन अपराध अनुसन्धान तथा मुद्दा दायरी तालीम संचालन गरिनेछ। आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ तथा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ को अधीनमा रही स्वीकृत लागत इष्टिमेट अनुसार सेसन प्लान बनाई यो तालीम संचालन गर्नु पर्नेछ । तालीम संचालनका लागि बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालीम संचालनका लागि शुरुवाती भौतिक सामग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालीम संचालन गर्नु पर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालीम संचालन भएको स्थान र मिति देखिने तालीमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- सहभागी संख्या र तालीम अवधि ।

### जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयहरूले यस प्रकारको तालीमको संचालन गर्ने छन् । डिभिजन वन कार्यालयहरूले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहरासँगको समन्वयमा यो तालीम संचालन गर्ने छन् ।

### बजेट व्यवस्थापन

यो तालीम संचालनको लागि बजेट रु. २,००,०००।- (दुई लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि
वन प्राविधिकहरुको क्षमतामा अभिवृद्धि भई वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात गर्न सहज हुने।

## ६७. अतिक्रमण हटाउने/नियन्त्रण, व्यवस्थापन तथा वृक्षारोपण
वनजंगल संरक्षणको लागि यस कार्यक्रम अन्तर्गत अतिक्रमण हटाउन र नियन्त्रण गर्नको लागि यस शीर्षकमा बिनियोजित रकम स्थानीय तह, राजनैतिक दल, प्रशासन र सुरक्षा निकाय एवं स्थानीय वन उपभोक्ता समूहसँगको समन्वयात्मक बैठक खर्च, सुरक्षाकर्मी परिचालन खर्च, सवारी साधन, इन्धन, कामदारको ज्याला आदिमा खर्च गर्न सकिनेछ । बजेट अपुग भै अतिक्रमण हटाईएको क्षेत्रमा घेराबेरा गरी वृक्षारोपण गर्न नसकिएमा स्थानीय तह, अन्य इच्छुक सहयोग गर्ने संघ संस्था र सम्बन्धित वन उपभोक्ता समूहहरुसँग समन्वय गरी अतिक्रमित क्षेत्र व्यवस्थापन गर्न सकिनेछ ।

यस कार्यक्रम अन्तर्गत अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण गर्ने व्यक्तिहरुलाई हटाई पुनः वन क्षेत्र कायम गर्नु पर्नेछ । विभिन्न जिल्लाबाट वन निर्देशनालयमा प्राप्त अतिक्रमणको तथ्याङ्कको आधारमा क्षमता र श्रोत साधनको व्यवस्थापनलाई सशक्तिकरण गर्न यो कार्यक्रम संचालन गरिनेछ । अतिक्रमण हटाई नियन्त्रणमा लिइएको खाली जग्गामा सकभर सहभागीतामूलक ढंगले संरक्षण तथा वन विकासका कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

आकस्मिक रुपमा अतिक्रमण हटाउन वा अतिक्रमण हटाई सकिएको स्थान त्यसै छाडिदिंदा पुन अतिक्रमण हुनसक्ने भएकोले पुनः अतिक्रमण नहुने गरी संरक्षण गर्नुपर्नेछ । यस शीर्षकमा विनियोजन भएको बजेट रकमबाट अतिक्रमण हटाउने, तारबार लगाउने, वृक्षारोपण, आवश्यकतानुसार रोपिएका विरुवाहरुको संरक्षणका लागि हेरालुको समेत व्यवस्था गर्नुपर्ने कार्यमा समेत खर्च गर्नुपर्नेछ । त्यस्ता क्षेत्रहरुमा आवश्यकतानुसार तारवार, वृक्षारोपण गरी कार्यक्रम संचालन गर्नुपर्नेछ । अतिक्रमण हटाउनको लागि जनशक्ति (सुरक्षाकर्मी, कर्मचारी, समुदाय आदि) परिचालन गर्नुपर्ने भएमा सोको लागि खाना, खाजा, यातायात, इन्धन खर्च, संचार र उपचार खर्चको लागि समेत खर्च गर्न सकिनेछ। अतिक्रमण हटाई वृक्षारोपण गरिएको ठाउँमा अतिक्रमित क्षेत्र खाली गरिएको मिति, क्षेत्रफल, नक्सा, तुलनात्मक फोटो, GIS नक्सा समेत संलग्न राखी प्रतिवेदन तयार गर्नुपर्नेछ । वन अतिक्रमण हटाउदा विशेष गरी निम्न कुराहरुमा ध्यान दिनुपर्नेछ :

(क) पूर्व तयारी कार्यक्रमः लगत अध्यावधिक तथा योजना तयार, कार्यदलको बैठक संचालन, जनचेतनामूलक सन्देश प्रशारण तथा प्रकाशन, फिल्डस्तरीय अन्तरक्रिया आदि ।

(ख) अतिक्रमण नियन्त्रणः समन्वय, सूचना प्रकाशन, लजिस्टिक सहयोग, सवारी भाडा (ट्रयाक्टर, बुल्डोजर समेत) प्राथमिक उपचार, इन्धन, बिमा आदि ।

(ग) पुर्नस्थापनाः योजना तयारी, विरुवाको व्यवस्था तथा वृक्षारोपण, तारवार, सिमाना, हेरालु व्यवस्था आदि ।

### जनशक्ति व्यवस्थापन
डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, वन उपभोक्ता समूह तथा सरोकारवाला निकायहरु तथा स्थानीय तह समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

### बजेट व्यवस्थापन
यो कार्यक्रमको अन्तर्गत अतिक्रमित क्षेत्र हटाइ वृक्षारोपण क्रियाकलाप संचालनको लागि बजेट रु. ४,५०,०००।- (चार लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि
यस प्रदेशमा न्यूनतम ३ हेक्टर अतिक्रमित वन क्षेत्र राष्ट्रिय वनमा समाहित भई वृक्षारोपण भएको हुने ।

## ६८. सहभागीतामूलक अतिक्रमण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण

जिल्लामा स्थानीय जनता तथा अन्य निकायको सहभागीतामा अतिक्रमण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण गर्नका लागि अन्तरक्रिया तथा फिल्ड भ्रमणमा यो शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ । यसमा विनियोजित रकम कर्मचारी तथा सुरक्षा निकाय एवं स्थानीय समुदाय परिचालन गर्दा आवश्यक पर्ने दैनिक भ्रमण भत्ता, यातायात, इन्धन, फिल्ड गियर, बिमा, प्राथमिक उपचार आदि कार्यमा समेत खर्च गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, वन उपभोक्ता समूह, सुरक्षा निकायका कर्मचारीको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ७,००,०००।- (सात लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

वन तथा वन्यजन्तुको संरक्षणमा सहयोग पुग्ने ।

## ६९. वन डढेलो नियन्त्रण तथा ब्यबस्थापन कार्ययोजना कार्यान्वयन

सुख्खा याम अर्थात फाल्गुण-चैत्र देखिनै वनजंगल क्षेत्रमा विभिन्न कारणबाट आगलागि एवं डढेलोको प्रकोप गम्भीर रुपमा देखापर्दै आएको छ । कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा वाहिर पनि वन डंढेलो प्रकोप देखापर्ने गरेको छ । वन डढेलोको नियन्त्रण गर्न पंचवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित Action plan हरु एउटा मुख्य आधार हुनेछ ।

आवश्यकतानुसार नजीकका समूहलाई संस्थागत रुपमा जोडी अग्नि नियन्त्रण सञ्जालको रुपमा रुपान्तरण गर्नु पर्दछ । यस शीर्षकमा व्यवस्था भएको रकम नियन्त्रित डढेलो लगाउने, संजाल परिचालन, वनभूमिमा भएको प्रज्वलनशील सुक्खा पदार्थ व्यवस्थापन आदि कामहरुमा खर्च गर्न सकिनेछ । अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), डढ्लो सूचना खरिद, प्राथमिक उपचार, दमकल परिचालन आदि कार्यक्रमहरुमा पनि खर्च गर्न सकिनेछ । वन डढेलो सम्बन्धी सूचना प्रशारण तथा उपकरण खरिदमा समेत यो रकम खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपश्चात प्रगति प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत स्थानीय तह, वन उपभोक्ता समूहहरु, सेना, प्रहरी समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. २,००,०००।- (दुई लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

डिभिजन वन कार्यालयहरुको वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार भई कार्यान्वयन हुने ।

## ७०. डढेलो नियन्त्रण सामाग्री खरिद तथा वितरण

वन डढेलो नियन्त्रणको लागि प्रयोग गर्नुपर्ने औजार तथा सामग्रीहरु विशेष किसिमको र अग्नि समन टोली (Fire fighting team) सदस्यहरुले लगाउने वा प्रयोग गर्ने सुरक्षा सामाग्री खरीद गर्नु पर्नेछ । सामग्रीहरु आगोले सजिलै नजल्ने किसिमको हुनु आवश्यक छ ।

यसको लागि तपशिल बमोजिमका औजारहरु खरिद गरिनेछः

| सि.नं. | सामानको नाम | सि.नं. | सामानको नाम |
|---|---|---|---|
| १ | Swatter (स्वाटर) | १० | Helmet (हेल्मेट) |
| २ | Jet Shooter (जेट सुटर) | ११ | Boot (जुत्ता) |
| ३ | Shovel (बेल्चा) | १२ | Torch (टर्च) |
| ४ | Rake (दाँती) | १३ | Socks (बाक्लो मोजा) |
| ५ | Rake-hoe (दाँती हलो) | १४ | Water Bottle (पानीको बोत्तल) |
| ६ | Axe-hoe (बन्चरो) | १५ | Face Mask (अनुहार मास्क) |
| ७ | First-aid Kit (प्राथमिक उपचार) | १६ | Water tank (पानी टैंक) |
| ८ | Jump-suit (जम्प शुट) | १७ | अन्य आवश्यक स्थानीय सामाग्री |
| ९ | Gloves (बाक्लो पंजा) | | |

पुनश्चः यो बाहेक मोटर जाने स्थानमा मोटरमा पानी, पानीटंयाकी प्रयोग गर्नुपर्नेछ । पम्प र पाइपहरु पनि उपयोगमा ल्याउन सकिन्छ । तर यसको लागि स्रोतको उपलब्धता अनुसार डिभिजन वन कार्यालयले विशेष व्यवस्था गर्न सक्नेछ । सम्भव भएसम्म नेपाल गुणस्तर वा अन्तराष्ट्रिय गुणस्तरका सामग्रीहरु भरपर्दो संस्था वा विक्रेताबाट र सो सम्भव नभएमा स्थानीयस्तरमा उपलव्ध गुणस्तरीय सामानहरु सार्वजनिक खरिद प्रकृया अवलम्बन गरी खरिद गर्नुपर्दछ । सामग्रीहरुको खरिद पश्चात नियमानुसार स्टोर दाखिला गर्नुपर्नेछ । आवश्यक पर्ने डढेलो नियन्त्रण सम्बन्धी सामग्रीहरु प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ४३,५०,०००।- (त्रिचालिस लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

डिभिजन वन कार्यालयहरुमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यक औजारहरुको व्यवस्था भई वन डढेलोको उचित व्यवस्थापन हुने ।

## ७१. वन डढेलो सम्बन्धी प्रचार प्रसार

वन डढेलोको नियन्त्रण गर्न जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित Action plan मा आधारित कार्यक्रमहरु मध्ये वन डढेलो सम्बन्धित जनचेतनामूलक सन्देश प्रचार प्रसार समाग्री निर्माण, प्रसारण र प्रकाशन तथा वितरण गर्नको लागि विनियोजित बजेटको रकम खर्च गर्न सकिनेछ । वन डढेलो सम्बन्धी जानकारी गराउन, वन डढेलो हुन नदिन तथा वन डढेलोबाट हुने जोखिमको न्यूनिकरण सम्बन्धी जनचेतनामूलक सन्देश विभिन्न मध्ययमबाट (टिभी, एफ.एम., पत्रिका) समेत प्रचार प्रसार गरिनेछ । आवश्यकता अनुसार स्थानीय हाट वजारमा माइकिङ्ग, प्रवचन आदि समेत गर्न सकिने छ । वन डढेलो विषयक पम्पलेट प्रकासन तथा वितरण समेत गर्न सकिने छ । साथै होर्डिङ बोर्ड निर्माण गरी जंगलमा रहेका राजमार्ग/बाटोहरू तथा वन प्रवेश नाकाहरूमा समेत होर्डिङ बोर्ड राख्न सकिने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय, निर्देशनालय, डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरु मार्फत यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १८,३०,०००।- (अठार लाख तीस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन डढेलोको न्यूनीकरणमा सहयोग पुग्ने ।

## ७२. वनमा आधारित काष्ठ कला उद्यम स्थापना सहयोग

यस कार्यक्रम अन्तर्गत वनमा आधारित काष्ठ कला उद्यम स्थापना गर्न चाहने सामुदायिक वन उपभोक्ता समूह/ साझेदारी वन समूह/ कबुलियती वन समूह/ सहकारी/ संस्था/कम्पनी/निजी उद्यमीहरुलाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा यस कार्यक्रम संचालन गरिनेछ । यो कार्यक्रम संचालन गर्दा वन पैदावारमा आधारित वन उद्यम स्थापना तथा संचालन कार्यविधि, २०७५ (अनुसूची नं. १) को परिच्छेद - ४ बमोजिमको प्रस्ताव आब्हान तथा मूल्यांकन, उद्यम स्थापना तथा सञ्चालन र अनुगमन मूल्याङ्कनको प्रकृया अपनाउनु पर्ने छ । साथै यस कार्यक्रम संचालनको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ समेतको पालना गरिने छ । अनुदान रकम सहित जम्मा लगानीको कम्तीमा १० प्रतिशत रकम प्रस्तावकले लगानी गर्नुपर्नेछ ।

कार्य सम्पन्न भएपछि प्रगतिमा निम्न कुराहरु समावेश गर्नुपर्नेछः

- उद्यम संचालन गर्ने समूह, व्यक्ति, संस्था, सहकारीको नाम,
- स्थापना गरिएको उद्योगको फोटो,
- उत्पादित सामाग्रीको नमुना,
- लागत रकम,
- रोजगारी सिर्जना (श्रमदिन),
- स्थापना भएको उद्योगको अवस्थिति, जग्गाको कि.नं., जि.पि.एस. लोकेशन,
- स्थानिय तहको सिफारिस,
- सव-डिभिजन वन कार्यालयको कार्य सम्पन्न सिफारिस पत्र ।

### भुक्तानीको प्रक्रिया

(क) प्रारम्भिक कार्य सुरुवातको लागि सम्झौता रकमको ४० प्रतिशतले हुन आउने रकम वनजन्य उद्यम विकास गर्ने कार्यको लागि उपलब्ध गराइनेछ ।

(ख) सम्बन्धित काष्ठ कला उद्यम स्थापना गर्ने सम्बन्धित उद्यमीको सम्झौता बमोजिमको कार्य सम्पन्न प्रतिवेदन र सव-डिभिजन वन कार्यालयवाट प्राप्त प्रतिवेदनको आधारमा बाँकी रकम ६० प्रतिशत उपलब्ध गराइने छ । सम्झौता बमोजिम काष्ठ कला उद्यम स्थापना गर्ने सम्बन्धित उद्यमीले सम्झौता बमोजिमको कार्य नगरेमा डिभिजन वन कार्यालयले सो उद्यमीलाई कारवाही गरी उपलब्ध गराएको रकम समेत असुल उपर गर्नेछ ।

### जनशक्ति व्यवस्थापन

काष्ठ कला उद्यम स्थापना गर्नको लागि छनौट भएका ब्यक्ति, संस्था, निजी कम्पनी तथा वन समूहहरुलाई डिभिजन वन कार्यालयका कर्मचारीहरुबाट प्राविधिक सहयोग उपलब्ध हुनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ । वनमा आधारित काष्ठ कला उद्यम स्थापनाको कार्यसूची (TOR) निर्माण तथा स्वीकृत गरी गराई यो कार्यक्रम संचालन गर्नु पर्नेछ ।

### अपेक्षित उपलब्धि

वनमा आधारित काष्ठ कला उद्योग स्थापना तथा विकास भई रोजगारीको सृजना हुने ।

## ७३. लाहा खेती विस्तार तथा प्रविधी हस्तान्तरण

झापा जिल्लाको गौरादहमा लाहा प्रशोधन कारखाना सञ्चालनमा आइसकेको अवस्थामा भएता पनि कच्चा पदार्थ (लाहा) को अभावमा बजारको माग धान्न नसकिरहेको अवस्था रहेको छ । अतः गुणस्तरीय लाहा (चप्रा) उत्पादनको साथै प्रशोधित लाहाको बजारको मागलाई पूर्ति गर्ने उद्देश्य स्वरुप यो कार्यक्रम संचालन गरिएको छ । लाहा खेती विस्तार कार्यक्रम अन्तर्गत निजी आवादी जग्गाको साथ साथै स्थानीय सामुदायद्धारा व्यवस्थित वनमा आधारित व्यक्ति तथा घरधुरीको हैसियत सुधार गर्न र आय स्रोत बढाउन तथा समूहमा रहेका सदस्यहरुको गरीबी कम गर्न योगदान पुग्ने अभिप्रायले समूहको निर्णय वमोजिम सम्बन्धित समूह तथा निजि जग्गा धनीहरुले प्रस्ताव सहितको निवेदन

डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । तत् पश्चात डिभिजन वन कार्यालयले प्रस्ताव मूल्याङ्कनको आधारमा उपयुक्त समूह छनौट गरी यो क्रियाकलाप संचालन गरिने छ । साथै डिभिजन वन कार्यालयहरूले स्थानीय किसान/वन समूहहरुलाई लाई सिरिस, बयर, खयर, मौवा जस्ता आदि जातका बिरुवा लगाउँनको लागि बिरुवा समेत उपलब्ध गराउनु पर्ने छ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाहरु समावेश गर्नु पर्ने छ ।

(क) क्रियाकलाप संचालन भएको समूहद्वारा व्यवस्थित वनको नाम, ठेगाना, संलग्न घरधुरीको नामावली
(ख) खेती विस्तारको योजना
(ग) कार्यक्रम संचालन भएको स्थान साथै लाहा खेती विस्तार सम्बन्धी फोटो (संचालन अघि समेतको फोटो)
(घ) लागत तथा खर्चको विवरण, बैक भौचर, भर्पाई आदि
(ङ) लाभान्वित घरधुरी तथा समुदायको विवरण

### जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयहरूले यस प्रकारको कार्यक्रमको संचालन गर्ने छन् । डिभिजन वन कार्यालयहरूले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहरासँगको समन्वयमा यो तालीम संचालन गर्ने छन् ।

### बजेट व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि बजेट रु. २,५०,०००।- (दुई लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

लाहा खेतीको विस्तार भई स्थानीयवासीको आय वृद्धिमा थप टेवा पुग्ने साथै रोजगारी समेतको श्रृजना हुने ।

## ७४. जिल्ला वन क्षेत्र समन्वय समितिको सचिवालय व्यवस्थापन तथा सुदृढीकरण

प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी डिभिजन वन कार्यालयहरुले जिल्ला वन क्षेत्र समन्वय समितिको व्यवस्थापन तथा सुदृढीकरण गर्नको लागि आवश्यक पर्ने सामग्रीहरु जस्तै स्टेशनरी, फर्निचर, कम्प्यूटर, प्रिन्टर आदि खरिद गर्न सकिने छ ।

### बजेट व्यवस्थापन

यस क्रियाकलाप संचालनको लागि जम्मा रु. ४,५०,०००।- (चार लाख पचास हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

यस २०७७/०७८ आ.व. मा जम्मा ३ वटा जिल्ला वन क्षेत्र समन्वय समितिको व्यवस्थापन तथा सुदृढीकरण भई समितिको संस्थागत विकासमा सहयोग पुग्ने ।

## ७५. सव-डिभिजन स्तरीय समन्वय वैठक

सव-डिभिजन स्तरीय वन संरक्षण, विकास, व्यवस्थापन, सदुपयोग लगायत विविध विषयसम्बन्धी कार्यक्रम/योजनाहरु तर्जुमा, समस्याको अध्ययन तथा समाधानका उपायहरुको निराकरण गर्नको लागि यस किसिमको बैठकहरु आयोजना गरिने छ । यस शीर्षकमा विनियोजन भएको रकम इन्धन, बैठकभत्ता तथा खाजामा खर्च गर्न सकिनेछ । वार्षिक प्रगति प्रतिवेदन पेश गर्दा समन्वय बैठक संख्या र बैठकको निर्णय र सम्पन्न गरिएका कार्यक्रमहरुको विवरण समावेश गर्नुपर्नेछ ।

**बजेट व्यवस्थापन**

यो क्रियाकलाप संचालनको लागि जम्मा रु. ४,५०,०००।- (चार लाख पचास हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा निर्णयात्मक भूमिका निर्वाह गर्ने ।

## ७६. सुराकी परिचालन तथा व्यवस्थापन

वन तथा वन्यजन्तुसँग सम्बन्धित अपराधहरु नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि सुराकी खर्च परिचालन कार्यविधि २०७२ बमोजिम सुराकी परिचालन गरिनेछ । वनजंगल संरक्षणको लागि सुराकीको व्यवस्था उपलब्ध बजेट र आवश्यकता अनुसार गर्न सकिनेछ । डिभिजनल वन अधिकृतले आवश्यकता अनुसार सुराकी परिचालन गर्न सक्नेछ र सुराकीको नाम ठेगाना गोप्य राख्नु पर्नेछ । सुराकी आफूले पाएको सूचना डिभिजन वन कार्यालय प्रमुख वा वन सुरक्षा शाखाको कमाण्डरलाई जानकारी गराउनुपर्नेछ । सुराकीको संख्या र कामको आवश्यकता वा कार्यबोझ हेरी सुराकी गरे वापत प्रोत्साहन स्वरुप रकम खर्च गर्न सकिनेछ । अनुसन्धान कार्य अघि बढाउने क्रममा आवश्यक सूचना संकलन तथा संचारमा लाग्ने खर्चहरुमा समेत यस शीर्षकमा विनियोजीत रकम खर्च गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो क्रियाकलाप संचालनको लागि जम्मा रु. १३,०५,०००।- (तेह्र लाख पाँच हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन तथा वन्यजन्तुसँग सम्बन्धित अपराधहरु नियन्त्रण तथा न्यूनीकरणमा सहयोग पुग्ने ।

## ७७. वन, वन्यजन्तु संरक्षणको लागि गस्ती परिचालन

वन, वन्यजन्तु एवं तिनका बासस्थानको संरक्षण, व्यवस्थापन, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रणका लागि नियमित रूपमा गस्ती परिचालन गरिने छ । यस शीर्षकमा बिनियोजित रकम जिल्लास्तरमा चोरी निकासी नियन्त्रणका लागि कर्मचारी तथा सुरक्षा निकाय परिचालन गर्न इन्धन, खाजा, खाना, यातायात खर्च, दैनिक भ्रमण भत्ता, संचार आदिमा खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुले यो कार्यक्रम संचालन गर्ने छन् ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ३३,००,०००।- (तेत्तिस लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

दिगो रुपमा वन, वन्यजन्तुहरुको संरक्षणमा गस्ती परिचालन भएको हुनेछ ।

## ७८. सोलार फेन्सिङ मर्मत सभार

मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि निर्माण गरिएका सोलार फेन्सिङहरुको मर्मत सभार गर्नको लागि यस शीर्षकमा विनियोजित रकम खर्च गरिनेछ । जिर्ण भएका सोलार फेन्सिङको मर्मत सम्भारका लागि प्राविधिक सहयोग, ज्याला तथा सामाग्री खरिदमा खर्च गर्न सकिनेछ । उपभोक्ता समिति तथा ठेक्का प्रथाबाट समेत यो कार्यक्रम संचलन गर्न सकिनेछ । यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको पालना गरिनेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- सोलार फेन्सिङ मर्मत भएको स्थान र मर्मत भएको फोटो (मर्मत अघि समेतको),
- लागत इष्टिमेट बमोजिमको कार्य सम्पन्न प्रतिवेदन, तथा कार्यक्रमको संख्यात्मक भौतिक र वित्तीय प्रगति ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप संचालनको लागि जम्मा रु. ४,००,०००।- (चार लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

सोलार फेन्सिङको मर्मत सभार मार्फत मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने ।

## ७९. सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गोष्ठी

डिभिजन वन कार्यालयहरुमा कार्यान्वयन हुने कार्यक्रम/योजना र वन क्षेत्रको संरक्षण/व्यवस्थापन सम्बन्धमा सरोकारवाला संघसस्थाहरु, स्थानीय तह, राजनैतिक दल, जनप्रतिनिधिहरु, नागरिक समाज, ईको क्लब तथा अन्य सम्बन्धित संस्थाका प्रतिनिधहरुसँग छलफल र अन्तरक्रिया गर्नुपर्नेछ र सो गर्दा हुने खाजा, मसलन्द तथा भत्ता खर्चमा विनियोजित बजेट खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन/सव-डिभिजन वन कार्यालयहरु मार्फत कार्यान्वयन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु. २४,००,००० (चौबिस लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

डिभिजन वन कार्यालयहरुवाट संचालन हुने कार्यक्रमको कार्यान्वयनमा सहयोग पुग्ने ।

## ८०. सूचना प्रवाह तथा पारदर्शिता सबलीकरण रेडियो एफ.एम./रेडियो/टि.भी. मार्फत प्रचार प्रसार तथा सामग्री उत्पादन/प्रकाशन

डिभिजन वन कार्यालयहरूले सेवाग्राहीहरूलाई गरको सेवा प्रवाह र पारदर्शिताको सन्दर्भमा एफ.एम./टि.भि./बेभसाईड मार्फत प्रचारप्रसार तथा सो सँग सम्बन्धित सामग्री उत्पादन तथा प्रकाशन गर्नको लागि विनियोजित बजेटको रकम खर्च गर्न सकिनेछ । साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको पालना गरिनेछ । एफ.एम./ टि.भि. संचालकहरू सँग सम्झौता गरेर मात्र डिभिजन वन कार्यालयहरूले कार्यालयको सेवा प्रवाह र पारदर्शिता सम्बन्धमा एफ.एम./टि.भि. मा प्रचारप्रसार गर्नु पर्दछ । प्रचारप्रसार सामग्री स्थानीय बोलचालको भाषामा समेत प्रकाशन गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप संचालनको लागि जम्मा रु. ३,००,०००।- (तीन लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन क्षेत्रमा संचालन भएका कार्यक्रम तथा कार्यालयको सेवा प्रवाहको वारेमा प्रचार प्रसार हुने ।

## ८१. बार्षिक प्रगती पुस्तिका प्रकाशन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरुले संचालन गरेका विभिन्न स्वीकृत वार्षिक कार्यक्रमहरु र वन सम्बन्धी सम्पादन गरिरहेका कानून कार्यान्वयन तथा नियमनका कार्यहरुलाई अभिलेखीकरण गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकायहरुले कार्यालयको वार्षिक प्रगती पुस्तिका प्रकाशन तथा वितरणको कार्य यस क्रियाकलाप

अन्तर्गत संचालन गरिनेछ । तथ्याङ्क संकलन, विश्लेषण, मसलन्द, छलफल, छपाई आदिमा यो रकम खर्च गर्न सकिनेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- प्रकाशित सामग्रीको संख्या
- प्रकाशित सामग्री र सोको डिजिटल कपि समेत

**बजेट व्यवस्थापन**

यो क्रियाकलाप संचालनको लागि बजेट रु. १६,००,०००।- (सोह्र लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकायहरुको वार्षिक प्रगती पुस्तिका प्रकाशन भएको हुने ।

## ८२. Real Time Field Monitoring Mobile App develop

निर्देशनालय/वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र/डिभिजन वन कार्यालयहरु/भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुवाट आ आफ्नो कार्यक्षेत्रमा सम्पादन गरिरहेका क्रियाकलापहरुको कार्यहरुको विवरण सहित अनुगमनको विवरणहरुलाई वास्तविक समयमा हेर्न सकिने गरी सफ्टवेयर निर्माण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम अन्तर्गत real time मा फिल्डमा गरिएका अनुगमनका कार्यहरुको विवरणको साथ साथै फिल्डमा खटिने कर्मचारीहरुको अवस्थिति समेत Tracking गर्ने किसिमको सफ्टवेयरको निर्माण गरिने छ । तसर्थ यस सफ्टवेयरको निर्माणको लागि मन्त्रालयबाट ToR निर्माण तथा स्वीकृत गरी नियमानुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ तथा स्वीकृत नर्म्सको अधीनमा रही परामर्शदाता मार्फत सेवा खरिद गरी Real Time Field Monitoring Mobile Application को विकास/ निर्माण तथा संचालन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । अध्ययन अनुसन्धानको लागि संघीय वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग सहकार्य तथा समन्वय समेत गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ७,००,०००।- (सात लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले TOR स्वीकृत गरेर मात्र यस कार्यक्रम संचालन गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

यस प्रदेशमा Real Time Field Monitoring Mobile Application को निर्माण भई संचालनमा आएको हुने।

## ८३. चक्ला वन व्यवस्थापन कार्ययोजना तयारी

यस प्रदेश नं. १ को प्रदेश वन ऐन २०७७ मा उल्लेख भए बमोजिम वन क्षेत्रमा चक्ला वन व्यवस्थापन गर्नको लागि कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही प्रावधान अनुरुप डिभिजन वन कार्यालयहरुले दश वर्षका लागि वन कार्ययोजना तयार गर्नु पर्दछ । चक्ला वन व्यवस्थापन कार्ययोजना स्वीकृत भए पश्चात प्रदेश वातावरण नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम स्वीकृत चक्ला वन व्यवस्थापन कार्य योजना कार्यान्वयनको

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन समेत तयार गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

चक्ला वन व्यवस्थापन कार्ययोजना तयारीका लागि व्यवस्था भएको बजेटबाट सूचना प्रकाशन, सरोकारवालासंग छलफल, अन्तरकृया, श्रोत सर्वेक्षण, अति आवश्यक फिल्ड सामाग्री खरिद, स्टेशनरी, नक्सा फोटो खरिद, टाइपिङ प्रिन्टिङ, मन्त्रालय/निर्देशनालयमा हुने पुनरावलोकन तथा समिक्षा लगायतमा खर्च गर्नु पर्नेछ । साथै यस विनियोजित रकमबाट नै चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ । डिभिजन वन कार्यालयबाट तयार भएको चक्ला वन व्यवस्थापन कार्ययोजनाको प्रारम्भिक मस्यौदा वन निर्देशनालयमा पेश गर्नु पर्नेछ । मस्यौदा प्रति अध्ययन गरी थप संशोधन गर्नुपर्ने भएमा विषय समावेश गर्न निर्देशनालयबाट डिभिजन वन कार्यालयमा जानकारी गराइने छ । दोश्रो मस्यौदामा वन विज्ञ समक्ष डिभिजनल वन अधिकृत स्वयमले वन निर्देशनालयमा प्रस्तुति गर्नुपर्नेछ । प्रस्तुतिका दौरानमा वन विज्ञहरुले उठाउनु भएको विषयवस्तुका आधारमा डिभिजन वन अधिकृतले राय सहितको अन्तिम मस्यौदा पेश भएपछि वन निर्देशनालयले सो कार्ययोजना स्वीकृतिको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालमा पेश गर्नुपर्नेछ । त्यसै गरी चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण ऐन, २०७६ तथा प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह/समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुसँगको समन्वयमा तथा सेवाप्रदायकवाट समेत यस कार्य संचालन गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. २०,००,०००। (बिस लाख मात्र) व्यवस्था गरिएको छ । सेवाप्रदायकबाट काम गर्दा विनियोजित बजेटको बढीमा ५ प्रतिशत रकम कार्यक्रम सञ्चालनका लागि डिभिजन वन कार्यालयले व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

२ वटा चक्ला वन व्यवस्थापन कार्ययोजना तयार तथा स्वीकृत भई यस आ.व. मा थप २ वटा वन क्षेत्र चक्ला वनको रुपमा व्यवस्थापन भई काठदाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

## ८४. जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना तयारी (वातावरणीय प्रभाव मूल्याङ्कन समेत)

संघीय वन ऐन, २०७६ तथा यस प्रदेश नं. १ को प्रदेश वन ऐन, २०७७ मा उल्लेख भए बमोजिम वन विकास, सदुपयोग तथा संरक्षण कार्यक्रम संचालन गर्दा वन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही प्रावधान अनुरुप डिभिजन वन कार्यालयहरुले पाँच वर्षका लागि वन कार्ययोजना तयार गर्नु पर्दछ । पाँच वर्षको म्याद सकिएका कार्ययोजनालाई पुनः अध्यावधिक गर्न यो कार्यक्रमको व्यवस्था गरिएको छ । पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना स्वीकृत पश्चात प्रदेश नं.१ प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम स्वीकृत कार्य योजना कार्यान्वयनको लागि वातावरणीय अध्ययन प्रतिवेदन समेत तयार गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

कार्ययोजना तयारीका लागि व्यवस्था भएको बजेटबाट सूचना प्रकाशन, सरोकारवालासंग छलफल, अन्तरकृया, श्रोत सर्वेक्षण, अति आवश्यक फिल्ड सामाग्री खरिद, स्टेशनरी, नक्सा फोटो खरिद, टाइपिङ प्रिन्टिङ, IEE तयारीका कार्य, मन्त्रालय/निर्देशनालमा हुने पुनरावलोकन तथा समिक्षा लगायतमा खर्च गर्नु पर्नेछ । डिभिजन वन कार्यालयबाट तयार भएको पञ्चवर्षिय कार्ययोजनाको प्रारम्भिक मस्यौदा वन निर्देशनालयमा पेश गर्नु पर्नेछ । मस्यौदा प्रति अध्ययन गरी थप संशोधन गर्नुपर्ने भएमा विषय समावेश गर्न निर्देशनालयबाट डिभिजन वन कार्यालयमा जानकारी गराइने छ। दोश्रो मस्यौदामा वन विज्ञ समक्ष डिभिजनल वन अधिकृत स्वयमले वन निर्देशनालयमा प्रस्तुति गर्नुपर्नेछ । प्रस्तुतिका

दौरानमा वन विज्ञहरुले उठाउनु भएको विषयवस्तुका आधारमा डिभिजन वन अधिकृतले राय सहितको अन्तिम मस्यौदा पेश भएपछि वन निर्देशनालयले सो कार्ययोजना स्वीकृतिको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालमा पेश गर्नुपर्नेछ । त्यसै गरी पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण ऐन, २०७६ तथा प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, समूह र समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुसँगको समन्वयमा तथा सेवाप्रदायकवाट समेत यस कार्य संचालन गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि वजेट रु. ३०,००,०००।  (तीस लाख मात्र) व्यवस्था गरिएको छ । सेवाप्रदायकबाट काम गर्दा विनियोजित बजेटको बढीमा ५ प्रतिशत रकम कार्यक्रम सञ्चालनका लागि डिभिजन वन कार्यालयले व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

६ वटा पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनाको साथ साथै वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भई पञ्चवर्षीय कार्ययोजना कार्यान्वयन मार्फत वनको संरक्षण तथा व्यवस्थापनमा सहयोग पुग्ने ।

## ८५. साझेदारी वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन

साझेदारी वन उपभोक्ता समूहको स्वीकृत साझेदारी वन व्यवस्थापन कार्ययोजना बमोजिमको स्वीकृत बार्षिक कार्यक्रम अनुसारका कृयाकलापहरु संचालन र कार्यान्वयन गर्दा प्रचलित स्वीकृत नर्मस्, जिल्ला दररेट, आर्थिक ऐन नियम र यस कार्यविधिमा अन्यत्र उल्लेखित मिल्दाजुल्दा कार्यक्रममा उल्लेख भए बमोजिम कार्यान्वयन गर्नुपर्नेछ । साथै यस वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन कार्यका लागि वन सम्वर्धन, संरक्षण, वन विकास कार्य, कार्यालय संचालन, अनुगमन निरीक्षण, क्षमता विकास, बैठक, गोष्ठी, आदि कार्य वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१, स्वीकृत वन व्यवस्थापन योजना तथा प्रचलित नर्मस् अनुसार गर्नुपर्नेछ।

त्यसै गरी स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही साझेदारी वन व्यवस्थापन कार्ययोजनाको आधारमा कार्यान्वयन इकाईले वार्षिक कार्यक्रम तयार गर्नु पर्ने छ । यसरी तयार भएको कार्यक्रम समितिको बैठकबाट पास गरी डिभिजन वन अधिकृतबाट स्वीकृत गराएर लागु गरिनेछ । स्वीकृत बजेट सम्बन्धित साझेदारी वन उपभोक्ता समूहको खातामा जम्मा गरी कार्यक्रम कार्यान्वयन गरिने छ । बजेट खर्च तथा कार्यक्रमको प्रगति सहितको प्रतिवेदन समूहले डिभिजन वन कार्यालयमा नियमित रुपमा पेश गर्नु पर्ने छ र कार्यक्रमको कार्यान्वयन संयुक्त रुपमा समूहबाट  र वन कर्मचारीहरुबाट हुनेछ । साझेदारी वन व्यवस्थापन गर्दा कार्ययोजनामा लेखिएको समयसिमा भित्र कार्य सम्पन्न गर्नु पर्दछ र योजना गरिएका कार्यक्रम, बजेट, नक्सा सबै खुल्ने गरी साइनबोर्ड बनाई सबैले देख्ने स्थानमा राख्नु पर्दछ । साथै यस शीर्षकमा विनियोजित रकम बमोजिमको स्वीकृत क्रियाकलापहरु सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्मस् तथा प्रचलित ऐन नियमको पालना गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, साझेदारी वन व्यवस्थापन समूह/ समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुको सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ । यो कार्यक्रम बमोजिमका स्वीकृत क्रियाकलापहरु परामर्श सेवा खरीद गरी तथा ठेक्का प्रथाबाट समेत संचालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

यस साझेदारी वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि जम्मा बजेट रु. २,००,००,०००।- (दुई करोड मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धि

४ वटा साझेदारी वन व्यवस्थापन भइ काठ दाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

## ८६. साझेदारी र चक्ला वनमा वैज्ञानिक वन व्यवस्थापन

सरकारद्धारा व्यवस्थित चक्ला वनहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१, स्वीकृत कार्ययोजना तथा प्रचलित नर्मस् वमोजिम कार्यक्रम संचालन गर्नुपर्नेछ । स्वीकृत चक्ला वन व्यवस्थापन कार्ययोजनाको आधारमा विनियोजित बजेटको सीमा भित्र रही विस्तृत कार्यक्रम तयार गरी एक तह माथिबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ । चक्ला वन व्यवस्थापन गर्दा कार्ययोजनामा लेखिएको समयसिमा भित्र कार्य सम्पन्न गर्नु पर्दछ । चक्ला वनमा योजना गरिएका कार्यक्रम, बजेट, नक्सा सबै खुल्ने गरी साइनबोर्ड बनाई सबैले देख्ने स्थानमा राख्नु पर्दछ । यसका सम्पूर्ण वा आंशिक कार्यक्रम सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ ।

साथै साझेदारी वनमा वैज्ञानिक वन व्यवस्थापनको लागि यस शीर्षकमा विनियोजित रकम यसै मार्गदर्शनको बुँदा नं. ८५ मा भएको व्यवस्था अनुसार खर्च गर्नु पर्नेछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, साझेदारी वन व्यवस्थापन समूह/ समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरुको सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ । यो कार्यक्रम बमोजिमका स्वीकृत क्रियाकलापहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम परामर्श सेवा खरीद गरी तथा ठेक्का प्रथा वा बोलपत्र बिधिबाट समेत संचालन गर्न सकिनेछ ।

बजेट व्यवस्थापन

यस कार्यक्रम कार्यान्वयनको लागि जम्मा बजेट रु. २०,००,०००।- (बिस लाख मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धि

१ वटा साझेदारी वन/चक्ला वनमा वैज्ञानिक (दिगो) वन व्यवस्थापन भइ काठ दाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

## ८७. संरक्षित वनको कार्ययोजना कार्यान्वयन (रामधुनी संरक्षित वन)

सुनसरी जिल्लामा अवस्थित रामधुनी संरक्षित वनको कार्ययोजना बमोजिमको स्वीकृत बार्षिक कार्यक्रम अनुसारका कृयाकलापहरु संचालन र कार्यान्वयन गर्दा प्रचलित स्वीकृत नर्मस्, जिल्ला दररेट, आर्थिक ऐन नियम र यस कार्यविधिमा अन्यत्र उल्लेखित मिल्दाजुल्दा कार्यक्रममा उल्लेख भए बमोजिम कार्यान्वयन गर्नुपर्नेछ । रामधुनी संरक्षित वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन स्वीकृत कार्ययोजनाका आधारमा हुनेछ । स्वीकृत कार्यक्रमको विस्तृत कार्यान्वयन योजना निर्माण गरी सम्बन्धित डिभिजन वन कार्यालयले वन निर्देशनालयसँग समन्वय गरी कार्यक्रम संचालन गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भएपश्चात प्रगति तयार गर्नुपर्नेछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, संरक्षित वन कार्यक्रमका कर्मचारी, परिषद्का सदस्यहरु, स्थानीय तह, वन उपभोक्ता समूहहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

कार्ययोजना कार्यान्वयन भई जैविक विविधताको संरक्षण र व्यवस्थापनमा प्रभावकारीता बढ्ने।

## ८८. वैज्ञानिक वन व्यवस्थापन लागु भएका वन समुहको मध्यकालिन मूल्याङ्कन/अध्ययन

यो कार्यक्रम परामर्शदाताको सहयोगमा वा वन प्राविधिक कर्मचारीहरुवाट अमानतमा समेत गर्न गराउन सकिने छ। यसमा विनियोजित रकम बमोजिम कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा स्वीकृत नर्म्सको पालना गरिनेछ । साथै वैज्ञानिक वन व्यवस्थापन लागु भएका वन समुहको मध्यकालिन मूल्याङ्कन/अध्ययन गर्दा संघीय "वैज्ञानिक वन व्यवस्थापनको प्राविधिक परीक्षण निर्देशिका, २०७६" बमोजिमको अध्ययन तथा परीक्षणको प्रक्रिया अपनाई प्रतिवेदन तयार गर्नु पर्दछ । साथै आवश्यक परेमा अन्य मापदण्ड तथा सूचकहरूको विकास गरेर समेत मध्यकालिन मूल्याङ्कन/अध्ययन गर्न सकिनेछ । कार्ययोजनाको समयावधी १० वर्ष रहेको र साझेदारी वन/ सामुदायिक वनको वैज्ञानिक वन व्यवस्थापनको लागि स्वीकृत भएको कार्ययोजना बमोजिम वैज्ञानिक वन व्यवस्थापन गरेको ५ वर्ष पुरा भई सकेको १ गोटा साझेदारी/ सामुदायिक वन समूहको मध्यकालिन मूल्याङ्कन/अध्ययन गर्नु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन

वन निर्देशनालयबाट यस कार्यक्रमको संचालन गरिने छ । निर्देशनालयले संघीय तथा प्रदेश वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय तथा सहकार्य गरेर समेत यस कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रम संचालनको लागि बजेट रु. ७,००,०००।- (सात लाख मात्र) व्यवस्था गरिएको छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले TOR स्वीकृत गरेर मात्र यस कार्यक्रम संचालन गर्नेछ। परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम केन्द्रको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

१ वटा वैज्ञानिक वन व्यवस्थापन लागु भएको साझेदारी/सामुदायिक वन समूहको मध्यकालिन मूल्याङ्कन//अध्ययन भई वन व्यवस्थापनको क्षेत्रमा सुझाव तथा पृष्ठपोषण प्राप्त भई वन क्षेत्रलाई वैज्ञानिक वन व्यवस्थापनको रुपमा व्यावस्थापन गर्न थप टेवा पुग्ने ।

## ८९. ढलापडा काठ दाउरा संकलन तथा व्यवस्थापन

यो कार्यक्रम तराई तथा भित्री मधेशका डिभिजन वन कार्यालयहरुमा संचालन हुनेछ । सरकारद्वारा व्यवस्थित वनमा हावाहुरी वा अन्य कारणले ढलेका रुखहरुलाई तत्कालै संकलन तथा घाटगद्दी गर्नुपर्नेछ । यसरी काठ दाउरा संकलन गर्दा अन्य रुखहरुलाई असर नपर्ने गरी संघीय वन पैदावार (काठ र दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार गर्नुपर्नेछ । घाटगद्दी जंगल क्षेत्र भन्दा बाहिर गर्नुपर्नेछ । रुखहरु अकस्मात ढली सडक/बाटो अवरुद्ध लगायत धनजनको क्षति हुने अवस्था आएमा जुनसुकै महिनामा पनि संकलन गर्न सकिने छ। संकलित काठदाउराको घाटगद्दी गर्दा सुरक्षाको यथोचित व्यवस्था मिलाई आगलागि, खोलानालाको बाढीले प्रभाव पार्न नसक्ने स्थान छनौट गर्नुपर्दछ । ढलापडाको अवस्था, छपानदेखि कटान-मुछान घाटगद्दीको अवस्थासम्म निरन्तर अनुगमनको प्रवन्ध डिभिजन वन कार्यालयले मिलाउनुपर्नेछ र समय समयमा मन्त्रालय/निर्देशनालयमा प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ । यो शीर्षकमा विनियोजित रकम सूचना प्रकाशन, छपान, कटानमुछान, ढुवानी, लोड, अनलोड, पाईलिङ आदि कार्यमा प्रचलित नर्मस् एवं जिल्ला दररेट वमोजिम खर्च गर्नुपर्ने छ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, सरोकारवाला निकायहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

### बजेट व्यवस्थापन

ढलापडा काठ दाउरा संकलन तथा व्यवस्थापनको लागि जम्मा वजेट रु. २९,५०,०००।- (उन्तिस लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

कम्तिमा २५,००० क्यू.फि. ढलापडा काठदाउरा संकलन भई काठ दाउराको आपूर्तिमा सहजता हुने ।

## ९०. वन र वन्यजन्तु संरक्षण र अपराध नियन्त्रणको लागि नियन्त्रण कक्ष स्थापना र व्यवस्थापन

यस शीर्षकमा विनियोजित बजेट वन र वन्यजन्तुको संरक्षणको साथ साथै डिभिजन/सव-डिभिजन स्तरमा वन वन्यजन्तुको अपराध नियन्त्रण लागि आधुनिक तरिकाले व्यवस्थान गर्नको लागि डिभिजन तथा सव-डिभिजन वन कार्यालयमा अपराध नियन्त्रण कक्षको स्थापना गरिनेछ । सो कक्ष स्थापनाको लागि आवश्यक्तानुसार स्थानीय प्रशासन, सुरक्षा निकाय लगायतका सरोकारवाला निकायहरुको सल्लाह सुझाव लिई आवश्यक्ता पहिचान र प्राथमिकीकरण गरी क्रमशः नियन्त्रण कक्षको स्थापना र व्यवस्थापन गर्दै लगिनेछ । यस कार्यका लागि आवश्यक पर्ने फर्निचर, फर्निसिङ्ग, कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशिन, स्कयानर खरिद, विद्युत् व्यवस्थापन, टेलिफोन, इन्टरनेट जडान, अन्य सञ्चारका साधन खरिद र वन तथा वन्यजन्तुको संरक्षण र सो सम्बन्धी अपराध अनुसन्धानका लागि आवश्यक अन्य जुनसुकै सामाग्री, मेशिन, औजार, उपकरण खरिद यसै शीर्षक अन्तर्गत गर्न सकिनेछ ।

यसमा विनियोजित रकम बमोजिम कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत यस कार्यक्रम संचालन गरिनेछ ।

### बजेट व्यवस्थापन

यस अपराध नियन्त्रणको लागि नियन्त्रण कक्ष स्थापना र व्यवस्थापनको लागि जम्मा वजेट रु. ९०,००,०००।- (नब्बे लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

यस आ.व. २०७७/०७८ मा जम्मा १५ वटा अपराध नियन्त्रण कक्ष स्थापना भएको हुने ।

## ९१. वन्यजन्तु/वनस्पति अपराध नियन्त्रण तथा वन्यजन्तुका अङ्ग प्रत्याङ्ग पहिचान सम्बन्धी तालीम सञ्चालन

मन्त्रालय/वन निर्देशनालय/डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका स.व.अ., नेपाल प्रहरी तथा सशस्त्र प्रहरी वलका सुरक्षाकर्मीहरु र सरोकारवाला निकायका कर्मचारीहरुलाई वन्यजन्तु/वनस्पती अपराध नियन्त्रण तथा वन्यजन्तुका अंङ्ग प्रत्यंङ्ग पहिचान सम्बन्धी तालीम संचालन गरिने छ । यस शीर्षकमा विनियोजित बजेट रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, खाजा, हल भाडा, प्रशिक्षक भत्ता, तालीम संचालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत

लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ । साथै वन्यजन्तुका अंङ्ग प्रत्यंङ्ग पहिचान गराउनको लागि सशस्त्र वन शुरक्षा तालीम केन्द्र, टिकौली चितवनमा सहभागीहरुलाई अभ्यास गराउनु पर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालीम संचालन भएको स्थान र मिति देखिने तालीमको व्यानर, सेसन प्लान, अभ्यास गरिएको स्थान तथा तालीम संचालन सहितको सहभागीहरूको फोटो, तथा अन्य विवरणहरु समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- कार्यक्रमको भौतिक र आर्थिक प्रगति ।

### जनशक्ति व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट यस तालीमको संचालन हुनेछ । साथै स्वीकृत सेसन प्लानमा उल्लेख भए बमोजिमका विषयहरुको विज्ञहरुलाई प्रशिक्षकको रुपमा बोलाई तालीम संचालन गर्नु पर्नेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- (दश लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

कर्मचारीहरुको अनुसन्धान क्षमता अभिवृद्धि भई वन्यजन्तु/वनस्पती अपराध नियन्त्रणमा पुग्ने ।

## ९२. लोपोन्मुख, संकटापन्न र जोखिममा परेका वनस्पति प्रजातिहरूको संरक्षण कार्य योजना निर्माण

यस कार्यक्रमबाट विभिन्न वैज्ञानिक अध्ययनहरुले नेपालमा संकटापन्न, लोपोन्मुख र जोखिम अवस्थामा रहेका भनी पहिचान गरेका प्रजातिहरु मध्ये यस वर्ष सम्भव भए सम्म चाप र सतिसाल वनस्पतीको संरक्षण तथा व्यवस्थापन योजना तयार गरिनेछ । वनस्पति प्रजातिको वासस्थान र त्यसको संरक्षणमा रहेका चुनौतिहरुलाई ध्यान दिई संरक्षण योजना तयारी गर्नुपर्दछ । यस कार्यक्रम परामर्शदाताको सहयोगमा वा मन्त्रालयका वन प्रविधिक कर्मचारीहरु मार्फत विषय विज्ञहरुको सहयोग लिई अमानतमा समेत गर्न गराउन सकिने छ । यसमा विनियोजित रकम बमोजिम कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । अध्ययन अनुसन्धानको लागि संघीय वन तथा वातावरण मन्त्रालय, वनस्पती विभाग तथा त्रिभुवन विश्वविद्यालयसँग समेत सहकार्य तथा समन्वय गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- (दश लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले TOR स्वीकृत गरेर मात्र यस कार्यक्रम संचालन गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

२ वटा संकटापन्न तथा लोपोन्मुख वनस्पति प्रजातिहरुको संरक्षण तथा व्यावस्थापन योजना तयार भई कार्यान्वयनमा जानेछ ।

## ९३. समुदायसँगको सहकार्यमा घरपालुवा पशु नश्ल सुधार केन्द्र स्थापना (स्थानीय वन समुहको सहकार्यमा)

वन क्षेत्रमा चरिचरनको अत्यधिक चाप रहेको स्थानका सक्रिय र सक्षम साझेदारी, सामुदायिक वा कबुलियती वन समूह मार्फत यो क्रियाकलाप कार्यान्वयन गरिनेछ । यस कार्यक्रम संचालनको लागि घरपालुवा पशु नश्ल सुधार केन्द्र स्थापना गर्न चाहने स्थानीय वन समूहहरुले घरपालुवा पशु नश्ल सुधार केन्द्र स्थापनाको डिजाईन तथा विस्तृत योजना सहित समितिको निर्णय र पत्र डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । पेश गरिएका डिजाईन तथा विस्तृत योजनाको आधारमा उपयुक्त वन समुहको छनौट गर्नु पर्नेछ । यस कार्यका लागि आवश्यक रेखदेख, स्याहार सम्भार लगायत सम्पूर्ण व्यवस्थापकीय कार्य सम्बद्ध वन समूहले गर्नेछ र वन कार्यालयबाट उन्नत बीउ पशु नियमानुसार खरिद गरी समूहलाई हस्तान्तरण गर्नेछ । इनब्रिडिङ्ग (Inbreeding) हुन नदिन एक समूहबाट अर्को समूहबीच (जिल्ला भित्र वा जिल्ला बाहिर) उपयुक्त समयभित्र बीउ पशु साटासाट गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ। सम्बद्ध वन समूहले पशुलाई बाली लगाउँन लाग्ने शुल्क निर्धारण गर्नेछ, जुन सकभर सहुलियत दर हुनेछ । छनौट भएको समूहले आफ्नै खर्चमा घरपालुवा पशु नश्ल सुधार केन्द्र स्थापना तथा निर्माण गर्नु पर्नेछ । निर्माण भएको घरपालुवा पशु नश्ल सुधार केन्द्रको डिभिजन वन कार्यालय र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा स्थानीय तहका पशु सेवाका प्राविधिक कर्मचारीको सल्लाह, सुझावमा उन्नत जातका विउ घरपालुवा पशु राख्न उपयुक्त ठहरिएमा डिभिजन वन कार्यालयहरुले सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ बमोजिमको सार्वजनिक खरिदको प्रकृया अवलम्बन गरी उन्नत जातको घरपालुवा विउ रागो, साढे र बोको खरिद गरी छनौट भएको समूहलाई हस्तान्तरण गर्नेछ । साथ साथै सव-डिभिजन वन कार्यालयहरुले सम्भव भए सम्म चौमासिक रुपमा स्थापित घरपालुवा पशु नश्ल सुधार केन्द्रको अनुगमन गरी सोको प्रतिवेदन डिभिजन वन कार्यालयहरुमा पेश गर्नु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आवश्यक सहयोग लिई स्थानीय वन उपभोक्ता समूहहरुसँगको सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ४५,००,०००।- (पैतालिस लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

यस आ.व. २०७७/०७८ मा १५ वटा घरपालुवा पशु नश्ल सुधार केन्द्र स्थापना भएको हुनेछ ।

## ९४. स्थानीय वन समूहहरुलाई Saw Mill स्थापना सहयोग

यस कार्यक्रमका लागि छुट्याईएको रकम डिभिजन वन कार्यालयले सामुदायिक वन उपभोक्ता समूह/साझेदारी वन समूह/कवुलियती वन उपभोक्ता समूहसँग सहकार्य गरी नयाँ सःमिल खोल्न चाहने स्थानीय वन समूहहरुलाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको प्रक्रिया अपनाई सःमिल स्थापनाको लागि बजेटको सिमा भित्र रही आवश्यक रकम उपलब्ध गराउन सकिनेछ । डिभिजन वन कार्यालयहरुले सःमिल स्थापनाको लागि तपशिल बमोजिम गर्नु पर्नेछः

- डिभिजन वन कार्यालयहरुले पत्रिकामा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।
- इच्छुक सामुदायिक, साझेदारी, तथा कवुलियती वन उपभोक्ता समूहले प्रकाशित सूचना वमोजिम व्यावसायिक योजना सहित, सःमिल स्थापना गर्ने क्षेत्रको चारकिल्ला सहित प्राविधिक तथा आर्थिक प्रस्ताव वन निर्देशनालयमा तोकिएको म्याद भित्र पेश गर्नुपर्नेछ ।
- प्राप्त व्यवसायिक योजना सहितको प्रस्तावहरुको नियमानुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्तावको छनौट गर्नुपर्नेछ। प्रस्तावहरुको मूल्याङ्कन गर्दा कच्चा पदार्थ उपलब्धताको सुनिश्चितता, लाभप्रद व्यावसायिक योजना, वातावरणीय

प्रभाव, जनसहभागीता, स्थानीय रोजगारीको सुनिश्चितता, मूल्य अभिवृद्धि क्षमता, प्रस्तावकको लगानीको प्रतिशत र सुनिश्चितता, कार्यक्रमको नवीनता तथा श्रृजनशिलता आदिको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ ।

- आवश्यकता अनुसार विज्ञहरु र प्राविधिक समिति गठन गरी वन निर्देशनालयले पश भएका प्रसतावहरुको मूल्याङ्कन गराउनु पर्नेछ ।
- अनुदान रकम सहित कुल जम्मा लगानीको कम्तीमा १० प्रतिशत रकम प्रस्तावकले लगानी गर्नुपर्नेछ ।
- प्रारम्भिक कार्य संचालन गर्न प्रथम किस्तामा ४० प्रतिशत र कार्यसम्पन्न पश्चात अन्तिम प्रतिवेदन प्राप्त भएपछि बाँकि ६० प्रतिशत रकम अनुदान स्वरुप भुक्तानी गर्नुपर्नेछ ।
- साथै अनुदान प्राप्त वन समूह छनौट भई अनुदान प्राप्त गरी सम्झौता बमोजिम कार्य तोकिएको समय भित्र सम्पन्न नभएमा त्यस्तो रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।
- कार्य सम्पन्न भएपछि प्रगतिमा निम्न कुराहरु समावेश गरिनुपर्नेछ,
  - उद्यम संचालन गर्ने वन समूहको नाम,
  - स्थापना गरिएको सःमिलको फोटो, साथै उत्पादित सामाग्रीको फोटोहरु,
  - लागत रकम र रोजगारी सिर्जना (श्रमदिन),
  - सःमिलको अवस्थिति, जग्गाको कि.नं., जि.पि.एस. लोकेशन,
  - सव-डिभिजन वन कार्यालयको कार्य सम्पन्न सिफारिस पत्र ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमका लागि जम्मा बजेट रु. ४०,००,०००।- (चालिस लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

वन समूह मार्फत २ वटा सःमिल स्थापना भई सञ्चालन भएको हुने ।

## ९५. Fire Fighting Tools Display Stand निर्माण र व्यवस्थापन

यस शीर्षकमा विनियोजित रकम आगो तथा वन डढेलो नियन्त्रणको लागि प्रयोग गर्नुपर्ने औजार तथा सामग्रीहरु व्यवस्थित तरिकाले राख्नको लागि प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही Fire Fighting Tools Display Stand को निर्माण र व्यवस्थापन गरिनेछ।

### जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालय/सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी मार्फत यस शीर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान तयार तथा स्वीकृत गराई अमानतमा समेत गर्न गराउन सकिने छ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रम संचालनको लागि बजेट जम्मा रु. ३,५०,०००।- (तीन लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

आ.व.२०७७/७८ मा जम्मा ७ गोटा नयाँ Fire Fighting Tools Display Stand को निर्माण र व्यवस्थापन हुने।

## ९६. उत्कृष्ट वन समूह पुरस्कार (सामुदायिक वन, कवुलियती वन, साझेदारी वन, धार्मिक वन र निजी वन समेत)

यस कार्यक्रम अन्तर्गत ५ किसिमका पुरस्कारहरु तोकिएका छन् (१) प्रदेशको उत्कृष्ट सामुदायिक वन पुरस्कार (२) प्रदेशको उत्कृष्ट कबुलियती वन पुरस्कार (३) प्रदेशको उत्कृष्ट साझेदारी वन पुरस्कार (४) प्रदेशको उत्कृष्ट धार्मिक

वन पुरस्कार र (५) प्रदेशको उत्कृष्ट निजी वन पुरस्कार । यस कार्विधिको अनुसूची १ देखि अनुसूची ५ सम्म उल्लेखित वन अनुगमनका मूल्याङ्कन र सूचकहरुलाई आधार मानी प्रदेश नं. १ को १४ वटा जिल्ला स्थित सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह, साझेदारी वन समूह, धार्मिक वन समूह तथा निजी वनको मूल्याङ्कन गरी डिभिजन वन कार्यालयहरुले छनौट गरिएको प्रकृयामा प्रथम हुने सामुदायिक वन उपभोक्ता समुह, कबुलियती वन समूह, साझेदारी वन समूह, धार्मिक वन समूह तथा निजी वनहरु मध्येबाट उत्कृष्ट अंक प्राप्त गर्ने वन समुहहरु तथा निजी वनलाई यो पुरस्कार प्रदान गरिने छ । साथै छनौट प्रकृयाको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले डिभिजन वन कार्यालयद्वारा उत्कृष्ट अंक प्राप्त प्रदान भएका वन समुहहरुको स्थलगत भ्रमण समेत गर्न सक्नेछ ।

माथि उल्लेखित पुरस्कारहरु प्रदान गर्न तथा निजी वन छनौट गर्नका लागि लाग्ने खर्च (सूचना सम्प्रेषण, विज्ञापन, स्थलगत भ्रमण, बैठक खर्च आदि), पुरस्कृत व्यक्ति, संस्थाको यातायात खर्च, पुरस्कार वितरण समारोह खर्च, प्रमाणपत्र तयारी र पुरस्कार राशी आदिमा खर्च गर्न सकिनेछ । साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स/स्वीकृत दररेट तथा प्रचलित ऐन नियमको पालना गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका कर्मचारीहरू परिचालन गरी यो कार्यक्रम संचालन गरिने छ । साथै डिभिजन वन कार्यालयहरु तथा निजी वन सन्जालहरू सँग आवश्यक समन्वय गरी कार्य संचालन गरिनेछ ।आवश्यक मात्रामा वन निर्देशनालयसँग समन्वय गरी कार्य संचालन गरिनेछ ।

### बजेट ब्यवस्थापन

यो कार्यक्रम संचालनको लागि जम्मा रकम रु. ७,००,०००।- (सात लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

प्रदेश स्तरमा वन संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याउने वन समूहहरु तथा नीजी वन धनीहरू पुरस्कृत भई हौसला बढ्ने

## ९७. सवारी साधन (वन संरक्षण एवं गस्ती परिचालनको लागि गाडी खरिद-चारपाङ्ग्रे)

प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी वन क्षेत्रको संरक्षण एवं गस्ती परिचालनको लागि चारपाङ्ग्रे सवारी साधन खरिद गरिनेछ । सवारी साधन खरिद पश्चात नियमानुसार स्टोर दाखिला गरी वन क्षेत्रको संरक्षण एवं गस्ती परिचालनको लागि खरिद गरिएका चारपाङ्ग्रे सवारी साधनहरु प्रयोगमा ल्याइनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. २,४५,००,०००।- (दुई करोड पैतालिस लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

यस आ.व. २०७७/७८ मा जम्मा ७ वटा चारपाङ्ग्रे सवारी साधन खरिद भई वन क्षेत्रको संरक्षण, व्यावस्थापन र अपराध नियन्त्रणमा थप सहयोग पुग्ने ।

## ९८. काठ दाउरा लोडर खरिद

यस शीर्षकमा विनियोजित रकम समेत बुँदा नं ९७ मा भएको व्यवस्था अनुसार काठ दाउरा लोडर खरिद कार्यको लागि खर्च गरिनेछ ।

**बजेट व्यवस्थापन**

काठ दाउरा लोडर खरिद कार्यको लागि बजेट रु. २५,००,०००।- (पच्चिस लाख मात्र) व्यवस्था गरिएको छ।

**अपेक्षित उपलब्धि**

आ.व. २०७७/७८ मा १ गोटा लोडर खरिद भई संकलित काठ दाउराहरु ट्रक, टयाक्टरमा लोड गर्न सहज हुने।

## ९९. मोटरसाईकल खरिद

प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी वन क्षेत्रको संरक्षण, अनुगमन तथा निरीक्षण कार्यमको लागि मोटरसाइकल जस्ता सवारी साधन खरिद गरिनेछ । सवारी साधन खरिद पश्चात नियमानुसार स्टोर दाखिला गरी प्रयोग गर्नुपर्नेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ६,४०,०००।- (छ लाख चालिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन क्षेत्रको संरक्षण, अनुगमन तथा निरीक्षणमा सहयोग पुग्ने ।

## १००. नर्सरी नाइके ज्याला

यस शीर्षक अन्तर्गतको रकम डिभिजन वन कार्यालय अन्तर्गतको स्थायी नर्सरीमा कार्यरत नर्सरी नाइकेको परिश्रमिक वापत उपलब्ध गराइने छ । विनियोजित रकमवाट मासिक न्युनतम मासिक पारिश्रमिक नपुग भए विरुवा उत्पादनको शीर्षकवाट थप गरी भुक्तानी दिन सकिने छ । भुक्तानीको लागि आर्थिक ऐन/नियम वमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, डोर हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ । निजले कार्यालयको प्रत्यक्ष निर्देशन र अधीनमा रही काम गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यस क्रियाकलाप अन्तर्गत बजेट रु. ४५,००,०००।- (पैतालिस लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

३० जना नर्सरी नाइकेहरु करारमा भर्ना भई नर्सरीमा गुणस्तरीय विरुवा उत्पादनमा सहयोग पुग्ने ।

## १०१. स्थायी नर्सरी निर्माण

डिभिजन वन कार्यालयहरुबाट बहुवर्षीय विरूवा उत्पादनको लागि स्थायी नर्सरीको निर्माण गरिने छ । प्रचलित स्वीकृत नर्म्स तथा प्रचलित दररेट बमोजिम लागत इष्टिमेट स्वीकृत गरी प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा प्रचलित ऐन नियमको परिधि भित्र रही स्थायी नर्सरी निर्माण गरिनेछ । साथै उपभोक्ता समिति तथा ठेक्का प्रथा वा बोलपत्र विधिबाट समेत यो कार्यक्रम संचालन गर्न सकिनेछ । नर्सरीमा सिंचाइको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारजालीका वार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्प्रिङकल सिचाईको व्यवस्था, हरेक व्याडमा टयागिङ्ग,

वत्तीको व्यवस्था भएको हुनुपर्नेछ । नर्सरी निर्माण गर्दा गरिएका क्रियाकलापहरुको स्पष्ट देखिने गरी रजिष्टरको व्यवस्था गरिनुको साथै नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी नामाकरण गरी Layout देखिने गरी होर्डिङ्ग वोर्ड राख्नु पर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- नर्सरी स्थापनाको औचित्य र नर्सरी स्थापना गरिएको स्थान,
- नर्सरीको बिरुवा उत्पादन क्षमता र स्थानको क्षेत्रफल,
- नर्सरीको बेड संख्या (seed bed and seedling bed), स्थापना गर्दा लागेको खर्च,
- नर्सरी स्थापना भएको स्थानको फोटो तथा नक्साहरु (नर्सरी स्थापना हुनु अघि तथा पछिको फोटो समेत ।)

### जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालय/सव-डिभिजन वन कार्यालयहरुवाट यो कार्यक्रम संचालन गरिने छ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रम संचालनको लागि बजेट रु. ७५,००,०००।- (पचहत्तर लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

आ.व. २०७७/७८ मा जम्मा १० गोटा नयाँ स्थाई नर्सरीको निर्माण भई विभिन्न वन प्रजातिका विरुवाहरु उत्पादन भएको हुनेछ ।

## १०२. नर्सरी मर्मत, सुधार तथा स्तरोन्नति

विगत वर्षहरुमा संचालित स्थायी/अस्थायी नर्सरीमा चालू आ.व मा विरुवा उत्पादन गरिने भएमा ती नर्सरीहरुको मर्मत/सुधारका लागि स्वीकृत नर्म्सको आधार लिई लागत इस्टिमेट स्वीकृत गरी सोहि बमोजिम यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र/डिभिजन वन कार्यालय/सव-डिभिजन वन कार्यालयहरुवाट यो कार्यक्रम संचालन गरिने छ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रम संचालनको लागि बजेट रु. ६७,००,०००।- (सड्सठ्ठी लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

५२ गोटा स्थायी/अस्थायी नर्सरीहरुको मर्मत/सुधार, स्तरोन्नती भई विभिन्न वन प्रजातिका विरुवाहरु उत्पादन भएको हुनेछ ।

## १०३. विरूवा उत्पादन तथा वितरण

खाली रहेको वनक्षेत्रमा बृक्षारोपण गर्न, निजी जग्गामा बिरुवा रोपी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न र बिरुवा उत्पादन गरी वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ । कुन कुन प्रजातिको बिरुवाको माग छ सोको यकिन गरी माग अनुसारको प्रजाति र संख्या एकिन गरी बिरुवा उत्पादनको योजना तय गर्नु पर्ने छ । कुन प्रजातिका बिरुवा उत्पादन गर्ने हो कार्यदिशमै स्पष्ट खुलाउनु पर्नेछ । विरुवा उत्पादन गर्दा माग भएका, गुणस्तरयुक्त र स्थानीयस्तरमा सफल भएका रुखविरुवाका बीउलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ । उत्पादन भएका विरुवा वनको खाली तथा झाडिदार क्षेत्र, सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न र विभिन्न महोत्सवहरु र निजी जग्गामा बृक्षारोपणका लागि वितरण गरिनेछ ।

साथै विरुवाका गुणस्तरीय विरुवा उत्पादन गर्न मलिलो वनको माटो लगायत उपयुक्त सामाग्री तथा प्रविधि प्रयोग गर्नु पर्दछ । विरुवा उत्पादन गर्दा Nursery bed मा अनवार्य रुपमा प्रजाति अनुसार Tagging, Seed sown date/polybag seddling transplant date अनिवार्य रुपमा राखेको हुनुपर्दछ । त्यसै गरी नर्सरीमा उत्पादन हुने

विरुवाहरुको जैविक भौतिक तथ्याङ्कहरु जस्तै seed source, presowing treatment, germination percent, plant percent, average height and diameter (at root collar region) of seedlings, तथा नर्सरीमा भएका विरुवाहरुमा गरिएको अन्य सम्पूर्ण गतिविधिहरुको तथ्याङ्कहरुको अभिलेख राख्नु पर्नेछ ।एक वर्षिय विरुवा उत्पादनको हकमा न्यूनतम ७"x३" ईन्चको पोलिब्याग प्रयोग गर्नु पर्दछ । वहुवर्षीय विरुवा उत्पादनको हकमा न्यूनतम ८"x५" ईन्चको पोलिब्याग प्रयोग गरी जम्मा न्यूनतम २ वर्ष सम्म नर्सरीमा संरक्षण तथा Hardening off गरेर मात्र वहुवर्षीय विरुवा वितरण गर्नु पर्नेछ । साथै आवश्यक पर्ने पोलिब्यागहरु खरिद गर्दा वातावरण मैत्री पोलिब्यागहरु मात्र खरिद गरी विरुवाहरु उत्पादन गर्नु पर्नेछ । साथै उत्पादित विरुवाहरु वितरण गर्दा प्राकृतिक प्रकोपमा परेका क्षेत्र तथा प्राकृतिक प्रकोप क्षेत्रमा बसोबास गर्ने स्थानीय मानिसहरुलाई पहिलो प्राथमिकतामा राखी विरुवा वितरण गर्नु पर्नेछ ।

यस शीर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान तयार तथा स्वीकृत गराई अमानतमा गर्न गराउन सकिने छ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा उत्पादित विरुवाहरुको जात, संख्या, वितरणको लगत, रोपण गरिने ठाउँको विवरण, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ।

**जनशक्ति व्यवस्थापन**

विरुवा उत्पादन (विभिन्न प्रकारका रुख, गैरकाष्ठ तथा बहुउपयोगी प्रजाति) कार्यक्रम संचालनको लागि सम्बन्धित डिभिजन/सव-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक कर्मचारी मार्फत कार्यान्वयन गरिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न कुल रकम रु. २,४३,४६,०००।- (दुई करोड त्रिचालिस लाख छयालिस हजार मात्र) बिनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

करिव ८८७.५ हजार एकवर्षिय विरुवा र ७३० हजार वहुवर्षीय विरुवा गरी जम्मा १६,१७,५०० गोटा विभिन्न प्रकारका रुख, गैरकाष्ठ तथा बहुउपयोगी प्रजातिहरुको विरुवा उत्पादन भई उत्पादित एकवर्षिय विरुवाहरु वितरण हुनेछन् ।

## १०४. विरूवा उत्पादन (रूद्राक्ष, तेजपात, लोठ सल्ला तथा अन्य विविध प्रजाति)

यस प्रकारको रूद्राक्ष, तेजपात, लोठ सल्ला जस्ता विशेष आयमूलक प्रजातिहरुको विरुवाहरुको उत्पादन समेत यसै मार्गदर्शनको बुँदा नं. १०३ बमोजिमको प्रकृया अपनाई खर्च गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

विरुवा उत्पादन लागि सम्बन्धित डिभिजन/सव-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक कर्मचारी मार्फत कार्यान्वयन गरिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्य सम्पन्न गर्न कुल रकम रु. २७,७५,०००।- (सत्ताइस लाख पचहत्तर हजार मात्र) बिनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

करिव १ लाख ८५ हजार रूद्राक्ष, तेजपात, लोठ सल्ला जस्ता विशेष आयमूलक प्रजातिहरुको विरुवा उत्पादन भई यि विरुवाहरुको वृक्षारोपण गरेर प्राप्त हुने गैह्रकाष्ठ वन पैदावरको विक्रिवितरणबाट स्थानीय मानिसहरुको आयस्रोतमा वृद्धि हेने ।

## १०५. फलफूलको विरूवा खरिद तथा वितरण

डिभिजन वन कार्यालयले कृषि सेवाका प्राविधिकसँग समन्वय गरी स्थानीय स्तरमा प्राथमिकतामा परेको वा फलफूलका लागि पकेट क्षेत्र घोषणा गरिएको हकमा उक्त क्षेत्रका लागि सिफारिस गरिएको जातको फलफूलका विरुवाहरु खरिद

गरी प्रभावकारी रुपमा रोपन कार्य गर्ने गराइने छ । यस शीर्षकमा विनियोजित रकम फलफूलको विरुवा, कलमी, कट्टिङ, ग्राफ्टिङ आदि (जस्तैः हलुवाबेद, सुन्तला, जुनार, अनार, कागती, लिची, आँप, रुखकटहर, अमला, किवी, एभोकाडो, मोरिङ्गा, स्याउ, नासपाती, भोगटे, अमिलो, ओखर, बडाजामुन, अम्वा आदि) खरिद गरी वितरण गर्नुका साथै ढुवानीमा समेत व्यहोरिन सकिनेछ । विरुवा खरिद गर्दा वन सेवाका अधिकृतस्तरका कर्मचारीको प्राविधिक प्रतिवेदनको आधारमा रोपन योग्य बहुवर्षिय फलफूल विरुवा स्वीकृत बजेट, प्रचलित बजार भाउ तथा स्वीकृत जिल्ला दररेटको आधारमा सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी बहुवर्षिय फलफूलका विरुवाहरु खरिद, ढुवानी तथा वितरण गरिनेछ। कार्यक्रम सम्पन्न गरिसकेपछी फलफूल वितरण गरिएको भर्पाई रजिष्टर सहितको प्रतिवेदन साथ आवश्यक फोटोहरु पेश गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु १,१२,००,०००/- (एक करोड बाह्र लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

स्थानीयस्तरमा विभिन्न प्रजातिका एक लाख बाह्र हजार फलफूलका विरुवा सहज रुपमा उपलब्ध भई स्थानीयहरु लावान्भित हुनेछन् ।

## १०६. विरुवा ढुवानी

उत्पादन भएका विरुवा वनको खाली तथा झाडिदार क्षेत्र, सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न र विभिन्न महोत्सवहरु र निजी जग्गामा बृक्षारोपणका लागि वितरण गर्नको लागि यस शीर्षकमा विनियोजित बजेट नर्सरीवाट बृक्षारोपण गरिने क्षेत्रसम्म विरुवा ढुवानी गर्न यो रकम खर्च गरिनेछ । प्रचलित नर्म्स र दररेटको अधीनमा रही विरुवा ढुवानी गराउन सकिने छ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा ढुवानी गरिएको विरुवाहरुको जात, संख्या, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूका कर्मचारीहरुबाट नियमानुसार उत्पादित विरुवाहरुको ढुवनी कार्य हुनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

उत्पादित बिरुवाहरु विभिन्न क्षेत्रमा ढुवानी भई वृक्षारोपण कार्यमा सहयोग पुग्ने ।

## १०७. बिरुवा वितरण वृक्षारोपण सहजीकरण भ्रमण खर्च

डिभिजन वन कार्यालय अन्तर्गतका नर्सरीबाट विरुवा वितरणको समयमा खटिने नर्सरी नाईके, वन प्राविधिक सहायक, कर्मचारीहरुलाई खाजानास्ता खर्च तथा वृक्षारोपण क्षेत्रको अनुगमन एवं प्राविधिक सहजीकरणका लागि खटिने कर्मचारीलाई नियमानुसार दैनिक भ्रमण भत्ता, इन्धन, यातायात खर्चको लागि यस शीर्षकमा विनियोजित रकम खर्च गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न पश्चात वृक्षारोपण क्षेत्रको अनुगमन तथा प्राविधिक सहजीकरणको प्रतिवेदन साथ विल भरपाई संलग्न राखी पेश गर्नुपर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरूले यस प्रकारको कार्यक्रमको संचालन गर्ने छन् ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु. ३,००,०००।- (तीन लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

उत्पादित बिरुवाहरुको वितरण तथा वृक्षारोपणमा सहजीकरण गर्न मद्दत पुग्ने ।

# १०८. बृक्षारोपण (तारबार सहित)

यस कार्यक्रम अन्तर्गत वन क्षेत्र, अतिक्रमित वन क्षेत्र, गाउँमा भएका सार्वजनिक पर्ति जग्गा एवं नदी उकासबाट प्राप्त जग्गामा वृक्षारोपण गर्न सकिनेछ । स्थानीय तहसँग सहकार्यमा, स्थानीय संघ संस्थाको परिचालन गरी, उपभोक्ता समूहको गठन गरी वा बिपन्न बर्गको समूह गठन गरी बृक्षारोपण संरक्षण एवं व्यवस्थापन समेत गर्न सकिनेछ । वन क्षेत्र बाहेकको हकमा बृक्षारोपण गर्नु अघि जग्गाको स्वामित्व भएको निकाय र संघसंस्था वा समूह बीच संझौता गर्नु पर्नेछ । वृक्षारोपण सफल बनाउन सम्भव भएसम्म सबै (बारबेर, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु आदिको) उपाय अवलम्वन गरिनु पर्नेछ । बस्ती देखि टाढा रहेका राष्ट्रिय वन एवं नाङ्गा वन क्षेत्रमा वृक्षारोपण एवं यसको व्यवस्थापन सेवा प्रदायक मार्फत समेत गर्न सकिनेछ । यस शीर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधीनमा रही लागत अनुमान तयार तथा स्वीकृत गराई अमानतमा समेत गर्न गराउन सकिने छ ।

## वृक्षारोपण क्षेत्रको कार्ययोजना

हरेक वृक्षारोपण क्षेत्रको सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी कार्ययोजना बनाईनेछ । जसमा वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, सम्वर्द्धन एवं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नु पर्दछ । कार्ययोजनामा कुन जातका के कति विरुवा कति दूरीमा लगाउने, वन व्यवस्थापन तथा संरक्षणको व्यवस्था के कसरी गर्नुपर्नेछ, वन पैदावारको बिक्री वितरणको व्यवस्था के कसरी हुने, लाभको बाँडफाँड कसरी गर्ने आदि सबै कुरा स्पष्टरुपमा उल्लेख हुनु पर्दछ । यो कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नुपर्नेछ ।

## वृक्षारोपण क्षेत्रको संरक्षण

वृक्षारोपण संरक्षणको लागि बारबेरा गर्दा सकेसम्म स्थानीयरुपमा उपलव्ध जैविक सामाग्रीहरु जस्तैः सजिवन, निलकाँडा, बाँस आदिको प्रयोग गर्नुपर्दछ र आवश्यकता अनुसार वन हेरालुको समेत व्यवस्था मिलाउनु पर्दछ । जैविक सामाग्रीहरबाट बारबेरा गर्न नसिकिने भएमा तारबार समेत लाउन सकिनेछ ।साथै नमूना वृक्षारोपण प्लट वा अनुसन्धान प्लटहरुमा समेत तारबार गर्न सकिने छ । वृक्षारोपण क्षेत्रमा वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्बन्धी तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी राख्नुपर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- वृक्षारोपण गरिएको क्षेत्रको नाम, ठेगाना र क्षेत्रफल,
- वृक्षारोपण गरिएका प्रजातिहरु र प्रजातिहरु अनुसारको बिरुवा संख्या,
- वृक्षारोपण भएको स्थानको फोटो तथा नक्साहरु (वृक्षारोपण हुनु अघि तथा पछिको फोटो समेत),
- स्वीकृत वृक्षारोपण कार्ययोजना ।

## जनशक्ति व्यवस्थापन

यस वृक्षारोपण कार्यक्रम डिभिजन वन कार्यालयहरुले स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरूको सहयोगमा संचालन गर्न सकिने छ ।

## बजेट व्यवस्थापन

यस कार्यक्रमका लागि जम्मा रु. ८९,००,०००।- (उननब्बे लाख मात्र) बिनियोजन गरिएको छ ।

## अपेक्षित उपलब्धि

(क) करिब ८९ हेक्टर राष्ट्रिय वन एवं नाङ्गा वन क्षेत्र, सार्वजनिक पर्ति जग्गा एवं नदी उकासबाट प्राप्त जग्गाहरुमा वृक्षारोपण भई हरियाली कायम हुनेछ ।

(ख) रोपण गरिएका विरूवाहरूको संरक्षणमा सहयोग पुग्ने ।

## १०९. खयरको वृहत वृक्षारोपण

सव-डिभिजन वन कार्यालयको प्राविधिक सहजीकरणमा सामुदायिक वन उपभोक्ता समूह तथा निजी जग्गा धनीले कार्यक्रम प्रस्तावना तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । सव-डिभिजन वन कार्यालयको सिफारिस साथ प्राप्त उक्त प्रस्तावनाका आधारमा डिभिजन वन कार्यालयहरुले आफ्नो कार्यक्षेत्रमा खयर प्रजातिको लागि उपयुक्त सामुदायिक वन क्षेत्र तथा व्यक्तीको निजी जग्गाको छनौट गर्नुपर्नेछ । साथै सरकारद्वारा व्यवस्थित वन तथा नदी उकास क्षेत्रमा समेत खयरको ब्रोड काष्टिङ विधिबाट वृक्षारोपण गर्न सकिनेछ । खयर प्रजातिको विउ ब्रोड काष्टिङ तरिकाबाट उपयुक्त समयमा छर्नुपर्दछ । सकभर छर्ने विउ स्थानीय स्तरमै वा सो स्थान सँग मिल्दो ठाउँवाट संकलन भएको विउ छर्नु पर्दछ । यो शीर्षकको रकम विउ संकलन, खरिद, विउ संकलनमा खटिने कर्मचारीको भत्ता, यातायात खर्च, छर्ने ठाउँमा गर्नु पर्ने Soil work, विउ छर्ने कार्य आदिमा लागत अनुमान स्वीकृत गराइ खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न पश्चात विउ छरीएको क्षेत्रको क्षेत्रफल सहितको विवरण, भए गरेका क्रियाकलाप तथा फोटो सहितको कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विलभर्पाइहरु संलग्न गरी पेश गर्नुपर्ने छ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन/सब-डिभिजन वन कार्यालय तथा स्थानीय वन समूह तथा निजी जग्गा धनीको सहयोगमा संचालन गर्न सकिने छ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमका लागि रु. १,००,०००।- (एक लाख मात्र) बजेट व्यवस्था गरेको छ ।

### अपेक्षित उपलब्धि

यस आ.व. मा खाली वन क्षेत्र, नदी उकास क्षेत्र तथा व्यक्तीको निजी जग्गाको करिब १० हेक्टर क्षेत्रमा थप खयर वनको विस्तार भएको हुनेछ ।

## ११०. विगतका आ.व. मा भएको वृक्षारोपणको पुनःरोपण

विगतको आ.व. मा सार्वजनिक क्षेत्रमा गरिएको वृक्षारोपणको अनुगमन गरी सोको प्रतिवेदनको आधारमा औचित्य हेरी वृक्षारोपण गरिएको क्षेत्रमा पुनःरोपण साथ साथै आवश्यकता अनुसार गोडमेल, घेराबेरा मर्मत र संरक्षणको कार्यमा यो शीर्षकको रकम खर्च गरिनेछ । यस कार्यमा जनसहभागीतालाई प्राथमिकता दिनु उपयुक्त हुनेछ । वन सामाजिक परिचालकरवन कर्मचारीले सार्वजनिक वृक्षारोपणको अनुगमनको क्रममा स्थलगत भ्रमण गरी तपसिलको विवरण समेटी प्रतिवेदनमा खुलाई पेश गर्नुपर्नेछ र प्रतिवेदनको आधारमा यो क्रियाकलाप संचालन गरिनेछ । स्वीकृत नर्म्सको अधीनमा रही लागत ईस्टिमेत स्वीकृत गराई विनियोजित रकम खर्च गरिनेछ ।

- रोपिएका विरुवाको प्रजाति र संख्या,
- बाँचेका प्रजाति, संख्या र अवस्था (वृक्षारोपण क्षेत्रको स्पष्ट झलक देखिने फोटोसमेत),
- गोडमेल र संरक्षणको अवस्था,
- पुनःरोपण, गोडमेल र बारबेरा मर्मत आवश्यक भएको/नभएको,
- पुनःरोपण, गोडमेल र बारबेरा मर्मतको विवरण,
- अन्य विवरण ।

### जनशक्ति व्यवस्थापन

यस कार्यक्रम डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालय मार्फत स्थानीय वन उपभोक्ता समूह, स्थानीय तह एवं सरोकारवालाहरूसँगको समन्वय तथा सहयोगमा संचालन गर्न सकिने छ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमका लागि जम्मा रु. ३,१०,०००।- (तीन लाख दश हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

करिव ३१ हेक्टर वृक्षारोपण क्षेत्रमा पुनःरोपण भई सो क्षेत्रको उचित संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन हुने ।

## १११. सडक किनार तथा सार्वजनिक जग्गामा Ornamental Plants को वृक्षारोपण केज सहित

शहरी क्षेत्रको सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण मार्फत हरियाली अभिवृद्धिका लागि विभिन्न प्रजातिका Ornamental Plants वृक्षारोपण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । डिभिजन वन कार्यालयले ठाउँ सुहाउदो उपयुक्त विरुवा छनौट गरी सडक किनार तथा सार्वजनिक जग्गामा वृक्षारोपण गर्नु पर्नेछ । स्थानीय तह तथा अन्य सरोकारवाला संघसस्थाहरुको सहयोग र समन्वयमा यो कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुनेछ । साथै यस कार्यक्रम स्थानीय तहहरु सँगको स्रोत साझेदारिमा समेत संचालन गर्न सकिने छ । वृक्षारोपणको लागि प्रचलित नर्म्स र सार्वजनिक खरिदको प्रक्रियाको अधीनमा रही डिभिजन वन कार्यालयले फलामको केज निर्माण तथा खरिद गरी रोपण गरिएको विरुवाहरुको सुरक्षा गर्नुपर्नेछ । यस शीर्षकमा उपलव्ध बजेट फलामको केज निर्माण तथा खरिद, Ornamental Plants खरिद, वृक्षारोपण सहितको फलामको केज स्थापना गर्ने कार्य समेतको लागत अनुमान स्वीकृत गराई खर्च गर्नु पर्नेछ । फोल्डिङवाला फलामको केज निर्माण गरी सो बृक्षारोपण गरिएको क्षेत्रको विरुवा हुर्किसकिपछि अर्को ठाउँमा लैजाने खालको केज निर्माण गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न पश्चात निर्माण तथा खरिद भएको फलामे केजको विवरण, संख्या, स्थापना गरिएको स्थानको विवरण, बृक्षारोपण गरिएका विरुवाहरुको विवरणको साथ साथै कार्यक्रम संचालनका फोटो एवं विल भर्पाई सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन वन कार्यालयहरूले स्थानीय तह एवं सरोकारवाला निकायहरुसँगको समन्वयमा यो कार्यक्रम कार्यान्वयन गरिने छ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. २७,००,०००।- (सत्ताइस लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

सडक किनार तथा सार्वजनिक जग्गामा बृक्षारोपण मार्फत हरियाली प्रवर्द्धन हुने ।

## ११२. स्कुल वन हरियाली कार्यक्रम

स्थानीय स्तरमा वन, वातावरण, वन्यजन्तु, जैविक विविधता र जलवायु परिवर्तनसँग सम्बन्धित विषय वस्तुहरुको वारेमा विद्यालयमा अध्यापन गराउने शिक्षक, शिक्षिका र अध्ययनरत विद्यार्थीहरुवाट जनचेतनामुलक प्रचार प्रसार कार्यक्रमहरु संचालन गरी विद्यालयलाई वातावरण मैत्री विद्यालयको रुपमा विकास गराउने उद्देश्यले यो कार्यक्रम संचालन गरिन्छ। यस कार्यक्रम सामुदायिक सरकारी विद्यालयहरुमा मात्र संचालन गरिनेछ । साथै यस कार्यक्रम अन्तर्गत सामुदायिक सरकारी विद्यालयहरुमा इको-क्लब समेत गठन गर्न सकिनेछ ।

यस्ता इको-क्लब मार्फत विद्यालय र आसपासका क्षेत्रमा निम्न कार्यक्रम संचालन गर्न सकिनेछः

- सामुदायिक सरकारी विद्यालय हाताभित्र वृक्षारोपण,
- विद्यालयमा वन तथा वातावरण संबन्धी कक्षा संचालन, श्रव्यदृष्य, पोष्टर प्रदर्शनी, सेमिनार, आदि,
- सूर्तिजन्य वस्तु, प्लास्टिकका झोला आदि विरुद्धको चेतना, ब्यक्तिगत सरसफाइको चेतनाको कार्यक्रमहरु ।

स्वीकृत बजेट र नर्म्स अनुसार लागत अनुमान तयार गरी सम्बन्धित विद्यालयसँग सम्झौता गरी यो कार्यक्रम संचालन गरिनेछ । कार्य सम्पन्न भएपछि भुक्तानी तथा फछ्र्यौटको लागि सम्झौता, कार्यसम्पन्न भएको विद्यालयको पत्र, सम्पन्न कार्यक्रमको संक्षिप्त विवरण, उपस्थित व्यक्तिहरुको विवरण, फोटो, खर्च विल भर्पाइको साथै जिम्मेवार कर्मचारीवाट अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिवेदन र फोटोहरु संलग्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन/सव-डिभिजन वन कार्यालयहरुको प्राविधिक सहयोगमा विद्यालयसँगको समन्वयमा यस कार्यक्रम कार्यान्वयन गरिने छ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. १६,५०,०००।- (सोह्र लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस आ.व. मा ३३ वटा सामुदायिक सरकारी विद्यालयहरुमा स्कुल वन हरियाली कार्यक्रम संचालन भई वन, वातावरण, वन्यजन्तु, जैविक विविधता र जलवायु परिर्वतन सम्वन्धमा विद्यार्थीहरुमा जानकारी तथा सचेतनामा अभिवृद्धि हुनेछ ।

## ११३. नगर उद्यान निर्माण

बढदो शहरीकरण सँगै नगर क्षेत्रमा वायु र ध्वनि प्रदूषणको मात्रा बढ्दै गइरहेको छ । नगर क्षेत्रमा बस्ने मानिसलाई सौन्दर्य एवं प्रदूषणमुक्त वातावरणमा केही समय बिताउन समेत त्यस्ता ठाउँको अभाव खट्केको छ । त्यसैले नगरपालिका भित्र रहेका सार्वजनिक/नदि उकास/खेर गईरहेका बाँझो जग्गा/कुनै संस्थाको स्वामित्वमा रहेको जग्गा आदिलाई स्थानीय तहसँगको समन्वयमा उद्यानको रुपमा विकास गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम संचालन गर्दा नगरपालिका, उप-महानगरपालिका तथा महानगरपालिकालाई तपसिल वमोजिमको आधारमा प्राथमिकीकरण गरी क्रमश: कार्यक्रम संचालन गरिनेछ।

**प्राथमिकीकरणका आधारहरु:**

१. सार्वजनिक पर्ती जग्गा प्रशस्त भएका,
२. नदी उकास जग्गा प्रशस्त भएका,
३. रुख विरुवा अत्यन्तै कम भएका,
४. बोट विरुवाको माग उच्च रहेको,
५. उप/नगरपालिकासँग सहकार्य हुन सक्ने ।

**सम्पन्न गर्नुपर्ने क्रियाकलापहरु:**

१. उद्यानका विकास गरिने क्षेत्रको पहिचान, छनौट एवं सर्वेक्षण
२. सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया
३. उद्यानको विस्तृत Design तथा Drawing
४. कार्ययोजना तयारी
५. पूर्वाधार निर्माण, वृक्षारोपण, गोडमेल तथा संरक्षण
६. अनुगमन, कार्यसम्पन्न प्रतिवेदन

फिल्ड स्तरवाट क्षेत्र पहिचान भई आईसकेपछि डिभिजनल वन अधिकृतले स्वयं सो क्षेत्रको स्थलगत निरीक्षण गरी जग्गाको नापजाँच गराई नक्सा तयार गर्नु गराउन पर्दछ । यस कार्यक्रम संचालन गर्दा स्कूल, कलेज, अन्य सरकारी वा संस्थानका स्वामित्व भएका जग्गालाई समेत समेट्न सकिनेछ । तर उद्यान निर्माण गर्नु अघि जग्गाको स्वामित्व भएको निकायसँग सम्झौता गर्नुपर्नेछ । आवश्यक परेमा अन्य निकायहरु सँग समन्वय गरी कार्ययोजना वनाई कार्यान्वयन गर्न सकिने छ । कार्ययोजना तयारीको काम सेवा प्रदायक मार्फत वा डिभिजन वन कार्यालय स्वयंले वा सम्बन्धित पालिकासँग समन्वय गरेर संयुक्तरुपमा वा समूह मार्फत कार्यक्रम संचालन गर्न सकिनेछ । सामुदायिक वन तथा कवुलियती वनको क्षेत्र प्रयोग गर्नै पर्ने अवस्थामा संघीय वन तथा वातावरण मन्त्रालयवाट स्वीकृत सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि, २०७५ वमोजिम गरिने छ । निर्मित कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गरी लागू गरिने छ । यो शीर्षकको रकम क्षेत्र पहिचान, सर्वेक्षण, कार्ययोजना तयारी, छलफल/अन्तरक्रियामा खाजा खर्च, आवश्यक विरुवा उत्पादन वा खरिद, विरुवा ढुवानी, वृक्षारोपण, गोडमेल, वृक्षारोपण क्षेत्रको संरक्षण (बारबेर, हेरालु, सिँचाई आदि), डस्टविन खरिद, फुलको क्यारी, विश्राम स्थल, चौतारी, शौचालय, वाल मनोरन्जन जस्ता अन्य संरचनाहरु निर्माण, होर्डङ्ग वोर्ड निर्माण, अनूगमन, इन्धन, यातायात लगायतका कृयाकलापहरुमा खर्च गर्न सकिने छ । रोपिने विरुवाहरु वहुवर्षीय, गुणस्तरीय र सौन्दर्य प्रदायक हुनु पर्नेछ । कार्यसञ्चालन भएको स्थानमा सम्पुर्ण विवरण सहितको होर्डिङ्ग बोर्ड निर्माण गरी राखुपर्ने छ । कार्यसम्पन्न भएपछि प्रतिवेदनमा सम्झौता, निर्माण सम्बन्धी विस्तृत विवरण, कार्य संचालन भएको क्षेत्रको नक्सा, संचालित कृयाकलापहरुको संचालन अघि र पछिको फोटो, खरिद वा उत्पादन भएका विरुवाको प्रजाति, संख्या, विरुवाको उचाई,

छलफल/अन्तरक्रियामा उपस्थित व्यक्तीहरुको नामावली, के कुन संरक्षणको व्यवस्था भएको हो ? सोको विवरण सहितको प्रतिवेदन र विल भर्पाईहरु पेश गर्नुपर्नेछ । कार्यक्रमको निर्माण सम्बन्धी डिजाइन तथा लागत ईष्टमेट इन्जिनियरिङ्ग तर्फका प्राविधिक र हरियाली प्रवर्द्धन सम्बन्धी लागत इष्टिमेट वन प्राविधिकले गर्नेछ । यस कार्यक्रम बमोजिमको नगर उद्यानको निर्माण उपभोक्ता समिति मार्फत तथा ठेक्का प्रथा वा बोलपत्र बिधिबाट समेत संचालन गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरुका कर्मचारी, सरोकारवाला निकायहरु, स्थानीय तह समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

- बजार क्षेत्रमा आमोदप्रमोद र मनोरञ्जनको लागि आकर्षक पार्क स्थापना हुनेछ ।
- स्वच्छ एवं शान्त वातावरणयुक्त उद्यानको निर्माण हुनेछ ।

## ११४. वन सामाजिक परिचालकको पारिश्रमिक

वन सामाजिक परिचालक छनौटको लागि डिभिजन वन कार्यालय/सव-डिभिजन वन कार्यालयले स्थानीय तहसँग समन्वय गरी वा स्थानीय तहलाई नै वन सामाजिक परिचालक छनौट गरी पेश गर्ने अख्तियारी समेत प्रदान गरी कार्यक्रम लागु हुने प्रत्येक स्थनीय तहहरुमा न्यूनतम १ (एक) जना वन सामाजिक परिचालक छनौट गरिनेछ । सम्बन्धित स्थानीय तहमा विगतमा कार्य अनुभव रहेको वन सामाजिक परिचालकलाई सोही स्थानीय तहमा छनौट गर्नुपर्दा विशेष ग्राहयता दिनुपर्नेछ। सम्बन्धित स्थानीय तहको विगतमा वन सामाजिक परिचालक भइ कार्य गरेको अनुभवी वन सामाजिक परिचालक नपाएमा नजिकको स्थानीय तहबाट पनि छनौट गर्न सकिनेछ । वन सामाजिक परिचालक सकभर विपन्न, दलित, आदिवासी जनजाती, मधेशी तथा महिलालाई प्राथमिकतामा राखी छनौट गरिनेछ । वन सामाजिक परिचालकको शैक्षिक योग्यता समान्य लेखपढ गर्न जानेको र यस विषयमा सामाजिक परिचालन गर्न सक्ने हुनुपर्नेछ । वन सामाजिक परिचालकलाई निम्न कार्यहरुको आधारमा यस शीर्षकमा विनियोजित बजेटमा तोकिए बमोजिमको मासिक पारिश्रमिक प्रदान गरिनेछ ।

वन सामाजिक परिचालकको भूमिका निम्नानुसार रहेको छः

- डिभिजन वन कार्यालय र स्थानीय तहहरुसँग आवश्यक समन्वय गर्ने
- वन तथा वातावरण सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने
- ठाऊँ सुहाउँदो प्रजाति र संख्या अनुरुप विरुवाको माग संकलन गर्ने
- विरुवा उत्पादनको नियमित निरीक्षण गर्ने र सम्झौता अनुसार विरुवा उत्पादन भएको नभएको जाँचबुझ गरी नियमित रुपमा वन कार्यालयमा प्रतिवेदन (डिजिटल र हार्डकपी) पेश गर्ने
- विरुवा वितरणको लगत राख्ने
- वृक्षारोपण गर्ने स्थल तयार गर्न सिकाउने/लगाउने
- वितरण गरिएका विरुवाको सही उपयोग भए नभएको जाँच गर्ने
- विरुवा वितरण गर्ने बेलामा नै वृक्षारोपण गर्ने तरीका सिकाउने
- वृक्षारोपण गर्ने स्थलमा सकभर उपस्थिति भई विरुवा रोप्ने तरीका सिकाउने
- वृक्षारोपण स्थलको समय समयमा निरीक्षण गरी मरेका बाँचेका विरुवाको लगत राख्ने र सो को एक प्रति डिभिजन वन कार्यालयमा पेश गर्ने
- डिभिजन वन कार्यालयले समय समयमा लाए अह्राए बमोजिमका अन्य कार्य गर्ने ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमका लागि जम्मा रु. ४४,३४,०००।-(चौवालिस लाख चौतिस हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

योग्य तथा उपयुक्त ४० जना वन सामाजिक परिचालकरु छनौट तथा भर्ना भई हरियाली प्रवर्द्धनमा सहयोग पुग्ने ।

## ११५. वन सामाजिक परिचालक प्रगति समिक्षा गोष्ठी

डिभिजन वन कार्यालय र स्थानीय तहहरुबीच पुलको रुपमा कार्य गर्ने वन सामाजिक परिचालक र वन कार्यालयबीच नियमितरुपमा सकारात्मक सम्वन्ध राखी स्थानीय स्तरमा नीजहरुबाट संचालन भइरहेका गतिविधिहरु, कामका दौरान नीजहरुले सामना गर्नुपरेका समस्याको निदान पहिल्याउन, अन्तरकृया गर्न समेत आवश्यकता अनुसार यस किसिमको प्रगति समिक्षा गोष्ठी चौमासिक रुपमा आयोजना गरिनेछ । यस शीर्षकमा विनियोजित रकम सहभागी परिचालकहरुको आतेजाते यातायत/इन्धन खर्च, गोष्ठी भत्ता, खाजा इत्यादिमा स्वीकृत नर्म्स अनुसार खर्च गर्न सकिन्छ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमका लागि जम्मा रु. १,२०,०००।- (एक लाख बिस हजार मात्र) बजेट व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

आगामी आ.व. मा संचालन हुने प्रदेश हरित अभियान कार्यक्रमको योजना निर्माण गर्न तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने ।

## ११६. वन सामाजिक परिचालकहरुलाई फिल्ड गियर

वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा सहयोग पुऱ्याउनको लागि डिभिजन वन कार्यालय अन्तर्गतका फिल्डस्तरमा कार्यरत वन सामाजिक परिचालकको लागि फिल्ड गियर जस्तै साईकल, ड्रेस आदिखरिद गरी फिर्ता गर्न नपर्ने गरी उपलब्ध गराइने छ । यस कार्यक्रम संचालन गरी फिल्ड गियर सेट खरीद गर्नको लागि प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गरिनेछ । फिल्ड गियर खरिद पश्चात नियमानुसार स्टोर दाखिला गरी फिल्डस्तरमा कार्यरत वन सामाजिक परिचालकहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. १,१२,०००।- (एक लाख बाह्र हजार मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

वन संरक्षण, व्यवस्थापन तथा कार्य सम्पादनमा समेत सहयोग पुग्ने ।

## ११७. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन

सक्षम तथा प्रभावकारी अनुगमन तथा मुल्यांकन सफल कार्यक्रम कार्यान्वयन तथा अपेक्षित प्रतिफल, असर, प्रभाव प्राप्त गर्ने भरपर्दो औजार हो । वन क्षेत्र अन्तर्गतको विभिन्न कार्यक्रमहरुको संचालनका विविध पक्षहरूको व्यवस्थापन साथै समस्याहरूको पहिचान गरी दिर्घकालीन समाधान पहिचान गरी निर्धारित प्रकृया अपनाई कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन, मुल्यांकन, निरिक्षण तथा समन्वय आवश्यक हुन्छ । अतः डिभिजन वन कार्यालयहरुवाट संचालन हुने स्वीकृत वार्षिक कार्यक्रमहरुको विभिन्न कृयाकलापहरु संचालन गर्दा नियमित रुपमा अनुगमम तथा मुल्यांकनको लागि परिचालित जनशक्तिको दैनिक भ्रमण भत्ता, यातायात खर्च तथा गाडि भाडा, कार्यक्रम

संचालनका लागि आवश्यक पर्ने सामाग्री, मसलन्द, स्टेशनरी, इन्धन, संचार लगायतमा यस शीर्षक अन्तर्गतको रकम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय तथा मन्त्रालय मताहतका वन, वन्यजन्तु तथा भू-संरक्षण क्षेत्रको सेवा प्रवाह गर्ने कार्यालयहरुका कर्मचारीहरुबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

आवश्यक पृष्ठपोषण प्राप्त भई कार्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने ।

## ११८. विरुवा संरक्षण सहयोग

अघिल्लो २०७६/०७७ आर्थिक वर्षमा तराई मधेश हरियाली विकास कार्यक्रम लागु भएका जिल्लाहरुका स्थानीय तहहरुमा डिभिजन /सव-डिभिजन वन कार्यालयबाट विरुवाहरु वितरण भई विरुवा वृक्षारोपण गर्ने जग्गाधनीहरुलाई वृक्षारोपण क्षेत्रको व्यवस्थापनमा आधारित रही बाँचेका बिरुवाको संख्याको आधारमा संरक्षण प्रोत्साहन स्वरुप प्रति विरुवा रु. २५ का दरले विरुवा संरक्षण सहयोग रकम प्रति वर्ष उपलब्ध गराइने भएता पनि यस वर्ष यो कार्यक्रम परीक्षणको रुपमा मात्र संचालन भएकोले मधेश हरियाली विकास कार्यक्रम अन्तर्गत वृक्षारोपण गर्ने जग्गाधनीहरुका धेरै विरुवाहरु भएमा प्रति विरुवा दामाशाहीका आधारले विरुवा संरक्षण सहयोग उपलब्ध गराउन सकिने छ । यो संरक्षण अनुदान तीन वर्ष सम्म उपलब्ध गराइनेछ । सम्बन्धित डिभिजन वन कार्यालयको अनुगमन प्रतिवेदन साथ सिफारिसको आधारमा वन निर्देशनालयवाट यो रकम उपलब्ध गराइने छ । वन निर्देशनालय तथा मन्त्रालयले समेत वृक्षारोपण क्षेत्रको अनुगमन गर्न सक्नेछ । वन निर्देशनालयबाट विरुवा संरक्षण सहयोग कार्यक्रम अनुगमनको फर्मेटहरु तयार तथा स्वीकृत गरी अनुगमन कार्यको लागि डिभिजन वन कार्यालयहरुमा पठाउनु पर्नेछ । यो विरुवा संरक्षण सहयोग प्राप्त गर्ने जग्गाधनीहरुले सव-डिभिजन वन कार्यालयलाई जानकारी नदिई आफ्नो खुसी यो कार्यक्रम अन्तर्गत वृक्षारोपण गरिएका विरुवाहरु मास्न तथा काट्न पाइने छैन ।

**जनशक्ति व्यवस्थापन**

वन निर्देशनालयबाट डिभिजन वन कार्यालयहरुसँगको सहकार्यमा यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १५,००,०००।- (पन्ध्र लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस विरुवा संरक्षण सहयोग रकम मार्फत वृक्षारोपण प्रति सकारात्मक सोच वृद्धि भई हरियाली प्रवर्द्धनमा सहयोग पुग्ने ।

## ११९. कार्यालयको लागि फर्निचर फिक्चर्स

प्रदेश हरित अभियान कार्यक्रम अन्तर्गतको यस शीर्षकमा विनियोजित बजेट स्थाई नर्सरी स्टोरको लागि आवश्यक पर्ने फर्निचरहरु (दराज, र्‍याग) सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी खरिद गर्न सकिनेछ । साथै सव-डिभिजन वन कार्यालयमा समेत विउ तथा प्रदेश हरित अभियान कार्यक्रम अन्तर्गतको अन्य समाग्री राख्नको लागि आवश्यक पर्ने फर्निचरहरु खरिद गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ३,६०,०००।- (तिन लाख साठी हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

प्रदेश हरित अभियान कार्यक्रम कार्यन्वयनमा सहयोग पुग्ने ।

## १२०. मोरङ सुनसरी औद्योगिक कोरिडोर क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने

सहरी वन विकास कार्यक्रम अन्तर्गत मोरङ सुनसरी औद्योगिक कोरिडोर क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने शीर्षकमा विनियोजित बजेट मोरङ, सुनसरी जिल्लाको औद्योगिक कोरिडोरमा वृक्षारोपण कार्यको लागि खर्च गर्न सकिने छ । साथै यस कोरिडिरमा संचालनमा रहेका उद्योगहरुसँगको स्रोत साझेदारीमा डिभिजन वन कार्यालयहरुवाट यो कार्यक्रम संचालन गरिनेछ । प्रचलित नर्म्स बमोजिमको स्वीकृत लागत अनुमान बमोजिम यस शीर्षकमा उपलव्ध बजेट फलामको केज निर्माण तथा खरिद, Ornamental Plants खरिद, वृक्षारोपण सहितको फलामको केज स्थापना गर्ने कार्यमा खर्च गर्न सकिने छ । वृक्षारोपण गरिएका विरुवाहरुको संरक्षण तथा रेखदेख सो वृक्षारोपण क्षेत्रको नजिकमा संचालनमा रहेका उद्योगहरुबाट गरिनेछ । कार्यक्रम सम्पन्न पश्चात निर्माण तथा खरिद भएको फलामे केजको विवरण, संख्या, स्थापना गरिएको स्थानको विवरण; बृक्षारोपण गरिएका विरुवाहरुको विवरणको साथ साथै कार्यक्रम संचालनका फोटो एवं विल भर्पाई सहितको प्रतिवेदन पेश गर्नु पर्दछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुका कर्मचारीहरुबाट यो कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रम नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल उद्योग वाणिज्य संघ, नेपाल उद्योग परिसंघ, व्यापार संगठन तथा सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा समेत संचालन गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- (दश लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

औद्योगिक कोरिडोरमा हरियाली प्रवर्द्धन भई प्रदुषण न्यूनिकरणमा सहयोग पुग्ने ।

# खण्ड २ः भू तथा जलाधार संरक्षण कार्यक्रम तर्फ

## ❖ जलाधार/उपजलाधार प्राथमिकीकरण तथा योजना तर्जुमाको कार्यविधि

- जलाधार-उपजलाधार प्राथमिकीकरण गर्दा बृहत् जलाधार ब्यवस्थापन केन्द्र र सम्बन्धित जिल्ला समन्वय समितिसँग समन्वय गरी भू उपयोग, भू प्रणाली, भू गर्भ, भिरालोपना जस्ता भू जैविक तथा जनघनत्व, सामाजिक एवं आर्थिक पक्षहरुको मानकको आधारमा जलाधार तथा उपजलाधार प्राथमिकीकरण गर्ने ।
- संवेदनशिल जलाधार ब्यवस्थापन (भू-क्षय, पहिरोग्रस्त क्षेत्र, जोखिम क्षेत्र, संवेदनशिल क्षेत्रको उपचार (Hot spot) तथा महत्वपुर्ण जलाधार क्षेत्र (जस्तो शहरी जलाधार, जलविद्युत जलाधार, पर्यावरणीय जलाधार, सिमसार क्षेत्रको जलाधार ब्यवस्थापन) लाई जलाधार तथा उपजलाधार क्षेत्र प्राथमिकीकरणमा आधार लिने ।
- साविक भू तथा जलाधार संरक्षण विभागद्वारा प्रकाशित Sub-watershed Priotization Guidelines तथा Watershed Characterizations Atrtributes हरुको उपयोग गरिने छ ।
- प्राथमिकतामा परेको जलाधार उपजलाधारहरुको स्थानीय जनसमुदाय तथा जनप्रतिनिधिहरुको सहभागीतामा सामाजिक, आर्थिक तथा प्राकृतिक स्रोतहरुको स्थिति पत्ता लगाई जलाधार संरक्षण तथा ब्यवस्थापन सम्बन्धी आवश्यकता पहिचान गरी जलप्रवाह प्रणाली, भू उपयोग, भू प्रणाली, भू गर्भ, भिरालोपना जस्ता भू जैविक तथा जनघनत्व, सामाजिक आर्थिक पक्षहरुका आधारमा जलाधार ब्यवस्थापन योजना तयार गर्ने ।
- यसरी जलाधार व्यवस्थापन योजना तयारी गर्दा भू क्षमता र भू उपयोका साथै भू क्षय, पहिरोग्रस्त क्षेत्र, जोखिम क्षेत्र, संवेदनशिल तथा जोखिमयुक्त (Hazard prone), क्षेत्रको पहिचान तथा जल भण्डारण तथा पुनर्भरण, सुख्खाग्रस्त क्षेत्रमा पानी श्रोत संरक्षण (पानी श्रोत, पोखरी, पानी सोसाउने कुलो, कन्टुर ट्रेन्च, रनअफ हारभेष्टीङ्ग ड्याम) जस्ता कार्यक्रम तथा कृयाकलापहरुको योजना तयार गरिने छ ।
- साथै जलाधार उपजलाधार योजनामा ग्रामीण सडकसँग भू-संरक्षण, सिंचाई कुलो जस्ता वातावरण मैत्री विकास, जलबायु अनुकुलन तथा समानुकुलन, लैंगिक संवेदनशिल तथा समावेशिताजस्ता अन्तरसम्बन्धित पक्षहरुलाई समेटी जलाधार उपजलाधार ब्यवस्थापन योजना तयार गर्ने ।
- जलाधार उपजलाधार योजना तर्जुमाले निर्देशित गरेका कार्यक्रमहरुको आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति न्यून भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

### कार्यान्वयन प्रक्रिया

- वस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वे तथा तथ्याङ्क संकलन डिजाईन तथा ल.ई.
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठी तथा अन्तरक्रिया, कार्ययोजना तयारी तथा कार्यान्वयन
- अनुगमन तथा मूल्याङ्कन
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।

### जनशक्ति व्यवस्थापन तथा समयसिमा

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै आवश्यक ज्ञान तथा सीपको दक्षता भएको जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- प्रथम चौमासिक सम्ममा बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी दोश्रो र तेश्रो चौमासिक भित्र आगामी आर्थिक वर्षको लागि योजना निर्माण गर्ने ।

**अपेक्षित उपलब्धि**

योजना/कार्यक्रम संचालन तथ कार्यान्वयनमा सहजता हुने ।

## ❖ योजना तर्जुमा, क्षमता विकास तथा समन्वय गोष्ठीको कार्यविधि

- कार्यक्रम सञ्चालन पुर्व योजना तर्जुमाका लागि पहिलो पटक, कार्यक्रम सञ्चालनको क्रममा आवश्यक समन्वय र सहकार्यका लागि दोश्रो पटक र सम्पन्न कार्यक्रमको समिक्षाका लागि तेश्रो पटक जिल्ला समन्वय समितिहरुसँगको सहकार्यमा समन्वय गोष्ठी सञ्चालन गरिने छ ।
- आगामी आ.व.का कार्यक्रमका योजना तर्जुमाका लागि स्थानीय स्तरमा कार्यशाला गोष्ठीहरु यस अन्तर्गत संचालन गरिने छ ।
- जिल्ला स्तरका स्थानीय तहहरु, कार्यक्रम सञ्चालनका लागि छनौट भएका स्थानीय समुदाय, तथा अन्य सरोकारबाला निकायहरुलाइ भू तथा जलाधार व्यवस्थापन कार्यक्रम बारे अभिमुखीकरण तथा शसक्तिकरणका कार्यक्रमहरु पनि यस कार्यक्रम अन्तर्गत गरिने छ ।
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय, आवश्यक ज्ञान तथा सीपको दक्षता भएका जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- आवश्यकता अनुसार तोकिएको आर्थिक वर्षको अवधिभित्र कार्यक्रम सम्पन्न गरिने छ ।

**अपेक्षित उपलब्धि**

योजना/कार्यक्रम संचालन तथा कार्यान्वयनमा सहजता हुने ।

## ❖ जोखिम क्षेत्र पहिचान, प्राथमिकीकरण र नक्साङ्कन (Hot spot/Hazard zoning/Prioritization/Mapping) कार्यविधि

- भौगोलिक अवस्थिति, जल तथा मौसमी अवस्था, जलप्रवाह प्रणाली, भू गर्भ, भिरालोपना जस्ता भू-जैविक तथा जनघनत्व, सामाजिक आर्थिक पक्षहरुका आधारमा संभावित बाढी, पहिरो तथा भू-क्षय जस्ता प्रकोपको सम्मुखता, जोखिमको स्थिति तथा समुदायहरुको प्रतिकार्य क्षमताका आधारमा जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरिने छ ।
- GIS tools को प्रयोग गरी Landslide Susceptibility Mapping गरिने छ ।
- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय अभाव वा जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

- बस्तुस्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया
- सर्वे तथा तथ्याङ्क संकलन डिजाईन तथा ल.ई.
- कार्यान्वयन चरणः फिल्ड भ्रमण, तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषण, गोष्ठी तथा अन्तरकृया, कार्ययोजना तयारी तथा कार्यान्वयन
- अनुगमन तथा मूल्याङ्कन
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय, जनशक्ति, ज्ञान तथा सीपको दक्षता न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी तेश्रो चौमासिक भित्र कार्यक्रम सम्पन्न गर्ने ।

**अपेक्षित उपलब्धि**

योजना/कार्यक्रम संचालन तथ कार्यान्वयनमा सहजता हुने ।

### ❖ जलाधार / उपजलाधार / नदी प्रणालीगत रुपमा स्थानीय तहहरुको नक्साङ्कन तथा अध्ययन अनुसन्धान कार्यविधि

- जलाधार, उपजलाधार क्षेत्रहरुमा पर्ने विभिन्न गाउँपालिका, नगरपालिका तथा वडाहरुको भौगोलिक क्षेत्र तथा जलाधारिय अवस्था (अति संवेदनशिल, संवेदनशिल र कम संवेदनशिल) अनुसार उक्त पालिकाहरुमा पर्ने भू-भागहरुको नक्साङ्कन यस कार्यक्रममा गरिने छ ।

**जनशक्ति व्यवस्थापन तथा समय सिमा**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षता भएका जनशक्तिन्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी तेश्रो चौमासिक भित्र कार्यक्रम सम्पन्न गर्ने ।
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धि**

योजना/कार्यक्रम संचालन तथ कार्यान्वयनमा सहजता हुने ।

## १२१. एकिकृत भू-स्खलन नियन्त्रण

प्रदेश नं. १ भौगोलिक हिसाबले हिमाल, पहाड र तराईमा विस्तारित रहेको र यसमा छोटो दुरीमै धेरै उचाई विविधता (६० मिटर देखि ८८४८ मिटर) का साथै भिरालो भू-भाग रहेको हुदा यस क्षेत्रका कतिपय भू भागहरु भू-क्षय, बाढी, पहिरोको उच्च जोखिममा रहेका छन् । यस क्षेत्रलाई भू-स्खलनको संवेदनशिलताको दृष्टिकोणबाट राष्ट्रिय स्तरमानै बढी संवेदनशिल मानिन्छ र यस क्षेत्रमा करीब १० घनमिटर/हे./वर्ष भू-क्षय दर रहेको अनुमान गरिएको छ । खास गरी मध्यपहाडी महाभारत तथा चुरे क्षेत्रहरुमा समस्याको रुपमा रहेको पहिरो, गल्छी, खहरे तथा यसको सम्मुखमा रहेका वस्ती समुदायका मानिसहरुको जीउ धनको रक्षा तथा महत्वपूर्ण पूर्वाधारहरुको संरक्षणका लागि यो कार्यक्रम सञ्चालन गरिने छ ।

**संभावित कार्यक्रम तथा कृयाकलापहरु**

- पहिरो उपचार (भल तर्काउने कुलो, नाला, चेक ड्याम, वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घाँस, बाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजाति विरुवा रोपण) ।
- पहिरो पूर्व सूचना प्रणाली विकास, जडान परीक्षण ।
- गल्छि नियन्त्रण (भल तर्काउने कुलो, नाला, चेक ड्याम, वाल, बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घास, वाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजाति विरुवा रोपण) ।
- क्षतिग्रस्त भूमि पुनरुत्थान (भल तर्काउने कुलो, नाला, चेकड्याम, वाल, आकासे पानी संकलन पोखरी बायोईन्जिनियरिङ्ग प्रविधिका लागि घास, वाँस, अम्रीसो लगायतका बुट्यान तथा रुख प्रजातिका विरुवा रोपण)।

- **कार्यगत ईकाईः** प्रभावित क्षेत्र, सो को जलप्रवाह प्रणाली (खोला, खहरे, गल्छि) र सम्मुखमा रहेका वस्ती समुदायलाई कार्यक्रम सञ्चालनका लागि ईकाई मानी कार्य गरिने छ । यसमा प्रभावित क्षेत्रको लागि उपयुक्त भू-उपयोगका उपायहरु देखि जैविक, संरचनात्मक, बायोईन्जिनियरिङ्ग प्रविधिहरुको प्रयोग गरी उपचार गरिने छ । कार्यक्रम निर्माणको प्रारम्भ देखि नै प्रभावित जनसमुदायलाई सहभागी गराईने छ ।
- **प्राथमिकीकरणः** मानवीय कृयाकलापका कारण सृजित पहिरो तथा भू-क्षय स्थल तथा प्रत्यक्ष रुपमा मानव बस्ती र मानवको जिउ धनको रक्षासँग जोडीएका पहिरो तथा भू-क्षय स्थलहरुको उपचारमा प्राथमिकता दिईने छ भने भौगर्भिक कारणले सृजित प्राकृतिक पहिरोहरु कम प्राथमिकतामा रहने छन र प्रत्यक्ष रुपमा मानवीय जोखिम र महत्वपुर्ण पूर्वाधार (जलविद्युत जलाशय, महत्वपुर्ण सडक) को क्षति हुने प्रकोपहरु बढि प्राथमिकतामा रहने छन् ।

## कार्यान्वयन प्रकृया

- **स्थल छनौटः** सरोकारवालाहरु सँग छलफल तथा परामर्श लिई प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्ने स्थल छनौट गरिने छ ।
- सरोकारवालाहरुसँग अन्तरकृयाः प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको जलप्रवाह प्रणाली (खोला, खहरे, गल्छि) र सम्मुखमा रहेका वस्ती समुदाय त्यस क्षेत्रमा रहेका वडाका प्रतिनिधिहरु, उपभोक्ता समूह-समिति तथा अन्य सरोकारवाला निकायहरुसँग कार्यक्रम कार्यान्वयन तथा संचालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहकार्यका लागि छलफल गरिने छ ।
- सर्वे डिजाईन तथा ल.ई.ः यसमा स्थलगत नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भु उपयोग देखीने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाइ, गहिराई, माटो तथा भू बनौट, प्रकोपको प्रकृति (Mud flow, debirs flow, Gulley Erosion size etc) तथा प्रभावित हुने घर परिवार, संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुने छन् ।
- सम्बन्धित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठन गरिनेछ । साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।
- उपभोक्ता समितिसँग कार्य सम्झौता, श्रोत, साधन, जनसहभागीता आदि परिचालन, सम्पन्न योजना समूहलाई हस्तान्तरण गरिने छ ।
- इन्जिनियरिङ्ग संरचना निर्माण र संरक्षण तथा वृक्षारोपण गरिने छ ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिने छ ।
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।

## जनशक्ति व्यवस्थापन तथा समयसिमा

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान, समय, सीप तथा दक्षजनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु तथा तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

## बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि जम्मा रु. ५,९५,००,०००।- (पाँच करोड पन्चानब्बे लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

## अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट विभिन्न स्थान गरी जम्मा ४० वटा गल्छी/पहिरो नियन्त्रण भएको हुनेछ ।

## १२२. सडकसँग भू-संरक्षण

ग्रामीण क्षेत्रहरुमा तिब्रतर रुपमा ग्रामीण सडकको पूर्वाधार निर्माणका कार्यहरुले ठूलो परिमाणमा भू-स्खलन गराएको कारणले जैविक विविधता, भू-उपयोग प्रणाली तथा विविध क्षेत्रमा नकारात्मक असर बढ्दै गईराखेको सन्दर्भमा उक्त कार्यबाट हुनसक्ने जोखिम न्यूनीकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । ग्रामीण सडकको भू-स्खलन रोकथामका लागि अवलम्बन गरिने प्रविधिलाई प्रदर्शन स्थलको रुपमा विकास गरी प्रवर्द्धन गरिनेछ र विकसित प्रविधिलाई क्रमशः प्रदेश, स्थानीय तह सम्म हस्तान्तरण गरिनेछ ।

यस कार्यक्रममा वायो ईन्जिनियरिङ्ग प्रविधिबाट सडकको दायाँवायाँ हरियाली प्रवर्द्धन तथा भिरालो पाखो संरक्षणका लागि जैविक र संरचनात्मक निर्माण कार्य, सडक आसपासका वस्ती र मानवीय जोखिमयुक्त स-साना पहिरो उपचार, गल्छि खोल्सी नियन्त्रण तथा सो सम्बन्धी कुलो नाला निर्माण, सुरक्षित भल पानीको निकास जस्ता कार्यहरु पर्दछन् भने यस कार्यक्रममा सडक निर्माण वा स्तरोन्नतिका उद्देश्यले निर्माण हुने सडकको नाला निर्माण, वाल निर्माण जस्ता कार्यहरु यसमा समावेश हुने छैन ।

### कार्यान्वयन प्रक्रिया

- स्थल छनौट
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया
- सर्वे डिजाईन तथा ल.ई.

**कार्यान्वयन चरणः** सम्बन्धित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठन गरिनेछ । साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

- उपभोक्ता समिति गठन, निर्देशिका तयारी, स्थानीय समुदायलाई हस्तान्तरण
- अनुगमन तथा मूल्याङ्कन

### जनशक्ति व्यवस्थापन तथा समयसिमा

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै समय, ज्ञान, सीप तथा दक्ष जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु तथा तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि रु. ८०,००,०००।- (असी लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

### अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट विभिन्न स्थान गरी जम्मा ८ कि.मि. सडक संरक्षण भएको हुनेछ ।

## १२३. एकीकृत सुख्खा क्षेत्र व्यवस्थापन

प्राकृतिक, मानवीय तथा जलवायुजन्य कारणले यस प्रदेशका विभिन्न स्थानहरुमा पानिश्रोतहरु सुक्दै गई सुख्खा क्षेत्रको रुपमा परिणत भैरहेको अवस्थालाई सम्वोधन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । पानीको मुलहरुको संरक्षण गर्दै परम्परागत पोखरीहरुको संरक्षण गर्ने, पुरेका पोखरी पूनरुत्थान गर्ने, गाउँघरको बाटोमा बग्ने भललाई संकलन गर्ने पोखरी बनाई वढी भएको पानीलाई खोला खोल्सीमा सुरक्षित निकास बनाउने, मध्यम भिराला बारी (१५ देखी २१ डीग्री ढलान कोण सम्मका लाई) सम्भव भए सम्म गह्राहरु सुधार गर्ने, नभए बीचमा विरुवाको हेज रो बनाउने, नाङ्गो क्षेत्र, बुट्यान क्षेत्रमा उपयोगी विरुवाहरुको बृक्षारोपण गर्ने, बृक्षारोपण गर्दा अर्ध चन्द्राकार आकारमा १.५ देखि २ मि. को आँखी भौ जस्तो वर्षे पानी संकलन गर्ने दुनो बनाई त्यसको मुनीबाट विरुवा रोप्ने, वहुवर्षीय फलफूल तथा डालेघाँसका विरुवाहरु ३-४ फिटको हुर्केको मात्र रोप्ने, हरित क्षेत्र कायम राख्न जमीनलाई बाक्लै

घास पात लगउने, खेती गर्दा मल्चिङ गर्ने र खेतीवारी संरक्षण गर्ने । कार्यक्रम संचालन गर्न निम्न उपायहरु अवलम्वन गरिने छ ।

- **खानेपानी योजना सञ्चालन गर्दा**

खानेपानीको योजनामा पाइप, टंकी, धारामात्र होइन पानीको मुल र मुहान संरक्षणको कार्य पनि समावेश गरिने छ।

- **वन व्यवस्थापन गर्दा**

पानी मुहानको जलाधार क्षेत्रमा सल्लाको एकल प्रजाति भएको वनलाई चौडापाते मिश्रीत वनको रुपमा क्रमिक रुपमा रुपान्तरण गर्न डिभिजन वन कार्यालय सँग समन्वय गर्ने, सामुदायिक वन भए कार्य योजनामा समावेश गरी योजना बनाउने तथा स्थानीय तह र डिभिजन वनको सहकार्यमा कार्यक्रम संचालन गरिने छ ।

- **सुख्खा क्षेत्रमा कृषिमा अनुकुलनका कार्य संचालन गर्दा**
  - जमीन ओशिलो राख्न जलाधार संरक्षणका विशेष कार्यहरुमा माथि उल्लेखित कार्यहरु गरिने छ ।
  - खोला खोल्सीमा वर्षे भल पानी संकलन पोखरी बनाइ सिंचाइ गरिने छ ।
  - खेतवारी संरक्षण गरिने छ ।
  - सिंचाइ हुन नसक्ने पाखो बारीहरुमा सुख्खा खप्ने बालीहरुको जात पहिचान तथा प्रवर्द्धन (घैया धान, जुनेलो, कागुना, सितल चिनी, सैजुन), फापर, अदुवा, बेसार, गहत पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
  - बाली विविधिकरण (कृषि, पशुपालन, मसलाबाली, कन्दमुल, फलफूल) गरिने छ ।
  - सामुदायिक बिउ बैंकको स्थापना गरिने छ
  - पानी फारो सिंचाई प्रविधि, थोपा सिंचाइ, जुठेलो सिंचाई जस्ता कार्यलाई जोड दिईने छ ।
  - बोरा खेती, समुच्च रेखामा खेती (Contour Trench Farming) गरिने छ ।
  - मल्चिंग (छापो खेती) लाई वढावा दिईने छ साथै संरक्षण खेतीपाती गरिने छ ।
  - बहुवर्षिय फलफूल तथा डालेघाँस/भुईघाँसको विरुवाहरु रोपण गरी कम खनजोत गर्नुपर्ने वालि लगाउने ।

## कार्यान्वयन प्रक्रिया

- स्थल छनौट
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वे डिजाईन, ल.ई. तथा उपभोक्ता समितिसँग कार्य सम्झौता
- कार्यान्वयन चरणः श्रोत, साधन, जनसहभागीता आदि परिचालन, सम्पन्न योजना समूहलाई हस्तान्तरण
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रमको हरेक चरणमा)

## जनशक्ति व्यवस्थापन तथा समयसिमा

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै ज्ञान तथा सीपको दक्षता तथा जनशक्ति न्यून भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- प्रथम र दोश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी दोश्रो र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

## बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि रु. ३,१५,००,०००।- (तीन करोड पन्ध्र लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

## अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट २१ वटा स्थानमा एकीकृत सुख्खा क्षेत्र व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ ।

## १२४. सिमसार/पोखरी जलाधार व्यवस्थापन

राष्ट्रिय सिमसार नीति २०६९ सिमसार र पोखरीहरुको व्यवस्थापनको मुख्य मार्गदर्शन हो । यी सिमसारहरु सतहपानीको स्रोत मात्रै नभई भूमिगत जल पुनर्भरणको माध्यम समेत हुन । जैविक विविधता, साँस्कृतिक महत्व र पर्यटकीय सम्भावना समेत भएका यस प्रदेशमा रहेका सिमसारहरुको नक्शांकन र अभिलेखीकरण गरी प्राथमिकताको आधारमा क्रमशः संरक्षण र व्यवस्थापनको कार्य यस अन्तर्गत गरिने छ । तालतलैया, पोखरी तथा सिमसार क्षेत्रहरुमा उपल्लो तटीय क्षेत्रबाट पुग्न जाने सम्भाव्य थिग्रिकरणको असरलाई न्यूनीकरण गरी सिमसार क्षेत्रको वातावरणीय स्वच्छता कायम गर्नु यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ । सम्बन्धित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठन गरिनेछ । साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।

यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन प्रक्रिया अपनाइने छ ।

**कार्यक्रमहरु**

- भू स्खलन रोकथाम (गल्छी/पहिरो)
- तटबन्धन निर्माण
- ग्रामीण सडक संगै भू-संरक्षण तथा हरियाली प्रवर्द्धन
- मुलाधार पहिचान तथा संरक्षण प्याकेज कार्यक्रम
- मुलपानी व्यवस्थापन तथा जलाधार संरक्षण पोखरी निर्माण
- कृषि योग्य भूमिको व्यवस्थापन
- कम खर्चिलो तथा वायो इन्जिनियरीङ्ग प्रविधिको प्रवर्द्धन
- संरक्षणमा स्थानीय सरोकारवालाहरुको क्षमता अभिवृद्धि र समन्वयका कार्यहरु
- अध्ययन अनुसन्धान
- वृक्षारोपण
- सरोकारवालाहरुसँग अन्तरकृया (तालीम-गोष्ठी)
- संरक्षण समिति गठन तथा शसक्तिकरण

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया
- सर्भे डिजाईन तथा ल.ई.
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, निर्देशिका तयारी, स्थानीय समुदायलाई हस्तान्तरण
- अनुगमन तथा मूल्याङ्कन

### जनशक्ति व्यवस्थापन तथा समयसिमा

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि रु. ६०,००,०००।- (साठी लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट जम्मा १२ वटा सिमसार/पोखरीको जलाधार संरक्षण भएको हुनेछ ।

## १२५. शहरी जलाधार व्यवस्थापन

शहरी क्षेत्रका समुदायको आवश्यकता र सो क्षेत्रसँग जोडिएको उपल्लो तहको पानी ढलोले घेरिएको जलाधार क्षेत्रको संवेदनशिलतालाई सम्बोधन गर्ने गरी मूलभूत रुपमा एकीकृत जलाधार व्यवस्थापनको माध्यमद्वारा भू-स्खलनमा

न्यूनीकरण गर्दै कृत्रिम रुपमा पानीको मात्रालाई बढोत्तरी गर्नु कार्यक्रमको मूख्य उद्देश्य रहेको छ । यस अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिने छः

- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग अन्तरकृया
- संरक्षण समूह पहिचान र सशक्तिकरण
- थिग्रीकरण रोकथाम संरचना निर्माण
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास
- पानी श्रोतको अवस्था सर्वेक्षण अध्ययन
- वातावरणीय अध्ययन तथा नियमित अनुगमन-मूल्यांकन
- वृक्षारोपण तथा पुन रोपण
- संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन
- पानीढल-बर्षाझरी तथा वहाव संकलन पोखरी
- गल्छीवहाव नियन्त्रणको लागि चेक ड्याम निर्माण
- क्षतिग्रस्त भूमी पुनरुत्थान-खेतीवारी संरक्षण
- भू उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम
- वातावरणीय सेवा, जलाधारीय सेवा भूक्तानी प्रणालीको विकास

**कार्यान्वयन प्रक्रिया**

- स्थल छनौट
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वे डिजाईन तथा ल.ई.
- कार्यान्वयन चरणः सम्बन्धित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठन गरिनेछ । साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।
- उपभोक्ता समिति गठन, निर्देशिका तयारी, कार्यक्रम कार्यान्वयन, स्थानीय समुदायलाई हस्तान्तरण
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।
- अनुगमन तथा मूल्याङ्कन

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५०,००,०००।- (पचास लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न स्थान गरी जम्मा ३ वटा शहरी जलाधारको व्यवस्थापन तथा संरक्षण भएको हुनेछ ।

## १२६. जलवायु परिवर्तन अनुकुलन नमुना गाउँ कार्यक्रम (Climate Smart Village)

जलवायु परिवर्तनको चुनौतीहरुसँग सामना गर्दै अनुकलन तथा न्यूनीकरणका क्रियाकलापहरुलाई प्रवर्द्धन गर्ने र समुदायको समानुकुलन क्षमता बढाउने उद्देश्य अनुरुप संघीय 'जलवायु अनुकुलित गाउँ कार्यक्रम संचालन कार्यविधि, २०७३' बमोजिम जलवायू अनुकुलित विविध कार्यक्रमहरु संचालन गरिने छ ।

## कार्यान्वयन प्रकृया

- स्थल छनौट
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया
- सर्वे डिजाईन तथा ल.ई.
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, निर्देशिका तयारी, स्थानीय समुदायलाई हस्तान्तरण
- अनुगमन तथा मूल्याङ्कन

## जनशक्ति व्यवस्थापन तथा समयसिमा

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन तथा सम्पन्न गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

## बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि रु. ८०,००,०००।- (असी लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

## अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट ८ वटा गाउँमा जलवायु परिवर्तन अनुकुलनका कार्यक्रम संचालन भएको हुनेछ ।

# १२७. बायो इन्जिनियरीङ्ग खोला किनारा संरक्षण

नदी किनारा स्थिरिकरण, आर्थिक र सामाजिक सुरक्षाको दृष्टिकोणले संबेदनशील रहेको छ । यो कार्य संचालन गर्दा बायोइन्जिनियरिङ्ग प्रविधिलाई बढी प्राथमिकता दिनु पर्छ । साथै स्थानीय उपभोक्ताको सहभागीता र सहकार्य लाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ । बायोइन्जिनियरिङ्ग बाहेकका संरचना जस्तै तट्बन्ध, स्पर र चेकड्याम निर्माण गर्नु पर्ने भएमा नदी, खोलाको बहाव क्षेत्रको लागि आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी मात्र निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रुपमा आवश्यक पर्ने लंचिंङ एप्रोन, स्टड र स्परहरुको अनिवार्य व्यवस्था गर्नु पर्नेछ । निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि नदीको दुवै किनारमा हरित पेटिका निर्माण गर्नु पर्नेछ ।

## कार्यान्वयन प्रक्रिया

- स्थल छनौट, आधारभूत तथ्याङ्क संकलन
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया
- सर्वे डिजाईन तथा ल.ई.
- कार्यान्वयन चरणः सम्बनधित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठन गरिनेछ । साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ।
- उपभोक्ता समिति गठन, सम्झौता, कार्यसंचालन
- अनुगमन तथा मूल्याङ्कन

## जनशक्ति व्यवस्थापन तथा समयसिमा

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

➢ प्रथम चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन तथा सम्पन्न गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ९,४५,००,०००।- (नौ करोड पैतालिस लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न स्थान गरी ३४.५ कि.मि. खोला किनारा संरक्षण भएको हुनेछ ।

## १२८. आकस्मिक भू-संरक्षण कार्यक्रम

आकस्मिक रुपमा आइपर्ने विपदले व्यक्तिको घरवार नै उठिवास हुने अवस्था भई पिडित व्यक्तिले उपभोक्ता समिति वनाई राहत प्राप्त गर्न कठिनाई हुने अवस्थामा पिडित व्यक्तिलाई कार्यालयवाट तत्काल राहत उपलव्ध गराउनका लागि यो कार्यक्रम अमानताट संचालन गरिने छ ।

**कार्यान्वयन प्रक्रिया**

➢ पिडितको माग निवेदन संकलन
➢ स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन
➢ बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया
➢ सर्वे डिजाईन तथा ल.ई.
➢ कार्यान्वयन चरणः कार्यालय मातहतका कर्मचारी वाट कार्य संचालन
➢ कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।
➢ अनुगमन तथा मूल्याङ्कन

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

➢ भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
➢ दोश्रो र तेश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ९०,००,०००।- (नब्बे लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न १३ स्थानमा आकस्मिक भू-संरक्षण सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ ।

## १२९. संवेदनशिल क्षेत्र भू-संरक्षण कार्यक्रम

भू-संरक्षणको दृष्टिकोणले अति संवेदनशिल क्षेत्रमा समस्याको प्रकृति हेरी उपयुक्त कार्यक्रम संचालन गर्न सकिन्छ । खास गरी मध्यपहाडी, महाभारत तथा चुरे क्षेत्रहरुमा समस्याको रुपमा रहेको पहिरो, गल्छी, नदी कटान नियन्त्रण, खहरे तथा यसको सम्मुखमा रहेका वस्ती समुदायका मानिसहरुको जीउ धनको रक्षा तथा महत्वपूर्ण पूर्वाधारहरुको संरक्षणका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ । साथै सव-डिभिजन वन कार्यालयको सिंगिया खोला मुहान संरक्षण र ताप्लेजुङ डिभिजन वन नर्सरी को पहिरो नियन्त्रण कार्यक्रम समेत यहि शीर्षक अन्तर्गत खर्च गर्न सकिनेछ ।

**कार्यान्वयन प्रक्रिया**

➢ पीडितको माग निवेदन संकलन

- स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया
- सर्वे डिजाईन तथा ल.ई.
- कार्यान्वयन चरणः सम्बनधित वडा कार्यालयको सिफारिशमा उपभोक्ता समिति गठन गरिनेछ । साथै समूहले प्रस्ताव गरेको जम्मा बजेटको कम्तीमा १०% रकम समूह आफैले ब्यहोर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ । उपभोक्ता समितिबाट काम गराउन नसकिने देखिएमा कार्यालय मातहतका कर्मचारी वाट कार्य संचालन गरिनेछ।
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ ।
- अनुगमन तथा मूल्याङ्कन

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- दोश्रो र तेश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १,२५,००,०००।- (एक करोड पच्चिस लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट आवश्यक परेको ८ स्थानमा भू तथा जलाधार संरक्षण सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ ।

## १३०. विरुवा उत्पादन/खरिद तथा वितरण

यस कार्यक्रम अन्तर्गत आवश्यक स्थानमा बृक्षारोपण गर्नको लागि साथै स्थानीय उपभोक्ताहरुलाई आ-आफ्नो निजि जग्गामा बृक्षारोपण गर्नको लागि विरुवा वितरण समेतको लागि उपभोक्ताको चाहना तथा भू-संरक्षण को हिसावले महत्वपूर्ण गुणस्तरीय विरुवा उत्पादन र निःशुल्क वितरण गरिने छ । विशेष परिस्थिति (भौगोलिक विकटता तथा अन्य पूर्वाधार र जनशक्ति अभाव जस्ता कारण) कारणवस नर्सरीमा विरुवा उत्पादन गर्न सम्भव नभएमा उपभोक्ताको चाहना तथा भू-संरक्षण को हिसावले महत्वपूर्ण गुणस्तरीय विरुवा खरिद गरी निशुल्क वितरण गरिने छ । साथै विरुवाका गुणस्तरीय विरुवा उत्पादन गर्न मलिलो वनको माटो लगायत उपयुक्त सामाग्री तथा प्रविधि प्रयोग गर्नु पर्दछ । विरुवा उत्पादनको लागि विनियोजित रकम यसै मार्गदर्शनको बुँदा नं. १०३ बमोजिम खर्च गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २०,००,०००।- (बिस लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न नर्सरीबाट करिब २ लाख विभिन्न प्रजातिका विरुवा उत्पादन तथा खरिद भएको हुनेछ ।

## १३१. फलफूलको विरूवा खरिद तथा वितरण

यस शीर्षकमा विनियोजित रकम समेत यसै मार्गदर्शनको बुँदा नं. १०५ मा भएको व्यवस्था अनुसार खर्च गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि जम्मा रु २०,००,०००/- (बिस लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

स्थानीयस्तरमा विभिन्न प्रजातिका २० हजार फलफूलका विरुवा सहज रुपमा उपलब्ध भई स्थानीयहरु लावान्भित हुनेछन् ।

## १३२. चुरे तथा नदी प्रणाली संरक्षण

चुरे तथा तराई मधेशका वसिन्दाको जनजीविकाको आधार तथा कृषिका लागि आवश्यक पानीको स्रोत चुरे क्षेत्रको पर्वतीय पारस्थितीकीय प्रणालीमा आधारीत छ । अन्य प्रदेशमा झै प्रदेश नं. १ मा पनि चुरेको पयार्वरणीय तथा पारस्थितिकीय प्रणालीमा भएका विनाशले भावर, तराइ-मधेश, भित्री मधेशको जीवन संकटमा पर्दै गएको छ । चुरेमा भएको विनाशकै कारण वर्षाका समयमा अत्याधिक वाढी आउने, भू क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरु समग्र चुरे तराई मधेशमा देखिएका छन् । यसले गर्दा कृषिमा आधारित हाम्रो अर्थतन्त्रमा कृषि उत्पादनमा क्रमश कमी आइ ठुलो जोखिम निम्त्याइरहेको छ । यी समस्याहरुको सम्बोधन गर्नका यस कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन प्रकिया अपनाइने छ । साथै कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ।

| कार्यक्रमहरु | कार्यान्वयन प्रक्रिया |
|---|---|
| ➢ गल्छि पहिरो भू क्षय नियंत्रण<br>➢ बायो ई.खोला तथा खहरे किनारा स्थिरीकरण-व्यवस्थापन<br>➢ थिग्रिकरण छेकबाध संरचना निर्माण<br>➢ पानी भण्डारण तथा भूमीगत पानी पुनर्भरण संरचना निर्माण<br>➢ संरक्षण बृक्षारोपण<br>➢ पानी स्रोत संरक्षण तथा भूमीगत जल उपयोग | ➢ पिडितको माग निवेदन संकलन<br>➢ स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन<br>➢ बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया<br>➢ सर्भे डिजाईन तथा ल.ई.<br>➢ कार्यान्वयन चरणः कर्मचारी वाट कार्यसञ्चालन |

### जनशक्ति व्यवस्थापन तथा समयसिमा

- जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रमको लागि रु. २०,००,०००।- (बिस लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

### अपेक्षित उपलब्धि

यस कार्यक्रमबाट विभिन्न २ स्थानमा चुरे तथा नदी प्रणाली संरक्षण सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ ।

## १३३. भावर क्षेत्रमा रहेका पानीमुहान, सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन

चुरे र तराई मधेशका विचमा रहेको भावर क्षेत्रका वसिन्दाको जनजीविकाको आधार तथा कृषिका लागि आवश्यक पानीको स्रोत चुरे क्षेत्रको पर्वतीय पारस्थितीकीय प्रणालीमा आधारीत छ । अन्य प्रदेशमा झै प्रदेश नं. १ मा पनि चुरेको पयार्वरणीय तथा पारस्थितिकीय प्रणालीमा भएका विनाशले भावर क्षेत्रको जीवन संकटमा पर्दै गएको छ । चुरेमा भएको विनाशकै कारण वर्षाका समयमा अत्याधिक वाढी आउने, भू क्षय, नदी कटान, जमीन मुनिको पानीको सतह घट्ने, पानीका मुहानहरु सुक्दै जाने जस्ता असरहरुसमग्र चुरे भावर तथा तराई मधेशमा देखिएका छन् । यी समस्याहरुको सम्बोधन गर्नका लागि भावर क्षेत्रमा रहेको पानीको श्रोत तथा सिमसार संरक्षण कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन हुने छ ।

- पानी भण्डारण तथा भूमीगत पानी पुनर्भरण संरचना निर्माण
- संरक्षण बृक्षारोपण
- पानी स्रोत संरक्षण तथा भूमीगत जल उपयोग

### कार्यान्वयन प्रक्रिया

- पिडितको माग निवेदन संकलन

- स्थल छनौट, आधारभुत तथ्याङ्क संकलन
- बस्तु स्थितिको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरकृया; सर्वे डिजाईन तथा ल.ई.
- कार्यान्वयन चरणः कार्यालय मातहतका कर्मचारी वाट कार्यसञ्चालन
- कार्यक्रम सम्पन्न पछि प्रगतिमा फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ।
- अनुगमन तथा मूल्याङ्कन

**जनशक्ति व्यवस्थापन तथा समयसिमा**

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित नियमानुसार सेवा प्रदायक बाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- दोश्रो चौमासिक सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्वे डिजाईन तथा ल.ई. सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी समेत दिने प्रयास गरिनेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. २०,००,०००।- (बिस लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न २ स्थानमा खानेपानीका श्रोत तथा सिमसार संरक्षण सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ ।

## १३४. संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख

यस कार्यक्रम अन्तर्गत निर्मित संरचनाहरु, बृक्षारोपण क्षेत्र, नर्सरीको व्यवस्थापनमा थप निर्माण कार्य लगायत अन्य आवश्यक रेखदेखको लागि जनशक्ति तथा स्रोतको व्यवस्थापन गरिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १९,००,०००।- (उन्नाइस लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न ९ स्थानको लागि व्यवस्थापन तथा रेखदेख सम्बन्धी क्रियाकलप संचालन भएको हुनेछ।

## १३५. समन्वयात्मक गोष्ठी

यस कार्यक्रम अन्तर्गत जलाधार व्यवस्थापनको क्षेत्रमा काम गर्ने संघ संस्था उपभोक्ता समूह सँग कार्यक्रमको वारेमा छलफल राय सुझाव तथा समन्वयको लागि गोष्ठी संचालन गरिने छ । यस शीर्षकको रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हल भाडा, प्रशिक्षक भत्ता, तालीम संचालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार विस्तृत योजना बनाई खर्च गर्न सकिनेछ । सम्भव भए सम्म आफ्नै कार्यालयको हलमा तालीम संचालन गर्नु पर्नेछ।

कार्य सम्पन्न भए पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछ ।

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य
- तालीम संचालन भएको स्थान र मिति देखिने तालीमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि सहितको प्रतिवेदन
- कार्यक्रमको भौतिक र आर्थिक प्रगति

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ५,००,०००।- (पाँच लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न स्थानको लागि १० वटा गोष्ठी संचालन भएको हुनेछ ।

## १३६. अनुगमन, मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च

यस क्रियाकलापमा विनियोजित रकम यसै मार्गदर्शनको बुँदा नं. ११७ बमोजिम र कार्यक्रम कार्यान्वयन भ्रमणको लागि समेत खर्च गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. १४,००,०००।- (चौध लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट पटक पटक गरी जम्मा १४० पटक अनुगमन तथा मूल्याङ्कनको कार्य संचालन भएको हुनेछ ।

## १३७. प्रचार/प्रसार सामाग्री उत्पादन/वितरण

यस कार्यक्रम अन्तर्गत जलाधार व्यवस्थापन सम्बन्धी सचेतनामुलक सूचना प्रवाहको लागि पोष्टर, पम्पलेट, सूचना आदि तयार गरी प्रचार/प्रसार गरिने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ४,००,०००।- (चार लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न किसिमका १००० प्रती प्रचार/प्रसार सामाग्री उत्पादन तथा वितरण भएको हुनेछ ।

## १३८. दिवस, समारोह, सप्ताह (वातावरण दिवस, जैविक विविधता, बन डढेलो सप्ताह आदि)

यस कार्यक्रममा विनियोजित रकम यसै मार्गदर्शनको बुँदा नं. ५८ बमोजिम खर्च गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २५,०००।- (पच्चिस हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन, वातावरण, जैविक विविधता, तथा जीवजन्तुको संरक्षण तथा व्यवस्थापनको सम्वन्धमा सचेतना अभिवृद्धि हुने ।

## १३९. पार्श्व चित्र प्रकाशन (Activity Profile)

यस कार्यक्रम अन्तर्गतका कार्यक्रम संचालन गर्ने सबै कार्यालय वा निकायहरुले कार्य प्रगतिको मासिक, आवधिक र वार्षिक प्रतिवेदन तथा वार्षिक संरक्षण पार्श्व चित्र (Activity Profile) तोकिएको ढाँचामा तयार गरी आफ्नो तालुक निकायहरुमा पठाउनु पर्ने छ ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमको लागि रु. ३,००,०००।- (तीन लाख मात्र) बजेट विनियोजन गरिएको छ ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट विभिन्न ३ वटा कार्यालयहरुले पार्श्व चित्र (Activity Profile) तयार गरेको हुनेछ ।

## खण्ड ३: वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम

### १४०. खुल्ला प्राणी उद्यान स्थापनाको लागि गुरुयोजना र डिपिआर निर्माण (सिंहदेवी सा.व., मोरङ; रामधुनी, सुनसरी)

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेशमा वन्यजन्तुको संरक्षण र व्यवस्थापन कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । मोरङको सिंहदेवी सा.व. र सुनसरीको रामधुनीमा खुल्ला प्राणी उद्यानको गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्नका लागि यो शीर्षकमा बिनियोजित रकम खर्च गरिनेछ । यस कार्यक्रमहरु संचालन गर्न नियमानुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ तथा स्वीकृत नर्म्सको अधीनमा रही परामर्शदाता मार्फत सेवा खरिद गरी खुल्ला प्राणी उद्यानको गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी अध्ययन कार्य गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्ने गराउनेछ । यस कार्यक्रम संचालन गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, सदर चिडियाखानासँग समेत सहकार्य तथा समन्वय गरिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु. २४,००,०००।- (चौबीस लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रमको गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणको लागि कार्यक्षेत्रगत सर्त (ToR) तयार गरी परामर्श सेवा खरिद गर्न सक्नेछ । सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

२ वटा खुला प्राणी उद्यान स्थापनाको लागि गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएको हुने ।

### १४१. वन्यजन्तु उद्दार तथा पुनर्स्थापना केन्द्र स्थापनाको गुरुयोजना तथा DPR निर्माण, जामुनखाडी झापा

यस प्रदेशमा उद्दार गरिएका टुहुरा, घाईते, अशक्त, बिरामी, आक्रमणको चपेटामा परेका तथा क्षतिपरक/समस्याग्रस्त वन्यजन्तुहरुलाई राख्न तथा पुनःस्थापना गर्नको लागि झापा जिल्लाको जामुनखाडी सामुदायिक वन क्षेत्रमा वन्यजन्तु उद्दार तथा पुनःस्थापना केन्द्र स्थापना गर्नको लागि सोको गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीको लागि यो शीर्षकमा बिनियोजित रकम खर्च गरिनेछ । यस कार्यक्रम संचालन गर्न नियमानुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ तथा स्वीकृत नर्म्सको अधीनमा रही परामर्शदाता मार्फत सेवा खरिद गरी वन्यजन्तु उद्दार तथा पुनःस्थापना केन्द्रको स्थापनाको गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी जस्ता अध्ययन कार्य गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्ने गराउनेछ । यस कार्यक्रम संचालन गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, सदर चिडियाखानासँग समेत सहकार्य तथा समन्वय गरिनेछ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रू. ५०,००,०००।- (पचास लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रमको गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माणको लागि

कार्यक्षेत्रगत सर्त (ToR) गरी परामर्श सेवा खरिद गर्न सक्नेछ । सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

वन्यजन्तु उद्दार तथा पुनःस्थापना केन्द्रको स्थापनाको लागि गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण हुनेछ ।

## १४२. वन्यजन्तु संरक्षण र उद्धारका लागि Wildlife Rescue Ambulance खरिद

टुहुरा, घाईते, अशक्त, आक्रमणको चपेटामा परेका तथा समस्याग्रस्त वन्यजन्तुको सुरक्षित तवरले प्राकृतिक वासस्थान वा अन्य कुनै पर-स्थानीय (Ex-Situ) संरक्षण गर्ने गरी वन्यजन्तुको उद्धार कार्यका लागि Wildlife Rescue Ambulance खरिद गरिनेछ ।साथै यस खरिद कार्यको लागि प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी Wildlife Rescue Ambulance खरिद गर्नु पर्दछ ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ९०,००,०००।- (नब्बे लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

Wildlife Rescue Ambulance खरिद भई प्रदेशको वन्यजन्तुको उद्धार तथा व्यवस्थापन कार्यमा सहयोग पुग्ने ।

## १४३. हात्तीमा रेडियो कलर (जि.पि.एस. मा आधारित) जडान र गतिविधि अनुगमन

प्रदेश नं. १ मा हात्तीले मानवीय बस्तीमा प्रवेश गरेर धनजनको क्षति गर्ने गरेको छ । यसले गर्दा मानव वन्यजन्तु विच द्वन्द्व श्रृजित भैरहेको अवस्थामा मानव वन्यजन्तु द्धन्द व्यवस्थापन तथा न्यूनिकरणको लागि उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालयबाट विभिन्न कार्यक्रमहरु संचालन भैरहेका छन् । विभिन्न कार्यक्रमहरु मध्ये यस आ.व.मा जंगली हात्तीबाट हुने हानि नोक्सानी कम गर्नको लागि यस प्रदेशमा रहेका क्षतिपुरक हात्तीहरुको पहिचान गरी सो हात्तीहरु भएको स्थान र तिनीहरुको गतिविधि पत्ता लगाउन स्याटेलाइट रेडियो कलर जडान गरिने छ । यस कार्यक्रम संचालनको लागि विस्तृत योजना निर्माण तथा स्वीकृत गरी योजनामा समावेश भएका क्रियाकलापहरु संचालन गर्ने गरी विस्तृत लागत इस्टिमेट स्वीकृत गरी यस शीर्षकमा विनियोजित बजेट खर्च गरिनेछ । साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्ने गराउनेछ । यस कार्यक्रम संचालन गर्न संघीय वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, सदर चिडियाखानासँग समेत सहकार्य तथा समन्वय गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु. १००,००,०००।- (एक करोड मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

क्षतिपुरक हात्तीहरुमा स्याटेलाइट रेडियो कलर जडान भई मानव वन्यजन्तु द्धन्द व्यवस्थापन तथा न्यूनीकरणमा सहयोग पुग्ने ।

## १४४. कोशीटापु वन्यजन्तु आरक्षमा गैडा स्थान्तरण सम्वन्धमा विस्तृत अध्ययन

बाह्य तथा आन्तरिक पर्यटकहरुलाई आकर्षित गर्ने एवं नेपालको संरक्षित वन्यजन्तु गैडा प्रदेश नं. १ मा पाईदैन । अतः यस प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले संघीय वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरेर कोशीटापु वन्यजन्तु आरक्षमा गैडा स्थान्तरण गर्ने लक्ष्य लिएको र अन्यन्त्र स्थानबाट कोशीटापु वन्यजन्तु आरक्षमा गैडा स्थान्तरण गर्नको गैडाको वासस्थान सम्बन्धी विस्तृत अध्ययनको आवश्यकता पर्ने भएको हुँदा यस आ.व. मा कोशीटापु वन्यजन्तु आरक्षमा गैडाको स्थान्तरण सम्बन्धी अध्ययन गरिनेछ । यस अध्ययनको लागि मन्त्रालयबाट ToR निर्माण तथा स्वीकृत गरी नियमानुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ तथा स्वीकृत नर्म्सको अधीनमा रही परामर्शदाता मार्फत सेवा खरिद गरी कोशीटापु वन्यजन्तु आरक्षमा गैडाको स्थान्तरण सम्बन्धी अध्ययन कार्य गरिनेछ । यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो कार्यक्रम संचालन हुनेछ । यसका लागि संघीय वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, सदर चिडियाखानासँग समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १५,००,०००।- (पन्ध्र लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ToR स्वीकृत गरेर मात्र यस अध्ययन कार्य गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

प्रदेश नं. १ अन्तर्गत कोशीटापु वन्यजन्तु आरक्षमा गैडा स्थान्तरणको लागि विस्तृत अध्ययन भएको हुने ।

## १४५. जीवजन्तु र तिनीहरुको वासस्थानको संरक्षण एवं व्यवस्थापन सम्बन्धी वृत्तचित्र निर्माण र प्रसारण

यस शीर्षक अन्तर्गत प्रदेश नं. १ मा पाईने विश्वकै दुर्लभ वन्यजन्तु एवं नेपालको संरक्षित वन्यजन्तु, लोपोन्मुख र संकटापन्न वन्यजन्तु लगायत अन्य वन्यजन्तु र तिनिहरुको वासस्थान संरक्षण तथा व्यवस्थापन सम्बन्धी वृत्तचित्र निर्माण गरिनेछ। यस वृत्तचित्र निर्माणको लागि मन्त्रालयबाट ToR निर्माण तथा स्वीकृत गरी नियमानुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ तथा स्वीकृत नर्म्सको अधीनमा रही परामर्शदाता मार्फत सेवा खरिद गरी जीवजन्तु र तिनीहरुको वासस्थानको संरक्षण एवं व्यवस्थापन सम्बन्धी वृत्तचित्र निर्माण तथा प्रसारण समेत गरिनेछ । यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- (दश लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ToR स्वीकृत गरेर मात्र यस अध्ययन कार्य गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

**अपेक्षित उपलब्धि**

यस प्रदेशमा पाईने वन्यजन्तु र तिनीहरुको वासस्थानको संरक्षण एवं व्यवस्थापन सम्बन्धी वृत्तचित्र निर्माण भई प्रसारण हुने ।

## १४६. वन वन्यजन्तु संरक्षणको लागि गस्ती परिचालन

वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम अन्तर्गतको यस क्रियाकलापमा विनियोजित रकम यसै मार्गदर्शनको बुँदा नं. ७७ बमोजिम खर्च गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

डिभिजन वन कार्यालयहरुले यो कार्यक्रम संचालन गर्ने छन् ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ९,००,०००।- (नौं लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

जीवजन्तुको संरक्षण तथा व्यवस्थापनको सम्वन्धमा गस्ती परिचालन भएको हुने ।

## १४७. मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन

क्षतीपरक/समस्याग्रस्त वन्यजन्तुहरुको वासस्थान व्यवस्थापन र प्रभावित मानव वस्तीमा खेती बाली परिवर्तन/वैकल्पिक खेती प्रवर्द्धन/ Non-Palatable grass planting, पोखरीको व्यवस्था, जंगली हात्ती/वन्यजन्तुले मन पराउने प्रजातिको जंगलमा/कोरिडोरमा विस्तार, Fence maintenance, राजमार्गमा वन्यजन्तुबाट हुने दुर्घटना न्युन गर्न सतर्कता, सचेतनामूलक सूचना बोर्ड निर्माण गरिनेछ । यसै कार्यक्रम अन्तर्गत क्षतिपरक एवं समस्याग्रस्त वन्यजन्तुलाई नियन्त्रणमा लिन, धपाउन, घाईते वन्यजन्तुको उपचार र पुनर्स्थापनाका लागि आवश्यक कार्यहरु समेत गरिनेछ साथै वन्यजन्तुलाई राख्न मिल्ने खालका विशिष्ट प्रकृतिका खोरहरुको निर्माण, वन्यजन्तुको आहारा र औषधी व्यवस्थापन गरिनेछ । यसरी उद्धार गरिएका वन्यजन्तुहरुलाई प्राकृतिक वासस्थान वा संरक्षित क्षेत्र वा वन्यजन्तु उद्धार केन्द्रमा पुर्‍याउनका लागि लागि समेत खर्च गर्न सकिनेछ । मानव वन्यजन्तु द्वन्द व्यवस्थापन तथा वन्यजन्तु उद्धारको क्रममा परिचालन हुने सवारी साधनहरुको इन्धन, फिल्डमा खटिने कर्मचारी र सहयोगी निकाय/सुरक्षा निकायका कर्मचारीहरुलाई खाजा पानी उपलब्ध गराउन समेत यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । आवश्यकता अनुसार अन्य विशेषज्ञरप्राविधिक जनशक्तिको सेवा लिन सकिनेछ । यस कार्यमा खटिँदा लगबुकमा विस्तृत विवरण भरी कार्यालय प्रमुखबाट प्रमाणीत गराई राख्नु पर्नेछ । साथै आवश्यक पर्ने अन्य उपकरण तथा सामग्रीहरु खरिदका लागि समेत खर्च गर्न सकिनेछ ।

साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

डिभिजन डिभिजन वन कार्यालयले-सव/स्थानीय तह तथा वन वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी सरोकारवालाहरु जस्तै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, शसस्त्र प्रहरी बल र अन्य सम्बन्धित निकाय संस्थाहरुसँग/ समन्वय गरी योकार्यक्रम संचालन हुनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ९०,००,०००।- (नब्बे लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

मानव र वन्यजन्तु विचको द्वन्द्व न्यूनीकरणमा सहयोग हुने तथा वन्यजन्तुको उद्धार हुनेछ ।

## १४८. रेडपाण्डा संरक्षण कार्ययोजना कार्यान्वयन

विश्वकै दुर्लभ वन्यजन्तु एवं नेपालको संरक्षित वन्यजन्तु हाब्रे (रेडपाण्डा) प्राकृतिक वासस्थानको विनास, आहाराको विनास, चोरी सिकारी, अन्य जनावरका लागि थापिने पासो, अवैध व्यापार, चरीचरन, वन डढेलो, फडानी र अतिक्रमण, स्थानीय र वन्यजन्तुबीचको द्वन्द्व, जैविक विवधता र वातावरणीय शिक्षाको कमी, विकास निर्माण र संरचनाका काममा वातावरण तथा वन्यजन्तुको संरक्षण मैत्री निर्माण कार्य नभएका कारण लोप हुने अवस्थामा पुगेको छ । वन्यजन्तुको बासस्थान संरक्षण कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयले रेडपाण्डाको उचित प्राकृतिक वासस्थान तथा आहाराको संरक्षण, चोरी सिकारी नियन्त्रण, चरिचरण तथा वन डढेलो, अतिक्रमण तथा वन विनास नियन्त्रण एवं वन्यजन्तुको प्राकृतिक वासस्थान संरक्षण आदिको खर्च गर्ने गरी रेडपाण्डा संरक्षण कार्ययोजना कार्यान्वयन गर्नुपर्नेछ । साथै यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गरिनेछ । यसरी रेडपाण्डा संरक्षण कार्ययोजना कार्यान्वयन गर्दा डिभिजन वन कार्यालयले स्थानीय तह, स्थानीय वन समूहहरु, सरोकारवाला संघसस्थाहरु तथा स्थानीयबासीहरुसँग छलफल, अन्तरक्रिया तथा समन्वय गर्नुपर्नेछ।

### जनशक्ति व्यवस्थापन

डिभिजन डिभिजन वन कार्यालयले-सव/स्थानीय तह तथा वन वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी सरोकारवालाहरु निकाय तथा संघ संस्थाहरुसँग समन्वय गरी यो कार्यक्रम संचालन गरिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

संरक्षण कार्ययोजना कार्यान्वयन भई संरक्षित वन्यजन्तु हाब्रे (रेडपाण्डा) तथा सोको प्राकृतिक वासस्थानको संरक्षण भएको हुने ।

## १४९. वन्यजन्तु तथा बासस्थान संरक्षण कार्यक्रम

चोरी सिकारी, वन डढेलो, फडानी र अतिक्रमण, आहाराको कमी, सिकारका लागि थापिने पासो, अवैध व्यापार, चरीचरण, मानव वन्यजन्तु द्वन्द्व, जैविक विवधता र वातावरणीय शिक्षाको कमी, अनियन्त्रित विकास निर्माणका कारण वन्यजन्तुहरुको प्राकृतिक बासस्थानको बिनास भई वन्यजन्तुहरु बिस्थापित, लोपोन्मुख, दुर्लभ तथा संकट अवस्थामा पुगेका छन । डिभिजन वन कार्यालयले वन्यजन्तुको उचित प्राकृतिक वासस्थान तथा आहाराको संरक्षण, चोरी सिकारी नियन्त्रण, चरिचरण तथा वन डढेलो, अतिक्रमण तथा वन विनास नियन्त्रण एवं वन्यजन्तुको प्राकृतिक वासस्थान संरक्षण आदिको लागि स्थानीय तह, स्थानीय वन समूहहरु, सरोकारवाला संघसस्थाहरुसँग समन्वय गरी विभिन्न संरक्षण कार्यक्रमहरु संचालन गर्न सकिनेछ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा सम्पन्न गरिएका संरक्षणका क्रियाकलापहरु फोटो, स्थान, कार्यक्रम प्रतिवेदन लगायतका विवरणहरु संलग्न गर्नु पर्दछ ।

जनशक्ति व्यवस्थापन

डिभिजन डिभिजन वन कार्यालयले-सव/स्थानीय तह तथा वन वन्यजन्तु संरक्षण सम्बन्धी सरोकारवालाहरु निकाय तथा संघ संस्थाहरुसँग समन्वय गरी यो कार्यक्रम संचालन गरिनेछ ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. २०,००,०००।- (बीस लाख मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धि

वन्यजन्तुको प्राकृतिक वासस्थान संरक्षणमा सहयोग पुग्ने ।

## १५०. लोपोन्मुख वन्यजन्तुको बासस्थान संरक्षण

प्राकृतिक वासस्थान विनास, आहाराको विनास, चोरी सिकारी, अन्य जनावरका लागि थापिने पासो, अवैध व्यापार, चरीचरन, वन डढेलो, फडानी र अतिक्रमण, स्थानीय र वन्यजन्तुबीचको द्वन्द्व, जैविक विवधता र वातावरणीय शिक्षाको कमी, विकास निर्माण र संरचनाका काममा वातावरण तथा वन्यजन्तुको संरक्षण मैत्री निर्माण कार्य नभएका कारण लोप हुने अवस्थामा पुगेका वन्यजन्तुहरुको बासस्थान संरक्षणका लागि अनुसन्धान तथा अनुगमन, वातावरणीय शिक्षा तथा जनचेतना, बासस्थानको संरक्षण व्यवस्थापन गर्नको लागि यो कार्यक्रम संचालन गरिनेछ । वन्यजन्तु संरक्षणका लागि स्थानीय तह, स्थानीय वन समूहहरु, सरोकारवाला संघसस्थाहरु तथा स्थानीयबासीहरुसँग समन्वय गरीनेछ । साथै डि.व.का. ले लोपोन्मुख वन्यजन्तुको बासस्थान संरक्षण योजना बनाई यो कार्यक्रम कार्यान्वयनमा ल्याउने र योजनामा भएका कार्यक्रमहरु स्वीकृत लागत ईष्टिमेट बमोजिम संचालन गर्नको लागि यस शीर्षकमा बिनियोजित रकम खर्च गर्न सकिने छ । यसमा विभिन्न रेडियो, पत्रपत्रीकामा सूचना प्रवाह तथा होर्डिङ बोर्ड निर्माण लगायतका जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रगतिमा सम्पन्न गरिएका संरक्षणका क्रियाकलापहरु फोटो, स्थान, कार्यक्रम प्रतिवेदन लगायतका विवरणहरु संलग्न गर्नु पर्दछ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रम डिभिजन वन कार्यालयबाट संचालन हुनेछ ।

बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ११,००,०००।- (एघार लाख मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धि

लोपोन्मुख वन्यजन्तुको बासस्थापन संरक्षणमा सहयोग पुग्ने ।

## १५१. वन, वन्यजन्तु संरक्षण समन्वय वैठक

वन र वन्यजन्तु अपराध नियन्त्रणका लागि सम्बन्धित सरोकारवालाहरु जस्तै जिल्ला प्रशासन कार्यालय, सरकारी वकिल कार्यालय, जिल्ला प्रहरी कार्यालय र अन्य सम्बन्धित संस्थाका प्रतिनिधहरु तथा सरोकारवालाहरुसँग वन, वन्यजन्तु संरक्षणको लागि छलफल र अन्तरक्रिया गर्नु पर्नेछ र सो गर्दा हुने खाजा तथा भत्तामा हुने खर्चमा बजेट खर्च गर्न सकिन्छ ।

जनशक्ति व्यवस्थापन

यस कार्यक्रम डिभिजन/सव-डिभिजन वन कार्यालय मार्फत संचालन गरिनेछ ।

बजेट व्यवस्थापन

यस प्रकारको बैठकहरु संचालन गर्नको लागि जम्मा बजेट रु. ६,७५,०००।- (छ लाख पचहत्तर हजार मात्र) व्यवस्था गरिएको छ ।

अपेक्षित उपलब्धि

सरोकारवालाहरुसँग समन्वय बैठक भई वन, वन्यजन्तु संरक्षणमा सहयोग हुने ।

## १५२. वन, वन्यजन्तु संरक्षण सम्बन्धी प्रचार प्रसार (होर्डिङ बोर्डिङ, पम्प्लेट, पुस्तिका, ब्रोसर आदि)

वन, वन्यजन्तु र तिनीहरुको वासस्थानको संरक्षणमा जनसाधारणमा सकारात्मक प्रभाव वृद्धि गर्नको साथै जनचेतना अभिवृद्धि गर्नको लागि मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालयहरूले जिल्लाका स्थानीय मानिसहरुले वुझ्ने भाषामा पोष्टर, पम्लेट, ब्रोसर, पुस्तिका आदिको निर्माण गरी वितरण गरिनेछ । साथै होर्डिङ बोर्ड निर्माण गरी जंगलमा रहेका राजमार्गरबाटोहरू, वन प्रवेश नाकाहरु एवं नाकाका गाँउ बस्तीमा समेत होर्डिङ बोर्ड राख्न सकिने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गर्न सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय तथा मन्त्रालय मताहतका निकायहरुबाट यो कार्यक्रम संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि जम्मा बजेट रु. २१,५०,०००।-(एक्काईस लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

प्रचार प्रसारको माध्यमबाट स्थानीय स्तरमा वन र वन्यजन्तुको संरक्षणमा जनसाधारणमा सकारात्मक जनचेतनामा अभिवृद्धि भएको हुनेछ ।

## १५३. वन्यजन्तु संरक्षणका लागि Rapid Responce Team परिचालन

टुहुरा, घाईते, अशक्त, आक्रमणको चपेटामा परेका तथा क्षतिपूरक वन्यजन्तुको उद्धार गरी सुरक्षित तवरले प्राकृतिक वासस्थान वा अन्य कुनै पर-स्थानीय (Ex-Situ) संरक्षण गर्ने गरी डिभिजन वन कार्यालयमा गठन भएको Rapid Response Team लाई प्रभावकारी रुपमा परिचालन गरिने छ । वन प्राविधिक, सुरक्षा निकाय, स्थानीय प्रशासन, भेटेरीनरी अस्पाताल तथा पशु सेवा विज्ञ केन्द्रका प्राविधिक कर्मचारी र नजिकका समूहका प्रतिनिधिहरु समेत रहने गरी गठन भएको उक्त टिमलाई फिल्डस्तरमा उद्धार कार्य गर्नका लागि आवश्यक पर्ने फिल्ड गियर, खाजा भत्ता, वैठक भत्ता, इन्धन, संचार आदि कृयाकलापको लागि यो शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्नुपर्नेछ । आवश्यकता अनुसार अन्य निकायको समेत सहयोग लिन सकिने छ ।

**जनशक्ति व्यवस्थापन**

यस कार्यक्रम डिभिजन/सव-डिभिजन वन कार्यालय मार्फत संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ६,००,०००।- (छ लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

टुहुरा, घाईते, अशक्त, बिरामी, आक्रमणको चपेटामा परेका तथा क्षतिपरक/समस्याग्रस्त वन्यजन्तुको छिटो र सहज तवरले उद्धार हुने ।

## १५४. वन्यजन्तु संरक्षण शिक्षा तथा प्रचारप्रसार

वन्यजन्तु र तिनीहरुको वासस्थानको संरक्षण सम्बन्धित जनचेतनामूलक सन्देश प्रचार प्रसार समाग्री निर्माण, प्रसारणरप्रकाशन तथा वितरण गर्नको लागि विनियोजित बजेटको रकम खर्च गरिनेछ । वन्यजन्तु र तिनीहरुको वासस्थान संरक्षण सम्बन्धी जनचेतनामूलक सन्देश विभिन्न मध्ययमबाट (टिभी, एफ.एम.,पत्रिका) प्रचार प्रसार गरिनेछ । वन्यजन्तु संरक्षण विषयक पम्पलेट प्रकाशन तथा वितरण समेत गर्न सकिने छ । साथै होर्डिङ बोर्ड निर्माण गरी जंगलमा रहेका राजमार्ग/बाटोहरू तथा वन प्रवेश नाकाहरूमा समेत होर्डिङ बोर्ड राख्न सकिने छ । यस कार्यक्रममा विनियोजित बजेट स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सोही वमोजिम खर्च गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २,००,०००।- (दुई लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

प्रचार प्रसारको माध्यमबाट वन्यजन्तुको संरक्षणमा जनसाधारणमा सकारात्मक जनचेतनामा अभिवृद्धि भएको हुनेछ।

## १५५. अनुगमन, मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च

यस क्रियाकलापमा विनियोजित रकम यसै मार्गदर्शनको बुँदा नं. ११७ बमोजिम र कार्यक्रम कार्यान्वयन भ्रमणको लागि समेत खर्च गर्नु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

मन्त्रालय तथा मन्त्रालय मताहतका वन, वन्यजन्तु सम्बन्धी सेवा प्रवाह गर्ने कार्यालयहरुका कर्मचारीहरुबाट यो कार्यक्रम संचालन गरिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २,००,०००।- (दुई लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

आवश्यक पृष्ठपोषण प्राप्त भई कार्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने ।

## खण्ड ४ः वातावरण संरक्षण कार्यक्रम तर्फ

### १५६. वातावरण सचेतना सहितको विद्यालय वातावरण सुधार कार्यक्रम

बढ्दो शहरीकरण एवं अनियन्त्रित जल, वायु, माटो, ध्वनी, रसायनिक लगायतका सबै प्रकारका प्रदुषणबाट वातावरणमा पर्ने सक्ने जोखिमलाई न्यूनीकरणका साथ साथै सरसफाईलाई संस्कारको रुपमा विकास गर्न, जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्न तथा विद्यालय स्तरबाट नै वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई समग्र प्रदेशमा सफा, स्वच्छ र हराभरा वातावरण बनाउन यो कार्यक्रम संचालन गरिनेछ । साथै स्वच्छ र सफा वातावरण कायम, प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन तथा हरियाली प्रवर्द्धनमा विद्यार्थी देखि जनसाधारणमा जागृत गराई व्यक्ति, परिवार अनि समुदायको भूमिकालाई थप सुसूचित, सशक्त र क्रियासिल बनाउन प्रदेशमा रहेका सरकारी सामुदायिक विद्यालयहरुमा यो कार्यक्रम कार्यान्वयन गरिनेछ । डिभिजन वन कार्यालयहरुले वातावरण संरक्षण तथा व्यवस्थापनको राष्ट्रिय नीति र रणनीति बमोजिम यस कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरु, सरकारी तथा गैह्रसरकारी संस्थाहरु, समुदाय, निजी क्षेत्र, शैक्षिक संस्थाहरुसँग समन्वय र सहकार्य गरी विद्यार्थीहरुमा वातावरण संरक्षण सम्बन्धी जनचेतना जगाउने खालका क्रियाकलाप संचालन गर्न सक्नेछन् । साथै देहायको क्षेत्रमा यस कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

- वृक्षारोपण तथा फलफूलका विरुवा रोप्ने कार्यलाई विशेष प्राथमिकता दिनु पर्नेछ,
- ठोस तथा तरल वा अन्य फोहोरमैला व्यवस्थापन गर्न,
- प्रदुषण नियन्त्रण र कुनै पनि वातावरणीय प्रवर्द्धनका क्रियाकलापहरु अवलम्वन गर्न,
- प्लाष्टिक झोला विस्थापन तथा वैकल्पिक झोला प्रवर्द्धन,
- जैविक मल बनाउने, पानी सूकलन गर्ने, नवीकरणीय उर्जा प्रवर्द्धनका क्रियाकलाप अवलम्वन गर्न ।

यस कार्यक्रम प्रचलित स्वीकृत नर्म्स तथा प्रचलित दररेट बमोजिम लागत इष्टिमेट स्वीकृत गरी प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा प्रचलित ऐन नियमको परिधि भित्र रही कार्यान्वयन गरिनेछ ।

#### जनशक्ति व्यवस्थापन

यस कार्यक्रम डिभिजन वन कार्यालयहरुले स्थानीय तह एवं सरोकारवालाहरूको सहयोग र सहकार्यमा संचालन गर्नेछन् ।

#### बजेट व्यवस्थापन

यस कार्यक्रमका लागि जम्मा रु. १५,००,०००।- (पन्ध्र लाख मात्र) बजेट व्यवस्था गरिएको छ ।

#### अपेक्षित उपलब्धि

- शैक्षिक संस्था साथ स्थानीयस्तरमा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि भई वातावरण संरक्षणमा टेवा पुग्नेछ ।

### १५७. वातावरण संरक्षण पुरस्कार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले विश्व वातावरण दिवशको अवसरमा वातावरण संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने संघसंस्था, निजी क्षेत्र तथा समुदायद्वारा व्यवस्थित वन समूहहरुलाई वातावरण संरक्षण पुरस्कार प्रदान गरिने छ । यस कार्यक्रम अन्तर्गत ५ किसिमका पुरस्कारहरु तोकिएका छन् : (१) वातावरण संरक्षण पुरस्कार, (२) वातावरण संरक्षण वन उपभोक्ता समुह पुरस्कार, (३) वातावरण संरक्षण महिला पुरस्कार, (४) वातारणमैत्री उद्योग पुरस्कार र (५) उत्कृष्ट वातावरण पत्रकार पुरस्कार । यस कार्यक्रम संचालनको लागि मन्त्रालय स्तरीय वातावरण संरक्षण पुरस्कार छनौट समिति गठन गरी सो समितिले निर्माण गरको वातावरण

संरक्षण पुरस्कारको आधार र मापदण्डको आधारमा ३० दिने सूचना प्रकाशन गरी आवेदन साथ आवश्यक कागजातहरु माग गर्नु पर्नेछ । आवेदकहरुले वातावरण संरक्षण तथा प्रवर्द्धन एवं प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, वन वन्यजन्तु तथा जैविक विवधता संरक्षण, हरियाली विस्तार, भू तथा जलाधार संरक्षण र व्यवस्थापन, प्रदुषण न्यूनीकरण तथा नियन्त्रण जस्ता आदि क्षेत्रमा गरिरहेका समुदायमा आधारित वन समूह/सरोकारवाला संघ संस्था/व्यक्ती/ पत्रकार, उद्योगहरुले गरेका विशिष्ट कार्यहरुको विस्तृत विवरण साथ सो कार्य प्रमाणित गर्ने आवश्यक कागजातहरु आवेदन सहित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा पेश गर्नु पर्नेछ । यसरी मन्त्रालयमा दर्ता भएका आवेदनहरुको सन्दर्भमा वातावरण संरक्षण पुरस्कार छनौट समितिले मूल्याङ्कन मापदण्डको आधारहरु निर्माण गरी आवेदनहरुको मूल्याङ्कन गरी उत्कृष्ट हुनेलाई विनियोजित बजेटवाट स्वीकृत मापदण्डमा अन्तरनिहित रही पुरस्कार तथा प्रमाण पत्र प्रदान गरिनेछ ।

साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । आवश्यक परेमा संघीय वन तथा वातावरण मन्त्रालय, वातावरण विभागसँग समन्वय समेत गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ७,००,०००।- (सात लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

वातावरण संरक्षणको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने निजी क्षेत्र/संघसस्था/समुदायद्वारा व्यवस्थित वन समूहहरु/व्यक्ति/पत्रकार पुरस्कृत भई वातावरण संरक्षणमा अझ बढी हौसला बढ्ने ।

## १५८. वातावरणीय अध्ययन प्रतिवेदन तयारी तथा Review तालीम

प्रदेश नं. १ को प्रदेश वातावरण संरक्षण ऐन, २०७६ तथा प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ समेत लागू भएको सन्दर्भमा प्रदेशको क्षेत्राधिकार भित्र पर्ने प्रस्तावहरुको वातावरणीय अध्ययन प्रतिवेदनहरुको स्वीकृती प्रदेशबाट हुने प्रवधान रहेको छ । तसर्थ प्रदेश नं. १ को विभिन्न मन्त्रालयमा स्वीकृत तथा सिफारिसको लागि प्राप्त भएका विभिन्न प्रस्तावहरु सँग सम्बन्धित वातावरण अध्ययन प्रतिवेदनहरुहरुको पुनरावलोकन गर्नु पर्ने हुन्छ । अतः प्रदेश अन्तर्गत रहेका मन्त्रालय, निर्देशनालयमा रहेका वातावरणीय अध्ययन प्रतिवेदनहरु पुनरावलोकन गर्ने शाखाका कर्मचारीहरुको क्षमता विकास एवं अभिवृद्धि गरी प्रतिवेदनहरुको पुनरावलोकन सम्पादन कार्य छिटो छरितो एवं प्रभावकारी रुपमा संचालन गर्नको लागि यस तालीमको व्यवस्था गरिएको छ । कर्मचारीहरुका लागि यस वातावरणीय अध्ययन प्रतिवेदन तयारी तथा पुनरावलोकन तालीम संचालनका लागि बिनियोजित रकम तालीम सामाग्री खरिद, तालीमका सहभागीहरुको दैनिक भत्ता, यातायात, खाजा, हल भाडा, प्रशिक्षक भत्ता, तालीम संचालनका लागि शुरुवाती भौतिक सामाग्री एवं औजार खरिद तथा हस्तान्तरण लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गरिनेछ । सम्भव भए सम्म आफ्नै हलमा तालीम संचालन गर्नु पर्नेछ ।

कार्य सम्पन्न भए पश्चात प्रगति प्रतिवेदन पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- तालीमको विषयवस्तु, उद्देश्य, औचित्य,
- तालीम संचालन भएको स्थान र मिति देखिने तालीमको व्यानर, सेसन प्लान, सहभागीहरूको फोटो, तथा अन्य दृष्यहरु समावेश गरी कार्यक्रमको उपलब्धि तथा सहभागीको पृष्ठपोषण सहितको प्रतिवेदन,
- कार्यक्रमको भौतिक र आर्थिक प्रगति ।

## जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । साथै मन्त्रालयले सेसन प्लानमा उल्लेखित कक्षा विषयका विज्ञहरुलाई प्रशिक्षकको रुपमा बोलाई तालीम संचालन गर्नु पर्नेछ । आवश्यक परेमा तालीम संचालनको लागि संघीय वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग तथा International Finance Corporation, Kathmandu सँग समेत समन्वय गर्न सकिनेछ ।

## बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ६,००,०००।- (छ लाख मात्र) व्यवस्था गरिएको छ ।

## अपेक्षित उपलब्धि

- वातावरणीय अध्ययन प्रतिवेदन तयारी तथा पुनरावलोकनको क्रममा प्रचलित वातावरण संरक्षण ऐन तथा वातावरण संरक्षण नियमावली तथा सो बमोजिम बनेका मापदण्ड तथा कार्यविधि, मार्गदर्शन, अन्तराष्ट्रिय सन्धि सम्झौता र वातावरणीय अध्ययनको प्रस्तावसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमावली तथा मापदण्डहरुको बारेमा जानकारी प्राप्त हुनेछ ।
- कर्मचारीहरुको वातावरणीय अध्ययन प्रतिवेदनहरु पुनरावलोकन गर्ने क्षमतामा अभिवृद्धि भई प्रभावकारी रुपमा कार्य सम्पादनमा सहयोग पुग्ने ।

# १५९. वातावरणीय सचेतना अभिवृद्धिको लागि प्रचार प्रसार सामग्री निर्माण र वितरण

बढ्दो शहरीकरण, सघन जनघनत्व तथा सरसफाईको कार्यसँगै उत्पादित फोहोरमैलाको उचित व्यवस्थापन हुन नसक्दा जनस्वस्थ्यलाई गम्भिर असर पार्नुका साथै गाँउ, शहर बजारको सौन्दर्य तथा त्यस क्षेत्रको पर्यावरणमा समेत प्रतिकुल प्रभाव परेको छ । स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वय एवं सहकार्य गरी सार्वजनिक स्थानमा फोहरमैला फाल्न प्रतिबन्ध तथा फोहोरमैलाको उचित व्यवस्थापनका लागि जनस्तरसम्म सरसफाई र फोहरमैला व्यवस्थापन बारे जनचेतना अभिवृद्धि गर्नको लागि यो कार्यक्रम संचालन गरिनेछ । यसमा वातावरण संरक्षणका प्रचारप्रसार सामग्री, सार्वजनिक स्थल तथा कार्यालय परिसरमा निषेध गरिएका सामग्रीको स्टिकर, होर्डिङ वोर्डमा राख्ने जनचेतनामुलक फ्लेक्सको डिजाइन तथा छपाई लगायतका कार्य संचालनको लागि यस शीर्षकमा विनियोजित बजेट खर्च गर्न सकिनेछ । साथै यसमा उपयुक्त वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी चेतनामूलक र जानकारीमूलक सामाग्री तयार गरी स्थानीय एफ.एम.बाट समेत प्रचारप्रसार गर्न सकिनेछ । आवश्यकता अनुसार स्थानीय हाट बजारमा माइकिङ्ग तथा प्रवचन आदि समेत खर्च गर्न सकिनेछ ।

## जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका कर्मचारीहरुबाट यो कार्यक्रम संचालन गरिनेछ ।

## बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ७,००,०००।- (सात लाख मात्र) व्यवस्था गरिएको छ ।

## अपेक्षित उपलब्धि

प्रदेशको वातावरण संरक्षण तथा व्यवस्थापनमा सहयोग पुग्ने ।

# १६०. सफाई सम्बन्धी संघसंस्थालाई सफाई सामाग्री वितरण

फोहोरमैलाको उचित व्यवस्थापन, सरसफाई तथा स्वच्छ वातावरण प्रवर्द्धनका लागि वातावरण संरक्षणको क्षेत्रमा काम गर्ने सरोकारवाला संघ संस्था, वातावरणीय सरसफाईका अभियान्ता संस्थाहरुलाई सार्वजनिक खरिदको प्रकृया अवलम्वन गरी सरसफाईका सामग्रीहरु खरिद गरी वितरण गरिनेछ । यस कार्यक्रम प्रचलित स्वीकृत नर्म्स तथा प्रचलित दररेट बमोजिम लागत इष्टिमेट स्वीकृत गरी प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम

संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ तथा प्रचलित ऐन नियमको परिधि भित्र रही कार्यान्वयन गरिनेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । स्थानीय तह र सरोकारवाला निकायहरुसँग समेत आवश्यक समन्वय एवं सहकार्य गर्न सकिने छ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

सार्वजनिक स्थलहरु तथा सडकको सरसफाई र फोहोरमैलाको उचित व्यवस्थापनमा लागि परेका संघ संस्थालाई सरसफाईका सामग्रीहरु प्राप्त भई सफा र स्वच्छ वातावरण राख्न सहयोग पुग्ने ।

## १६१. प्रादेशिक वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थान परिषद् गठन र सञ्चालन

यस प्रदेशको प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ३६ मा व्यवस्था भए बमोजिम प्रादेशिक वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यलाई प्रदेश स्तरमा प्रभावकारी रुपमा संचालन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा "वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद्" को गठनको प्रावधान बमोजिम सो परिषद्को बैठक संचालन तथा व्यवस्थापनमा यो शीर्षकको रकम खर्च गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ५,००,०००।- (पाँच लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

- प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र सम्पदा संरक्षण प्रणालीको विकासको लागि आवश्यक नीति तय हुने ।
- वातावरण संरक्षण तथा जलवायू परिवर्तन सम्बन्धी कार्यमा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन तय हुने ।

## १६२. वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन/बैठक/छलफल आदि

प्रदेश वातावरण संरक्षण ऐन तथा नियमावली अनुसार विभिन्न प्रस्तावहरुको वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृतिको लागि यस मन्त्रालय समक्ष पेश हुने भएको र प्राप्त प्रतिवेदनहरु विषय विज्ञबाट पुनरावलोकन गर्नुको साथ साथै वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समितको बैठक बसि प्राप्त प्रतिवेदनहरु माथि छलफल समेत गर्नुपर्ने हुन्छ र आवश्यक परेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण, अवलोकन र अनुगमन समेत गर्नुपर्ने हुन्छ । तसर्थ यस शीर्षकमा विनियोजित रकम विषय विज्ञहरु खटेको फिल्डको दैनिक भ्रमण भत्ता, यातायात खर्च, समितिको वैठक संचालन गर्दाको खाजा खर्च र आवश्यक परेमा समितिको बैठक भत्तामा समेतमा खर्च गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- (दश लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

मन्त्रालय तथा विषय विज्ञवाट सम्पादन हुने वातावरणीय अध्ययन सम्बन्धी कार्यहरु छिटो छरितो एवं प्रभावकारी रुपमा संचालन हुने ।

## १६३. वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको अवस्थाको अनुगमन

स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित वातावरणीय न्यूनीकरणका उपायहरुको साथ साथै वातावण व्यवस्थापन योजना (Environmental Management Plan) मा उल्लेखित क्रियाकलापहरु सम्बन्धित प्रस्तावकले

कार्यान्वयन गरेको छ कि छैन सोको अनुगमन गर्न नितान्त आवश्यक रहेको छ । तसर्थ स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा यस प्रदेशमा विभिन्न आयोजना/योजना तथा विभिन्न क्रियाकलाप संचालन गरिरहेका प्रस्तावकहरुको विभिन्न आयोजना र क्रियाकलापहरुको अनुगमन गरिने छ । यसमा शीर्षकमा विनियोजित बजेट इन्धन, यातायात, दैनिक भ्रमण भत्ता, अन्तरक्रियामा खाजा खर्च, विषयगत विज्ञ आदिमा समेत खर्च गर्न सकिने छ । साथै अनुगमन पश्चात प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विभिन्न विषयगत विज्ञहरुको सहयोगमा यो कार्यक्रम संचालन गरिने छ ।

**बजेट व्यवस्थापन**

यो क्रियाकलाप संचालनको लागि बजेट रु. २,००,०००।- (दुई लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी प्राप्त भई प्रस्तावको कार्यन्वयनमा (वातावरण पक्षको हिसाबले) सुधार गर्न सकिने र प्रदेशको वातावरण सम्बन्धी नीति, ऐन, नियम, कार्यविधि बनाउन आवश्यक सहयोग पुग्ने ।

## १६४. वातावरण परीक्षण सम्बन्धी सामाग्री खरिद

वातावरणीय अवयवहरु जस्तै हावाको गुणस्तर, पिउने पानी, घरायसी तथा औद्योगिक फोहोर पानी तथा माटोको गुणस्तर राष्ट्रिय मापदण्ड अनुरुप हुनुपर्दछ । कुनै पनि प्रस्तावकले संचालन गरेको परियोजना/ आयोजना/ योजना/क्रियाकलापहरुले सो राष्ट्रिय मापदण्ड पालना गरे नगरेको जाँच गर्न विभिन्न वातावरण परीक्षण सम्बन्धी सामग्रीहरुको आवश्यकता पर्ने भएकोले प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी वातावरण परीक्षण गर्न आवश्यक पर्ने विभिन्न उपकरणहरु खरिद गर्न सकिने छ । यस क्रियाकलाप अन्तर्गत नेपाल गुणस्तर वा अन्तराष्ट्रिय गुणस्तर युक्त उपकरणहरु मात्र खरिद गर्नु पर्दछ र तपशिल बमोजिमको उपकरणहरु खरिद गरिनेछ ।

- pH Meter,
- Thermometer,
- Electrical Conductivity (EC),
- Waterproof Portable Dissolved Oxygen (DO) and Biological Oxygen Demand (BOD) meter
- Sound Level Meter
- $PM_{10}$ / $PM_{2.5}$ Portable Particulate Monitor Device
- Others required Devices and Materials

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- (दश लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

स्थलगत अनुगमनको क्रममा प्रस्तावकले राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तर कायम गरे नगरेको जाँच गर्न सकिनुको साथ साथै परियोजना/आयोजना/योजना तथा विभिन्न क्रियाकलापहरुको नियमनमा सहयोग पुग्ने ।

## १६५. वातावरणीय व्यवस्थापन सूचना प्रणाली विकासको लागि Web Based Software निर्माण

यस प्रदेशको वातावरणसँग सम्बन्धित अधिकांश तथ्याङ्क संघीय मन्त्रालयमा रहेको छ भने केही मात्रामा मात्र प्रदेश मन्त्रालय र स्थानीय तहसँग रहेको छ । प्रदेश नं. १ अन्तर्गत वातावरणीय व्यवस्थापन सूचना प्रणाली (Environmental Management Information System- EMIS) विकास गरी सो वातावरणीय तथ्याङ्कहरुलाई एकिकृत रुपमा राखी अध्यावधिक गर्नको लागि Web Based Software को निर्माण गरिनेछ । तसर्थ यस सफ्टवेयरको निर्माणको लागि मन्त्रालयबाट ToR निर्माण तथा स्वीकृत गरी नियमानुसार प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम Web Based Software को निर्माण गरिनेछ ।

उक्त वातावरणीय व्यवस्थापन सूचना प्रणाली Web Based Software मा देहाय बमोजिमका विषयवस्तु तथा तथ्याङ्कहरु समावेश गरिनेछ :

- नेपाल सरकार तथा प्रदेश सरकारको वातावरण सँग सम्बन्धित नीति, ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि, मार्गदर्शन ।
- नेपाल सरकार पक्ष राष्ट्र भएको अन्तराष्ट्रिय सन्धी, सम्झौता ।
- Meteorological and Air Quality Realtime Database
- Municipal Solid Waste Database
- Industrial Solid and Water Waste Database
- Hazardous Waste Database
- Environmental Research and News
- Other Related Topics.

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यक्रम संचालन गर्नेछ । आवश्यक परेमा संघीय वन तथा वातावरण मन्त्रालय, वातावरण विभागसँग समन्वय समेत गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ३,००,०००।- (तीन लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले TOR स्वीकृत गरेर मात्र यस कार्यक्रम संचालन गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

यस प्रदेशमा एकिकृत वातावरणीय व्यवस्थापन सूचना प्रणाली (EMIS) को विकास हुनेछ ।

## १६६. Meterological Station र वायू प्रदुषण मापन केन्द्र स्थापनाको विस्तृत अध्ययन

यस प्रदेशमा जम्मा ४५ वटा Meteorological Station (Precipitation, Climatology, Agrometeorology, synoptic) रहेका छन, सो Stations जल तथा मौषम विज्ञान विभाग अन्तर्गत रहेका छन भने वातावरण विभाग अन्तर्गत ४ वटा वायू प्रदुषण मापन केन्द्र (विराटनगर, दमक, झुम्का, धनकुटा) रहेका छन । यस प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले संघीय मन्त्रालयहरुसँग समन्वय गरेर प्रदेशका अरु थप विभिन्न स्थानहरुमा Meteorological Station र वायू प्रदुषण मापन केन्द्र स्थापना गर्ने लक्ष्य लिएको हुँदा सो केन्द्रहरु प्रदेश अन्तर्गत कुन कुन ठाँउ/ क्षेत्रमा राख्दा जलवायुको तथ्याङ्क संकलन गर्न उपयोगी हुन्छ, सोको विस्तृत अध्ययन गरिनेछ । मन्त्रालयबाट ToR स्वीकृत गरी नियमानुसार नियमानुसार प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक

कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम परामर्शदाता मार्फत अध्ययन गर्न गराउन सकिनेछ ।

## जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो कार्यक्रम संचालन हुनेछ । आवश्यक परेमा संघीय वन तथा वातावरण मन्त्रालय, वातावरण विभागसँग समेत समन्वय गर्न सकिनेछ ।

## बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ८,००,०००।- (आठ लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले TOR स्वीकृत गरेर मात्र यस अध्ययन कार्य गर्नेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

## अपेक्षित उपलब्धि

प्रदेश नं. १ अन्तर्गत Meteorological Station र वायू प्रदुषण मापन केन्द्रहरुको लागि उपयुक्त स्थानको छनौट हुने ।

# खण्ड ५: विज्ञान, प्रविधि तथा नव प्रवर्द्धन कार्यक्रम तर्फ

## १६८. किरात समुदायले प्रयोग गरिने वनस्पतिहरुको अभिलेखीकरण

नेपालमा वसोबास गर्ने ५९ वटा जनजातीहरुमध्ये किरात समुदाय प्रदेश नं. १ को एक मुख्य जनजाती हो । यस जातीले परम्परागत रुपमा प्रयोग गर्दै आएको वनस्पतिहरुको अध्ययन गरिनेछ । किरात समुदायको पुख्यौंली बसोबास भएको क्षेत्र ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपूर जिल्लामा समूह छलफल र अन्तरवार्ता गरिनेछ । वनस्पतिहरुको नमूना संकलन गरी पहिचान गरिनेछ । फिल्ड सहयोगी र स्थानीय बासिन्दाको सहयोग लिइनेछ। यस शीर्षकमा बिनियोजित बजेट दैनिक भ्रमण भत्ता, विषयगत विज्ञको पारिश्रमिक, आवश्यकता अनुसारका अध्ययन सम्बन्धी सामग्री खरिद, यातायात, स्थलगत छलफल अन्तरक्रयामा खाजा तथा मसलन्द खर्च, अध्ययन प्रतिवेदन लेखन तथा छपाईका लागि समेत खर्च गर्न सकिनेछ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गर्नुपर्नेछः

- कार्यक्रमको भौतिक तथा आर्थिक प्रगति
- कार्यक्रमको उपलब्धि
- अभिलेखिकरण प्रतिवेदन
- कार्यक्रम सम्बन्धी फोटाहरु

### जनशक्ति व्यवस्थापन

यस मन्त्रालयका कर्मचारीहरुको प्राविधिक सहयोगमा यो कार्यक्रम संचालन हुनेछ । साथै सेवाप्रदायकवाट समेत यस कार्यक्रम संचालन गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यो कार्यक्रमको लागि बजेट रु. ३,००,०००।- (तीन लाख मात्र) व्यवस्था गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट TOR स्वीकृत गरी अभिलेखिकरण कार्य गरिनेछ । परामर्श सेवा खरिद गरी सेवाप्रदायकबाट काम गर्दा मन्त्रालयले कार्यक्रम संचालनको लागि सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा व्यवस्था भएको कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड बमोजिम मन्त्रालयको व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

### अपेक्षित उपलब्धि

नेपालको प्रदेश नं. १ मा बसोबास गर्ने किरात समुदायले परम्परागत रुपमा प्रयोग गर्दै आएको वनस्पति स्रोतहरुको अभिलेखिकरण हुने ।

## १६९. विज्ञान प्रविधि सम्बन्धी स्नातकोतर तहमा सोधपत्र तयार गर्ने विद्यार्थीलाई अनुसन्धान सहयोग

जैविक विविधता, वन, वनस्पति र वन्यजन्तु तथा अन्य विज्ञान प्रविधि विषयमा स्नातकोत्तर तह अध्यापन हुने क्याम्पसहरुसँग समझदारी पत्र (Memorandum of Understanding- MoU) गरिनेछ । समझदारी पत्रानुसार विनियोजित बजेट रकम दामाशाहीले सम्बन्धित क्याम्पसमा पठाईने छ । शोध अनुसन्धान कार्यका लागि सम्बन्धित क्याम्पसबाट शोध प्रस्ताव आव्हान गरिनेछ । क्याम्पसले प्रस्ताव मूल्यांकन गरी छनौट समितिबाट सिफारिस भएका विद्यार्थीहरुलाई सहयोग उपलव्ध गराउनेछ । प्रदेश भरीमा जम्मा १४ जनालाई स्नातकोत्तर तहको शोधपत्र अनुसन्धानमा सहयोग उपलब्ध गराइनेछ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश

आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिनेछ ।

- पेश भएको सोधपत्र
- अनुसन्धान सहयोग प्राप्त गर्ने विद्यार्थीको विवरण
- अध्ययन अनुसन्धान प्रतिवेदन
- कार्यक्रमको उपलब्धि

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विज्ञान प्रविधि विषयमा स्नातकोत्तर तह अध्यापन हुने क्याम्पसहरु जस्तै केन्द्रिय प्रविधि क्याम्पस धरान, स्नातकोत्तर क्याम्पस विराटनगर, पूर्वाञ्चल विश्वविद्यालयसँगको सहकार्यमा यो कार्यक्रम संचालन हुनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ७,००,०००।- (सात लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

अध्ययनरत विद्यार्थीहरु विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न प्रोत्साहित हुने ।

## १७०. सामुदायिक मा.वि.मा विज्ञान प्रयोगशाला स्थापना सहयोग

विज्ञान प्रयोगशाला प्रवर्द्धनका साथ प्रदेश नं. १ को सामुदायिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला स्थापना कार्यक्रम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरिने अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ बमोजिम सामुदायिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला स्थापना सम्बन्धी मापदण्ड वनाई कार्यान्वयन गरिनेछ । प्रदेशभित्र विज्ञान प्रयोगशाला स्थापना तथा प्रवर्द्धनको लागि सम्भाव्य सरकारी सामुदायिक विद्यालयहरु छनौट गर्न समिति गठन साथै राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरिनेछ । सरकारी सामुदायिक विद्यालयहरुले पहिलेको आ.व. मा नै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यस प्रकारको अनुदान प्राप्त गरिसकेका सरकारी सामुदायिक विद्यालयहरुले पेश गरेको प्रस्तावको मूल्याङ्कन गरिने छैन । प्रस्ताव प्रदेशका प्रत्येक जिल्लाको प्रतिनिधीत्व हुने गरी सरकारी सामुदायिक स्कुलहरु छनौट गरिनेछ । प्रस्तावको मूल्याङ्कन मार्फत छनौट भएका स्कुलहरुलाई सम्झौता गरी विज्ञान प्रयोगशाला स्थापनाको लागि सो रकम उपलव्ध गराइने छ । साथै यस कार्य सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति पेश गर्दा निम्न बुँदाका विषयहरु समावेश गरिनेछ :

- कार्यक्रमको भौतिक तथा आर्थिक प्रगति
- कार्यक्रम सम्पन्न प्रतिवेदन
- बिल भर्पाईहरुको प्रमाणित छायाँकपी
- कार्यक्रमको उपलब्धि
- कार्यक्रम संचालन तथा प्रयोगशाला सम्बन्धी फोटोहरु

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो कार्यक्रम संचालन हुनेछ । यस कार्य सम्पन्न गर्नको लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, शिक्षा निर्देशनालय, सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहहरुसँग समेत आवश्यक समन्वय गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. २,८०,००,०००।- (दुई करोड असी लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

२८ गोटा सरकारी सामुदायिक सरकारी विद्यालयहरुमा विज्ञान प्रयोगशाला (Science Lab) को स्थापना भई विद्यार्थीहरूको प्रयोगात्मक अभ्यासमा सहयोग पुग्ने ।

## १७१. विभिन्न वन अनुसन्धात्मक प्लटहरु (विएसओ) संरक्षण तथा व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले विगत देखि नै वनको सर्वेक्षण, अनुसन्धान गर्दै आएको छ । वन विकासका लागि wom to tomb भने झै विउदेखि बोटसम्म विकास गर्न के कस्तो प्रविधि आवश्यक पर्छ, के कति फरकमा रोपण गर्नुपर्छ, कुन प्रजातिको वृद्विदर के कति हुन्छ, के कस्ता रोगकिराको संक्रमण हुन्छ र कसरी निराकरण गर्न सकिन्छ भनी स्वस्थ वन विकासका लागि अनुसन्धान गरिरहेको छ । कार्वन स्टक विष्लेषण तथा तथ्याङ्क संकलन गरी उचित संकलन समय र उमेर निर्धारण गर्ने जस्ता कुराहरु अनुसन्धान गर्न विगत देखि नै विभिन्न स्थानहरुमा स्थायी अनुसन्धानात्मक प्लटहरु बनाएर कार्य गर्दै आएको छ । यसैको निरन्तरताको लागि ती प्लटहरुको संरक्षण र व्यवस्थापन गर्ने उद्देश्यले यस कार्यक्रमको राखिएको छ । यस शीर्षकमा विनियोजित बजेट अनुसन्धान प्लटको घेराबेरा गर्न, आवश्यक पर्ने विभिन्न अनुसन्धान समाग्री खरिद गर्न, गोडमेल तथा रुखहरुको thinning, prunning, singling गर्ने कार्य, खटिने कर्मचारीको नियमानुसार दैनिक भ्रमण भत्ता, इन्धन, यातायात खर्च आदि जस्ता क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ । साथै अनुसन्धात्मक प्लटहरुमा भए गरेका अध्ययन कार्यहरुको तथ्याङ्कहरुको आधारमा विश्लेषण गरी सोको जानकारी मन्त्रालय र निर्देशनालयमा समेत पठाउनु पर्नेछ ।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहराबाट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालय सँगको समन्वयमा यो कार्यक्रम संचालन गरिनेछ ।आवश्यक परेमा संघीय वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समेत समन्वय गर्न सकिने छ । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले यस कार्यक्रम संचालनको विस्तृत योजना बनाई संचालन गर्नु पर्नेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. ७,५०,०००।- (सात लाख पचास हजार मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

३ वटा अनुसन्धात्मक प्लटहरु (विएसओ) संरक्षण तथा व्यवस्थापन भएको हुने ।

## १७२. माटो विज्ञान प्रयोगशाला स्थापना/संचालनको लागि उपकरण खरिद

वन तथा वातावरणको रसायनिक तत्व, माटोमा रहेका पोषकतत्वहरु (Macro and Micro Nutrients), उर्वराशक्तिको अवस्थाको बारेमा बुझ्नका लागि माटो परीक्षण पनि अपरिहार्य रहन्छ । माटोको भौतिक, जैविक तथा रसायनिक गुणहरुको जानकारी भएपछि मात्र माटोमा भएको खाद्य-पोषकतत्वको मात्रा थपघट गर्न सकिने हुनाले वन नर्सरी, वृक्षारोपण क्षेत्र, वन व्यावस्थापन हुने क्षेत्रको माटो परीक्षण गराउनुपर्छ । साथै वैज्ञानिक वन व्यवस्थापनको कार्ययोजना तयार गर्दा १० वर्षको अवधीमा वन व्यवस्थापनका क्रियाकलाप संचालन हुने वन क्षेत्रहरुको माटो परीक्षण गराएर मात्र सोहि बमोजिमका वन व्यवस्थापनको योजनाहरु तयार गर्नु पर्दछ । साथै प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र

मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, स्वीकृत नर्म्स तथा प्रचलित ऐन नियमको परिधि भित्र रही सार्वजनिक खरिद प्रकृया अवलम्वन गरी माटो परीक्षण गर्न आवश्यक पर्ने उपकरणहरु खरिद गर्न सकिने छ । यस क्रियाकलाप अन्तर्गत नेपाल गुणस्तर वा अन्तराष्ट्रिय गुणस्तर युक्त उपकरणहरु मात्र खरिद गर्नु पर्दछ ।

**जनशक्ति व्यवस्थापन**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहराबाट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय/वन निर्देशनालय सँगको समन्वयमा यो कार्यक्रम संचालन गरिनेछ ।आवश्यक परेमा क्षेत्रीय बाली संरक्षण प्रयोगशाला विराटनगर, माटो परीक्षण गर्ने निजी प्रयोगशाला समेतको सहयोग लिई माटो परीक्षण उपकरणहरु खरिद गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यो कार्यक्रमको लागि बजेट रु. १०,००,०००।- (दश लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहरामा मटो विज्ञान प्रयोगशाला स्थापना भई माटोको परीक्षण हुने ।

## १७३. डिकुरेडाँडा बुद्ध वाटिका निर्माण, पाखीबास, धनकुटा

धनकुटा जिल्लाको पाखिवास नगरपालिकाको डिकुरेगढी प्रदेश नं. १ को ऐतिहासिक तथा धार्मिक स्थल हो । यसको भू-बनावट नै स्वयम्भु आकारको रहेको छ भने यहाँ वि.सं. १९९९ देखि नै बौद्ध धर्मालम्वीहरुले विविध धार्मिक कृयाकलापहरु गर्दै आएका छन् । यस कार्यक्रम अन्तर्गत प्रदेश नं. १ मा बसोबास गर्ने बौद्ध धर्मावलम्वीहरुले धार्मिक कार्यमा प्रयोग गर्ने सुगन्धित धुपहरु तथा अन्य धार्मिक वनस्पतिहरुको बैज्ञानिक जगतले गरेको पुस्ट्याई र प्रमाणका आधारमा विरुवाहरु रोपण गरी ट्यागिङ गरिनेछ र बौद्ध धर्म र विज्ञान प्रविधिलाई संयोजन गर्ने किसिमले वाटिका स्थापना गरिनेछ । यस शीर्षकमा विनियोजित बजेट लागत इस्टिमेट स्विकृत गरी विभिन्न वनस्पति प्रजातिका विरुवाहरु रोपण, शोभनीय फूलविरुवाहरु रोपण तथा रोपण भएका विरुवाहरुमा बैज्ञानिक नाम, वानस्पतिक परिवार लगायतका सूचनामुलक नेम ट्याग गर्ने कार्यको लागि खर्च गर्न सकिनेछ । साथै वाटिकाको सर्वेक्षण र विस्तृत ल्याण्डस्केप डिजाईन कार्यको लागि समेत खर्च गर्न गरिनेछ । यस डिकुरेडाँडा बुद्ध वाटिका निर्माणको कार्य उपभोक्ता समिति तथा ठेक्का प्रथाबाट समेत संचालन गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो कार्यक्रम संचालन गरिनेछ ।आवश्यक परेमा सरोकारवाला निकायहरुसँग समेत समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

**बजेट व्यवस्थापन**

यस डिकुरेडाँडा बुद्ध वाटिका निर्माण कार्यको लागि जम्मा बजेट रु. १५,००,०००।- (पन्ध्र लाख मात्र) व्यवस्था गरिएको छ ।

**अपेक्षित उपलब्धि**

डिकुरेडाँडा बुद्ध वाटिका निर्माणमा आवश्यक सहयोग पुग्ने ।

## १७४. टेकाने पोखरी बोटानिकल गार्डेन बराहक्षेत्र ३, सुनसरी

वनस्पति उद्यान भनेको दुर्लभ लोपोन्मुख तथा रैथाने वनस्पति र जडिबुटी प्रजातिहरुको स्व-स्थानीय तथा पर-स्थानीय संरक्षण गर्ने, पर्यापर्यटन मार्फत मनोरन्जन दिने स्थल हो । यो जीव विज्ञानको अध्ययन गर्ने खुल्ला पुस्तक हो, प्रयोगशाला हो । यसको विकासले विज्ञान प्रविधिको विकास र नवप्रवर्द्वनमा सहयोग पुर्‍याउछ । प्रदेश सरकारको ३ वटा वनस्पतिहरु तराई, पहाड र हिमालय क्षेत्रमा बनाउने उद्देष्य अनुरुप तराईको प्रतिनिधित्व गरी तराई-मधेशमा पाईने वनस्पति प्रजातिहरुको संरक्षण तथा प्रदर्शनी गर्नको लागि बराहक्षेत्र ३, सुनसरीमा टेकाने पोखरी बोटानिकल गार्डेनको स्थापना गरिने छ । यस शीर्षकमा विनियोजित बजेट लागत इस्टिमेट स्विकृत गरी आवश्यक पर्ने भौतिक संरचना निर्माण, विभिन्न वनस्पति प्रजातिका विरुवाहरु रोपण, शोभनीय फूलविरुवाहरु रोपण तथा रोपण भएका

बिरुवाहरुमा बैज्ञानिक नाम, वानस्पतिक परिवार लगायतका सूचनामुलक नेम ट्याग गर्ने कार्यको लागि खर्च गरिनेछ। साथै वनस्पति उद्यानको सर्वेक्षण र विस्तृत ल्याण्डस्केप डिजाईन कार्यको लागि समेत खर्च गर्न सकिने छ । यस टेकाने पोखरी बोटानिकल गार्डेनको स्थापना कार्य उपभोक्ता निर्माण समिति तथा ठेक्का प्रथाबाट समेत संचालन गर्न सकिनेछ । साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो कार्यक्रम संचालन गरिनेछ ।आवश्यक परेमा सरोकारवाला निकायहरुसँग समेत समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यस डिकुरेडाँडा बुद्ध वाटिका निर्माण कार्यको लागि जम्मा बजेट रु. ४०,००,०००।- (चालिस लाख मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

प्रदेशमा टेकाने वनस्पति उद्यान स्थापना भएको हुने ।

## १७५. माईपोखरी वनस्पति उद्यान निर्माण (वनस्पति अनुसन्धान केन्द्र इलाम मार्फत) इलाम

माईपोखरी वनस्पति उद्यान, इलाम नेपाल सरकारको वनस्पति विभाग अन्तर्गत वनस्पति अनुसन्धान केन्द्र इलाम मार्फत संरक्षण तथा व्यवस्थापन हुदै आइरहेको छ । यसले दुर्लभ लोपोन्मुख तथा रैथाने वनस्पति र जडिबुटी प्रजातिहरुको अध्ययन र स्व-स्थानीय तथा पर-स्थानीय संरक्षण गर्ने, जडिबुटी नर्सरी, खेती विकास तालीम गोष्ठी संचालन जस्ता कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस उद्यानमा विद्यालयदेखि उच्चशिक्षा अध्ययनरत विद्यार्थीहरु वनस्पतिहरुको अवलोकन तथा अनुसन्धानमा जाने भएकोले विज्ञान प्रविधिको विकासमा योगदान दिदै आएको छ । हाल प्रदेश सरकारको मातहत यस किसीमको निकाय स्थापना नभएको हुनाले यस प्रदेशका दुर्लभ लोपोन्मुख र रैथाने वनस्पति प्रजातिको संरक्षण कार्य तत्काल नगरे लोप हुने खतरा रहेकोले संघीय मन्त्रालयको सहमतिमा वनस्पति अनुसन्धान केन्द्र इलामलाई बजेट प्रदान गरिनेछ । यस कार्यक्रम अन्तर्गत दुर्लभ लोपोन्मुख तथा रैथाने वनस्पतिहरुको रोपणका लागि ल्याण्डस्केपीङ गरी प्रदर्शनी प्लटहरु बनाउनको साथ साथै वनस्पति तथा जडिबुटीहरुको अनुसन्धानका लागि आवश्यक भौतिक संरचना निर्माण कार्यको लागि विनियोजित बजेट खर्च गरिनेछ । यस माईपोखरी वनस्पति उद्यानको स्थापना तथा निर्माणको कार्य उपभोक्ता समिति तथा ठेक्का प्रथाबाट संचालन गर्न सकिनेछ ।

साथै यस कार्यक्रम सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको योजना तथा कार्यक्रम संचालन कार्यविधि २०७७, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५, प्रचलित ऐन नियम तथा स्वीकृत नर्म्सको पालना गरिनेछ ।

### जनशक्ति व्यवस्थापन

वनस्पति अनुसन्धान केन्द्र इलाम मार्फत यो कार्यक्रम संचालन गरिनेछ । वनस्पति अनुसन्धान केन्द्र इलामले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरेर मात्र माईपोखरी वनस्पति उद्यानको निर्माण कार्य गर्नेछ । आवश्यक परेमा सरोकारवाला निकायहरुसँग समेत समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यस माईपोखरी वनस्पति उद्यान निर्माण कार्यको लागि जम्मा बजेट रु. १,००,००,०००।- (एक करोड मात्र) व्यवस्था गरिएको छ ।

### अपेक्षित उपलब्धि

माईपोखरी वनस्पति उद्यानको निर्माणमा आवश्यक सहयोग पुगी उच्च पहाडी क्षेत्रमा पाईने दुर्लभ लोपोन्मुख तथा रैथाने वनस्पतिहरुको अध्ययन तथा संरक्षणमा समेत सहयोग पुग्ने ।

## १७६. हसिना सिमसार संरक्षण एवम् पूर्वाधार निर्माण, मोरङ

हसिना सिमसार तराई-मधेश र पहाडको संगमस्थल सुन्दरहरैचा- ५ मोरङमा अवस्थित नमुना सामुदायिक वनमा रहेको छ । यहाँ सामुदायिक वनको कार्ययोजनामा व्यवस्था भए वमोजिम पर्यापर्यटन विकासका लागि तालतलैयाहरुको संरक्षणका साथै जैविक विविधताहरुको संरक्षण गरिदै आएको छ । यहाँ रहेको सिमसारमा रैथाने हात्तीहरु समागमको बेला साथै साईवेरियन चराहरु पनि आउने गरेका छन् । हसिना सिमसारलाई जलीय वनस्पति र जलचर जीवहरुको अनुसन्धान तथा संरक्षण केन्द्रको रुपमा विकास गरी विज्ञान र प्रविधिको विकास गर्न नमुना सिमसारको रुपमा विकास गर्दै लैजाने लक्ष्य नमुना सामुदायिक वन उपभोक्ता समुहले लिएको छ । यसका लागि डिपिआर तयार गरी कार्यन्वयनको चरणमा रहेको छ । यस कार्यक्रम अन्तर्गत विभिन्न वनस्पति प्रजातिका विरुवाहरु रोपण, शोभनीय फूलविरुवाहरु रोपण, वन्यजन्तुको उद्दारका लागि बासस्थान बनाउने, रोपण भएका विरुवाहरुमा बैज्ञानिक नाम, वानस्पतिक परिवार लगायतका सूचनामुलक नेमट्याग गर्ने कार्य तथा हसिना सिमसारमा रहेका जैविक विविधताको हिसावले महत्वपूर्ण वनस्पती तथा जिवजन्तुहरुको व्यावस्थापन तथा संरक्षणमा समेत खर्च गर्ने गरी यस शीर्षकमा विनियोजित बजेट खर्च गरिनेछ । यस क्रियाकलाप बमोजिमका कार्यहरु उपभोक्ता समिति तथा ठेक्का प्रथाबाट समेत संचालन गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो कार्यक्रम संचालन गरिनेछ । आवश्यक परेमा सरोकारवाला निकायहरुसँग समेत समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

### बजेट व्यवस्थापन

यस कार्यक्रम कार्यान्वयन गर्नको लागि जम्मा बजेट रु. १५,००,०००।- (पन्ध्र लाख मात्र) व्यवस्था गरिएको छ।

### अपेक्षित उपलब्धि

हसिना सिमसार क्षेत्रको जैविक विविधता संरक्षणमा सहयोग हुने ।

## १७७. मुन्दुम वनस्पति उद्यान निर्माण

प्रदेश नं. १ किराँत समुदायको बाहुल्यता रहेको तथा किराँत धर्मको वेदको रुपमा रहेको मुन्दुममा चर्चा गरिएका परम्परागत प्रयोग भएका वनस्पतिहरुको संरक्षण गर्नको लागि खोटाङ जिल्लाको मझुवागढी न.पा. १२ मा मुन्दुम वनस्पति उद्यान निर्माण गर्न लागिएको हो । साथै नेपालको रैथाने परम्परागत ज्ञान र आनुवंशिक स्रोतको संरक्षण तथा प्रवर्द्धन गरी आनुवंशिक स्रोतमा पँहुच र लाभको बाडफाँड जस्ता विज्ञान प्रविधिको विकास गर्न प्रदेश सरकारको लक्ष्य अनुसार यो वनस्पति उद्यान स्थापना गरिनेछ । यसका साथै मध्य पहाडी क्षेत्रमा पाईने वनस्पतिहरुको पनि संरक्षण यस वनस्पति उद्यानमा गरिनेछ । यस उद्यान निर्माणको मुख्य उद्देश्य भनेको धार्मिक तथा ऐतिहाँसिक मुन्दुम ट्रेलसँगै एकीकृत रुपमा विकास गरी पर्यापर्यटन विकास गर्न तथा पर्यावरण जोगाउँने भएकोले यस शीर्षकमा विनियोजित बजेट लागत इस्टिमेट स्विकृत गरी उद्यानको लागि आचश्यक पर्ने भौतिक संरचना निर्माण, विभिन्न वनस्पति प्रजातिका विरुवाहरु रोपण, शोभनीय फूलविरुवाहरु रोपण तथा रोपण भएका विरुवाहरुमा बैज्ञानिक नाम, वानस्पतिक परिवार लगायतका सूचनामुलक नेमट्याग गर्ने कार्यको लागि खर्च गर्न सकिनेछ । साथै विनियोजित

रकम मुन्दुम वनस्पति उद्यानको सर्वेक्षण र विस्तृत ल्याण्डस्केप डिजाईन कार्यको लागि समेत खर्च गर्न सकिने छ । यस मुन्दुम वनस्पति उद्यान निर्माणको कार्य उपभोक्ता समिति तथा ठेक्का प्रथाबाट समेत संचालन गर्न सकिनेछ।

## जनशक्ति व्यवस्थापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो कार्यक्रम संचालन गरिनेछ । आवश्यक परेमा सरोकारवाला निकायहरुसँग समेत समन्वय तथा सहकार्य गर्न सकिनेछ ।

## बजेट व्यवस्थापन

यस कार्यक्रम कार्यन्वयन गर्को लागि जम्मा बजेट रु. ३०,००,०००।- (तीस लाख मात्र) व्यवस्था गरिएको छ।

## अपेक्षित उपलब्धि

मुन्दुम वनस्पति उद्यान निर्माण तथा स्थापना भई जैविक विविधता संरक्षणमा सहयोग हुने ।

<u>अनुसूचीहरु</u>

## अनुसूची १ः उत्कृष्ट सामुदायिक वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची

सामुदायिक वन उपभोक्ता समूहको नामः ...................................
समूह अध्यक्षको नामः ......................................
ईमेलः ......................................

ठेगानाः ................................................
सम्पर्क नम्वरः ....................................
सामुदायिक वन उपभोक्ता समूहको बैंक खाता विवरणः ...................

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | आधारको अधिकतम भार अंक (Maximum weightage) | सूचक नं. (Indicator No.) | सूचकहरु (Indicators) | सूचकहरुको अधिकतम् भार अंक (Maximum weightage of indicator) | मूल्यांकनमा प्राप्ताङ्क | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन हस्तान्तरण हुनुपूर्व वनको अवस्था | ५ | १.१ | न्युन हैसियत भएको वा नाङ्गो वा खाली वन क्षेत्र | ५ | | NC |
| | | | १.२ | मध्यम हैसियतको वृक्षारोपण, प्राकृतिक वा मिश्रित वनक्षेत्र | ३ | | |
| | | | १.३ | राम्रो हैसियतको वृक्षारोपण, प्राकृतिक वा मिश्रित वनक्षेत्र | २ | | |
| २ | हस्तान्तरण भएको वनको अवस्था र स्वास्थ्यमा आएको परिवर्तन (मूल्यांकनको समयमा) | १० | २.१ | नाङ्गो वा खाली वनक्षेत्रमा हरियाली प्रवर्द्धन भएको | २ | | C |
| | | | २.२ | पहिले मासिएका/हराएका वनस्पति र वन्यजन्तु पुनः देखा पर्न थालेको | २ | | |
| | | | २.३ | झाडीदार वनक्षेत्रमा परिवर्तन भएको | २ | | |
| | | | २.४ | वन वा वनछत्रको घनत्व बृद्धि भएको | २ | | |
| | | | २.५ | पुनरुत्पादनमा गुणात्मक वृद्धि भएको | २ | | |
| | | | २.६ | पहिलेको अवस्थामा खास परिवर्तन नभएको वा झनै हैसियत बिग्रको | ० | | |
| ३ | वन संरक्षण पद्धति | ६ | ३.१ | आत्म अनुशासनबाट वन संरक्षण भएको (सबै उपभोक्ताहरुले पूर्णरुपमा नियम पालना गरेको) | ६ | | NC |
| | | | ३.२ | सबै घरधुरीं उपभोक्ताहरुले आलोपालो प्रथाबाट वन संरक्षण गर्ने गरेको | ४ | | |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | आधारको अधिकतम भार अंक (Maximum weightage) | सूचक नं. (Indicator No.) | सूचकहरु (Indicators) | सूचकहरुको अधिकतम् भार अंक (Maximum weightage of indicator) | मूल्यांकनमा प्राप्ताङ्क | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| | | | ३.३ | वन हेरालुबाट वन संरक्षण गर्ने गरेको | ३ | | |
| | | | ३.४ | वन संरक्षणको कुनै कुनै पद्धति नबपनाईएको कारण वनको संरक्षणमा प्रतिकुल असर परेको | ० | | |
| ४ | वन व्यवस्थापनको अभ्यास | १२ | ४.१ | वन व्यवस्थापनका कृयाकलापहरु नियमित र व्यवस्थित रुपमा संचालन गरिएको (उदाहरणको लागि वन सम्वर्द्धन भएको वनक्षेत्रमा राम्रो आकार र गुणस्तरका रुखहरु भएको पाईएको) | ४ | | C |
| | | | ४.२ | सा.व. कार्ययोजनामा सिफारिस भए बमोजिमका वन व्यवस्थापनका कृयाकलापहरु संचालन गरिएको | ४ | | |
| | | | ४.३ | वन व्यवस्थापन सम्बन्धी नमूना स्थलको स्थापना गरिएको र वन व्यवस्थापनमा यसको अनुकरण भएको | ४ | | |
| ५ | वन पैदावार वितरण प्रणाली | ६ | ५.१ | समतामूलक - आवश्यकता अनुसारको वितरण व्यवस्था रहेको | ६ | | NC |
| | | | ५.२ | समतामूलक - उपभोक्ता घरधुरीलाई बराबर वितरण गर्ने व्यवस्था रहेको | ४ | | |
| | | | ५.३ | हचुवाको भरमा - वितरणमा खासै कुनै तरिका नअपनाईएको | १ | | |
| ६ | सा.व. उपभोक्ता समितिको संरचना | ६ | ६.१ | समावेशिकरण (लिंग, जात, पिछडीएको वर्ग आदिलाई समेटिनेगरी मुख्य पदहरु समेत ५०% वा सोभन्दा बढि महिलाको प्रतिनिधित्व) भएको | ६ | | NC |
| | | | ६.२ | एकै प्रकारको समूह, जात, सम्प्रदाय आदिको अधिपत्य (महिला समूहमा लिंगको कुरा बाहेक भएको) | २ | | |
| ७ | सा.व. उपभोक्ता समितिको कार्यसंचालन प्रभावकारिता | ५ | ७.१ | विधान अनुसार नियमितरुपमा समितिको बैठक र समूहको भेला भएको | १ | | C |
| | | | ७.२ | सूचना आदानप्रदानको संयन्त्र र गुनासो व्यवस्थापन समुचित ढंगले हुने गरेको | १ | | |
| | | | ७.३ | समूहको बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने गरेको | १ | | |
| | | | ७.४ | समूहको कोष खर्च गर्नुपूर्व उपभोक्ताहरु/समुदायको आवश्यक्ता पहिचान गर्ने गरिएको | १ | | |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | आधारको अधिकतम भार अंक (Maximum weightage) | सूचक नं. (Indicator No.) | सूचकहरु (Indicators) | सूचकहरुको अधिकतम् भार अंक (Maximum weightage of indicator) | मूल्यांकनमा प्राप्ताङ्क | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| | | | ७.५ | वार्षिक योजना र वार्षिक लेखा परीक्षण गर्ने गरिएको | १ | | |
| ८ | सा.व. उपभोक्ता समितिको आर्थिक पारदर्शता | ५ | ८.१ | आर्थिक प्रतिवेदन सार्वजनिक सुनुवाईमा तथा साधारण सभा/समूह भेलामा प्रस्तुत गर्ने गरिएको र सबै उपभोक्ताहरुको त्यसमा पहुँच हुने गरेको | ३ | | C |
| | | | ८.२ | आर्थिक कृयाकलापहरुको अनुगमनको लागि उपसमिति गठन गरिएको | १ | | |
| | | | ८.३ | सार्वजनिक/सामाजिक लेखापरीक्षण गर्ने गरिएको | १ | | |
| ९ | साधारण सभामा महिला सहभागीताको अनुपात | ६ | ९.१ | २५% सम्म सहभागीता/उपस्थिति रहेको | २ | | NC |
| | | | ९.२ | २५% भन्दा बढी ५०% सम्म सहभागीता/उपस्थिति रहेको | ४ | | |
| | | | ९.३ | ५०% भन्दा बढी सहभागीता/उपस्थिति रहेको | ६ | | |
| १० | साधारण सभा/उपभोक्ता भेलामा उपभोक्ताहरुको उपस्थित | ६ | १०.१ | विधानमा व्यवस्था भए बमोजिम न्युनतम् उपस्थिति प्रतिशत (कोरम) रहेको | २ | | NC |
| | | | १०.२ | न्यनतम् उपस्थिति प्रतिशत (कोरम) देखि ७५% सम्म उपस्थिति रहेको | ४ | | |
| | | | १०.३ | ७५% भन्दा बढी उपस्थिति रहेको | ६ | | |
| ११ | सामुदायिक वन उपभोक्ता समूहको कोष परिचालन तथा सदुपयोग | १० | ११.१ | वन व्यवस्थापन तथा विकास सम्बन्धी कृयाकलापहरुमा (२५% भन्दा कम खर्च गरेको भए १ अंक, २५% - ५०% सम्म खर्च गरेको भए २ अंक र ५०% भन्दा बढी खर्च गरेको भए ३ अंक दिने) | ३ | | C |
| | | | ११.२ | गरिबी न्युनीकरण सम्बन्धी कृयाकलापहरु जस्तैः सहुलियत दरमा ऋण सहयोग अथवा गरीब उपभोक्ताहरुलाई आयआर्जनका कृयाकलापहरु संचालन गर्नका लागि बीउ पूँजी उपलब्ध गराएको (यसमा १०% भन्दा कम खर्च गरेकोझ भए १ अंक, १०% - ३५% सम्म खर्च गरेको भए २ अंक र ३५% वा सोभन्दा बढी खर्च गरेको भए ३ अंक दिने) | ३ | | |
| | | | ११.३ | वन उपभोक्ताहरुको क्षमता विकास (स्वरोजगार, क्षमता विकास तालीम, सचेतना कार्यक्रम आदि) | २ | | |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | आधारको अधिकतम भार अंक (Maximum weightage) | सूचक नं. (Indicator No.) | सूचकहरु (Indicators) | सूचकहरुको अधिकतम् भार अंक (Maximum weightage of indicator) | मूल्यांकनमा प्राप्ताङ्क | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| | | | ११.४ | सामुदायिक वा सामाजिक विकासका कृयाकलापहरु संचालन गरेको | १ | | |
| | | | ११.५ | अन्य कृयाकलापहरु | १ | | |
| १२ | जलवायु परिवर्तनको न्यूनीकरण र अनुकुलन उपायहरु | ६ | १२.१ | समुदायस्तरमा जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको | १ | | C |
| | | | १२.२ | जलवायु परिवर्तनको न्युनीकरण र अनुकुलनका उपायहरु सामुदायिक वन कार्ययोजनामा समावेश गरिएको | १ | | |
| | | | १२.३ | अवैध वन फडानी र अतिक्रमण घटेको | १ | | |
| | | | १२.४ | व्यापक रुपमा वृक्षारोपण गरिएको | १ | | |
| | | | १२.५ | पानीको मुहान/श्रोतहरुको उपलब्धता र पिउने पानीको गुणस्तरमा बृद्धि भएको | १ | | |
| | | | १२.६ | भूक्षय वा पहिरोको घटनामा ह्रास आएको | १ | | |
| १३ | सरकारी वा गैहसरकारी सेवाप्रदायकहरुसँगको निकटता र पहुँच | ५ | १३.१ | सेवाप्रदायकहरुसँग नजिकै रहेका (सा.व.उ.स. ३ घण्टाभित्र सेवाप्रदायक रहेको स्थानसम्म पुग्न सक्ने र सहज पहुँचको स्थितिमा रहेका) | २ | | NC |
| | | | १३.२ | सेवाप्रदायकहरुसँग औसत दुरी र पहुँचमा रहेका (सा.व.उ.स. लाई सेवाप्रदायक रहेको स्थानसम्म पुग्न ३ - ६ घण्टा सम्म समय लाग्न सक्ने र सेवाप्रदायकसँग सिमित पहुँचको स्थितिमा रहेका) | ४ | | |
| | | | १३.३ | ज्यादै विकटमा रहेका र सेवाप्रदायकको पहुँचमा नरहेका (सा.व.उ.स. लाई सेवाप्रदायक रहेको स्थानसम्म पुग्न ६ घण्टाभन्दा बढी समय लाग्न सक्ने र सेवाप्रदायकसँग सिमित पहुँचको स्थितिमा नरहेका) | ५ | | |
| १४ | श्रम ऐन कार्यान्वयन | २ | १४.१ | श्रम ऐन, २०७४ को परिपालना गरेको | २ | | NC |
| | | | १४.२ | श्रम ऐन, २०७४ को परिपालना नगरेको | ० | | |
| १५ | चरिचरणको अवस्था | ५ | १५.१ | चरिचरण पूर्णरुपमा बन्द (शून्य चरिचरणको अवस्था रहेको) | ५ | | NC |

| आधार नं. (Criteria No.) | आधारहरु (Criteria) | आधारको अधिकतम भार अंक (Maximum weightage) | सूचक नं. (Indicator No.) | सूचकहरु (Indicators) | सूचकहरुको अधिकतम् भार अंक (Maximum weightage of indicator) | मूल्यांकनमा प्राप्ताङ्क | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|---|
| | | | १५.२ | चरिचरणलाई नियन्त्रित/व्यवस्थित गरिएको | ४ | | |
| | | | १५.३ | चरिचरणलाई नियन्त्रित/व्यवस्थापनको प्रयास भएको तर आंशिक सफलता मात्र प्राप्त भएको | १ | | |
| | | | १५.४ | चरिचरण पुरै खुल्ला रहेको | ० | | |
| १६ | वन डढेलोको अवस्था | ५ | १६.१ | वन डढेलो लाग्नबाट पूर्णरुपमा बचाईएको | ५ | | NC |
| | | | १६.२ | वन डढेलो देखेबवित्तिकै उपभोक्ताको सक्रियतामा यथासिघ्र नियन्त्रणमा लिईएको | ३ | | |
| | | | १६.३ | वन डढेलो नियन्त्रणमा समूहको कुनै पहल वा सक्रियता नदेखिएको | ० | | |
| **कुल जम्मा** | | **१००** | | | | | |

NC भन्नाले कुनै एक सूचकको लागि अंक दिन सकिने

C भन्नाले एक भन्दा बढि सूचकको लागि पनि अंक दिन सकिने

| तयार गर्ने | सिफारिश गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः ................... | नामः ................... | नामः ................... |
| पदः .................... | पदः .................... | पदः .................... |

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

## अनुसूची २ः उत्कृष्ट कवुलियती वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची

कवुलियती वन समूहको नामः ...................................
ठेगानाः ................................................
समूह अध्यक्षको नामः ......................................
सम्पर्क नम्वरः ...................................
ईमेलः .....................................
कवुलियती वन समूहको बैंक खाता विवरणः ......................................

| आधार नं. | आधारहरु | अधिकतम भार अंक | सूचक नं. | सूचकहरु | भार अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वन व्यवस्थापन (२५%) | | | | | | |
| १.१ | वृक्षारोपणले ढाकेको क्षेत्रफल पतिशत | ३ | १.१.१ | ८० प्रतिशत भन्दा बढी | ३ | | NC |
| | | | १.१.२ | ५० प्रतिशत देखि ७९% | २ | | |
| | | | १.१.३ | ४९% भन्दा कम | १ | | |
| १.२ | पुनरुत्थानले ढाकेको क्षेत्रफल | ३ | १.२.१ | ८० प्रतिशत भन्दा बढी | ३ | | NC |
| | | | १.२.२ | ५० प्रतिशत देखि ७९% | २ | | |
| | | | १.२.३ | ४९% भन्दा कम | १ | | |
| १.३ | गोडमेल तथा अन्य व्यवस्थापन कार्य | ३ | १.३.१ | नियमित कार्ययोजना अनुसार (८० प्रतिशत भन्दा बढी) | ३ | | NC |
| | | | १.३.२ | कार्ययोजना अनुसार (५० प्रतिशत देखि ७९%) | २ | | |
| | | | १.३.३ | कार्ययोजना अनुसार (४९% भन्दा कम) | १ | | |
| २ | जीवनस्तरमा सुधार (२०%) | | | | | | |
| २.१ | कबुलियती वनवाट प्रति सदस्य नगद आम्दानी (वार्षिक) | ३ | २.१.१ | रु.१४४३० भन्दा बढी | ३ | | NC |
| | | | २.१.२ | रु.१०००० देखि १४४३० सम्म | २ | | |
| | | | २.१.३ | रु.१०००० भन्दा कम | १ | | |
| २.२ | | ३ | २.२.१ | १२ महिना भन्दा वढी | ३ | | NC |
| | | | २.२.२ | ८ देखि १२ महिनासम्म | २ | | |

| आधार नं. | आधारहरु | अधिकतम भार अंक | सूचक नं. | सूचकहरु | भार अंक | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | आय आर्जनका क्रियाकलाप (वाखा पालन, तरकारी खेती आदि) बाट प्रति घर आम्दानी | | २.२.३ | ७ महिना भन्दा कम | १ | | |
| २.३ | जिविकोपार्जन सुधार योजना कार्यान्वयन अवस्था | ३ | २.३.१ | ८० प्रतिशत भन्दा बढी | ३ | | NC |
| | | | २.३.२ | ५० प्रतिशत देखि ७९% | २ | | |
| | | | २.३.३ | ४९% भन्दा कम | १ | | |
| २.४ | पर्यापर्यटनमा योगदान | ३ | २.४.१ | उत्तम | ३ | | NC |
| | | | २.४.२ | मध्यम | २ | | |
| | | | २.४.३ | न्युन | १ | | |
| **३** | **समूह (१५%)** | | | | | | |
| ३.१ | नियमित बैठक | ३ | ३.१.१ | १२ पटक भन्दा वढी | ३ | | NC |
| | | | ३.१.२ | ७ देखि ११ सम्म | २ | | |
| | | | ३.१.२ | ६ पटक भन्दा कम | १ | | |
| ३.२ | जनजाती /दलितको सहभागीता | ३ | ३.२.१ | ८० प्रतिशत भन्दा बढी | ३ | | NC |
| | | | ३.२.२ | ५० प्रतिशत देखि ७९% | २ | | |
| | | | ३.२.३ | ४९% भन्दा कम | १ | | |
| **३.३** | **बचत तथा ऋण परिचालन** | | | | | | |
| ३.३.१ | समूह कोषमा बचत | ३ | ३.३.१.१ | ८० प्रतिशत भन्दा बढी सदस्यहरुवाट नियमित वचत | ३ | | NC |
| | | | ३.३.१.२ | ५० प्रतिशत देखि ७९% सदस्यहरुवाट नियमित वचत | २ | | |
| | | | ३.३.१.३ | ४९% भन्दा कम सदस्यहरुवाट नियमित वचत | १ | | |
| ३.३.२ | समूह कोषको ऋण परिचालन | ३ | ३.३.२.१ | ८० प्रतिशत भन्दा बढी बढी सदस्यहरुमा ऋण परिचालन | ३ | | NC |
| | | | ३.३.२.२ | ५० प्रतिशत देखि ४९% सदस्यहरुमा ऋण परिचालन | २ | | |

| आधार नं. | आधारहरु | अधिकतम भार अंक | सूचक नं. | सूचकहरु | भार अंक | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ३.३.२.३ | ४९% भन्दा कम सदस्यहरुमा ऋण परिचालन | १ | | |
| **४** | **वन उत्पादनको प्रयासता (१०%)** | | | | | | |
| ४.१ | घाँस | ३ | ४.१.१ | ९ महिना भन्दा बढी पुग्ने | ३ | | NC |
| | | | ४.१.२ | ६ महिना भन्दा बढी पुग्ने | २ | | |
| | | | ४.१.३ | ३ महिना भन्दा बढी पुग्ने | १ | | |
| ४.२ | दाउरा | ३ | ४.२.१ | ९ महिना भन्दा बढी पुग्ने | ३ | | NC |
| | | | ४.२.२ | ६ महिना भन्दा बढी पुग्ने | २ | | |
| | | | ४.२.३ | ३ महिना भन्दा बढी पुग्ने | १ | | |
| **५** | **बिशेष आधार (१०%)** | | | | | | |
| ५.१ | आफ्नो श्रोत साधनबाट गरेको उल्लेखनिय कार्य | ३ | ६.१.१ | उत्तम | ३ | | NC |
| | | | ६.१.२ | मध्यम | २ | | |
| | | | ६.१.३ | न्युन | १ | | |
| ५.२ | भविष्यका योजनाहरु | ३ | ६.२.१ | उत्तम | ३ | | NC |
| | | | ६.२.२ | मध्यम | २ | | |
| | | | ६.२.३ | न्युन | १ | | |
| **६** | **समन्वय तथा सहकार्य (१०%)** | | | | | | |
| ६.१ | अरु समूहहरु सँग सम्बन्ध | ३ | ६.१.१ | उत्तम | ३ | | NC |
| | | | ६.१.२ | मध्यम | २ | | |
| | | | ६.१.३ | न्युन | १ | | |
| ६.२ | सम्बन्धित सरकारी निकायहरु सँग सम्बन्ध | ३ | ६.२.१ | उत्तम | ३ | | NC |
| | | | ६.२.२ | मध्यम | २ | | |

| आधार नं. | आधारहरु | अधिकतम भार अंक | सूचक नं. | सूचकहरु | भार अंक | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ६.२.३ | न्युन | १ | | |
| ६.३ | गैर सरकारी निकायहरु सँग समन्वय | ३ | ६.३.१ | उत्तम | ३ | | NC |
| | | | ६.३.२ | मध्यम | २ | | |
| | | | ६.३.३ | न्युन | १ | | |
| **७** | **विगतको प्रभावकारिता (१०%)** | | | | | | |
| ७.१ | स्थानीय स्तरमा पुरस्कार पाएको | ३ | ७.१.१ | उत्तम | ३ | | NC |
| | | | ७.१.२ | मध्यम | २ | | |
| | | | ७.१.३ | न्युन | १ | | |
| ७.२ | सम्पन्न गरिएको कार्यको सूचना प्रवाह (वार्षिक प्रतिवेदन लगायतको) | ३ | ७.२.१ | उत्तम | ३ | | NC |
| | | | ७.२.२ | मध्यम | २ | | |
| | | | ७.२.३ | न्युन | १ | | |
| ७.३ | अन्य निकायको श्रोत परिचालनद्वारा भौतिक, वातावरण तथा अन्य सूधार | ३ | ७.३.१ | उत्तम | ३ | | NC |
| | | | ७.३.२ | मध्यम | २ | | |
| | | | ७.३.३ | न्युन | १ | | |

NC भन्नाले कुनै एक सूचकको लागि अंक दिन सकिने

<u>तयार गर्ने</u>
दस्तखतः
नामः ..................
पदः ...................

<u>सिफारिश गर्ने</u>
दस्तखतः
नामः ..................
पदः ...................

प्रमाणित गर्ने
दस्तखतः
नामः ..................
पदः ...................

## अनुसूची ३ः उत्कृष्ट निजी वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची

निजी वन धनीको नामः ................................... ठेगानाः .............................

सम्पर्क नम्वरः ................................... ईमेलः ...............................

बैंक खाता विवरणः .................................

| सि.नं. | मूल्याङ्कनका आधारहरु | अङ्क भार | प्रसाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **वृक्षारोपण भएको क्षेत्रफल (................ हे.)** | **१०** | | |
| | • २ हे. भन्दा बढी | १० | | |
| | • ०.५-२ हे. सम्म | ९ | | |
| | • ०.५ हे. भन्दा कम | ८ | | |
| २ | **निजी वनको वृक्षारोपणको किसिम** | **१०** | | |
| | • वन मात्र | १० | | |
| | • कृषि वन | ८ | | |
| | • आली, गहा, कान्ला वन फाटफुट | ६ | | |
| ३ | **निजी वनको किसिम र प्रजाति** | **१०** | | |
| | • मिश्रित (५ भन्दा बढी प्रजाति .........................) | १० | | |
| | • मिश्रित (२-५ प्रजाति .........................) | ८ | | |
| | • एकल प्रजाति (...........................) | ६ | | |
| ४ | **निजी वनको व्यवस्थापन संरक्षण (गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग)** | **१०** | | |
| | • पुरै वन क्षेत्रमा (गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग गरेको) | १० | | |
| | • आशिक रुपमा (गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग गरेको) | ६ | | |
| | • थालनी गरेको (गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग गरेको) | ४ | | |
| ५ | **वनको खेती अभ्यास** | **१०** | | |
| | • मल, सिचाईको प्रयोग (खेती अभ्यासमो सुचारु प्रयोग) | १० | | |
| | • कुनै एकको प्रयोग (खेती अभ्यासको प्रारम्भ) | ६ | | |
| | • सामान्य | ४ | | |
| ६ | **निजी वनको उमेर** | **१०** | | |
| | • ५ वर्ष भन्दा बढी | १० | | |
| | • २-५ वर्ष सम्म | ६ | | |
| | • २ वर्ष सम्म | ४ | | |
| ७ | **निजी वनको कार्ययोजना/व्यवसायिक योजना** | **१०** | | |
| | • तयार भएको | १० | | |
| | • तयारीको चरणमा रहेको | ६ | | |
| | • नभएको | ४ | | |
| ८ | **निजी वनको वार्षिक आय** | **१०** | | |
| | • व्यवसायीक/व्यापारीक प्रयोजन मार्फत | १० | | |

| सि.नं. | मूल्याङ्कनका आधारहरु | अङ्क भार | प्रसाङ्क | कैफियत |
|---|---|---|---|---|
| | • घरायसी प्रयोजन मार्फत | ८ | | |
| | • हालसम्म नभएको | ६ | | |
| ९ | **वन उद्यम मूल्य अभिवृद्धि र निजी वनको सम्बन्ध** | १० | | |
| | • उत्पादन र मूल्य अभिवृद्धि दुवै आफै् गर्ने गरिएको | १० | | |
| | • वन सम्बन्धी उद्यमसँग आवद्धता भएको | ६ | | |
| | • उद्योगको लागि वन पैदावार मात्र बिक्री गरेको | ४ | | |
| १० | **जग्गाको भोगाधिकार** | १० | | |
| | • व्यक्तिसँग करारमा | १० | | |
| | • संघसस्थासँग करारमा | ६ | | |
| | • निजी हकभोग | ४ | | |
| कुल जम्मा | | | १०० | |

सिफारिश गर्ने

प्रमाणित गर्ने

तयार गर्ने

दस्तखतः

नामः ..................

पदः ...................

दस्तखतः

नामः ..................

पदः ...................

दस्तखतः

नामः ..................

पदः ...................

## अनुसूची ४ः उत्कृष्ट साझेदारी वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची

साझेदारी वन समूहको नामः ....................................

ठेगानाः .................................................

समूह अध्यक्षको नामः .......................................

सम्पर्क नम्वरः ...................................

ईमेलः ......................................

साझेदारी वन समूहको बैंक खाता विवरणः ....................................

पूर्णाङ्कः १००

| आधार नं. | आधारहरु | अधिकतम भारांक | सूचक नं. | सूचकहरु | भार अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वन व्यवस्थापन योजना तयारी र गुणस्तर | ५ | १.१ | वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति अंगीकार गरेको । | २ | | |
| | | | १.२ | वनको अवस्था अनुसारको व्यवस्थापन पद्धतिको चयन । | १ | | |
| | | | १.३ | वन व्यवस्थापन योजना समयमा नवीकरण भएको | १ | | |
| | | | १.४ | वन व्यवस्थापन योजना बनाउने समूहको सहभागीता | १ | | |
| २ | वन व्यवस्थापन योजना कार्यान्वयनको अवस्था र रेकर्ड व्यवस्थापन एवं उद्यम विकास | २८ | २.१ | कार्ययोजनामा उल्लेखित कृयाकलापहरुको कार्यान्वयनको अवस्था (वन व्यवस्थापनका कृयाकलापहरु नियमित र व्यवस्थित रुपमा संचालन गरिएको, कार्ययोजनामा सिफारिस भए बमोजिमका वन व्यवस्थापनका कृयाकलापहरु संचालन गरिएको ।) | ५ | | |
| | | | २.२ | वन व्यवस्थापन कृयाकलापहरु तोकिएको समयमा तोकिएको परिमाणमा भए नभएको।<br>● काठ दाउरा उत्पादन (कार्योजनामा उल्लेखित परिमाण र वास्तविक उत्पादन भएको परिमाण (५ अंक)<br>● वन व्यवस्थापनका कृयाकलापहरु कार्ययोजनामा तोकिएको क्षेत्रफल र वास्तविक कार्य सम्पन्न भएको क्षेत्रफल (३ अंक)<br>● संचालित कार्यक्रम तोकिएको वर्ष र समयतालिका सो बमोजिम भए नभएको (२ अंक) | १० | | |

| आधार नं. | आधारहरु | अधिकतम भारांक | सूचक नं. | सूचकहरु | भार अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | २.३ | वनको हैसियतमा सूधार भएको | ३ | | |
| | | | २.४ | प्राकृतिक पुनरोत्पादनको अवस्था (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |
| | | | २.५ | समुहमा भएका कृयाकलापहरुको रेकर्ड व्यवस्थापन (लागत खर्च, आम्दानी/काठ दाउरा, वल्लावल्लीको बिक्री, स्टक, आम्दानी/व्यवस्थापन भएको क्षेत्रहरुको नक्सा आदि ।) | ४ | | |
| | | | २.६ | उद्यम विकास सम्बन्धी तालीम, उद्यम विकासमा लगानी सहयोग, उद्यम विकासका पूर्वाधार स्थापना व्यवस्थापन, वन व्यवस्थापनमा स्थानीय रोजगारी सृजना | ४ | | |
| ३ | **वन संरक्षणको अवस्था** | | | | | | |
| | ▪ चोरी कटानी नियन्त्रण | १० | ३.१ | चोरी कटानी पूर्ण नियन्त्रण भएको, नभएको वा मध्यम स्तरको | २ | | |
| | ▪ वन अतिक्रमण नियन्त्रण | | ३.२ | ● पुरानो अतिक्रमण हटाई व्यवस्थापन गरी नयाँ अतिक्रमण समेत हुन नदिएको ।<br>● पुरानो अतिक्रमण भएको तर हटाउन नसकेको हटाउने योजना रहेका प्रयास भएको र हाल नयाँ अतिक्रमण हुन नदिएको । | ४ | | |
| | ▪ वन्यजन्तुको संरक्षण | | ३.३ | चोरी शिकार नियन्त्रणको प्रयास | १ | | |
| | ▪ वन डढेलोको अवस्था | | ३.४ | वन डढेलो नियन्त्रण दस्ता र साधन सामग्री दुरुस्त राखी, आवश्यक व्यवस्था भएको | १ | | |
| | | | ३.५ | वन डढेलो लाग्नबाट बचाउने प्रयास गरेको । | २ | | |
| ४ | वन संरक्षण पद्धति र प्रभावकारिता | ५ | ४.१ | हेरालुवाट | ५ | | |
| | | | ४.२ | वन कर्मचारीवाट | | | |
| | | | ४.३ | समूह स्वयम्ले टुरगस्ती गरेर | | | |
| ५ | वन क्षेत्रबाहिर वन विकास | १० | ५.१ | वन नर्सरी स्थापना र विरुवा उत्पादन (गुणस्तर समेत) | २ | | |
| | | | ५.२ | सार्वजनिक जग्गामा वन विकास (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |
| | | | ५.३ | निजी वन विकास र विस्तारमा सहयोग (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |
| | | | ५.४ | गैहकाष्ठ वन पैदावारको विकास र खेती विस्तार (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |

| आधार नं. | आधारहरु | अधिकतम भारांक | सूचक नं. | सूचकहरु | भार अंक | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ५.५ | वृक्षारोपण गरिएको स्थानमा बिरुवाको स्थापना र बाँच्ने दर (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |
| ६ | वन पैदावार वितरण प्रणाली | १० | ६.१ | प्रत्येक गाँउमा प्राप्त वन पैदावार (काठ, दाउरा) को बराबर बाँडफाँट गर्ने गरेको | २ | | |
| | | | ६.२ | तोकिएको परिमाण अनुसार माग र गाउँ स्तरीय समितिको सिफारिसमा वितरण व्यवस्था रहेको | २ | | |
| | | | ६.३ | डिपो राखी काठ, दाउरा वितरण गरेको अवस्था | २ | | |
| | | | ६.४ | समूहभित्र सहुलियत दरमा काठ विक्री वितरणको अवस्था | २ | | |
| | | | ६.५ | समूहबाहिर काठ, दाउरा टेण्डर गरीं पारदर्शी तरिकाले वितरण गरेको अवस्था | २ | | |
| ७ | व्यवस्थापन समिति एवं कार्यान्वयन ईकाइको कार्य संचालन प्रभावकारिता | ५ | ७.१ | सूचना आदान प्रदानको संयन्त्र र गुनासो व्यवस्थापन समुचित ढंगले हुने गरेको । | १ | | |
| | | | ७.२ | व्यवस्थापन समितिको म्याद भित्रै निर्वाचन, गठन | १ | | |
| | | | ७.३ | समितिको साधारण सभाको स्थिति | १ | | |
| | | | ७.४ | वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन तयारी गरी अनुमोदन गर्ने गरेको, जिल्ला वन समन्वय समितिमा पेश भई कार्यान्वयनमा जाने गरेको । | २ | | |
| ८ | आर्थिक पारदर्शिता र कोष परिचालन | १० | ८.१ | सार्वजनिक सुनुवाई, सभा/भेलामा प्रस्तुत गर्ने गरिएको र संचालित कृयाकलापहरु र त्यसको खर्चको सम्वन्धमा जान्न ईच्छुकहरुमा सूचनाको पहुँच रहेको । | २ | | |
| | | | ८.२ | लेखापरीक्षण गर्ने गरिएको । | १ | | |
| | | | ८.३ | समूहमा बेरुजुको अवस्था | १ | | |
| | | | ८.४ | कोषको रकम वन व्यवस्थापनमा प्रयोग (५०% भन्दा बढि, २५ देखि ५०% सम्म, २५% भन्दा कम) | २ | | |
| | | | ८.५ | कोषको रकम गरिबी न्युनिकरणमा प्रयोग (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |

| आधार नं. | आधारहरु | अधिकतम भारांक | सूचक नं. | सूचकहरु | भार अंक | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ८.६ | सबै सरोकारवालाहरुवाट वन व्यवस्थापनमा लगानी भएको र लगानीको आधारमा सबै सरोकारवालाहरु बीच लाभांश वितरण भएको | २ | | |
| ९ | रोजगारीको सिर्जना तथा कर्मचारी तथा कामदारको सन्तुष्टी, श्रम ऐन कार्यान्वयन | ७ | ९.१ | स्थानीय रोजगार सृजना गरेको, नगरेको । | ३ | | |
| | | | ९.२ | वन व्यवस्थापन कार्यमा संलग्न कामदार, कर्मचारीहरुको सन्तुष्टी, मनोबल तथा अभिप्रेरणाको अवस्था । | २ | | |
| | | | ९.३ | श्रम ऐन, २०७४ को परिपालना गरेको, नगरेको | २ | | |
| १० | अन्य (आफै प्रशंसनीय र नवीनतम कर्य गरेको भए लेख्ने) | १० | | | १० | | |
| **कुल जम्मा** | | **१००** | | | | | |

नोटः प्रत्येक सूचकमा दिएको अंकभारलाई प्रष्ट्याउने पुष्ट्याई र मूल्याङ्कनमा सहयोग पुऱ्याउने कागजात, प्रमाण, तथा फोटो, भिडियो एवं वेभलिंकहरु उपलब्ध भएसम्म संलग्न गरी पठाउनु पर्नेछ ।

<u>तयार गर्ने</u>
दस्तखतः
नामः ...................
पदः ...................

<u>सिफारिश गर्ने</u>
दस्तखतः
नामः ...................
पदः ...................

<u>प्रमाणित गर्ने</u>
दस्तखतः
नामः ...................
पदः ...................

# अनुसूची ५: उत्कृष्ट धार्मिक वन पुरस्कारको मूल्याङ्कनका आधारहरु तथा सूचकहरुको सूची

धार्मिक वन समूहको नामः ........................................ ठेगानाः ............................................

समूह अध्यक्षको नामः ..................................................... सम्पर्क नम्वरः .....................................

ईमेलः ........................................... कवुलियती वन समूहको बैंक खाता विवरणः ........................................

| सि.नं. | मूल्याङ्कनका आधारहरु | अङ्क भार | प्रसाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **परम्परागत/धार्मिक अवधि अवस्था** | **१५** | | |
| | • १५ वर्ष भन्दा पहिले हस्तान्तरण भएको | १५ | | |
| | • ५-१५ वर्ष पहिले हस्तान्तरण भएको | १० | | |
| | • ५ वर्ष भन्दा कम हस्तान्तरण भएको अवधी | ५ | | |
| २ | **धार्मिक वन हस्तान्तरण हुनुपूर्व वनको अवस्था** | **१०** | | |
| | • न्यन हैसियत भएको वा नाङ्गो वा खाली वन क्षेत्र | १० | | |
| | • मध्यम हैसियतको वृक्षारोपण, प्राकृतिक वा मिश्रित वनक्षेत्र | ६ | | |
| | • राम्रो हैसियतको वृक्षारोपण, प्राकृतिक वा मिश्रित वनक्षेत्र | ४ | | |
| ३ | **हस्तान्तरण पश्चात धार्मिक वनको अवस्था (परिवर्तन भएको भए ४, नभए ० अंक दिने)** | **२०** | | |
| | • नाङ्गो वा खाली वनक्षेत्रमा हरियाली प्रवर्द्धन भएको (भएको भए ४, नभए ० अंक दिने) | ४ | | |
| | • पहिले मासिएका/हराएका वनस्पति र वन्यजन्तु पुनः देखा पर्न थालेको | ४ | | |
| | • झाडीदार वनक्षेत्रमा परिवर्तन भएको | ४ | | |
| | • वन वा वनछत्रको घनत्व बृद्धि भएको | ४ | | |
| | • पुनरुत्पादनमा गुणात्मक वृद्धि भएको | ४ | | |
| | • पहिलेको अवस्थामा खास परिवर्तन नभएको वा झनै हैसियत बिग्रको | 0 | | |
| ४ | **धार्मिक वनको संरक्षण** | **१५** | | |
| | • उत्तम | १५ | | |
| | • मध्यम | १० | | |
| | • न्युन | ४ | | |
| ५ | **धार्मिक वन व्यवस्थापन समितिको संरचना** | **१०** | | |
| | • समावेशिकरण (लिंग, जात, पिछडीएको वर्ग आदिलाई समेटिनेगरी मुख्य पदहरु समेत ५०% वा सोभन्दा बढि महिलाको प्रतिनिधित्व) भएको | १० | | |

| सि.नं. | मूल्याङ्कनका आधारहरु | अङ्क भार | प्रसाङ्क | कैफियत |
|---|---|---|---|---|
| | • एकै प्रकारको समूह, जात, सम्प्रदाय आदिको अधिपत्य (महिला समूहमा लिंगको कुरा बाहेक भएको) | ४ | | |
| ६ | **धार्मिक वन समूह परिचालनको अवस्था** | **१०** | | |
| | • नियमित समितिको बैठक; समूहको भेला भएको र भेलामा ७५% सम्म उपस्थिति रहेको | १० | | |
| | • नियमित समितिको बैठक; समूहको भेला भएको र भेलामा न्यूनतम देखि ७५% सम्म उपस्थिति रहेको | ६ | | |
| | • नियमित समितिको बैठक; समूहको भेला नभएको | २ | | |
| ७ | **धार्मिक वन समूहको कोष परिचालन तथा सदुपयोग** | **१०** | | |
| | • सार्वजनिक/सामाजिक लेखापरीक्षण गर्ने गरिएको, सामाजिक/धार्मिक कृयाकलापहरु संचालन गरेको | १० | | |
| | • सार्वजनिक/सामाजिक लेखापरीक्षण गर्ने गरिएको, सामाजिक/धार्मिक कृयाकलापहरु मध्ये कुनै १ संचालन गरेको | ६ | | |
| | • कुनै कृयाकलापहरु संचालन गरेको नगरेको | ० | | |
| ८ | **सम्बन्धित सरकारी निकायहरु, विभिन्न संघ संस्था तथा अन्य समुहसँग सहकार्य तथा सम्बन्ध** | **१०** | | |
| | • उत्तम | १० | | |
| | • मध्यम | ६ | | |
| | • न्युन | ४ | | |
| | **कुल जम्मा** | १०० | | |

<u>तयार गर्ने</u>

दस्तखतः

नामः ..................

पदः ...................

<u>सिफारिश गर्ने</u>

दस्तखतः

नामः ..................

पदः ...................

<u>प्रमाणित गर्ने</u>

दस्तखतः

नामः ..................

पदः ...................